ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय

तम्घास, गुल्मी

पत्रकार तथा लेखक
रामप्रसाद अर्यालद्वारा
पुस्तकालयलाई आफ्नो
नवीन कृति 'घुस्सा' समर्पण







पर्यटन व्यवसायी संघ,
हेलिकप्टर एसोसिएसन
नेपालका महासचिव
योगराज कंडेललाई
हाम्रो पुरुषार्थ प्रदान

किरण पुस्तकालयमा
नवनिर्मित बालकक्ष







शिवपुरी साहित्य समाजद्वारा हाम्रो पुरुषार्थलाई विष्णा–पुष्पा साहित्यिक पत्रकारिता पुरस्कार–२०८० द्वारा पुरस्कृत गरिँदै

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

❑ वर्ष : ५१ ❑ अङ्क : ३ ❑ सम्पूर्णाङ्क : १०२ ❑ वैशाख-असार, २०८१

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

## किरण पुस्तकालय

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.१५०/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण : ऐतिहासिक तम्घासस्थान मन्दिर, उपल्लो तम्घास

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## काठमाडौं प्रतिनिधि

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## रूपन्देही प्रतिनिधि

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## चितवन प्रतिनिधि

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## दाङ प्रतिनिधि

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## पाल्पा प्रतिनिधि

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## पोखरा प्रतिनिधि

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## विदेश प्रतिनिधि

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**सम्पादकीय**

# विकास खोज्दै मनहरू

- कतै वाणी-वाणीमा घुमिरहेछ । कतै फाइल-फाइलमा कुँदिरहेछ-वायुपंखी घोडाझैं । कतै थुप्रिइरहेछ तालझैं । कतै बगिरहेछ नदीझैं । कतै उभिइरहेछ टावरझैं । कतै गर्जिरहेछ पावरझैं । कतै झुकिरहेछ दीनहीनझैं । कतै उठिरहेछ सगरमाथाझैं । बहुरूपी, बहुरंगी र जादूगरी छ हाम्रो विकास पनि ।

- कतै पुलमाथि पुल छन् । कतै तुइनमाथि तुइन छन् । कतै भोजनमाथि भोजन छन् । कतै भोकमाथि भोक छन् । शहरले तुइनमाथि करुणा पोखेर कविता लेख्छ । नून नपाएर कतै गाउँहरू अलिना छन् भनेर शहरले भाषण ठोक्छ । राजधानी कर उठाएर हाँस्छ । रुन्छन् गाउँहरू दशैंमा छोरो कुरेर ।

- सुन्थ्यौं-विकास भनेको फुल्नु हो, हाँस्नु हो । जब देश फुल्छ-उद्यमले, इलमले, समृद्धिले तब विकास हुन्छ । जब लोकका ओंठहरू फुल्छन् मुस्कुराहटमा हर्षातिरेकले तब विकास हुन्छ । विकास भनेको अलिकति उद्यम र इलम पनि हो; अलिकति समृद्धि पनि हो; अलिकति न्याय, समता र शान्ति पनि हो; अलिकति इमान, नैतिकता र देशप्रेम पनि हो ।

- शून्य बनिरहेछन् बस्तीहरू । हाँस्ने अनुहारहरू भागिरहेछन् । मन यतै छोडेर भागिरहेछन् शरीरहरू । दाना, नाना र छाना खोज्दै भाग्दैछन् नेपालका जहानहरू । रेमिट्यान्समा मख्ख छन्-डाडु-पन्यू समातेर भान्सेहरू । विकास हेर्ने आँखा खोइ ? विकास सुन्ने कान खोइ ? विकास हिंड्ने पाइताला खोइ ? विकाससित सौदाबाजी चलिरहेछ मान्छेको ।

- राष्ट्र भनेको माटो-ढुङ्गा पनि हो । राष्ट्र भनेको भावना पनि हो, आस्था पनि हो । मान्छेको दिलमा पनि हुन्छ राष्ट्र, दिमागमा पनि हुन्छ, राष्ट्र । हामी दिल र दिमागले देखेको राष्ट्रको विकास खोजिरहेछौं । देशको माटोमा पसिना सिंचेर फुलेको विकास हेर्न लालायित छौं हामीहरू । खोइ ! कसले दिन्छ हामीलाई श्रम, सीप र बुद्धि पोखेर पौरख उमार्ने मैदानहरू ?

-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | साहित्य मानवजीवनको सुन्दर ... | वनमाली निराकार | १ |
| **लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण** | | | |
| १. | ब्रिटिस पुस्तकालय अर्थात् ज्ञानको... | बाबुराम ज्ञवाली | ७ |
| २. | रामकथाको रहस्य | डा. लक्ष्मीकान्त पन्थी | १० |
| ३. | आत्माको उपचार हुने ठाउँ | जयदेव गौतम | २९ |
| ४. | अष्टांगिक मार्गमा अन्तर्निहित... | हीरा ए.सी. | ४९ |
| ५. | हरियाली हेर्दै हल्दीघाँटी | विनोद नेपाल | ६४ |
| ६. | १४४ वर्षअघिको नियात्रा | पुष्कर अथक रेग्मी | ७३ |
| ७. | दशहरो | राजेन्द्रकुमार आचार्य (राकुआ) | ९६ |
| ८. | मातृमहिमा काव्य एक समीक्षा | मुकुन्द शर्मा चालिसे | १०१ |
| ९. | दिगो विकास र स्थानीय सरकार | विष्णु घर्ती 'भनभनेली' | १०३ |
| १०. | विपश्यना : एक परिचय | कविता पन्थी | १०७ |
| **कथा/लघुकथा** | | | |
| १. | बकसपत्र | भगवतीचरण वर्मा/दीन पन्थी | ८० |
| २. | श्रीमतीको असलियत | शंकरप्रसाद गौतम | ९१ |
| ३. | क्रमभङ्ग | मित्र 'उराठी' गौतम | १०० |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | गुल्मी | कमला गौतम | ६ |
| २. | अनुभूति | शान्ता पन्थी 'शान्तिदीप' | ६३ |
| ३. | जहाँ खायो त्यहीं चुट्छ | नारद गौतम | ७१ |
| ४. | गजल | सुरेशप्रसाद अर्याल | ७२ |
| ५. | साइनो | चन्द्रशेखर पन्थी | ७८ |
| ६. | आमाको महिमा | डा. सीता सुवेदी पन्थी | ७९ |
| ७. | आमा | हरिप्रसाद गौतम | ९९ |
| ८. | महावीर अभिमन्यु | डा. उत्तम पच्या | १०५ |
| ९. | कसरी बन्छ यो देश ? | ज्यो. कृष्णप्रसाद पाण्डे | १११ |
| १०. | डरपोक प्रेमी | विष्णुकुमार गिरी | ११२ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | दीन पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | दीन पन्थी | ११३ |
| ४. | पुस्तकालय परिचय | लक्ष्मी धिताङ्ग | ११७ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | १२१ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १२२ |
| ७. | यताउताबाट | दैनिक निर्णय | १२८ |
| ८. | पाठक-प्रतिक्रिया | शान्ता पन्थी ज्ञवाली | १३० |
| ९. | किरण पुस्तकालयका आजीवन सदस्य/हाम्रो पुरुषार्थका आजीवन ग्राहक | | १३१ |


ooo

# साहित्य मानवजीवनको सुन्दर चित्र हो।



✍ **वनमाली निराकार**

*(चर्चित आख्यानकार एवं कवि वनमाली निराकारको वास्तविक नाम वनमालीराज शर्मा हो । वि.सं. २००६ चैत्र ७ गते तानसेन-१, ध्रुवघाट, पाल्पामा जन्मनुभएका निराकारले नेपालीमा एम्.ए., बी.एड्. तथा पत्रकारितामा डिप्लोमा गर्नुभएको छ । हाल उहाँ प्राध्यापनबाट निवृत्त भई सिद्धार्थनगर-८, रूपन्देहीमा बसोबास गर्नुहुन्छ । वि.सं. २०२६ सालमा 'बहिनीको पत्र दाजुको नाम' शीर्षकको कथाबाट साहित्यलेखनमा अग्रसर हुनुभएका निराकारका चारवटा कथा संग्रह, दुईवटा कवितासंग्रह, एउटा पत्रसञ्चयन र एउटा वंशावली ग्रन्थ प्रकाशित छन् । निराकार मूलतः आख्यानकार भए पनि उहाँ कविता, मुक्तक, बालनाटक, समीक्षालेखन आदिमा सक्रिय हुनुहुन्छ । साहित्य सृजनसँगै २०३६ को सडक कविता क्रान्तिका सक्रिय योद्धा रहेका निराकारले नेपाली भाषा र साहित्यको अभ्युदयका खातिर अनेक गोष्ठीहरूको आयोजना र साहित्यिक अभियानहरूको नेतृत्व गर्दै आउनुभएको छ । उहाँले साहित्यकै श्रीवृद्धिका निमित्त आफ्ना पिता शोभाकर शर्मा एवं माता नेत्रकुमारी शर्माको नाममा 'नेत्रशोभा स्मृति साहित्यिक पुरस्कारको स्थापना गर्नुभएको छ । उहाँ अनेक साहित्यिक संस्थाहरूसँग आबद्ध हुनुहुन्छ । नेपाली लेखक संघका केन्द्रीय सदस्य रहनुभएका निराकार 'भवानी भिक्षु पुरस्कार' लगायत १८ जति पुरस्कारबाट पुरस्कृत एवं अनेकौं संस्थाहरूबाट सम्मानित हुनुहुन्छ । यस्ता विख्यात आख्यानकार, कवि, समीक्षक वनमाली निराकारज्यूसँग 'हाम्रो पुरुषार्थ'का लागि दीन पन्थीले गरेको वार्तालापको सारसंक्षेप यहाँ प्रस्तुत छ - सम्पादक)*

**१. वनमालीज्यू, नमस्कार ! तपाईंको जन्म, पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा र साहित्यसाधनाको बारेमा बताइदिनु हुन्छ कि ?**

❑ नमस्कार दीन पन्थीज्यू, मेरो जन्म वि. सं. २००६साल चैत्र ७ गते पाल्पाको तानसेन ध्रुवघाटमा भएको हो । हाम्रो परिवार मध्यम वर्गको हुँदाहुँदै पनि पढेलेखेको शिक्षित थियो । हजुरबुबा पण्डित हुनुहुन्थ्यो । हाम्रा पिताजी

संस्कृतसाहित्य र धर्मदर्शनका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो र कुशल कथा वाचकको रूपमा स्थापित हुनुहुन्थ्यो । आमाले औपचारिक शिक्षा नलिएको भए पनि नेपाली भाषामा लेखिएका रामायण, महाभारत जस्ता रचना पढ्नुहुन्थ्यो । दाजुहरू पनि शिक्षकका रूपमा कार्यरत हुनुहुन्थ्यो । यस्तो शिक्षित परिवारमा जन्मिएकाले मलाई शिक्षा लिन कुनै असजिलो परेन । मैले कक्षा एकदेखि दश कक्षासम्म पाल्पाकै पद्म पब्लिक हाईस्कूलमा पढेँ । २०२२ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेपछि आई. ए. स्तरको पढाइ भारतको बनारसबाट पूरा गरेको हुँ । स्नातक तहको अध्ययन त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट र नेपाली विषयमा स्नतकोत्तर तह भने प्राइवेट रूपमा उत्तीर्ण गरेको हुँ । मैले दिल्ली महाविद्यालयबाट पत्रकारितामा डिप्लोमा इन जर्नालिजम पत्राचारका माध्यमले अध्ययन पूरा गरें । लामो समय अध्यापनका क्रममा बी. एड.(एक वर्षे) पनि उत्तीर्ण गरेको हुँ । शिक्षित परिवारमा जन्मिएकाले यो सबै अध्ययन गर्ने वातावरण बनेको मेरो विश्वास छ ।

साहित्यप्रतिको मेरो आकर्षण विभिन्न कारणले भएको हो । पहिलो कारण पारिवारिक पृष्ठभूमि नै हो । घरमा रामायण महाभारत तथा अन्य पुराणका कथाहरू वाचन भै रहन्थ्यो, त्यो सुन्दै हुर्केको हुँ । बुबाले गुनगुनाउँदै कविता लेखेको देखेको थिएँ । आमाले पनि चुपचाप चुपचाप लेख्नुहुन्थ्यो तर कविता रहेछ भन्ने धेरै पछि चाल पाएँ । बुबाको र आमाको एक-एक कविता कृति प्रकाशित छन् । बाल्यकालदेखि नै घरपरिवारभित्र भएको साहित्यिक वातावरणबाट बालमस्तिष्कलाई प्रभावित पारिसकेको हुन सक्छ । परिवारको परिवेशले पुस्तक पढ्ने रूचि पलाएको हो । यसैले मभित्र साहित्यको बीज रोपिएको हो । दोस्रो कारण विद्यालयमा संचालित साहित्यिक गतिविधि हो । विद्यालयमा नेपाली पं. परशुराम शर्मा, प्रसिद्ध कवि तथा संस्कृतका प्रकान्ड विद्वान् पं. माधवप्रसाद देवकोटा र प्रसिद्ध समालोचक प्रा.गोपीकृष्ण शर्माले पढाउनु हुन्थ्यो । वहाँहरूको अध्यापन शैली तथा साहित्यतर्फ लाग्न हामीलाई दिने उत्प्रेरक प्रवचन र सल्लाहले नै साहित्यप्रति रूचि जागेको हो । त्यस्तै विद्यालयमा प्रत्येक शुक्रबार हुने साहित्यिक कार्यक्रमा केही न केही लेखेर सुनाउनै पर्ने भएकाले लेखनतर्फ लागेको हुँ । फेरि त्यतिबेला विद्यालयमा गठित छात्र युनिनमा साहित्यिक मन्त्री भएका नाताले त झन् लेखन अनिवार्य जस्तै भएको थियो । तेस्रो कारण तानसेनको साहित्यिक परिवेश र गतिविधिहरू हो । त्यतिबेला तानसेनमा नेपाली साहित्यमा स्थापित साहित्यकारहरू माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, जगतबहादुर जोशी, कवीन्द्रमान सिंह चन्द्रप्रसाद अधिकारी जस्ता व्यक्तिहरूको सहभागितामा थुप्रै साहित्यिक कार्यक्रमहरू हुन्थे । ती कार्यक्रमहरूले मलाई साहित्यतर्फ डोऱ्याउँदै लगेको हो । हामी कक्षा दशमा पढ्दैगर्दा सिद्धिचरण श्रेष्ठ र भीमनिधि तिवारी तानसेन आउनु भएको र कुलमणि देवकोटा पनि तानसेनमै

रहेको मौका छोपेर हामी एस.एल्.सी. दिने विद्यार्थीहरूले धवल पुस्तकालयमा एउटा कार्यक्रमको आयोजन गऱ्यौं । वहाँहरूले आफ्ना कविताहरू "वखलढुङ्गा, काम्यो लुग्लुग त्यो र ज्ञानको त्यो भोक"का रचना गर्भ तथा महत्त्वपूर्ण अंशहरूको व्याख्या लैखकहरूबाटै सुन्दा हामी विद्यार्थी निकै लाभान्वित भएका थियौं । यसले पनि मरो साहित्यप्रति रूचि जगाएको हो । बनारसमा अध्ययन गर्दै गर्दा काठमाडौंबाट जानु भएका सूर्यविक्रम ज्ञवाली र भवानी भिक्षुको उपस्थितिमा नागरी प्रचारिणी सभामा भएको साहित्य गोष्ठीमा मैले एउटा कथा सुनाएको थिएँ । कथा सुनेर भवानी भिक्षुले दिएको सुझाव र प्रोत्साहनले मलाई कथा लेखनतर्फ केन्द्रित बनायो । यिनै पृष्ठभूमि र परिवेशले मलाई अध्ययनशील र प्रतिबद्धरूपमा साहित्यमा लागिरहन उत्प्रेरण गरिरह्यो ।

**२. लामो समयदेखि साहित्यसाधनामा हुनुहुन्छ ? साहित्यसाधनामा लागिरहने प्रेरणास्रोत के होला ?**

❑ साहित्यमा लागिरहने प्रेरणा समाज, समाजमा घट्ने घटना परिघटना तथा मानवीय स्वभाव, गतिविधि र क्रियाकलापबाट नै प्राप्त हुन्छ । साहित्य आफैमा समाज र मान्छेकै प्रतिविम्ब भएकाले समाजमा घटेका घटनाले आन्तरिक आत्मालाई प्रभाव पार्छ र केही लेख्न प्रेरित गर्छ ।

**३. आख्यान र कविता दुबै विधामा चर्चित हुनुहुन्छ । कुन विधामा आफ्ना अनुभूतिहरू व्यक्त गर्न सजिलो लाग्छ ?**

❑ तुलनात्मक रूपमा म कथालाई बढी मन पराउँछु । मलाई आफ्ना अनुभूतिलाई कवितामा भन्दा कथामा प्रस्तुत गर्न सजिलो लाग्छ । सरल र सहज ढङ्गले विषयवस्तुलाई कथामा उतार्ने मेरो प्रयास रहन्छ । शायद पाठकले यही कारणले मेरो प्रस्तुति, शैली र कथा मन पराइदिनुहुन्छ । साहित्यकारका निमित्त पाठक निर्णायक नै हुनेहुनाले पनि म कथालाई प्राथमिकतमा राख्दछु । यसको यो अर्थ होइन कि कविता को महत्त्व कम छ । म कविता पनि लेख्छु तर मेरो रोजाइ कथा नै हो ।

**४. लामो समय प्राध्यापनमा बिताउनु भएको छ । नेपालको वर्तमान शिक्षाप्रणाली तपाईंलाई कस्तो लाग्छ ?**

❑ करिब ४५वर्ष मैले शिक्षण पेशामा जीवन बिताएँ । तर कहिल्यै सन्तुष्ट हुन सकिनँ । यसका केही कारण छन् । पहिलो, नेपालमा शिक्षालाई कहिल्यै जीवनोपयोगी बनाइएन, बनाउने प्रयास नै गरिएन । दोस्रो, शिक्षाको सुधारका नाममा मात्र पाठ्यक्रम र पाठ्यपुस्तक परिवर्तन भइरहे शिक्षाको समग्रमा

शैली परिवर्तन भएन । यसले मानिसलाई व्यावसायिक र व्यावहारिक बनाउन सकेन र बेरोजगार बनायो । तेस्रो, शिक्षाको सम्पूर्ण जिम्मा सरकारले लिनु पर्नेमा निजी क्षेत्रलाई जिम्मा दिइयो यसले शिक्षालाई व्यापार बनायो । जसले गर्दा देशको शिक्षालाई धनी र गरीबको गरी दुई कित्तामा बाँडिदिएको हुनाले मौजुदा शिक्षा प्रणालीले राष्ट्रलाई हित गर्दैन भन्ने मेरो धारणा छ ।

**५. तपाईंलाई सर्वाधिक मन पर्ने साहित्यकारहरूको बारेमा बताइदिनु हुन्छ कि ?**

❑ त्यसो त मलाई मन पर्ने धेरै साहित्यकारहरू छन् । नेपाली तथा अन्य भाषाका त्यस्ता साहित्यकारहरूको लामो फेहरिस्त बन्न सक्छ । यति हुँदाहुँदै पनि ती साहित्यकारहरूमध्ये मलाई मन पर्ने नेपाली साहित्यका मूर्धन्य साहित्यकार विश्वेश्वरप्रसाद कोइराला नै हुन् । कोइरालाको आख्यानकारिताका कारणले नै मलाई आख्यान अत्यधिक मन परेको हो । छोटोछरितो आयाम, सरल सहज सुबोध्य भाषाको प्रयोग र मानवकेन्द्रित विषय उनका विशेषता हुन् ।

**६. नेपाली भाषा साहित्यको वर्तमान अवस्था बारे केही बताइदिनु हुन्छ कि ?**

❑ वर्तमानमा नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय कामहरू भैरहेका छन् तापनि नेपाली भाषाको मौलिक स्वरूपलाई बिगार्न चौतर्फी आक्रमण भैरहेको वास्तविकता स्वीकार्नै पर्ने हुन्छ । साहित्य प्रचारमुखी हुँदै गएको छ । सामाजिक सञ्जालको होहल्लालाई साहित्यको मापनको मापदण्ड बनाउन खोजिएको छ । गहन पठन र गम्भीर लेखनमा थोरै विचलन आइरहेछ । यति हुँदाहँदै पनि नेपाली साहित्यमा इमान्दार लेखकको कमी छैन । त्यसैले मेरो विचारमा नेपाली साहित्य निरन्तर प्रगतितर्फ उन्मुख छ ।

**७. तपाईंको विचारमा साहित्य के हो ?**

❑ साहित्यका विभिन्न सैद्धान्तिक शास्त्रहरूमा जे जस्तो परिभाषा प्रस्तुत गरिएता पनि साहित्य मानवजीवनको सुन्दर चित्र हो । मानव जीवनलाई जति जीवन्त रूपमा प्रस्तुत गर्न सकिन्छ साहित्य त्यति नै सुन्दर र प्रभावकारी हुन्छ भन्ने लाग्दछ ।

**८. तपाईंलाई जीवन के हो जस्तो लाग्छ ?**

❑ मलाई जीवन अवसर र चुनौती दुबै हो भन्ने लाग्दछ । हामीलाई प्राप्त सुअवसरलाई सही ढङ्गले प्रयोग गर्नु पर्ने चुनौती छ । मानिसले प्राप्त अवसरलाई मानव जातिको उन्नयनमा कसरी प्रयोग गर्छ, त्यसैमा जीवनको सफलता र असफलता निर्भर हुन्छ भन्ने लाग्दछ ।

**९. तपाईंले तयार गरेको विलक्षण कृति पत्रसञ्चयनको बारेमा केही बताइदिनुहुन्छ कि ?**

❑ मेरो कृति पत्र सञ्चयनलाई विलक्षण भन्नु भयो धन्यवाद भन्छु । कुनै कृति कुन स्तरको छ भन्ने निर्क्यौल पाठक र समीक्षकले गर्ने होला भन्ने लाग्छ मलाई । जहाँसम्म पत्र सञ्चयनको कुरा छ यो कृतिमा मेरो धेरै श्रम, समय र लगनको लगानी भएको छ । मेरा अरू कृतिको तुलनामा मलाई पनि यो कृति महत्त्वपूर्ण लाग्दछ । भारत कानपुरको एउटा मजदूरले फिल्मी नायकको हस्ताक्षर संकलन गर्दा गरेको मेहनतको रिपोर्ट भारतीय हिन्दी पत्रिकामा पढेर र ई.सन् १९६३मा प्रकाशित ज्ञानोदय साहित्यिक पत्रिकाको पत्रअङ्कबाट प्रभावित भएर वि. सं. २०२६सालदेखि मैले साहित्यिक पत्र सङ्कलन गर्न शुरू गरेको हुँ । पत्र सङ्कलनका क्रममा मैले अनेकन् समस्यासँग जुझ्नु परेको थियो । सैंतीस वर्ष लगाएर जम्मा गरेको नेपाली साहित्यका ख्याति प्राप्त सत्तरी साहित्यकारका हस्तलिखित साहित्यिक पत्र सङ्कलन गर्न सफल भएँ र २०६३सालमा पुस्तकाकारका रूपमा प्रकाशित भयो । यो कृतिको पृष्ठभूमिमा रहेका सबै तथ्य मैले पत्रसञ्चयनको आफ्नो भनाइमा उल्लेख गरेको छु । सबै कुरा यस अन्तर्वार्तामा उल्लेख गर्दा लामो हुने हुनाले इच्छुक पाठकले पुस्तक लिएर पढ्न अनुरोध छ ।

**१०. आफ्नो लेखनबाट कति सन्तुष्ट हुनुहुन्छ ?**

❑ हुन त सन्तोषं परमं सुखम् भनिन्छ । तर लेखनमा सन्तोष हुनु भनेको लेखनको अन्त हुनु हो भन्ने लाग्दछ मलाई । आजसम्म जे जति लेख्न सकेँ त्यसमा सकारात्मक सोंच राखी आगामी दिनमा अझ सुन्दर र स्तरीय रचना गर्न सकूँ यही चाहना छ ।

**११. हाम्रो पुरुषार्थको माध्यमबाट तपाईंले पाठकलाई के सन्देश दिन चाहनुहुन्छ ?**

❑ एउटा साहित्यकार लेखकका लागि पाठक भगवान् नै हुन् भन्ने ठान्दछु । त्यसकारण पाठकले इमानदारीका साथ साहित्यिक कृति पढून् भन्ने चाहन्छु । पठन संस्कृतिलाई प्रभावकारी बनाउनमा पाठकहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । अर्को कुरा मेरो विचारमा विद्यालयमा पुस्तकालयलाई पाठ्यक्रममा समावेश गर्नु पर्छ, यसले विद्यार्थी भाषा साहित्यप्रति आकर्षित हुन्छन् । स्थानीय पालिकाहरूले सके वडास्तरमा नसके पालिकामा एउटा पुस्तकालय स्थापना गर्नु पर्दछ ।

गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालयले प्रकाशित गरिरहेको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले निरन्तर सय अङ्क भन्दा बढी अङ्क

प्रकाशित गरी नेपाली भाषा साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिएको छ र एउटा कीर्तिमानी इतिहास रचेको छ, यस सफलताका लागि बधाई र धन्यवाद दिन्छु । यस्तो स्थापित साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले संवाद गर्ने अवसर प्रदान गरेकोमा आभार प्रकट गर्दछु ।

ooo

*// कविता //*

# गुल्मी

✍ **कमला गौतम**
**हाल – काठमाडौं**

कोरौं न कोरौं केही कुरा कोरौं आफनै ठाउँको
गुल्मी र जिल्ला पखेरी माझ जन्मेको गाउँको
राम्रो छ आहा ! ती डाँडाकाँडा लेकको टाकुरो
हो शान हाम्रो गुल्मीको उचो रेसुङ्गा चुचुरो

डाँडा र काँडा बीचमा गाउँ लुकेका पाखा ती
बजाई पात रमेको मन सुन्दर भाका ती
अहोमा अहो ! लाग्दछ कति मिठोमा पल त्यो
उकाली चढ्दै ओराली झर्दै माथि र तल थ्यो

आमाको काख दिएर जन्म टेकियो माटोमा
सम्झेर थल हुँदा त्यो बल खनियो पाटोमा
फूल झैं जीवन फुलाई दियो धरती त्यो नगर
जन्मेको ठाउँ माइती घर अति नै सुन्दर

पवित्र थान रेसुङ्गा त्यही तपस्या स्थल हो
मन्दिर कुटी पोखरी कुण्ड धेरै छ महत्त्व
चुली छ माथि तल छ सम्मो सुन्दर बजार
गुल्मीको शान यही छ जान गरेर विचार

विशाल क्षेत्र रन र वन रेसुङ्गा काखमा
चरीको गीत चिरबिर् अहो आ-आफ्नै भाकामा
खोला र खोल्सा झरना दिव्य पानीको मुहान
जरूवा कुवा उसैको देन बचायो यो प्राण ।

ooo

# ब्रिटिस पुस्तकालय अर्थात् ज्ञानको भण्डार

✍ **बाबुराम ज्ञवाली**
**तिलोत्तमा, शंकरनगर, रूपन्देही**

पुस्तकालय श्रद्धाको केन्द्र । ज्ञानको केन्द्र । सूचनाको स्रोत । शोध अनुसन्धानको आधार । विश्वविद्यालय हुनासाथ सबै अध्ययनकर्ताको ध्यान जुन ठाउँमा जान्छ, त्यो हो पुस्तकालय । जहाँ पाण्डुलिपि हुन्छन् । हस्तलिखित ग्रन्थ हुन्छन् । मूल पुस्तकहरू हुन्छन् । पर्चा पैम्फलेट हुन्छन् । पुराना चिठी हुन्छन् । सम्झौतापत्र हुन्छन् । गुरुबाहेक, ज्ञानको खोजीमा लाग्नेलाई चाहिने सबै कुरा त्यहाँ हुन्छन् तर गुरुहरूले दिइएका ज्ञानका संकलन पुस्तकालयमा हुन्छन् । पाठक, लेखक र शोधकर्ताका लागि केन्द्र हो पुस्तकालय । शिक्षकहरूका लागि स्रोत पुस्तक, विद्यार्थीका लागि पाठ्यपुस्तक पाइने ठाउँ हो, पुस्तकालय ।



ब्रिटिश पुस्तकालय कुनै समयमा ब्रिटिश म्युजियम थियो । यसको स्थापना वि.सं.१९१० मा भएको हो । मार्क्सका जीवनीकारहरूले यस म्युजियमलाई निकै उल्लेख गर्छन् किनभने यसको पुस्तकालयमा बिहान आठ बजे देखि साँझ आठ बजेसम्म पुस्तकहरू पढेर मार्क्सले आफ्नो पूँजी भन्ने थिसिस पूरा गरेका थिए । यही पुस्तक संसारका हजारौं लाखौं कम्युनिष्ट र समाजवादीका लागि गीता, बाइबिल र कुरान सरह भएको छ । त्यहाँ दिइएका तर्कहरू मनमोहक छन् । अर्थशास्त्रमा त्यस पुस्तकले एउटा नयाँ सिद्धान्त नै दियो जसलाई वैज्ञानिक समाजवाद वा भौतिक समाजवाद भनिन्छ । केवल यति कुराले पनि ब्रिटिश पुस्तकालयमा आकर्षण थपिन्छ ।

ब्रिटिश म्युजियममा रहेको पुस्तकालयलाई वि.सं. २०३० मा अलगै स्थापना गरेर ब्रिटिश पुस्तकालय बनाइएको छ । यसलाई बेलायती समाजले ज्ञानको केन्द्र (सेन्टर अफ् नलेज) भनिएको छ ।

पुस्तकालयलाई हेर्न म दीपिका ज्ञवालीसँग युस्टन रोडमा अवस्थित विशाल पुस्तकालय भवनमा सन् २०२३ अगस्ट ३१ का अनुसार वि.सं.२०८० भदौ १४ का दिन त्यहाँ पुगें । १८ वर्ष मुनिकालाई पुस्तकालयमा प्रवेश अनुमति रहेनछ, त्यसैले म एक्लै गएँ । हरेक वर्ष करिब १६ लाख मानिसहरू पुस्तकालय हेर्न आउँछन् । यु ट्युबका अनुसार दुई अरब पुस्तकहरूको विशाल संकलन रहेको छ । जसमा हरेक वर्ष ३० लाख पुस्तकहरू थपिन्छन् । दावी गरिए अनुसार यु के र आयरल्याण्डमा छापिएको प्रत्येक पुस्तक यस पुस्तकालयमा पाइन्छ । यसलाई आज पनि ब्रिटिस म्युजियमको एक भाग नै मानिन्छ । यसको मूलढोकामा छिर्नासाथ सर आइजक न्युटनको निहरिएको मूर्ति देख्न पाइन्छ । यसको एकातिर क्याफे र थिएटर पनि छ । म थिएटर तर्फ गइनँ । पुस्तकालय पनि सबै हेर्न एक दिनमा सकिदैन ।

पुस्तकालयभित्र पुस्तकालय परिचय पत्र नभई छिर्न पाइँदैन । त्यसैले भित्र प्रवेश गर्नका लागि एक दिनका लागि भए पनि पुस्तकालय कार्ड बनाएँ । कार्ड भने निःशुल्क रहेछ र सजिलो बन्दो रहेछ । मैले कार्डका लागि अफिसको कम्प्यूटरमा निवेदन दिएँ । त्यसपछि पुस्तकालयका कर्मचारीको आइ डी मागे । अवकाश भइसकेकोले विश्वविद्यालयको परिचय पत्र मसँग थिएन । नागरिकताको प्रमाण पत्र नेपालीमा मात्रै भएकोले त्यो पनि काम लागेन । त्यसपछि कर्मचारीले बैंक खाता माग्यो । बेलायतका बैंकको खाता निकै विश्वसनीय आई डी मानिंदो रहेछ । नेपाल बैंक लिमिटेडको पेन्सन खाताको आइ डी दिएँ । पुस्तकालयले स्वीकार गरेर मलाई एक दिनका लागि कार्ड बनाइदियो । एक घण्टा भित्र मेरो कार्ड बन्यो । कर्मचारीको व्यवहार त लन्दन भरि नै असाध्य आत्मीय हुन्छ । उनीहरूले सेवाग्राहीलाई पूर्ण सन्तुष्ट बनाउँछन् । सेवाग्राहीले पनि कर्मचारीहरूलाई सम्मान र सहयोग गर्छन् । अनावश्यक भीड गर्दैनन् ।

पुस्तकालय कार्ड लिएर म भित्र छिरें । भित्र छिर्नासाथ एस्केलेटर, लिफ्ट र भर्यांगको सुविधा छ, आफ्नो सुविधा अनुसार कुनै एकबाट माथि जान सकिन्छ । भित्र हरेक तलामा अलग अलग विभाग छुट्टाएर पुस्तकहरू संकलन गरिएको छ । तल र माथि गरेर यसमा १४ तला छन् । मैले तेस्रो तलाको एशियन स्टडिज रोजें । त्यहाँ मैले नेपाली भाषाका केही प्रकाशन हेर्न चाहेको थिएँ । नेपालका बारेमा केही पुस्तक मैले फेला पारें तर नेपाली भाषामा नै मैले भेटिनँ । सम्भवः मैले हेर्न जानिनँ ।

हलमा कम्प्यूटरहरू राखिएका थिए जसबाट आफूलाई चाहिएको पुस्तक खोज्न सकिन्थ्यो तर त्यसमा पासवर्ड रहेछ कि क्या हो, मैले खोल्दा कम्प्यूटर खुलेन । फलस्वरूप त्यो छोडेर मैले दराज चाहारें । हिब्रु भाषाको विशाल पुस्तक संकलन

देखेर मलाई आश्चर्य भयो । गीता र अन्य केही पुस्तक पनि छरिएर राखिएको भेटें । तर ती सबै अंग्रेजीमा थिए । संस्कृत र नेपालीको पुस्तक मैले फेला पार्न सकिनँ । वास्तवमा त्यस पुस्तकालयभित्र गएर पुस्तक कसरी खोज्ने कहाँ जाने भन्ने कुरा अध्ययन नगरिकन जानाले मलाई घाटा भयो ।

वास्तवमा यो पुस्तकालय कति विशाल छ, यसमा कति आधारभूत पुस्तक संकलित छ । यो यहाँ हेरेर थाहा पाइन्छ । कुनै-कुनै पुस्तक त मैले खोलेर पनि बुझिनँ । पुस्तकका कैयौं शेल्फमा राखेका पुस्तक त केवल पुस्तक सूचीबारे उल्लेख गरिएका छन् । हस्तलिखित ग्रन्थ छन् । मूल ग्रन्थ छन् । मैले त्यहाँ महाभारतको पहिलो प्रकाशित पुस्तक देखें, नीलकण्ठको । यो पुस्तक मैले नेपालमा भेटाएको थिइनँ । पुस्तकालयको केवल एक कक्ष एशियन लिटरेचर खण्ड -तेस्रो तला) मा मात्र गएँ । त्यहाँ ओरिएन्टल र साउथ एसियाका पुस्तकहरूको शेल्फ हेरें । हिब्रू भाषाको विशाल पुस्तक भण्डार देखेर आश्चर्य भयो । अरबीका पुस्तक पनि छन्, संस्कृतका केही तथा गीता र महाभारतका अंग्रेजी भाषाका पुस्तकहरू पनि केही मात्रामा देखें । तर नेपाली भाषाको पुस्तक भेटिनँ । हेर्न जानिनँ कि ? त्रि.वि. ले प्रकाशन गरेको नेपाली भाषाका पुस्तकहरूको सूचीको एउटा पुरानो किताब भेटें ।

ब्रिटिश पुस्तकालय मात्र किन मैले त्रि.वि.को पूरा पुस्तकालय हेरेको छैन, मदन पुस्तकालयको पनि बाहिरबाट मात्र दर्शन गरेको छु । देहरादूनको खुदीराम पुस्तकालयमा भने बसेर मैले थुप्रै बहुमूल्य पुस्तक पढेको हुँ । जसमा टोलस्टोयको व्यक्तिगत डायरी पनि थियो । कुनै पनि पुस्तकालयमा हामी खास काममा जान्छौं, त्यो खोज्छौं, त्यस पछि काम सकिन्छ । सबै हेर्नमा सामान्य पाठकको रूचि पनि हुँदैन ।

ब्रिटिश पुस्तकालयमा पनि तेस्रो तलाका सबै शेल्फसमेत राम्ररी नहेरिकन म फर्कें । मसँग सबै कुराको जानकारी लिइराख्ने समय पनि थिएन । मैले त्यहाँ बसेर कुनै पुस्तक अध्ययन गर्नु पनि थिएन तर त्यस पुस्तकको विशालतालाई मैले त्यहाँ अनुभव गरें । प्रविधिलाई पुस्तकालयमा कसरी प्रयोग गरिएको रहेछ, त्यो पनि हेरें । पुस्तकालयमा पुस्तक खोज्ने दुई चार जना थिए । ढोकैमा दुई जना कर्मचारीले आगन्तुकको स्वागत गर्दै बसेका थिए । यति कुराहरू हेर्दै, नालन्दाको विशाल पुस्तकालयको बारेमा मैले पुस्तक, विकीपिडिया र एन्साइक्लोपिडियामा जे पढेको छु, त्यससँग ब्रिटिश पुस्तकालयको बारेमा मैले पुस्तक, विकीपिडिया र एन्साइक्लोपिडियामा जे पढेका छु, त्यसँग ब्रिटिश पुस्तकालयलाई मनमनै दाँज्दै र गोजीमा ब्रिटिश पुस्तकालयको कार्डलाई स्पर्श गर्दै म बाहिर निस्कें ।

ooo

# रामकथाको रहस्य

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**बौद्ध, रामहिटी, काठमाडौं**

रामायण धेरैले पढेका होलान् । रामकथा पनि धेरैले जानेका होलान् । अहिले यहाँ भानुभक्त आचार्यआदि कविलेझैं कविता सुनाउन लागेको होइन र चक्रपाणि चालिसेआदि लेखकलेजस्तै सिँगै रामायणको कथा दोहोऱ्याउन लागेको पनि होइन । यहाँ त केवल रामकथाको रहस्य भनौं आन्तरिक तत्वार्थ के हो भन्ने कुरा संक्षेपमा पाठकसमक्ष राख्न खोज्दैछु । राम शब्दका धेरै अर्थहरू छन् । परन्तु रामायणको कथामा आउने राम महाराज दशरथका जेठा छोरा हुन् । तथापि उनी परब्रह्म परमात्माकै अशांवतार पनि हुन् । त्यसैले राम प्रत्येक प्राणीहरूका शरीरमा अन्तर्वासी छन् ।

'र्' यो अग्निबीज हो, यसले शुभाशुभ कर्मलाई भस्म पार्दछ । 'आ' यो भानुबीज हो, यसले अज्ञानमय अन्धकारलाई ध्वस्त पार्दछ । 'म्' यो चन्द्रबीज हो, यसले त्रिविधताप अर्थात् आध्यात्मिक, आधिदैविक र आधिभौतिक तापलाई हटाउँछ । 'अ' यो अन्तर्यामी परमात्माको बीज हो, यसले अग्निबीज, भानुबीज र चन्द्रबीजलाई उक्त शक्ति प्रदान गर्दछ । यसरी र्+आ+म्+अ='राम', यो नाम अग्नि आदि तीन तत्त्वको शक्तिका लागि कारण छ । 'राम', यो नाम जम्मा दुई अक्षरबाट बनेको छ र सुमधुर पनि छ । यसले शुभाशुभ कर्मलाई भस्म पारेर, अज्ञान हटाएर, त्रिविधतापलाई शमन गर्दै परमात्मासँग एकता गराइदिन्छ । यसरी 'राम', यो नाम उक्त तीन तत्त्वको कारण हुन आएको कुरा महारामायणले हामीलाई बताएको छ । कवि उमानाथ पन्थीले आफ्नो रामनामवैभवम् स्तुतिकाव्यमा उक्त कुरा खुलाएको देखिन्छ, जो यसप्रकार छ :

**रामेति नाम मधुराक्षरमेकवारं**
**वन्हिप्रभाकरसुधाकरबीजरूपम् ।**

**भक्तया यथामति विभाव्य ह्रदि स्वकीये**
**यो मानवो जपति याति परं पदं सः ॥ १ ॥**

अझ यसो भनौं हरेक प्राणीमा उनी आत्माराम बनेर रहेका छन् । अर्थात् राम आनन्दका स्रोत हुन् भन्नाले हरेक प्राणीहरूमा राम हुनाले नै दया, माया, कृपा, शान्ति सौजन्य र आनन्द प्राप्त भइरहेको छ । त्यतिमात्रै होइन रामबाटै मानवमा मानवता, प्रेम, एकता, इमान्दारी तथा धार्मिक र नैतिक नियम पनि आएका

छन् । यसरी रामायण कथाले मानवजगत्‌लाई वैराग्य, तथा ज्ञान र दिव्यत्वको अनुभव पनि दिएको छ ।

राम ईश्वर हुन् भनेर विश्वास गरी भौतिक लालसाहरूलाई छौड्‌दै गएमा विरक्ति उत्पन्न हुने र मानवमुक्तिको भागीसमेत हुने देखिन्छ । किन्तु यसका लागि इन्द्रियसुखजन्य क्षणिक रमाइलोलाई त्याग्न सक्नुपर्छ । यो शिक्षा पनि रामकथाबाट हामीलाई मिलेको छ । अयोध्याको ऐश्वर्य र राज्यसुखलाई राम र सीता दुबैले सहजै त्याग गरेका छन् ।

रावण अहंकारको प्रतिमूर्ति हो । यस किसिमले विचार गर्दा हामी सबैका मनमा रावणले स्थान पाउने गरेको अवस्थामा रामले रावणको वध गर्नुपर्ने अवस्था समयोचित र सान्दर्भिक रहने देखिन्छ ।

सीताले वनवासको समयमा सुनको मृग देखेर त्यसमा जब लालसापूर्ण दृष्टि राखिन् जसले गर्दा उनको रामसँग वियोग भयो । जब उनले आफ्नो सुरक्षामा खटेका देवर लक्ष्मणप्रति दुर्वाच्य बोलिन् अनि उनलाई दुःख भयो । उक्त किसिमका रजोगुणी र तमोगुणी विचारले रामसीता दुबैले दुःख पाउनुपऱ्यो । संसारप्रतिको वैराग्य भावनाले आनन्दको प्राप्तिहुने र सांसारिक सुखप्रति मोह राख्नाले दुःख हुन्छ भन्ने शिक्षा उक्त घटनाले बताइरहेका छन् । साथै संसारमा रहेपनि, सांसारिक व्यवहारवृत्ति गरेपनि कर्कलाको पातमा अडिएको पानीजस्तै सांसारिक मोहमायाबाट अलग रहनुपर्छ भन्ने शिक्षा पनि रामायणको कथाले बताएको छ । भाइहरू, साथीहरू, मित्रहरू, आमाहरू, पत्नीहरू तथा अन्य सहयोगीहरू सबैले रामायणमा मानवधर्मलाई नै बताएका छन् ।

राजा दशरथ दश इन्द्रियका स्वामी हुन् । अर्थात् उनले मनबाहेक अरू दशै इन्द्रियलाई आफ्नो अधीनमा राखेका छन् । त्यसैले उनको नामै दशरथ रहेको छ । उनका तीनवटी रानीहरू क्रमशः सत्त्वगुण, रजोगुण र तमोगुणका प्रतिनिधि पात्र हुन् । जीवनका चार लक्ष्य भन्नाले धर्म, अर्थ, काम, मोक्षका प्रतीक राजाका चार पुत्रहरू राम, लक्ष्मण, भरत र शत्रुघ्न हुन् । साथै राम धर्मका अवतार हुन्, लक्ष्मण बुद्धि हुन्, भरत धैर्य हुन् र शत्रुघ्न सद्‌विचार हुन् । त्यस्तै सुग्रीव विवेक हुन्, बालि विषाद हुन्, सीता भक्ति, शक्ति अर्थात् ब्रह्मविदा हुन्, हनुमान् साहसका मूर्तरूप हुन् ।

वनवासका लागि हिँडिसकेपछि चित्रकूटबाट अगाडि बढेका राम, सीता र लक्ष्मण ऋषि भारद्वाजका आश्रममा बस्न पुग्छन् । आश्रममा श्रीरामको आगमनलाई देखेर अति प्रसन्न भएका ऋषि भारद्वाजको स्वागत र आतिथ्यलाई ग्रहणगरी राम, सीता र लक्ष्मण सबैजना गंगा यमुना पारगरी धेरै पर पुग्छन् । त्यहाँ उनीहरू

जब वाल्मीकि ऋषिको आश्रममा पुगेर बस्छन् केही दिनपछि रामजीले वाल्मीकि ऋषिलाई प्रश्नगर्दै भन्छन् कि "ऋषिवर ! हामी पिताको आज्ञालाई पालनगर्दै वनवासका लागि हिँडेकाले हजुरको आश्रममा धेरैदिन बस्न उचित छैन । त्यसैले कृपया यो कुरा बताउनुहोस् कि हामी वनको कुन ठाउँमा बस्न उचित होला ? " श्रीरामको यस्तो प्रश्न सुनेर वाल्मीकि ऋषिले भन्छन् कि "प्रभु हजुरले नजानेको र नदेखेको ठाउँ कुनै छैन तैपनि बस्नका लागि ठाउँ बताउन मलाई सोध्नुभएकोले हजुरको यस प्रश्नको उत्तर म बताउँछु । हजुर ! मलाई यो कुरा थाहा छ कि वास्तवमा हजुर त भक्तहरूको हृदयमा वास गर्नुहुन्छ । जुन मनुष्यहरूले हजुरका पवित्र पराक्रमका कथा सुन्छन्, जसले हजुरका दिव्यकर्म र वचनको वर्णन गर्छन्, जसका जिभ्राले निरन्तर हजुरको नामको उच्चारण गर्दछन्, जसले हजुरका चरित्रहरूलाई मुक्तकण्ठले पाठ गर्दछन्, जसका आँखा मेघवर्ण भएका हजुरको स्वरूप देख्न उत्सुक हुन्छन्, त्यस्ता भक्तहरूको हृदयमन्दिरमा सीता एवम् लक्ष्मणसहित हजुरको निवास हुनुपर्दछ" । उक्त भनाइको भावलाई हिन्दी भाषामा प्रचलित "राम से बडा नाम नहीं, अयोध्या से बडा धाम नहीं, जो रामका नहीं वह किसी कामका नहीं'' जस्ता लोकोक्तिहरूले पनि पुष्टि गरेका छन् । यस कुरालाई श्रीमद्भागवतको द्वितीय स्कन्धको तृतीय अध्यायमा उल्लेख गरिएका यी भनाइहरूले पनि पुष्टि गर्छन् :

**श्रीकृष्ण वार्ता जसले सुनेनन् ती प्वाल भैं कान दुबै वृथा हुन् ।**
**श्रीकृष्णलीला जसले नगाओस् जिभ्रो त पाहासरि तुच्छ जानोस् ॥**

**श्रीपेचधारी शिर भार नै हो, ढोग्दै न ढोगे प्रभुमा वृथा हो ।**
**बाला भएको कर लाश नै हो, श्रीकृष्ण-पूजा नगरे वृथा हो ॥**
**श्रीकृष्णका दर्शनहीन नेत्र, मयूरका प्वाँख समानमात्र ।**
**तीर्थादि यात्रा नगरे त पाउ, हुन् वृक्ष भैं व्यर्थ छ के र भाउ ॥**

**ज्यूँदै मरेको त्यसलाई जान, जो भक्तका पाउपराग-हीन ।**
**हो सास फेर्दो शव जो बुझेन, प्यारो र मीठो तुलसी चिनेन ॥**

**फलाम हो त्यो दिल कृष्णनाम, सुन्दा खुशीले जुन पग्लिएन ।**
**बग्छन् स्वयं आँसु र शुद्ध हुन्छ, जिरिङ्ग भै गद्गद् देह हुन्छ ॥**

(अनु- फणिनारायण सिग्देल)

राम र कृष्ण दुबै भगवान् विष्णुका अशांवतार हुनाले माथि कृष्णलाई भनिएको कुरा रामका लागि पनि चरितार्थ हुन्छ भन्ने कुरा सम्झनुपर्छ ।

सीताको प्राप्तिका लागि मायाको समुद्रमा पुलको निर्माण गर्ने काम हुन्छ । लङ्कामा भएका तीनवटा राक्षसहरूमध्ये रावण राजसिक गुणको, कुम्भकर्ण तामसिक गुणको र विभीषण सात्विक गुणका प्रतीक हुन् । यी तीनै राक्षसमाथि विजय प्राप्त गरेपछिमात्र सीतारूपिणी ब्रह्मविदालाई प्राप्तगर्न सकिन्छ भन्ने शिक्षा लोकलाई रामायणले बताउँछ । रामायण कथाको यही भव्यतालाई विचार गरेर हामीले आफ्नो हृदयलाई पवित्र एवं सशक्त बनाउनुपर्छ । साथै यस कुरामा दृढ विश्वास गर्नुपर्छ कि राम हाम्रो जीवनको वास्तविकता हुन् ।

शब्दकोश अनुसार राम शब्दका अरू–अरू अर्थहरू पनि यसप्रकार छन् :

१. सुहाउँदो, आनन्ददायक, हर्षदायक
२. सुन्दर, प्रिय, मनोहर
३. रमाइलो, राम्रो, रमिता, जात्रा
४. मलिन, कालो, धूमिल
५. सेतो, सफा
६. तीन प्रसिद्ध व्यक्तिका नाम :
   (क) जमदग्नि ऋषिका छोरा परशुराम ।
   (ख) वसुदेवका छोरा बलराम ।
   (ग) दशरथका छोरा रामचन्द्र अथवा रामायणका नायक भगवान राम ।
७. मृगविशेष, सानो जातको मृग । गन्धर्व : सरभ : राम : अमरकोश

रामायणको भनौं रामकथाको आध्यात्मिक रहस्य के होला भनी सीताजीले वनवासबाट फर्कने बेला स्वयं रामजीसँग सोधेका प्रश्नको उत्तरमा स्वयं रामजीबाट देहरामायण वर्णन गरिएको छ । त्यसपछि रामजीले मैले बताएको कुरा बुझ्यौ त ? भनेर सीताजीलाई सोध्दा सीताजीले आफ्नो ज्ञानदृष्टिले विचार गरेर बुझेको कुरा यसरी बताउँछिन् ! सच्चिदानन्दस्वरूप विष्णु भगवान् भनेको नै यो संसारसागर हो । त्यसबाट पृथ्वीको उद्धार गर्नु भनेको त्यही सागरको एउटा तरङ्ग हो । त्यसै तरङ्गबाट निस्केको एउटा विन्दुस्वरूप आत्मा बनेर बाहिर आएको छ, त्यही भगवान्को आत्मा बुद्धिरूपिणी जननी कौसल्यामा प्रवेश गरेको हो । शुद्ध र सत्त्वगुणमय अन्तःकरण त्यस आत्माका पिता जो साक्षात् दशरथ महाराज हुन् । त्यस आत्माका चार अवस्था जो जाग्रत स्वप्न सुषुप्ति र तुरीय अवस्था मध्ये सबैभन्दा श्रेष्ठ तुरीय अवस्थाको स्वरूप हजुर स्वयं नै हुनुहुन्छ । जाग्रत अवस्थाको स्वरूप लक्ष्मणजी हुन्, स्वप्नावस्थाको स्वरूप भरतजी हुन् तथा सुषुप्तिअवस्थाको स्वरूप शत्रुघ्नजी हुन् । हजुरले जो हृदयाकाश छ भनेर भन्नुभयो त्यो अयोध्या हो । मनोवेगले टाढा लैजान्छ भनेको विश्वामित्रको

यज्ञरक्षाका लागि हजुरको यात्रा हो । मनका दुर्वृत्तिहरूलाई हटाउनु भनेको ताडकाको वध गर्नु हो । मनोवेगलाई कुण्ठित गर्नु भनेको जनकपुरमा शिवधनुलाई तोड्नु हो । त्यसपछि मायासँग योग हुन्छ भन्नु हजुरसँग मेरो विवाह हुनु हो । पूर्वसंस्कारको निग्रह भनेको हजुरले परशुरामलाई युद्धमा जित्नु हो । त्यसपछि कुबुद्धिले गर्दा दुःखपाउनु भनेको कैकेयीको वरदानले गर्दा वनमा जानु हो । भवारण्यमा घुम्नु भनेको दण्डकारण्यमा दुःख पाउनु हो । दम्भलाई रोक्नु भनेको बिराधलाई वध गर्नु हो । त्यसपछि पञ्चभूतात्मक पर्णकुटीमा रहनु भनेको यो शरीरमा आत्मालाई राख्नु हो किनभने यही शरीर नै आत्मा तथा मनको विहार गर्न उपयुक्त स्थान हो । कामको निग्रह गर्नु भनेको खर नामक राक्षसलाई वध गर्नु हो । क्रोधको निग्रह गर्नु भनेको दूषण नामको राक्षसलाई वध गर्नु हो । लोभको निग्रह गर्नु भनेको त्रिशिरा नामकी राक्षसीलाई वध गर्नु हो । आशाभङ्ग गर्नु भनेको शूर्पणखालाई विरूप पारेर पठाउनु हो । मोहको निग्रह गर्नु भनेको मारीच नामको सुनौलो मृगलाई वध गर्नु हो । शुद्धसत्त्वगुणमयी मायाको आश्रय लिनु भनेको दण्डकवनमा मलाई साथ दिनु हो । रजोगुणात्मिका मायालाई हटाउनु भनेको मेरो अग्निमा प्रवेश गर्नु हो । तामसी मायासँग वियोग हुनु भनेको तमोगुणरूपिणी मलाई रावणद्वारा हरण गरिनु हो । ठूलो दुःख हुन्छ भनेको हजुरको र मेरो वनमा वियोग हुनु हो । शोकभङ्ग हुन्छ भनेको वनमा कबन्धलाई वध गर्नु हो । त्यसपछि आश्रय मिल्छ भनेको किष्किन्धामा सुग्रीवसँग मित्रता गर्नु हो । अनि भक्तिप्रकट हुन्छ भनेको हजुरको हनुमानजीसँग भेट हुनु हो । त्यसपछि अज्ञानको नाश हुन्छ भन्नु बालिलाई वध गर्नु हो । त्यसपछि उत्साहको साथ मिल्छ भनेको विभीषणसँग मैत्री हुनु हो । समुद्रमा सेतुबन्धन गर्नु भनेको अज्ञानबाट पारहुने उपाय हो । त्यसपछि त्रिगुणको आश्रय हुन्छ भन्नु हजुरले त्रिकूटपर्वतमा डेरा गरेर बस्नु हो । मदको निग्रह हुन्छ भनेको कुम्भकर्णलाई वध गर्नु हो । मत्सरको निग्रह गर्नु भनेको रावणको पुत्र मेघनादलाई वध गर्नु हो । त्यसपछि मात्र अहंकारको नाश हुन्छ भनेको हजुरबाट भएको रावणको वधलाई हो । अनि मायासँग एकता हुन्छ भनेको हजुर र मेरो लङ्कामा भेट हुनु हो । त्यसपछि लिङ्गदेहलाई त्यागेर हृदयाकाशमा जानु भनेको लङ्कालाई त्यागी अयोध्यातिर फर्कनु हो । त्यसपछि एकमात्र आनन्दको अनुभव हुन्छ भनेको हजुरको राज्य सुखभोग हो । त्यसपछि फेरि मायाको त्याग गर्नु भनेको भविष्यमा हुने वाल्मीकि आश्रममा लगेर मलाई त्याग गर्नु हो । सात्विकी मायालाई साथ लिनु भनेको अग्निबाट प्राप्त भएकी मेरो पुर्नग्रहण गर्नु हो । त्यसपछि हृदयाकाशलाई महाकाशमा मिलाउनु भनेको हजुरले अयोध्यालाई आफ्नो साथमा वैकुण्ठलोकमा लैजानु र यो स्वरूप परित्याग गरी विष्णुस्वरूप ग्रहणगर्नु नै सच्चिदानन्दसंज्ञक महासागरमा गोता लगाउनु हो । यसरी मनुष्यरूपलाई छोडेर विष्णुरूपमा विलय हुनु नै आत्माको सायुज्यमुक्ति हुनु हो । यसप्रकार हे प्रभु

हजुरले यो संसारमा जो जस्ता कर्म गर्नुभयो त्यो सबै अज्ञानी मनुष्यलाई ज्ञानदिन र उनीहरूको कल्याण गर्नकै लागि हो ।

यसरी रामकथा भनौं रामायणको रहस्य स्वयं रामजीले सीताजीलाई बताएको देखिन्छ ।

**(द्रष्टव्य : आनन्दरामायण, विलासकाण्ड)**

अब लङ्काबाट अयोध्यामा फर्केका रामको राजगुरु वशिष्ठ ऋषिबाट शुभमुहूर्तमा राजतिलक एवम् राज्याभिषेक भइसकेपछि भाइ भरत श्रीरामजीका शरणमा पर्छन् र प्रार्थना गर्छन् । यसपछि रामजीले भरतमाथि अनुग्रह गर्दै भाइ तिम्रो के इच्छा छ सोध म पुरा गर्नेछु भनेपछि भरतजीले आफ्नो केही इच्छा नभएको र श्रीरामजीको अभ्युदय भएको हेर्ने इच्छा जाहेर गर्छन् । साथै, एकमात्र प्रश्न सोध्न चाहन्छु भनेका छन् । भरतजीको प्रश्न के थियो भने सन्त र असन्तको भेद भनौं लक्षण हजुरबाट जान्नपाए हुन्थ्यो भन्ने मनको इच्छा प्रकट गर्छन् ।

भाइ ! सुन- "म तिमीलाई सन्तका लक्षणहरू बताउँछु । वास्तवमा सन्तहरू इन्द्रियजन्य सुखका लागि मोहित हुँदैनन् । उनीहरूमा सर्वोत्तम गुण र आचरण हुन्छन् । उनीहरू अरूलाई सुखी र आनन्दित देखेर प्रसन्न हुन्छन् र अरूको दुःखमा दुःखी हुन्छन् । अनि उनीहरू धनी, गरीब, दुःखी आदि सबैमा एक समान दृष्टि राख्दछन् । उनका कुनै शत्रु हुँदैनन् । सन्तहरू ज्ञान, विज्ञान तथा गहन वैराग्यभावले ओतप्रोत हुन्छन् । उनीहरू नम्र हुन्छन् । दीनजन अथवा निःसहायप्रति अत्यन्तै दयालु हुन्छन् । मेरो भजन वा सेवागर्न पाउँदा अति प्रसन्न हुन्छन् । उनीहरू यश-अपयश, सम्मान-असम्मानसँग असम्बद्ध हुन्छन् । सधै अरूको सेवा गर्नमा रूचि लिन्छन् । स्वप्नमा पनि स्वार्थबाट प्रेरित हुँदैनन् । उनीहरूले गरेका काम छलकपटरहित हुन्छन् । सन्तको हृदय सधैं शीतल र शान्त हुन्छ । उनीहरू त्याग गर्नका लागि अवसरको प्रतीक्षामा रहेका हुन्छन् । उनीहरू हरबखत आनन्दमग्न रहन्छन् । उनीहरूका लागि प्रशंसा एवम् लाञ्छना बराबर छन् । कसैले निन्दा गरोस् अथवा प्रशंसा गरोस् उनीहरू भरसक त्यो सुन्न चाहदैंनन् निरन्तर आफ्नो यात्रामा लागिरहन्छन् । हे भाइ भरत ! सन्तहरूका लक्षण यस्तै हुन्छन् । तिमीले सन्तहरू मेरै स्वरूप हुन् भनेर मान । वास्तवमा सन्तहरूको हृदयमा मेरो निवास हुन्छ । यो सत्य कुरा हो । "

भाइ ! अब मैले तिमीलाई असन्तका पनि लक्षण बताउँछु सुन- "भाइ ! तिमी भरसक यस्ता असन्तहरूको संसर्गबाट बच्नका लागि सधैं प्रयत्नशील रहनू किनभने असन्तको सानिध्यबाट तिमीलाई सधैं दुःखकष्ट भोग्नुपर्ने हुन्छ । असन्तहरू अरूको समृद्धि देख्न सक्दैनन् । अरूको समृद्धिमा उनीहरूलाई इर्ष्या

हुन्छ । उनीहरू अरूको निन्दा वा गाली गर्न पाउँदा आफ्नो भाग्य खुलेझैं गरी प्रसन्न हुन्छन् । सज्जनहरूका छ भाइ शत्रुहरू काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य तथा अहंकार एवम् घृणा असन्तहरूका लागि मित्रजस्तै हुन्छन् किनकि असन्तहरूले यिनै मित्रहरूको आदेशानुसार नै काम गर्ने गर्छन् । उनीहरूमा दया र दानशीलताको अभाव हुन्छ । उनीहरू कुनै विशेष कारणविना नै अरूसँग उत्तेजित हुने र झगडा गर्ने स्वभावका हुन्छन् । आफ्नो हितैषीका प्रति सधैं द्वेषभाव राख्दछन् । कसरी अरूलाई दुःख वा पीडा दिन सकिन्छ भन्दै निहुँ खोज्ने उनीहरूको बानी हुन्छ । उनीहरू परस्त्रीको आकांक्षा राख्छन् । आफूबाट बिग्रेका काममा अरूलाई दोष दिने उनीहरूको बानी हुन्छ । अरूलाई कलङ्क लगाउन पाउँदा आनन्दित हुने उनीहरूको स्वभाव हो । उनीहरूको मन सधैं कुटिल र कुत्सित हुन्छ । नराम्रो कामबाट हुन आउने प्रतिफलको भय उनीहरूमा हुँदैन । असन्तहरू अरूको उन्नति र प्रगति देख्दा ईर्ष्यालुमात्र हुदैंनन् उनीहरूलाई असह्य पीडा हुन्छ । अरूलाई संकटमा परेको देख्दा असन्तहरू प्रसन्न हुन्छन् । अरूलाई दुःखी भएको देखेर आफूले राज्य पाएजस्तै खुशी मान्ने असन्तहरूको स्वभाव हुन्छ । उनीहरू अहंकारी हुन्छन् । सपनामा पनि अरूलाई सहयोग गर्ने विचार उनीहरूमा हुँदैन । उनीहरूको हृदय काम-क्रोध-लोभ-मोह आदि विकारहरूको जन्मस्थान हुन्छ । उनीहरूले माता, पिता, गुरु तथा अरू बुढा बडाजनहरूको आदर गर्दैनन् । उनीहरूमा महापुरुष तथा ईश्वरकाप्रति श्रद्धाको अभाव हुन्छ किनकि उनीहरू जड-बुद्धिका हुन्छन् । उनीहरूको आचरण सधैं निन्दनीय हुन्छ । कलियुगमा यस्ता असन्तहरूको जनसख्ंया धेरै भएको देख्न सकिन्छ ।

हे भाइ भरत ! यो संसार न त सत्य हो न असत्य नै हो । सन्त र असन्तहरूको सबै भेद मायामोह र बन्धनका परिणाम हुन् । यही माया र द्वैतभावबाट मुक्तपुरुष नै महापुरुष हुन् । उनीहरूले यस्तो अनुभूति गरेका हुन्छन् कि सधैं शाश्वत भावमा रहने अर्थात् अपरिवर्तनशील आत्मा नै स्थिर एवम् सत्य हो । उनीहरूले यो जानेका हुन्छन् कि सांसारिक द्वैतभाव असत्य हो किनभने उनीहरूले सधैं अद्वैत अनुभूति गरेका हुन्छन् । संसारलाई सत्य मान्ने अरू सबै देहात्मवादीहरू अज्ञानी हुन् ।"

यसरी भरतले सोधेका प्रश्नमा रामजीले बताएको उत्तरबाट हामी के बुझ्न सक्छौं भने राजा रामको राज्यशासनपद्धति भनौं रामराज्यका प्रजाहरूमा कुनै पनि दुःख, द्वेष र वैरभाव थिएन । रामराज्यका प्रजाहरूमा सधैं सुख-सन्तोष र आनन्द गतिशील रहेको थियो ।

यसरी रामकथा भनौं रामायणको रहस्य स्वयं रामजीले सीताजीलाई बताएको देखिन्छ ।

पाठकवृन्द, रामनामको महिमा यति ठूलो रहेछ भने अब हामी विचार गरौं रामनाम के हो त ? यसको उत्तर छ कि संसारमा भएका सबै व्यक्तिहरू, वैभवहरू र दृश्य पदार्थहरू सबै अस्थिर हुन् असत्य हुन् । उहिले २४ औं त्रेता युगमा भएका राम पनि गए, तपाईं हाम्रा पितापुर्खाहरू पनि सबै गए । भविष्यमा थोरै दिनपछि हामी पनि जानुपर्नेछ । किन भने यी सबै कुरा अनित्य हुन् । अस्थिर, अस्थायी परन्तु रामनाम एक सत्य हो । उहिले वाल्मीकि ऋषिलाई ब्रह्माजीले आशीर्वाद दिंदै भनेका थिए । यावत् स्थास्यन्ति गिरयः सरितश्चमहीतले । तावद् रामायणकथा लोकेषु प्रचारिस्पति ।

**राम नामको वैभव**

- राम शब्दमा जम्मा २ अक्षरमात्र छन् परन्तु यो नाम अति नै मधुर अक्षरबाट बनेको हुँदा मीठो छ ।

- राम, यो नाम त काशीमा पुगेर मर्ने जीवहरूका कानमा शिवजीले बताउने तारक मन्त्र हो । यो मन्त्र सुनेका जीवहरू मुक्त हुन्छन् । अध्यात्मरामायणमा श्री महादेवले यही कुरा बताउनुभएको छ :

  **अहं भवन्नामगुणैः कृतार्थो वसामि काश्यामनिशं भवान्या ।**

  **मुमूर्षमाणस्य विमुक्तयेऽहं दिशामि मन्त्रं तव राम ! नाम ॥**

  अर्थात् हे राम ! हजुरको नाम र गुणबाट कृतार्थ भएको म काशीमा अन्नपूर्णाको साथमा बस्दछु र मर्नैआँटेका प्राणीहरूका कानमा मुक्त होऊन् भन्नका लागि हजुरको नाम राममन्त्र दिने गर्छु ।

- यही राम नाम उल्टोगरी मरा मरा भनेर जपेका रत्नाकर डाँकू पनि पछि प्रसिद्ध आदिकवि वाल्मीकि ऋषि बनेको कुरा सबैतिर प्रसिद्धै छ । यिनले लेखेको रामायण संसारसागर तार्ने डुँगाकै रूपमा प्रसिद्ध छ ।

- यो राम नाम उट्टङ्कित भएको औंठी लिएर लंका पुगेका हनुमान्ले जब त्यो सीताको अगाडि राखिदिए त्यसपछि त्यो नामले सीतालाई अति नै आनन्द दियो । यसरी राम नाम आनन्ददायक छ ।

- राम शब्दले परंब्रह्मको बोध गराउँछ । योगीजनहरू राम नाम कीर्तन भजन गर्नपाउँदा साह्रै रमाउँछन् ।

- "रमन्ते योगिनोऽनन्ते नित्यानन्दे चिदात्मनि ।
  इति राम पदेनाऽसौ परं ब्रह्माऽभिधीयते ॥ "

  उक्त भनाइले राम पदमा तत्वमसि वाक्य शोधन गरिएको छ भन्ने कुरा बताइएको देखाउँछ । यसको नेपालीमा भावार्थ यस्तो हुन्छ -

  रा भन्नु हो 'तत्' परार्थ 'म' भन्नु त्वं पदार्थ हो ।
  एकै पार्नु दुबैलाई 'आसि' हो बुझ्नुपर्छ यो ॥

  यहीं कुरा भानुभक्त कविले यसरी बताएका छन् -

  जो यो तत्वमसी छ वाक्य यसको वाक्यार्थ जानीलिनू
  यस्मा तिन् पद छन् ति तीन पदका तात्पर्यमा मन् दिनू

  तत्को अर्थ परात्म हो बुझिलिनू त्वं भन्नु जीवात्मक हो ।
  यिन्को ऐक्य बुझाउन्या असि छ पद् रात्दिन् विचार् गर्नु यो ।

- लंका जानका लागि समुद्रमा पुल बनाउन खोज्दा सबै ढुंगाहरू डुबे, पछि 'राम' यो नाम लेखेर राखेपछि मात्र पुल जोडिदै आयो । यसरी राम नाम भवसागरमा डुब्नबाट जोगाउने तत्त्व हो ।

- यो सारा संसारको रचना गरेको पनि राम तत्त्वले नै हो । आखिरमा संसारको विनाश भएपछि पनि यो रामतत्त्व शेष रहन्छ, किनभने यो अविनाशी छ ।

- अघि रामकथा (रामायण) सय करोड संख्या भएको ग्रन्थ थियो । त्यसलाई शिवले तीनभाग बराबर गरेर तीनै लोकलाई बाँडिदिनु भयो । बाँकी रहेको एक शब्द 'राम' नाम आफैले लिनुभयो । त्यसैले सबैभन्दा महत्त्वपूर्ण यही दुई अक्षरको 'राम' हो ।

- "राम रामेति रामेति रमे रामे मनोरमे ! सहस्रनाम तत्तुल्यं राम नाम वरानने !

- अघि देवता र असुरहरू मिलेर समुद्रमन्थन गर्दा पहिलोपल्ट कालकूट विष निस्कियो । अब यो विषले संसार नै ध्वस्त पार्ने भयो भनेर त्यसलाई शिवजीले लिनुभयो अनि 'राम' यो नाम जपेर आफैले पिउनुभयो । पेटमा पुगेको भए त महादेवलाई पनि त्यसले दुःख दिने थियो । राम नामकै प्रभावले घाँटीमा अडाउनुभयो । त्यसको प्रभावले घाँटीमा नीलो दाग बस्यो । त्यसपछि उहाँको नामै नीलकण्ठ रह्यो ।

- ❑ उहिले एकपल्ट शिवले आफ्ना दुई छोरा (कुमार–गणेश)लाई संसारको परिक्रमा गरेर जो पहिले आइपुग्छ त्यही प्रथमपूज्य घोषित हुनेछ भनेपछि कुमार आफ्नो बाहन मयूरमा चढेर पहिले नै उडे । गणेशको वाहन त्यस्तो नहुँदा उनी हिंडेनन् । उनले मातापिताकै अगाडि 'राम' नाम लेखेर मातापितासहित रामनामको परिक्रमा गरेपछि सबै देवतालाई जितेर गणेशजीले नै अग्रपूजा पाउने भए । रामनामको कत्रो महिमा ! ।
- ❑ हे राम ! हजुरको नामरूपी धनको महिमा विचित्रै छ । धनीले राज्यको मुद्रांकित धनको दुरूपयोग गरेर सांसारिक बन्धनमा फँसिरहन्छन् । परन्तु गरीबले रामनामरूपी धन हृदयरूपी कोषमा राखिरहेमा (जपगरेमा) संसारसागर सहजै तर्न सक्दछ ।
- ❑ हे राम ! हजुरको यो नामले मेरो कामादि दोषले र गाढान्धकारले भरिएको हृदयलाई सधैंभरि उज्यालो बनाइरहोस् भन्ने प्रार्थना गर्दछु । कुनै पनि साधनहीन, बुद्धिहीन भएको मलाई हजुरको ठाउँसम्म पुग्नका लागि सजिलो पारोस् । गाह्रो नहोस् । कवि उमानाथ पन्थीको भनाइ यस्तै छ –

हे रामचन्द्र ! सहसा तव नाम रम्यं<br>
कामादिभिः कलुषिते हृदये चकास्तु ।<br>
निःसाधनस्य मम मन्दमतेः शठस्य<br>
येन त्वदीयपदवी न दवीयसी स्यात् ।

***(रामनामवैभवम् १०)***

कलिसन्तरणोपनिषद्मा कलियुगमा अनेक पापहरूबाट पार हुन जप्नुपर्ने महामन्त्र बताइएको छ । त्यो मन्त्र यसप्रकार छ :

"हरे राम ! हरे राम ! राम राम ! हरे हरे ! हरे कृष्ण ! हरे कृष्ण ! कृष्ण कृष्ण ! हरे हरे ! "

यो मन्त्र जहाँ जुनबेला जसले जसरी पनि जप्न हुन्छ । यो मन्त्र जप्नाले कलियुगमा गरेका अनेक पापहरू तथा दुराचारहरूबाट पार हुन सकिन्छ । यो पनि राम नामको महत्त्वपूर्ण विशेषता हो ।

भगवान् रामको नाम लिनुको अथवा जप गर्नुको महत्त्वपूर्ण विशेषता यस्तो छ भन्ने कुरा बुधकौशिक ऋषिले आफ्नो रामरक्षास्तोत्रमा यसरी बताएका छन् ।

भर्जनं भवबीजानामर्जनं सुखसम्पदाम् ।<br>
तर्जनं यमदूतानां रामरामेतिगर्जनम् ॥

आपदामपहर्तारं दातारं सर्वसम्पदाम् ।
लोकाभिरामं श्रीरामं भूयो भूयो नमाम्यहम् ॥

रामेति वर्णद्वयमादरेण सदा जपन् मुक्तिमुपैति जन्तुः ।
कलौ युगे कल्मषदूषितानामन्यत्र धर्मे खलु नाधिकारः ॥

अर्थात् संसारमा पुनर्जन्म लिइरहनुपर्ने कारण अर्थात् बीजलाई भुट्नका लागि, यस संसारमा रहुन्जेल सुखसम्पत्ति आर्जन गर्नका लागि मृत्यूपरान्त आउनसक्ने यमदूतहरूलाई तर्साउन अर्थात् धपाउनका लागि "राम राम" यो शब्दको उच्चारण गर्नुपर्दछ । यस्ता आपत्तिलाई हटाउने, सुख-सम्पत्तिलाई दिने लोकमा अति सुन्दर भएका श्रीरामलाई बारम्बार नमस्कार गर्दछु । यसरी राम शब्दका दुई अक्षरलाई श्रद्धाभक्तिपूर्वक जप गर्नाले जीवात्माले मुक्ति पाउँछ किनभने कलियुगमा कल्मष अर्थात् पापले दूषित भएका मानिसहरूको राम नाम जप्नुबाहेक अरू धर्ममा कुनै अधिकार छैन । भन्नाले, राम नामको जपबाटै उसको कार्यसिद्धि, अर्थसिद्धि र मुक्तिसमेत सिद्ध हुन्छ ।

प्रसङ्गवश रामायण के हो भन्ने कुरा पनि अलिकति बताइहालौं । राम+अयन दुई शब्द मिलेर रामायण शब्द बनेको छ । रामायणको अर्थ हुन्छ राम हिँडेको बाटो अर्थात् रामकथा भएको ग्रन्थ । एकजना सहृदयी कविले रामायण के हो भन्ने कुरा यसरी बताउँछन् -

**'आदौ रामतपोवनाधिगमनं हत्वा मृगं काञ्चनम्**
**वैदेहीहरणं जटायुमरणं सुग्रीवसंभाषणम् ।**
**बालीनिर्दलनं समुद्रतरणं लङ्कापुरीदाहनम्**
**पश्चाद् रावणकुम्भकर्णहननं यतद्धि रामायणम् ॥**

रामायणको सारसन्देश के हो भने रामादिवत् प्रवर्तितव्यं, न तु रावणादिवत् । अर्थात् राम आदि पात्रहरूले गरेजस्ता काम गर्नू, रावण आदि पात्रहरूले गरेजस्ता काम नगर्नू । यही रामकथाको संक्षिप्त सार हो । त्यसैले त यसको नाम रावणायन नरहेर रामायण रहेको हो । रावण विद्वान् भए तापनि उसले नराम्रा काम गरेको हुनाले उसलाई खलपात्रका रूपमा वाल्मीकि आदि लेखकहरूले चित्रण गरेको देखिन्छ । यहाँ मलाई पनि रावणका विषयमा सानो टिप्पणी लेख्न मन लाग्यो जो यस्तो छ -

**मन्दोदरीले र विभीषणैले संझाउँदा कत्ति न सम्झिनाले ।**
**विद्वान् थियो किन्तु भएन सुद्धि विनाशकाले विपरीत बुद्धिः ॥**

## रामको व्यापकता

राम जहाँ पनि छन् । सर्वत्र व्यापक छन् । यस विषयमा एउटा सानो प्रसंग यस्तो छ : लङ्काबाट फर्कँदा हनुमान् पनि अयोध्यासम्म साथै आएका थिए । यतिन्जेलसम्म सेवा र सहयोग गरेका भक्त हनुमान्लाई खुशी पार्नका लागि सीताजीले आफूले लगाएको हीराको माला उपहारका रूपमा दिनुभएको थियो । त्यस मालाको प्रत्येक गेडालाई हनुमान्ले खुब हेरे त्यहाँ केही देखेनन् । अनि दाँतले टोकेर फुटाउँदै भित्र हेर्दै गरे । त्यहाँ पनि केही नदेख्दा उनले फालिदिए । यस्तो देखेर लक्ष्मणजीले किन यस्तो गरेको भनी हनुमान्लाई सोध्दा उनी भन्छन् "प्रभु रामलाई खोजेको कतै पनि देखिनँ । अनि रामविनाको वस्तु कुन कामको भनेर फालिदिएँ" । अनि लक्ष्मणले त्यस्तो भित्र पनि राम हुन्छन्, तिमी भित्र राम छन् त भनेर सोध्दा हनुमान्ले आफ्नो दुई हातले छाती च्यातेर देखाउँदा त्यहाँ प्रभु राम बसेको देखियो । त्यसैले राम सर्वत्र व्यापक छन् भन्ने कुरा सिद्ध हुन्छ । अरू ठाउँमा पनि रामभक्त सिद्ध सन्तहरू जहाँ-जहाँ बसेर रामको ध्यान गरेका छन् त्यहाँ त्यहाँ प्रभु रामको दर्शन पाएका छन् । जस्तै चित्रकूटमा बसेर चन्दन घोट्दै गर्दा भक्त तुलसीदासले दर्शन पाएका थिए ।

हाम्रो जस्तो सनातन हिन्दु धर्मावलम्बी देश नेपालमा र भारतमा पनि रामको नाम विभिन्न भागमा विभिन्न ठाउँमा र विभिन्न व्यक्तिमा तथा विभिन्न वस्तु अनि खाद्य पदार्थमासमेत प्रयोग भएको पाइन्छ । त्यसैले 'राम' राष्ट्रिय नाम हो । राम नाम प्रयोग भएका भौगोलिक नामहरू धेरै ठाउँमा देखिए जानिएका छन् जस्तै रामपुर, रामनगर (चितवन/पाल्पा), रामबजार (पोखरा), रामेछाप रामहिटी । राम शब्द प्रयोग भएका व्यक्तिवाचक नामहरू पनि धेरै चलेका छन् जस्तै अगाडि राम शब्द आउने नामहरू : रामअवतार, रामकुमार, रामकृष्ण, रामचन्द्र, रामचरण, रामदास, रामधन, रामनाथ, रामनिवास, रामप्रसाद, रामप्रताप, रामबहादुर, रामभक्त, राममणि, राममान, राममूर्ति, राममनोहर, राममोहन, रामवदन, रामवर्ण/रामवरण, रामराज, रामरञ्जन, रामलाल, रामलोचन, रामविलास, रामशरण, रामाश्रय, रामशमशेर, रामसखा, रामहरि, इत्यादि र पछाडि राम शब्द आउने नामहरू पनि धेरै भेटिन्छन् जस्तै अनन्तराम, अच्युतराम, आत्माराम, ऋषिराम, कनकराम, कृष्णराम, गङ्गाराम गोपीराम, गोविन्दराम, छविराम, जीवराम, धनिराम, डिलाराम, परशुराम, बलराम, बुद्धिराम, भक्तिराम, मधुराम, मणिराम, राजाराम, यदुराम, वेदुराम, शम्भुराम, साईराम, साधुराम, सीताराम, हरिराम, हरेराम, हृदयराम, इत्यादि । रामनाम हाम्रो संस्कृतिमै भिजेको छ ।

नारीवाचक नामहरूमा पनि राम शब्दको प्रयोग हुने गरेको छ जस्तै : रामकुमारी, रामकली, रामदेवी, राममाया, रामप्रभा, रामप्रिया, रामप्यारी, इत्यादि

राम नामको प्रयोग खाने तरकारीहरूमा पनि भएको देखिन्छ जस्तै रामतोरिया, रामफल, इत्यादि । भारततिर वैष्णवहरू तथा साधु सन्तहरूको अखाडामा चलाउने भोजनालयमा भान्सामा प्रयोग हुने नूनलाई पनि रामरस भन्ने गरिन्छ ।

लोकगीतका गायकहरूले राम नामलाई लिएर गीत गाउने गरेका छन् । जस्तै - कहिलेको बादल, कहिलेको पानी-घामछायाँ, दुई दिनको जिन्दगीमा - रामछायाँ । यही गीतको धूनलाई केही वर्षअगाडि रेडियो नेपालले राष्ट्रिय समाचार बोल्नुभन्दा अगाडि प्रयोग गर्नेगरेको सबैलाई विदितै छ ।

सामान्यजनहरूले पनि बाटोमा साथीभाइहरूसँग भेट हुँदा राम राम भन्ने गर्छन् । बजारमा बनियाँहरूले पनि नून अथवा अरू खाद्य पदार्थ धान, चामल आदि माना पाथी आदिमा भरेर बिक्री गर्दा पहिलो माना पाथीलाई राम हो, राम हो भन्ने गर्छन् । यसरी राम नाम जनजिब्रोमा अडिएको पाइन्छ ।

त्यसैले महाकवि तुलसीदास भन्छन् :

सीताराममय सब जग जानी, करौं प्रणाम जोरि जुगपाणि ।

अर्थात् यो संसारै सीताराममय छ भन्ने जानेर हामी सबैले दुई हात जोडेर प्रणाम गरौं ।

रामभक्त कविहरूले रामको नाम लिएर भजन गाउने र यस्ता भजनमा सुरतालसहित नाच्ने गरेको पनि देखिएकै छ । जस्तै :

१) **हातमा काम मुखमा राम, भजौं राम राम !**

**सबै जाने ठाउँ यौटै, उही रामको धाम ।**

२) **कल्लाई के काम छ र ! राम विनाको संसार ।**

**अयोध्यामा जाउँ, गाउँ रामको नाउँ ।**

कविहरू पनि आफ्ना कवितामा राम शब्दको प्रयोग गर्न पाउँदा खुब खुशी भएर कविता लेख्छन् ।

**राम् नरायण हुन् अवश्य बुझियो चौधै भुवन्का धनी**
**मानिस्को अवतार् लिया प्रभुजीले मार्छन् मलाई पनि ।**
**मानिस्देखि त मर्नपर्छ मइले ब्रह्माजीको वर् छ यो**
**मानिस् भइ रघुनाथ सरुया अघि भन्या काल् टार्न सक्न्या छ को ?**

महाकवि सोमनाथ सिग्देलले आफ्नो आदर्शराघव महाकाव्यमा श्रीरामजन्मको कुरालाई यसरी सम्झेका छन् :

**रामचन्द्र अवतीर्ण हुदाँमा कान्ति शान्ति भरिए जनतामा ।**

भरतमिलन महाकाव्य (रामायण)मा महाकाव्यका लेखक महाकवि गुणराज खनालले रामजी लङ्काबाट फर्कदा अयोध्याको गतिविधि भनौं हालखबर केकस्तो छ भनी बुझ्न पठाएका हनुमान् भेष बदलेर अयोध्या पुग्दा त्यहाँका सामान्य जनताले पनि रामजीलाई कसरी सम्झेका रहेछन् भन्ने कुरालाई यसरी बताएका छन् :

इच्छामाफिक खेलकूदहरूले सारा बिताई दिन
फर्की बालकबालिकाहरू पनि आएर घेरीकन ।
सीताराम सवारी हुन्छ कहिले भन्नोस् शहर्मा भनी
सोधी सोधी बुढाहरूसँग अनि रून्थे कराई त्यहीं ॥
बूढा बालक मूर्ख पंडित सबै ती गाउँलेका त्यहाँ
देख्नाले रघुनाथकै चरणमा त्यो प्रेमकै भावना ।
सारा अङ्ग जुरूंग भैकन उठी रोमाञ्चकै रंरमी
ज्यादै गद्गद हर्षबाट हुनगै नाचे हनुमान् त्यहीं ॥

अयोध्यामा रामजी वनबाट फर्किदैं गरेको थाहा पाएका जनता एवम् त्यहाँका पशुपक्षीसमेतले कति रमाइलो माने भन्ने कुरा महाकवि गुणराज खनाल यसरी लेख्छन् :

कुरा कुन रमाइलो हुन गयो नजाने पनि
यसै मन रमाइलो हुन गएर आफै अनि ।
त्यहाँ त पशुपक्षि नै झुलिरहे तपस्वीसरी
स्वयं प्रकृति नै भनौं खुशि भएर बस्थिन् अडी ।
सवारी प्रभु रामको अब त फिर्न लाग्यो भनी
त्यहाँ त्यहि रमाइलो सकल हेर्न जाऊँ भनी ।
विमानभरि देवता गगनमाथि आएर ती
महोत्सव मनाउँथे मन बडो रमाएर ती ।
त्रिलोकभरिका सबै त्यसबखत् भएका जति
तपस्वि र ठुलाठुला ऋषि महर्षि सारा जुटी ।
रमाइ रघुनाथकै जय मनाउँदै प्रेमले
अडेर नभमाथि नै खुशी भएर पर्खीरहे ।
अनेकथरि अप्सराहरू र फेरि गन्धर्व ती

तयार भइ हर्षले मधुर गीत गाएर ती ।
त्यहाँ गगनमाथि नै असल दिव्य बाजा झिकी
बडो लय र तालले जय मनाइ नाचे कति ।
पवित्र यश रामकै त्यसरी दिव्य संगीतमा
मिलेर सुनिएपछि अति रमाइलो भै त्यहाँ ।
खुशीसहित सन्कदैं सकल घन्न घन्क्यो जगत्
चराचर झुले सबै मुलुक धन्य भो उस्बखत् ।
मिठो त्यस अबाजले हृदय रम्रमाएपछि
खुलेर अलिबेरमा अलिअली गरी होश ती ।
अहो ! यसरि रामको मधुर नाम घन्क्यो कहाँ ?
भनेर खुशीले सबै नजर फेर्न लागे त्यहाँ ....

*(भरतमिलन महाकाव्य सर्ग २३)*

यस्तो हुनुभन्दा पहिले लङ्कामा रावणसँग युद्ध हुँदाको वर्णन गर्दै कवि भन्छन् :

**रामको देख्न पाएर लीला संहारको त्यही ।**
**देवता जय भन्दै थे माथि आकाशमै रही ॥ —**

**रामकै पाउमा पर्दै निर्धक्क हुन गैकन ।**
**यौटा विभीषणैले नै जाने ज्यान बचाउन ॥**

कुनै कविगोष्ठीमा कविता पाठ गर्नका लागि निमन्त्रणा गरिएका कवि गुणराज खनालजीले कविगोष्ठीमा सुनाएको कविता यस्तो छ :

**"चरणदास म केवल रामको यस नयाँ युगमा कुन कामको ?**
**अनि कसोगरि मिल्छ र योग्यता सुकवि हो ! कवि होइन है म ता" ॥**

राघवालङ्कार काव्यका लेखक कवि कुलचन्द्र गौतमले कति कविता रामको नामले भर्दछन् भने कुनै कवितामा नामै नलिएर पनि रामको यसरी वर्णन गरेका छन् :

**"फर्की फर्की हेर्दछन् खिस्स गर्दै सानू सानू जानु टेकी दगुर्छन् ।**
**कौशल्याका बालको चाल कस्तो ? हेर्दै हर्छन् चित्त फर्काउँदैनन्" ॥**

त्यस्तै आफ्ना पिताजीबाट राज्याभिषेककै दिन बिहानै उठेर वनमा जानुपर्ने आज्ञा पाएर सीताजी बसेको खोपीमा एक्लै आएका श्रीरामजीलाई देखेर झसंग भएकी सीताजीले आत्तिएर स्वाभाविक रूपमा श्रीरामजीसँग यस्ता प्रश्न राख्छिन् :

मणिमनोहर प्राणनाथको मुकुटमाथमा छैन के भयो ?
विमल-चन्द्रको तुल्यता लिने धवल-छत्र त्यो छैन के भयो ?
चमर हम्कने सूचना दिने जन कुनै पनी छैन के भयो ?
सचिवपुत्रको राजपुत्रको दल पछीपछी छैन के भयो ?

प्रिय ! सवारि यो काम के परी ? यसरि खुद् यहाँ एकलै भयो ?
समय यो थियो राजकाजको प्रिय ! हुकुम् हवोस् लौन के भयो ?

यसरी आत्तिएकी सीताजीलाई सान्त्वना दिदैं श्रीरामजी भन्नुहुन्छ :
धरणिनन्दिनि ! प्राणवल्लभे ! यसरि भस्कने छैन कारण ।
सुन सबै कुरा छोट्करी गरी गर विचारले धैर्य-धारण ॥

"भरत-भाइको सर्वदा भलो रहिरहोस्" यही भावना थियो
सब-जना मिली माहिली मुमा खुशि गराउने योजना थियो ॥
विनुपरिश्रमै दैव दाहिनो हुन गयो बुझ्यौ ? आज मोज भो ।
मधुरवादिनि ! प्राणवल्लभे ! हृदयको रहर् बल्ल पूर्ण भो ॥

लङ्काबाट युद्ध जितेर फर्केपछि अयोध्यामा श्रीरामजीको राज्यशासन कस्तो थियो भन्ने कुरा पनि विरोधाभासपूर्ण अलङ्कारमा कवि कुलचन्द्र गौतम यसरी लेख्छन् -

बढेर सौजन्य समस्त वर्णमा एकात्मता देखिन आउँदा पनि ।
जुदा-जुदा नै निजधर्म देखियो, थियो यही-गौरव रामराज्यमा ॥
प्रजाहरूका घरमा र घाटमा कुशासनै प्रस्तुत राखिए पनि ।
सबै गरिन्थे शुभकर्म सादरै डरै नमानीकन रामराज्यमा ॥
बखत् बखत्मा व्रतवन्द गर्दिने प्रथा यथावत् स्थिति राखिए पनि ।
हुँदै भएनन् व्रत वन्द सर्वथा चली-रहेका कहिं रामराज्यमा ॥

***(राघवालङ्कार)***

कवि तुलसीदास पनि रामचरितमानसमा लेख्छन् :

"रामचन्द्र के भजन विनु जो चह पद निर्वान ।
ज्ञानवन्त अपि सो नर-पशु विनु पूछविषान" ॥

अर्थात् आकाशमा चन्द्रमासहित जतिसुकै तारागण उदाए पनि सूर्यको उदय विना जसरी रात जाँदैन, त्यसैगरी जतिसुकै ज्ञानी भएपनि धेरै पढेको भएपनि रामको भक्तिभजन विना उसले मुक्ति पाउन सक्दैन । श्रीमद्भागवतको नवम स्कन्धमा पनि राजा रामको विशेष चर्चा गरिएको देखिन्छ । जस्तै :

**छोडी त्यो मुनिवेष मुण्डन गरी रत्नादिले भूषित,**
**राजाको अभिषेक मान्य गुरुजीद्वारा भयो मन्त्रित ।**
**राजा राम हुँदा सुखै सुख भयो प्रत्येकमा वाञ्छित,**
**चिन्ता ताप विषाद आदि पदमा मात्रै रहे सीमित ॥ १ ॥**

**गर्दै धार्मिक कार्य लोकहितमा दृष्टान्त आफू बनी,**
**शिक्षा उत्तम रामबाट दिइए माने प्रजाले पनि ।**
**एकस्त्री-व्रत रामको शुभ थियो सीता सुशीला अति,**
**आफ्ना सद्गुणबाट चित्त पतिको जो जित्नु हुन्थ्यो सती ॥ २ ॥**
***(अनु. फणिनारायण सिग्देल)***

हुन पनि राम र रावणका बीच भएको संग्राम अनुपम नै थियो । काव्यशास्त्र पढ्दा अलङ्कारको वर्णन गर्ने प्रसङ्गमा अनन्वय नामक अलङ्कारको उदाहरणमा कवि लेख्छन् :

**गगनं गगनाकारं सागरः सागरोपमः ।**
**रामरावणयोर्युद्धं रामरावणयोरिव ।**

अर्थात् आकाश आकाशै जस्तो छ सागर सागरै जस्तो छ त्यस्तै राम र रावणको युद्ध कस्तो थियो त भने राम र रावणकै युद्ध जस्तै थियो । यसो भन्नुको अर्थ आकाशलाई, सागरलाई र राम र रावणको युद्धलाई अर्को कुनै उपमा दिने ठाउँ देखिदैंन ।

यस्तो कसरी भयो होला त ? भन्ने प्रश्नमा लङ्कामा हनुमान् पसेपछि लङ्कालाई जलाउने र रावणको पुत्र इन्द्रजित्लाई मार्ने काम भइसकेको थियो । त्यस्तै राम लक्ष्मण लङ्का पसेपछि एक दुई दिनको युद्धमा रावणको अर्को पुत्र अहिरावण तथा मेघनाद र भाइ कुम्भकर्णलाई समेत लक्ष्मणद्वारा वध गरिएपछि अर्को दिनमात्र राम र रावणको युद्ध मच्चिएको थियो । त्यो बेला रावणले छोराहरू र भाइलाई समेत मारिदिएको रिसमा त्यो लक्ष्मण कहाँ छ ? त्यो सुग्रीव कहाँ छ अनि त्यो अङ्गद कहाँ छ बाँकी नल, नील आदि बाँदरहरू कहाँ छन् म यिनीहरूलाई एकैचोटिमा सिध्याउँछु भनेर जब युद्वका लागि कटिबद्व भयो त्यो बेला रामजीले किन यस्तो हल्ला गरेको छ भनेर हेर्न खोज्दा रावणले आफ्नो मायाजाल यस्तो फैलाएको देखियो कि उसको सम्पूर्ण मायाशक्तिद्वारा सम्पूर्ण रणभूमि भूतहरू, प्रेतात्माहरू अनि धर्नुधारी पिशाचहरू तथा चारैतिरबाट हतियारसहितका अनेकौं योगिनीहरूले भरिएको थियो र त्यहाँ रगतको खोलोमा नरमुण्डहरू नाचिरहेका थिए । अनि रावणकै मायाजालद्वारा अनेकौं वानरसेनाहरू

तथा भालूहरूले पनि लक्ष्मण, सुग्रीव तथा रामलाई समेत सिध्याउँछौं भन्ने हाँक दिइरहेको देखिन्थ्यो । यस्तो पैशाची मायाजाल तोड्न श्रीरामजी बाहेक अरू कसैको सामर्थ्य थिएन । श्रीरामजीले सर्वप्रथम यस्तो पैशाची मायाजाललाई छिन्नभिन्न पारेपछि पनि रावणलाई जित्न अठार दिनसम्म घमासान युद्ध गर्नुपरेको थियो । अठारौं दिनको बिहानैदेखि रावणले अनेक अपशकुन देख्न लागिसकेको थियो । उसलाई भित्रभित्रै आज मेरो मृत्यु हुन्छ भन्ने ज्ञान भइसकेको थियो किनभने त्यहाँ कुकुरहरू भुक्ने फ्याउराहरू कराउने र झञ्झावात समेत चलिरहेका अपशकुन देखापरेका थिए । यस्तैमा अठारौं दिनको साँझ गोधूलिको बेला रामले रावणमाथि एकैपटक एकतीसवटा अग्निवाण छोडेका थिए । तीमध्ये रावणका दस शिरहरू बीसवटा वाणले र बाँकी दस वाण रावणको छातीमा र अर्को एक वाण रावणको नाभिमुनि अमृतकुण्डमा एकैपटक प्रहार गरिएका थिए । यसरी दसै शिरहरू छुट्टिदाँ पनि रावणको धड अर्थात् शरीर रणभूमिमा नाच्दै धेरै बेरसम्म दौडिएको थियो । यतातिर रामका वानर सेनाहरू लक्ष्मणजीको नेतृत्वमा श्रीरामचन्द्रको जय भो भन्ने नारा घन्काइरहेका थिए । त्यो दिन चैत्र महिना शुक्ल पक्षको चर्तुदशी तिथि थियो ।

यसरी रामरावणको युद्ध र महाभारतको युद्ध पनि अठारै दिनमा पूरा भएका थिए । किनकि रावण र दुर्योधन यी दुबै अहंकारकै प्रतिमूर्ति थिए । यस्तो भएको हुनाले नै राम र रावणको युद्ध अरू कसैसँग पनि अतुलनीय एवम् अनुपम भएको थियो ।

गुल्मीका रामभक्त कवि रविलाल कर्डेलजीले पनि आफ्नो रामायणमा यस्तो भजन गाएका छन् :

**"नसम्झेर पो तो राम सम्झे छ तो ।**

**राम राम राम राम रामको लिनु नाम ।**
**राम राम राम राम रामको सर्वकाम ॥**

**मेरी वाणी प्रभुकी वार्ता सुन्नेलाई तार्न पाम**
**राम राम राम राम रामको सर्व काम ॥**

श्रीरामभक्त कविहरूले रामभक्ति विषयमा थुप्रै कविता लेखेको पाइन्छ । एक दुई नमुना यहाँ हेरौं :

**श्रीराम राम रघुनन्दन राम राम, श्रीराम राम भरताग्रज राम राम ।**
**श्रीराम राम रणकर्कश राम राम, श्रीराम राम शरणं भव राम राम ॥**

**श्रीरामचन्द्रचरणौ मनसा स्मरामि, श्रीरामचन्द्रचरणौ वचसा गृणामि ।**
**श्रीरामचन्द्रचरणौ शिरसा नमामि, श्रीरामचन्द्रचरणौ शरणं प्रपद्ये ॥ :**
**कवि बुधकौशिकमुनि**

प्रस्तुत लेखकले पनि आफ्नो काव्यमालिकाको मङ्गलाचरणमा श्रीरामचन्द्रजीलाई यसरी सम्भेको छ :

**श्रीरामचन्द्रस्य मुखाम्बुजश्री राज्याभिषेकेऽपि न हि प्रफुल्ला ।**
**सैषा न मम्ले वनवासतोऽपि कुर्यात् सदा मञ्जुलमङ्गलं मे ॥ १ ॥**

**श्रीविष्णुरंशस्य नरोत्तमस्य श्रीरामचन्द्रस्य मुखाम्बुजश्रीः ।**
**श्रीरामभक्तस्य सदा करोतु दीर्घायुषं मञ्जुलमङ्गलं मे ॥ २ ॥**

**अज्ञानहर्त्री भयनाशकर्त्री या बुद्धियोगस्य प्रदानशीला ।**
**श्रीरामचन्द्रस्य मुखाम्बुजश्रीर्दद्यात् सदा मे शुभबुद्धियोगम् ॥ ३ ॥**

**लोकाभिरामा नयनाभिरामा या लोकमात्रा रमते सदैव ।**
**मयाऽपि नित्यं रमतां शुभश्रीः श्रीरामचन्द्रस्य मुखाम्बुजश्रीः ॥ ४ ॥**

**श्रीरामोऽस्तु सदा मम प्रियतमो रामं भजे सर्वदा**
**रामेणैव सुरक्षितं जगदिदं रामाय तस्मै नमः ।**
**रामाद् दिव्यतमो न हि त्रिभुवने रामस्य कार्यं महत्**
**रामे चित्तलयो ममेह भवताद् राम ! त्वमेवाश्रयः ॥ ५ ॥**

यसरी रामनाम राष्ट्रियरूपमा विभिन्न क्षेत्रमा व्यापक रहेको देखिन्छ । अन्त्यमा -

**श्रीरामनाममहिमा यति नै छ भन्ने**
**के जान्नसक्नु म त ? सागरझैं अथाह ।**
**श्रीरामनाममहिमा यतिमात्र भन्ने**
**के नाप्नसक्नु ? गगनैसरि त्यो अथाह ॥**

ooo

**पुस्तकालयमा गई पत्र–पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# आत्माको उपचार हुने ठाउँ

✍ **जयदेव गौतम**
**बगनासकाली-५, पाल्पा (हाल - भर्जिनिया, अमेरिका)**

पहिले त पढें । दोहोऱ्याएर पनि पढें । तर भन्न खोजेको के थियो भन्ने नै ठम्याउन सकिनँ, केवल आफ्ना विस्फारित नयनले पटक-पटक त्यही एक वाक्य मात्र हेरी बसें । त्यहाँ लेखिएको थियो, "आत्माको उपचार हुने ठाउँ । "

आत्मा, जुन अदृश्य र अगोचर हुन्छ, अभौतिक हुन्छ, त्यसको पनि उपचार ! आफैँलाई गज्जब लाग्यो । अनि सोचें, त्यसपछि के त ?

"पुरानो कोट लगाऊ र नयाँ पुस्तक किन । " यो भनाइ कसको हो ? भनेर विभिन्न विद्यालयस्तरीय सामान्य ज्ञान प्रतियोगिताहरूमा अक्सर सोधिने एउटा प्रश्न हुने गर्थ्यो । हाई स्कुल पढ्ने ताका खुपै पढेको र कण्ठस्थ पारेको यसको उत्तर सहजै दिने गरिन्थ्यो, "हेनरी डेभिड थोरो" भनेर । आठ-नौ कक्षामा पढ्दै गरेका हामीलाई थोरो नाम गरेका ती व्यक्ति को थिए, कहाँका थिए र के गर्थे भन्ने आदि-इत्यादि केही थाहा हुँदैन थियो । सायद मतलब पनि हुँदैन थियो । अङ्ग्रेजीमा 'कोटेशन' भनिने ती महाकथन (भनाइ) हरूको सामान्य वा गूढार्थ पनि केही ज्ञात हुँदैन थियो । बस्, थाहा थियो त कुन भनाइ कुन व्यक्तिले भनेको हो, किनभने ती धेरैजसो कण्ठाग्र पारिएका हुन्थे र प्रतियोगितामा थप नम्बर ल्याउन सहयोगी हुन्थे ।

पछि उमेरले पखेटा हल्लाउँदै हामीलाई परिपक्वता र प्रौढतातिर लग्यो । अनि पो थप अध्ययनको क्रममा ती थोरो महाशय त अमेरिकन लेखक एवं दार्शनिक रहेछन् भन्ने ज्ञान प्राप्त भयो । साथै, उनले पुस्तक र अध्ययनको सन्दर्भमा भनेको त्यो चर्चित भनाइको गूढार्थ पनि थाहा भयो । हेनरी थोरो मात्र होइन, अरू अनेक सफल व्यक्तिहरूको जीवनकथा पढ्ने क्रममा पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाले भनेको एउटा भनाइ निकै घत पऱ्यो, "किताब भनेको त शब्दको शक्ति उजागर गर्ने शक्तिशाली माध्यम हो । यसले तपाईंलाई सशक्तता दिन्छ, तपाईंलाई यसले आफ्नो महत्त्व बुझाइदिन्छ । तपाईंको विश्वासलाई यसले अझ मजबुत पारिदिन्छ । "

यस्तो पुस्तक-महिमा अन्यत्र पनि पढ्ने, सुन्ने र जान्ने अवसर प्राप्त भइरहन थाल्यो । मलाई लाग्न थाल्यो- आखिर पढ्न सक्ने हो भने त मानवजीवन आफैँमा एक ठूलो पुस्तक हो र जाने-सके-मिलेसम्म यसलाई जति पढे पनि हुन्छ । सामान्यतया किताब किनेर वा मागेर पढ्न सकिन्छ । जीवन किनेर पाइँदैन, मागेर पनि पाइँदैन । जीवन त नितान्त आफ्नो हो । त्यसकारण

यसलाई त स्वयंले नै भोग्नु पर्छ, अरूले पढी दिएर पनि हुँदैन, स्वयंले पढ्नु पर्दछ ।

यसरी नै समयक्रममा थाहा हुँदै गयो, जीवन र जगत्का विविध आयामबारे छिचोल्ने किताब पढ्न अथवा स्वयं जीवनलाई बुझ्न नै पनि पुस्तकालय सबैभन्दा सरल र सहज ठाउँ हो जहाँ निःशुल्क वा एकदमै कम (सदस्यता) शुल्कमा हजार थरी किताब र सयौं किसिमका पत्र-पत्रिकासँगै अनेक सामग्री जति पढे पनि पाइन्छ । अझ पछिल्लो समयमा सञ्चार प्रविधिको अद्भुत विकासले गर्दा त पुस्तकालयहरूमा छापाका पुस्तक मात्र होइन, डिजिटल वा सफ्ट कपी पनि पढ्न पाइन्छ भने पुस्तकालयमै भौतिक रूपमा उपस्थित नभएर घर वा कार्यस्थलबाट पनि इन्टरनेट वा अनलाइन वा भर्चुअल रूपमा समेत पढ्न पाइने भइसकेको छ । अनि त्यसरी पढ्ने सन्दर्भमा, अध्ययनप्रतिको रूचिले पुस्तक-प्रेम बढ्छ र किताबप्रतिको लगावले पुस्तकालयप्रति चासो वृद्धि गराउँदै लैजान्छ । त्यस्ता पुस्तकालय सार्वजनिक वा सामुदायिक हुन सक्दछन्, सरकारी वा गैरसरकारी हुन सक्दछन्, संस्थागत वा शैक्षिक हुन सक्दछन्, सामान्य टोल स्तरीयदेखि राज्य वा अन्तर्राष्ट्रिय स्तरसम्मका हुन सक्दछन्, निजी वा घरेलु हुन सक्दछन्, र बाल पुस्तकालय वा ब्रेल लिपिसमेत भएका विशेष पुस्तकालय पनि हुन सक्दछन् ।

पाठकहरूको सुविधाका लागि पुस्तकालयलाई अधिकतम प्रविधिमैत्री बनाउन पछिल्ला थुप्रै वर्षदेखि पुस्तकालयहरूमा कम्प्युटर र इन्टरनेट सेवा पनि सहज उपलब्ध गराइएको हुन्छ । त्यहाँ मोबाइल फोन वा निजी कम्प्युटरका लागि चार्जिङ-स्टेशन सेवा पनि उपलब्ध हुन्छ । ठूला पुस्तकालयहरूमा एक्ला-एक्लै बसेर पढ्नका लागि पनि र सामूहिक छलफल गर्दै पढ्नका लागि पनि विशेष स्थान बनाइएको हुन्छ । कतिपय पुस्तकालयमा दर्जनौं मानिस भेला भएर पुस्तक विमोचन गर्न मिल्ने वा कुनै जयन्ती मनाउने वा कुनै मझौला आकारको सार्वजनिक कार्यक्रम गर्न सक्ने गरी सुहाउँदो स्थान पनि बनाइएको हुन्छ । यस्ता स्थलमा अक्सर साहित्यिक कार्यक्रम वा कार्यशाला गोष्ठी हुने गर्दछन् ।

यसको अर्थ, पुस्तक-पण्डितहरूको अनुभवमा, पुस्तकालय विलासिताको वस्तु होइन, बरु यो त जीवनको आवश्यकता पो हो । पुस्तकालयहरू आफैंमा उज्यालोका प्रतीक हुन् । र, उज्यालो उन्नति एवं प्रगतिको सोपान हो । त्यसकारण पनि पुस्तकालयहरू हाम्रा साथी हुन्, सँगी हुन्, दौंतरी हुन् र सधैं हाम्रो भलो चाहने हितैषी हुन् । आखिर पुस्तक पढ्नु भनेको त समयसँगै यात्रा गर्नु पनि हो नि, त्यो भलै सुदूर विगतको होस् वा वर्तमानको अथवा निकट आगत वा सुदूर भविष्यको नै किन नहोस् ।

अनि यही सन्दर्भमा कहिलेकाहीं मनमा एउटा सोचाइ आउने गर्दछ, पुस्तक र पुस्तकालयसँग मेरो पिरती कसरी कहिलेदेखि बसेको होला ? यस्तो सोचाइको लहर कहाँसम्म पुग्छ होला ?

"समयको सदुपयोग गर्दै किताब अवश्य पढ्नु पर्दछ किनभने किताबहरूमा ज्ञानका अतिरिक्त अनेक थरी मानिसका जीवनको अनुभव पनि हुन्छ, जुन निश्चित तवरमा निकै अमूल्य हुने गर्दछ ।" युनानी दार्शनिक सोक्रेटसको यो भनाइ मलाई मन पर्छ । शताब्दियौंअघि, पात्रोमा ईसापूर्व लेख्नुपर्ने समयमा, पढ्ने सन्दर्भ उप्काएर उनले कति सरल शब्दमा कति ठूला कुरा भनेका थिए !

सोक्रेटसले अगाडि भनेका थिए, "व्यक्तिको जीवनमा सबैभन्दा मूल्यवान् कुरा भनेकै ज्ञान हो र सबैभन्दा नराम्रो कुरा भनेकै अज्ञान हो । धन त अस्थिर हुन्छ तर ज्ञान भने सधैं आफूसितै रहन्छ ।" अर्थात्, ती महान् युनानी दार्शनिक ज्ञान र ज्ञानको प्राप्तिका लागि पुस्तकहरू पढ्नुपर्ने अनिवार्य आवश्यकताबारे मिहिन तरिकाले औंल्याएर गए ।

सोक्रेटसको यो भनाइ मैले पढाइ र पुस्तकालयको सन्दर्भमा सम्झेको हूँ । आखिर पुस्तकालय भनेको के हो र ? त्यसो त पुस्तकालय शब्द आफैंमा अङ्ग्रेजी शब्द 'लाइब्रेरी' को नेपाली रूपान्तरण हो । पुनः अङ्ग्रेजीको यो शब्द ल्याटिन भाषाको 'लाइब्रेरिया' बाट बनेको हो जसको अर्थ हुन्छ, 'पुस्तकहरू राख्ने ठाउँ' । ल्याटिन भाषामा 'लाइबर' वा 'लिबर' शब्दको अर्थ 'पुस्तक' वा 'किताब' भन्ने हुन्छ भने ल्याटिनीकरण भएको ग्रीक शब्द 'बिब्लियोथेका' बाट जर्मन, रसियन र रोमन भाषाहरूमा 'लाइब्रेरी' शब्द व्युत्पन्न भएको हो ।

तर अहिले मैले रोजेको विषयको उठान गर्न भने फेरि उही मेरो स्कुले जीवनमा पुग्नुपर्ने हुन्छ ।

"पुस्तक र आलय गरी दुई शब्द मिलेर बनेको 'पुस्तकालय' को अर्थ हो, किताबहरूको घर । कुनै पनि पुस्तकालय एउटै वा धेरै कक्षमा वा भवनका धेरै तलाहरूमा बिस्तारिएर सुव्यवस्थित हुन सक्छ । त्यहाँ पाइने किताबहरू बिक्रीका लागि हुँदैनन् बरु त्यहीं बसेर पढ्ने अथवा सःशुल्क त्यसको सदस्य बनेर निश्चित समयका लागि घर लगेर पढ्न र फिर्ता गर्न सकिने व्यवस्था हुन्छ । केही दुर्लभ र अप्राप्य किताबहरू भने पुस्तकालयभन्दा बाहिर लैजान पाइँदैन, त्यहीं बसेर पढ्नु वा प्रयोग गर्नु पर्दछ । मानिस जति भिन्न किसिमका छन्, किताबहरू पनि त्यति नै किसिमका छन् । संसारमा भएका लगभग जम्मैजसो विषयका अनेकअनेक किताब पढ्नका लागि उपलब्ध छन् । यस्ता धेरैजसो किताब पुस्तकालयहरूमा पाइन्छन् । जीवन बाँच्ने क्रममा एकपछि अर्को गर्दै मानिसले साथ छोड्न सक्छन् तर किताबबाट प्राप्त भएको ज्ञानले साथ कहिल्यै छोड्दैन । त्यसकारण पनि किताब हाम्रा सबैभन्दा असल साथी हुन् । ..."

स्कुले जीवनमा पुस्तकालयका सम्बन्धमा यस्तै-यस्तै धेरै कुरा निबन्धका रूपमा लेख्ने र पढ्ने गर्थ्यौं । पुस्तकालय के कस्ता हुन्छन्, तिनको सुरूआत कहिलेदेखि, किन र कसरी भयो होला, संसारमा त के स्वयं नेपालमै पनि कहाँ के कस्ता पुस्तकालय छन् आदि भनेर केही थाहा थिएन, हुँदैन थियो तर हामी हौसिँदै त्यस विषयमा निबन्ध लेख्न तम्सिने गर्थ्यौं । धेरैपछि, उमेरले परिपक्व व्यक्ति बनिसकेपछि, कसैले भनेको सुनें, "असल किताब र असल मानिसलाई छिट्टै बुझ्न सकिँदैन, तिनलाई पढ्नु पर्दछ ।" अनि मैले बुझें, मानिस वा अन्य जुन कुनै शीर्षकमा निबन्ध लेख्नका लागि सम्बन्धित विषयमा राम्रै जानकार हुनु पर्दछ । सतही ज्ञान वा सतही जानकारीले परिणाम पनि सतही मात्र देखिन्छ ।

स्कुले जीवनमै छँदाको कुरा, सामान्य ज्ञान पढ्दै गर्दा थाहा भयो- संसारको सबैभन्दा ठूलो पुस्तकालय अमेरिकाको राजधानी वासिङ्गटन डिसीमा छ र त्यसलाई 'लाइब्रेरी अफ कङ्ग्रेस' भनिन्छ । हुर्किसकेपछिको प्रौढ अवस्थामा अमेरिका पुग्ने र डुल्ने साइत जुर्‍यो । त्यही बेला बडो उत्सुक नजर र उच्च हौसलापूर्वक 'दर्शन' गर्न पुगेको थिएँ, लाइब्रेरी अफ कङ्ग्रेस । अत्यन्त आकर्षक आन्तरिक साज-सज्जासहित तीन ओटा ठूला एवं पृथक् भवनमा विस्तारित त्यो शानदार पुस्तकालय हेरेपछि हठात् कतै पढेको सम्झिएको थिएँ, "पुस्तकहरूको संसार मरेका र जिउँदाहरू दुई थरीका बीचको संसार हो ।"

हुन पनि सन् १८०० मा स्थापना भएको लाइब्रेरी अफ कङ्ग्रेस भनिने पुस्तकालय मात्र नभै वर्तमान विश्वका पच्चीस सबैभन्दा ठूला पुस्तकालयमध्ये नौवटा त केवल अमेरिकामा मात्र छन् (विश्वका यी सर्वाधिक ठूला पुस्तकालयमध्ये पुस्तक सङ्ख्याको हिसाबले सबैभन्दा ठूलो बेलायतको 'ब्रिटिश लाइब्रेरी' हो जहाँ बीस करोडको हाराहारी पुस्तक छन् भने तेस्रो ठूलो पुस्तकालय चीनको 'शाङ्घाई लाइब्रेरी' हो जहाँ साढे पाँच करोडभन्दा धेरै पुस्तक छन् । अमेरिकाकै न्युयोर्कस्थित 'न्युयोर्क पब्लिक लाइब्रेरी' संसारकै चौथो ठूलो पुस्तकालय हो) । तर यी पुस्तकालयहरूमध्ये लाइब्रेरी अफ कङ्ग्रेस सबैभन्दा भव्य, आकर्षक र विशाल छ । यो पुस्तकालय स्थापना गर्नेहरू उहिल्यै मरेर गइसके तर उनीहरूपछिका प्रत्येक पछिल्ला पुस्ताले निरन्तर यस पुस्तकालयबाट लिन सकिने पूर्ण लाभ लिइरहेकै छन् । र, वर्तमानपछि आउने भावी पुस्ताहरूले पनि यस पुस्तकालयमा रहेको ज्ञान एवं तमाम प्राज्ञिक सामग्रीबाट यथेष्ट लाभ लिइरहने नै छन् । अर्थात्, मरेका र जिउँदाहरूलाई जोड्ने अथाह ज्ञानको यो पुल सधैं जीवन्त रहिरहने छ र आफ्नो महत्ता एवं उपादेयता दर्शाइरहने छ ।

सर्वसाधारणले लाइब्रेरी अफ कङ्ग्रेस पुस्तकालयमा बसेर पढ्न सक्छन्, चाहेअनुसारको समय बिताउन सक्छन्, यताउता घुम्न सक्छन् तर यहाँ भएका पुस्तकहरू भने पुस्तकालयबाट बाहिर लैजान पाउँदैनन् किनभने यो पुस्तकालय

अमेरिकाका जनप्रतिनिधि अर्थात् सांसदहरू र उच्चपदस्थ सरकारी कर्मचारीको व्यवस्थित प्रयोगका लागि हो । उनीहरूले मात्र यस पुस्तकालयबाट पुस्तकहरू आफूसँग निवास लैजान पाउँछन्, तर छोटो अवधिका लागि मात्र । त्यसमा पनि यो पुस्तकालय प्राज्ञिक खोज एवं अनुसन्धानका लागि बढी प्रयोग हुने गर्दछ । म आफैं पनि विस्मित भएँ जतिबेला मलाई यो जानकारी भयो- अमेरिकाको राष्ट्रिय पुस्तकालयका रूपमा समेत रहेको अनि विश्वभरबाट विविध विषयक किताब आदि तमाम बौद्धिक सामग्रीको प्रतिलिपि अधिकार (अथवा आईएसबीएन) पनि दर्ता लिने गरेको यस पुस्तकालयमा पुस्तक आदि सबै मिलाएर कुल सत्र करोड पचास लाखभन्दा बढी सामग्री छन् र यी सामग्री विश्वका हरेक कुनाबाट सङ्कलन गरिएका चार सय सत्तरी भाषाहरूमा उपलब्ध छन् ।

यस पुस्तकालयमा समग्रमा तीन हजारभन्दा धेरै कर्मचारीले काम गर्छन् । दुनियाँभरबाट बर्सेनी बीस लाखभन्दा बढी मानिस यस पुस्तकालयको प्रत्यक्ष भ्रमण गर्न आउँछन् भने प्रति वर्ष यसका पचास करोडभन्दा बढी पेज-भ्युज अथवा अनलाइन साइट अवलोकन हुने गर्दछ । थप रोचक त के भने, यस पुस्तकालयका लाइब्रेरियनको नियुक्ति स्वयं अमेरिकी राष्ट्रपतिले प्रस्तावित गर्नु पर्दछ र त्यो नामलाई अमेरिकी संसद सिनेटले स्वीकृत गर्नु पर्दछ ।

यो सबै देखिसक्दा र थाहा पाउँदा मैले आफैंसित भनें- वाह ! अनि पो त पुस्तकालय !

उसो त मैले धेरै पुस्तकालय चहारेको छैन । पुस्तकालय धाउन समयको यथोचित व्यवस्थापन गर्न सक्नु पर्दछ तर म यस कुरामा निपुण छैन । त्यसकारण पुस्तकालयहरूसित मेरो पिरती त छ तर नितान्त गहिरो सान्निध्य भने छैन । पहिलोपटक पुस्तकालयसित मेरो सम्पर्क भनेको आफू पढ्ने पाल्पाको गाउँले स्कुल श्री दर्लामडाँडा माध्यमिक विद्यालय (हाल उमावि) मा भएको थियो । वि.सं.२०३८ सालतिरको कुरा हो, त्यतिबेला म करिब चौध-पन्ध्र वर्षको थिएँ र नौ कक्षामा पढ्थें । त्यो पुस्तकालयमा राजा-रानी, राजपरिवार र पञ्चायती व्यवस्थासम्बन्धी धेरै किताबका साथै सुतरी धागोले बाँधिएका पुराना गोरखापत्रका फाइल हुन्थे । शिक्षक वा विद्यार्थी कमै मात्र जाने हुँदा त्यहाँ भएका जे जति पुस्तक, पत्र-पत्रिका, बेञ्च, भुइँ आदि सबैतिर गज्जबसँग धुलैधुलो हुन्थ्यो तापनि म भने स्कुलको मध्यान्तर बेला वा फुर्सद मिल्दा एक्लै गएर पनि पुस्तकालयमा रमाउने गर्थें ।

पुस्तक वा पुस्तकालयप्रति ममा किन त्यसरी पिरती पलाएको थियो वा छ भन्ने सन्दर्भमा भने म हम्मेसी अनजान नै रहिआएको छु ।

जेहोस्, पढ्ने क्रममा मलाई एउटा गहन बोध भइसकेको थियो- किताबले ज्ञानको ढोका खोल्छ र बुद्धिको बिर्को उघार्दछ किनभने अन्धकारविरूद्धको

लडाइँमा किताब अत्यधिक प्रभावशाली हतियार बन्छन् । पुस्तकहरू त त्यस्ता शिक्षक हुन् जसले कसैलाई कुनै कष्ट नदिइकन, कसैको कुनै आलोचना नगरीकन र कसैको कुनै परीक्षा नलिइकन हामीलाई शिक्षा दिने गर्दछन् ।

त्यस पुस्तकालयको भित्तामा धेरैजसो त राजाका 'महावाणी' टाँसिएका हुन्थे । महाकवि लक्ष्मीप्रसाद देवकोटाको बहुचर्चित कवितांश 'उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक' पनि सेतो कागजमा हातले लेखेर टाँसिएको थियो । तर एक ठाउँमा वाल्ट डिज्नी (बहुचर्चित अमेरिकी एनिमेटर र कार्टुन पात्र 'मिक्की माउस' का जन्मदाता) को भनाइ पनि थियो जसलाई औधी मन परेको हुँदा मैले आफ्नो कापीमा सारेर पनि राखेको थिएँ । डिज्नीले भनेका थिए, "पुस्तकहरूमा यति धेरै सम्पत्ति थुप्रिएको छ, जसलाई जति कोसिस गरे पनि कसैले कहिल्यै लुट्न सक्दैन । " पुस्तकको उपादेयता र पढ्नुपर्ने आवश्यकताबारे यति सरलतापूर्वक भनिएको वा लेखिएको मैले अन्त कतै पढेको थिइनँ ।

अहिले सोच्दा लाग्छ, त्यसरी नियमित पुस्तकालय धाउनु भनेको सायद मभित्र त्यो बेलैदेखि समसामयिक घटनाक्रमसमेत विविध विषयमा जानकारी राख्ने र अन्य ज्ञान लिने भोक थियो होला । आखिर पछि गएर जीवनमा मलाई पत्रकार एवं लेखक बन्नु जो रहेछ !

म पुगेको दोस्रो पुस्तकालय आफू प्रमाणपत्र र स्नातक तह अथवा आईए र बीए तह पढ्दा तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसको पुस्तकालय थियो । त्यो पुस्तकालय धेरै हिसाबले राम्रो थियो किनभने त्यसमा नेपाली र अङ्ग्रेजीका साथै नयाँ–पुराना हिन्दी किताबहरू प्रशस्त थिए । मेरो बालापन भारतमा बितेको थियो र मैले कक्षा आठसम्म उतै पढेको थिएँ । त्यसो हुँदा म हिन्दी भाषाको राम्रो जानकार थिएँ । त्यसकारण पनि मलाई हिन्दीभाषी पुस्तकहरू पढ्न औधी मन पर्थ्यो, अझै पनि पर्छ । त्यहाँ मैले पाठ्यक्रमका साथै मौलिक र अनुवाद गरी थुप्रै पुस्तक पढ्ने अवसर पाएको थिएँ ।

त्यहीं तानसेनमै अर्को एउटा पुस्तकालय पनि छ, निजी क्षेत्रबाट सञ्चालित र धेरै पुरानो –वि.सं.१९८३ मा स्थापना भएको– धवल पुस्तकालय । सुरूमा कुनै घरको दलानमा बसेर पढ्ने गरी खोलिएको यो पुस्तकालय अहिले धेरै व्यवस्थित छ र आफ्नै ठूलो तीन तले पक्की भवनमा मुस्कुराइरहेको छ । यो पुस्तकालयमा पनि नेपाली साहित्य र राजनीतिका किताबहरू पढ्ने अवसर मिलेको थियो । त्यसै ताका थाहा पाएको थिएँ, छिमेकी गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा पनि वि.सं.२०२५ मै स्थापना भएर सञ्चालनमा रहेको 'किरण पुस्तकालय' छ । यो पुस्तकालयसँगको सङ्गत भने अलि पछि मात्र भयो ।

मास्टर्स डिग्री पढ्न वि.सं.२०४५ सालमा काठमाडौं पुगेपछि त धेरैवटा पुस्तकालय चहार्ने मौका जुरेको थियो । सर्वप्रथम त भारतीय सहयोगमा निर्मित त्रिविकै एमानको केन्द्रीय पुस्तकालय भैहाल्यो, जहाँ पाठ्यक्रम र सन्दर्भ-ग्रन्थहरूका साथै अनेक देश र अनेक भाषाका हजारौं पुस्तक थिए, छन् । आफू अङ्ग्रेजी केन्द्रीय शिक्षण विभागको विद्यार्थी भएको हुँदा त्यहाँ धेरैजसो अङ्ग्रेजी किताबहरू पढिएको थियो । अरू तीन पुस्तकालय -तिनताका नयाँ सडकस्थित अमेरिकन लाइब्रेरी, नयाँ सडक गेटनिर रहेको नेपाल-भारत सांस्कृतिक केन्द्र पुस्तकालय र कान्तिपथमा रहेको ब्रिटिश काउन्सिल लाइब्रेरी- पनि मेरा लागि निकै रसपूर्ण एवं उपयोगी थिए ।

यीबाहेक पनि केशर महलस्थित केशर पुस्तकालय, कुपण्डोलस्थित एभन लाइब्रेरी, पुल्चोकस्थित नेपाल पुस्तकालय, भृकुटी मण्डपस्थित सार्वजनिक पुस्तकालय आदि अनेक पठनशालाहरू पालैपालो पुग्ने गरेको थिएँ । काठमाडौंमै रहेको डिल्लीरमण कल्याणी रेग्मी स्मृति पुस्तकालयमा जाने अवसर कहिल्यै जुरेन । आफू कहिल्यै नगए पनि कुनै बेला 'वीर पुस्तकालय' हुँदै कालान्तरमा 'घण्टाघर लाइब्रेरी' पनि छ भन्ने सुनेको थिएँ । अझ कतिपय ठाउँहरूमा विभिन्न पत्र-पत्रिकाहरू मात्र पढ्न मिल्ने सानो आकारका 'वाचनालय' समेत थिए । (पछिल्लो समयमा 'रूम टू रीड' नामक गैरसरकारी सामाजिक संस्थाले देशका विभिन्न स्थान, खासगरी विद्यालयहरूमा पुस्तकालय सञ्चालन-व्यवस्थापनमा सहयोग गरिरहेको छ) । यसरी यो सबै अवस्था नियाल्दा मलाई लागेथ्यो- पढ्ने इच्छा छ भने काठमाडौंमा पठन-सामग्रीको उस्तोविधि अभाव हुँदैन ।

मलाई केही पटक जाने अवसर मिलेको एउटा पुस्तकालय संसद-पुस्तकालय हो । कुनै बेला राष्ट्रिय पञ्चायत र पछिल्लो समयका सांसदहरू (एक समय संविधान सभा सदस्यहरू) मा अध्ययन गर्ने बानी, चासो वा रूचि खासै देखिँदैन तापनि सांसदहरूको प्रयोगका लागि संसद-पुस्तकालय छ । यहाँ पनि हजारौं किताब छन् र उपयोग गर्न सक्नेका लागि यो पुस्तकालय निकै स्तरीय पनि छ ।

मैले काठमाडौं वा अन्यत्र पनि उपयोग गरेका प्रायः सबै पुस्तकालयमा पुस्तकालयाध्यक्ष वा लाइब्रेरियन हुने गर्थे, भलै कतै नाम मात्रका थिए त केही ठाउँमा अत्यन्त जानिफकार र उत्तिकै समर्पित पनि थिए । वास्तवमा कुनै पनि पुस्तकालयका लागि लाइब्रेरियन अत्यन्त आवश्यक पद मात्र नभएर अहम् हिस्सा नै हो । लाइब्रेरियन भनेका त पुस्तकालय-विषयमा अध्ययन गरेका वा त्यस सम्बन्धी तालीम लिएका विशेषज्ञ व्यक्ति हुन्छन् र उनीहरूले नयाँ-पुराना पुस्तकहरू बारे जान्ने, पुस्तक छनोट गर्ने, वितरण गर्ने, सूचना सङ्कलन गर्ने,

पुस्तकहरूको विभाग र कुन विधाको पुस्तक कुन विभाग अन्तर्गत कता छ भन्ने जानकारी राख्ने आदि-इत्यादिका साथै समग्र पुस्तकालयको रेखदेख समेत गर्दछन् । दक्ष लाइब्रेरियन भनेका कुनै पनि पुस्तकालयका आभा हुन्, चहकिला गहना हुन् ।

यसरी राजधानी उपत्यकाभित्र मैलै जे जति ओटा पुस्तकालय चहारें वा तिनबारे थाहा पाएँ, त्यसले मलाई नेपालमा पुस्तकालयको शुरूवातका सम्बन्धमा केही जान्ने खुल्दुली भयो । प्रारम्भमा त, शिक्षा र शिक्षणव्यवस्था नै धेरै ढिलो शुरू भएको मुलुकमा पुस्तकालय खोल्ने वा त्यसलाई प्रयोग गर्ने कुरा नै पनि आफैंमा व्यङ्ग्य जस्तो लाग्यो, तापनि विद्यमान हरेक कुराको पहिलो पाइला त हुन्छ नै भन्ने गमेर विगतको आँखीझ्याल उघार्ने जमर्को गरें । त्यहाँबाट हेर्दा के पो देखें त मैले ?

नेपालमा पुस्तकालय थालनीको कथा सुखद छैन । किनभने एक त पुस्तकालयको सम्बन्ध पठन-पाठन संस्कृतिसँग हुन्छ, र, अर्को, किताबको उपलब्धतासित हुन्छ । जागरूक र अध्ययनप्रेमी समाज भएको ठाउँमा अथवा अभिलेखहरूको सुरक्षित दस्तावेजीकरण गर्नुपर्ने दूरगामी सोचाइ भएको समाजमा पुस्तकालयले फल्ने, फुल्ने र झाङ्गिने सहज वातावरण पाउँछ । अन्यथा त एउटा किताब किन्ने रकमले बरू एक छाक टार्नुपर्ने अवस्था रहेको समाजमा न त पुस्तक पढ्ने संस्कार फस्टाउँछ न पुस्तकालय-संस्कृति । त्यसमा पनि ज्ञानको प्रचार-प्रसारसित डराउने र आम जनमानसलाई भरसक अँध्यारोमै राख्न खोज्ने शासक एवं त्यो शासनसित नजिक रहेको माथिल्लो तप्का भएको समाजमा पनि पुस्तक केवल खेलौना बनेका वा बनाइएका हुन्छन् भने पुस्तकालय चाहिँ फगत मृगतृष्णा ।

जङ्गबहादुर राणाले स्थापना गरेको 'श्री ३ राणाशासन' नेपालमा एक सय चार वर्ष (वि.सं.१९०४-२००७) सम्म चल्यो र जम्मा नौजना राणा प्रधानमन्त्रीले त्यस अवधिमा शासन गरे । श्री ३ राणाहरूमध्ये छैटौं शासक भीमशमशेरलाई तुलनात्मक रूपमा उदार मानिन्थ्यो । उनी प्रधानमन्त्री भएपछि देशका मुलुकबाहिर पढेर आएका केही चेतनशील व्यक्तिहरूले काठमाडौंको मछिन्द्र बहालमा 'सरस्वती सदन' पुस्तकालय स्थापना गर्ने निर्णय गरेका थिए तर 'श्री ३ महाराज' को स्वीकृतिबेगर त्यसबेला कुनै कार्य गर्न निषेध थियो । त्यसैले पुस्तकालय खोल्ने स्वीकृतिको माग राखेर भीमशमशेरलाई दिन एउटा आवेदन-पत्र तयार पारियो । त्यसमा पैंतालीस जना जतिले हस्ताक्षर गरिसकेका थिए । अरू केहीले हस्ताक्षर गर्न बाँकी थियो । त्यो आवेदन-पत्रमा कुनै राजनीतिक रङ थिएन, त्यसकारण त्यसलाई गोप्य पनि राखिएको थिएन ।

विशुद्ध तवरले पुस्तकालय खोल्ने अनुमतिको माग मात्र त्यस आवेदन-पत्रमा थियो तर केही चेतनशील समूहको सामूहिक प्रयत्न त्यसमा रहेकाले, त्यसलाई सत्तासीन राणाहरूले उचित मानेनन् । पुस्तकालय खोल्ने त्यस प्रयासलाई सहन गर्न नसकी त्यो निवेदन जफत गरियो र त्यसमा दस्तखत गर्नेहरू- कृष्णप्रसाद कोइराला, जोगवीर सिंह कंसाकार, चित्तधर हृदय, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, महेन्द्रविक्रम शाह, शंकरदेव पन्त, बैकुण्ठप्रसाद लाकौल, तुलसी मेहर, प्रेमबहादुर कंसाकारलगायत धेरैलाई वि.सं.१९८७ वैशाखमा पक्राउ गरियो ।

पक्राउ गरिएका सबैलाई सुरूमा कडा नियन्त्रणमा राखेर 'श्री ३ को गाथगद्दी ताकेको' अभियोग लगाइएको थियो तर केही दिनपछि सबैलाई एक-एक सय रुपैयाँ जरिवाना र 'आइन्दा कुनै पनि यस्ता काम नगर्ने' शर्तनामा गरेर छाडिएको थियो । (समयको त्यो कालखण्डमा एक सय रुपैयाँ निकै धेरै रकम हुने गर्थ्यो) ।

धेरैपछि, त्यसको करिब बीस वर्षपछि, यस घटनाबारे महाकवि देवकोटाले निबन्धकार शङ्कर लामिछानेसँग कुराकानी गर्दै भनेका थिए, "सन् १९३० (वि.सं.१९८७) मा बी.ए. फाइनल जाँच दिएर घर फर्केको मात्र थिएँ, केही साथीहरूले पब्लिक लाइब्रेरी (जनपुस्तकालय) खोल्ने विचार गरेर बनाएको कार्यक्रममा सही गराए । त्यसको करिब डेढ महिनापछि एक दिन भात खान लाग्दा त्यस बखतका प्रधानमन्त्री महाराज भीमशमशेरको आठपहरिया आएर समातेर लग्यो । र, राताराता आँखा गरेर महाराजले हामीलाई ३-३ वर्षको जेल सुनाए । त्यस बखत मेरो ब्रह्मक्रोध जाग्यो तर केही गर्न सकिनँ । आखिर कसोकसो कुरा बहेर १०० रुपैयाँ जरिवाना र १२ वर्ष जनहितको कुनै किसिमको काम नगर्ने कागज गरिदिएपछि हामीले छुटकारा पायौं । हामीले त्यस बखत त्यही उपाय नै सर्वश्रेष्ठ ठहरायौं । " ('बिम्ब प्रतिबिम्ब', शङ्कर लामिछाने, पृ.१२०, तेस्रो संस्करण २०७३, पैरवी बुक हाउस, काठमाडौं) ।

त्यसो त भारतमा गुरुकुल शिक्षा वा आधुनिक विषयसँगै संस्कृत पढेर आएका अध्ययनशील मानिसहरूले राणा-शासनकालमै पनि लुकीछिपी मुलुकका कतिपय ठाउँमा सानातिना पुस्तकालय कुनै घरविशेषका पिँढी वा दलान वा गोठमा खोलेका थिए तर ती अत्यन्तै सीमित थिए । पछि, दुई हजार सात सालमा राणाशासन ढलेर प्रत्यक्ष राजतन्त्रको पुन:स्थापना र त्यस अन्तर्गतको प्रजातन्त्र स्थापना भएपश्चात् भने मुलुकमा ठाउँठाउँमा पुस्तकालय स्थापना हुन थालेको इतिहास छ ।

इतिहासकै कुरा गर्दा -विस्तृत जानकारी उपलब्ध नभए पनि - के भनिन्छ भने मल्लकालीन नेपालमा भक्तपुर दरबार नजिकै चौध हजार हस्तलिखित ग्रन्थहरू

भएको एउटा राजकीय पुस्तकालय (साकोथा) थियो । यस पुस्तकालयमा खासगरी छिमेकी मुलुक भारतमा वैदेशिक मुसलमान आक्रमण हुँदा पराजित भएपछि भाग्दै नेपाल आएका त्यहाँका रैथाने लिच्छवीहरूले आफूसँगै कतिपय महत्त्वपूर्ण हस्तलिखित ग्रन्थ पनि ल्याएकोमा ती ग्रन्थ राखिएका थिए । नेपाल एकीकरण अभियानको क्रममा भएका लडाइँमा त्यो पुस्तकालय आंशिक आगलागीको शिकार भयो । त्यसरी आगलागीबाट बाँकी रहेका ग्रन्थहरू एकीकरणपछि काठमाडौं हनुमान ढोकामा ल्याएर सुरक्षित राखियो । केही वर्षपछि ती ग्रन्थहरू सुरक्षित एवं व्यवस्थित रूपमा राख्नका लागि राजा गीर्वाण युद्धविक्रम शाहदेवको शासनकालमा वि.सं.१८६९ भदौ १५ गते "पुस्तक चिताई तहविल" स्थापना गर्नका लागि लालमोहर जारी भयो । यसै पुस्तक चिताई तहविललाई नेपालको पहिलो पुस्तकालय मानिएको छ । करिब दुई सय वर्षपछि, यसै दिनलाई, अर्थात् पुस्तक चिताई तहविल स्थापनाको लालमोहर जारी भएको दिनलाई, आधार मानी नेपालमा वि.सं.२०६५ सालदेखि हरेक वर्ष भदौ १५ गतेका दिन "राष्ट्रिय पुस्तकालय दिवस" मनाउँदै आउन थालिएको छ ।

यो त एउटा मुलुक नेपालको कुरा भयो । समग्र विश्वमै पुस्तकालयको इतिहास कस्तो पो छ होला ? त्यसको विकासक्रम कस्तो होला ? मेरो जिज्ञासा यस सम्बन्धी सर्वोच्च चुली चुम्न लालायित हुन्छ ।

इतिहासले के भन्छ भने, संसारमा पुस्तकालयको विकास-शृङ्खला हजारौं वर्ष पुरानो हो । विश्वमा पहिलो पटक पुस्तकालयहरू पाँच हजार वर्षपहिले दक्षिण-पश्चिम एशियामा मेसोपोटामियादेखि लिएर अफ्रिकाको नाइल नदीसम्म फैलिएको भूमि 'फर्टाइल क्रेसेन्ट' मा खुलेका थिए । ('फर्टाइल क्रेसेन्ट' भन्नुको कारण, पश्चिम एशिया र उत्तरी अफ्रिकासम्म फैलिएको त्यो विशाल क्षेत्र क्रेसेन्ट अथवा अर्द्धचन्द्राकार थियो र त्यस क्षेत्रमा अचेलका इराक, टर्की, सिरिया, लेबनान, इजरायल, प्यालेस्टाइन र इजिप्ट देशहरू पर्दथे । टिग्रिस, युफ्रेटस र नाइल नदीहरूले यो क्षेत्रलाई अझ हराभरा तुल्याएका हुन्थे) । मानव सभ्यताको शुरूवात यही क्षेत्रबाट भएको हुनाले 'सभ्यताको कोक्रो' भनिने यही फर्टाइल क्रेसेन्ट त्यो क्षेत्र पनि हो जहाँ ईशापूर्व ३००० भन्दा पहिले नै लेखन-शिल्पको जन्म भएको थियो र पुस्तकालयको प्रारम्भिक स्वरूप पनि देखा परेको थियो । ती पुस्तकालयहरूमा काठको फ्रेमभित्र पक्की माटो राखेर बनाइएका पाटी (ट्याबलेट) हरूमा मूलतः व्यापारिक लेखाजोखा वा लागत र सरकारी फरमानहरू राख्ने गरिन्थ्यो । यति भएपछि यसरी अभिलेख राख्न थालिएसँगै प्रागइतिहासको अन्त्य र प्राचीन इतिहास (प्राचीन, मध्यकाल र आधुनिकमा पहिलो स्वरूप) को शुरूवात भएको पनि मानिन्छ ।

यद्यपि त्यसअगि -विशेष उल्लेखनीय नभए पनि- सुमर (वा, सुमेरू), सिन्धु उपत्यका, ग्रीस, बेबीलोन, 'एन्सियन्ट नियर इष्ट' भनिने अचेलका मध्यपूर्वी देशहरू इराक, टर्की, इरान, इजिप्ट, सिरिया, जर्जिया, अजरबैजान, लेबनान, इजरायल, प्यालेस्टाइन, जोर्डन, साइप्रस र अरब प्रायःद्वीप क्षेत्रहरूमा पनि विभिन्न स्वरूपका पुस्तकालय स्थापना गरिएका थिए । सुमेरियन नगर-राज्य युरूकमा ईशापूर्व ३४०० तिरै सुव्यवस्थित पुस्तकालय थियो र पछि 'हित्ती' र 'एसेरियन' हरूले पनि यो परम्परालाई अगाडि बढाएका थिए ।

तर, थाहा भएसम्म संसारको पहिलो पुस्तकालय भने "लाइब्रेरी अफ एसरबेनीपाल" हो । यो ईशापूर्व सातौं शताब्दीमा एसिरियन शासक एसरबेनीपालले 'शाही चिन्तन' (रोयल कन्टेम्प्लेशन) का लागि नाइनवेह क्षेत्रमा बनाएका थिए । यस पुस्तकालयमा साहित्यिक, धार्मिक, प्रशासनिक, दार्शनिक आदि समेत विभिन्न विषयका करिब तीस हजार लिखित सामग्री -पाटी वा ट्याबलेट- थिए । यो क्षेत्र अहिले इराकमा पर्दछ ।

तत्कालीन विशाल पर्सिया (हाल इरान) को एकेमेनिड साम्राज्य (५५०-३३० ईपू) पनि दिगो पुस्तकालय सुव्यवस्थापनका लागि प्रख्यात छ । ती पुस्तकालयमा सरकारी अभिलेखका अतिरिक्त चिकित्सा विज्ञान, ज्योतिष विज्ञान, इतिहास, ज्यामिति र दर्शन आदि विषयक बहुल सामग्री सङ्कलित थिए । धेरैपछि युनानको मेसिडोनियाका शासक एवं विश्व-विजेता अलेक्जान्डरले पर्सियालाई पराजित गरेपश्चात् पर्सियाको पुस्तकालयका धेरैजसो सामग्री इजिप्ट लगिएको थियो र त्यहाँ सम्बन्धित विषय-विशेषज्ञ खोजेर आकर्षक पारिश्रमिक दिएर ती सामग्रीहरूलाई ल्याटिन, इजिप्शियन, कोप्टिक र ग्रीक भाषाहरूमा अनुवाद गर्न लगाई इजिप्टस्थित 'लाइब्रेरी अफ अलेक्जान्ड्रिया' मा सुरक्षित राखिएको थियो । भनिन्छ, पर्सियाबाट बोकाएर इजिप्ट लग्न नसकिएका सङ्कलित बाँकी अभिलेखहरू अलेक्जान्डरका लडाकू सैनिकहरूले जलाइदिएका थिए ।

'लाइब्रेरी अफ अलेक्जान्ड्रिया' सम्राट अलेक्जान्डरको नामबाट इजिप्टमा स्थापना गरिएको अलेक्जान्ड्रिया शहरमा सञ्चालित थियो । प्राज्ञिक अनुसन्धानका लागि अलेक्जान्ड्रियामा खोलिएको 'मौसेहा' अथवा 'म्युजियम' मातहत रहने गरी स्थापना गरिएको यस पुस्तकालयलाई 'द ग्रेट लाइब्रेरी अफ अलेक्जान्ड्रिया' पनि भनिन्छ । यसलाई प्राचीन विश्वको सबैभन्दा महत्त्वपूर्ण, सुव्यवस्थित एवं विशाल पुस्तकालय मानिन्छ । यही कारणले गर्दा तिनताका लामो समयसम्मै अलेक्जान्ड्रिया शहरलाई ज्ञान र शिक्षाको विश्व-राजधानी पनि भनिन्थ्यो । युनानी 'टोलेमिक राजवंश' को पालामा राजा टोलेमी द्वितीय फिलाडेल्फस (ईशापूर्व २८३-२४६) को समयमा स्थापना भएको यस पुस्तकालयमा चालीस हजारदेखि चार लाखको सङ्ख्यामा

पुस्तक र अभिलेखहरू सङ्कलित थिए जुन आजको हिसाबले एक लाख पुस्तक बराबर हुन्छ । आफ्नो उत्कर्षकालमा एक सयभन्दा बढी विद्वान् र विशेषज्ञहरू आकर्षक तलबसहित यस पुस्तकालयका विभिन्न काममा नियुक्त थिए ।

विश्व-विजेता अलेक्जान्डर केवल बत्तीस वर्षको उमेरमा ईशापूर्व ३२३ मा रोगव्याधिले दिवङ्गत भए । उनको मृत्युपछि उनका उच्चपदस्थ एवं महत्त्वाकांक्षी सैनिक जर्नेलहरूबीच सत्ता-सङ्घर्ष चल्यो । परिणामस्वरूप उनको विशाल साम्राज्य तीन भागमा विभक्त भयो - एन्टीगोनिड राजवंश (ग्रीसमा नियन्त्रण), सेल्युसिड राजवंश (एशिया माइनर, सिरिया र मेसोपोटामियामा नियन्त्रण), र टोलेमिक राजवंश (इजिप्टमा नियन्त्रण) ।

टोलेमिकहरूले इजिप्टको राजधानी अलेक्जान्ड्रियामा रहेको पुस्तकालयमा सङ्ग्रहित एवं त्यतिबेलासम्म उपलब्ध ग्रीसेली र इजिप्शेली ज्ञानको मिश्रणलाई विश्वभर फैलाउने कार्य गरे । यसका लागि राज्यकोषबाट ठूलो लगानी गरिएको थियो । कालान्तरमा पछिल्ला टोलेमिक राजाहरूले पुस्तकालयप्रति यथोचित ध्यान दिन सकेनन् र ईशापूर्व पहिलो शताब्दीसँगै क्रमशः यसको पतन शुरू भयो । रोमन शासक जुलियस सिजर ईशापूर्व ४८ मा अलेक्जान्ड्रियामा थुनुवामा परेका बेला उनका समर्थक आक्रोशित सैनिकहरूले राजा टोलेमी चौधौंका जहाजहरूको मार्ग रोक्न अलेक्जान्ड्रिया बन्दरगाहमा रहेका केही इजिप्शियन डुङ्गा र पानीजहाजमा आगो लगाइदिएका थिए । त्यही आगो बढ्दै गएर त्यस पुस्तकालयको ठूलो हिस्सा नष्ट हुन पुगेको थियो । अझ पछि सन् २७२ मा अलेक्जान्ड्रिया रोमन साम्राज्यको नियन्त्रणमा गयो र यसको महत्त्व थप घट्दै गयो । त्यसको पनि धेरै समय पश्चात् अन्ततः सन् ६४२ मा आमीर इब्न अल-अस नेतृत्वको मुस्लिम सेनाले आगो लगाएर पुस्तकालयलाई सम्पूर्ण रूपमा ध्वस्त पारिदिएको थियो ।

पछिल्लो समयमा आएर इजिप्ट सरकारको अनुरोधमा संयुक्त राष्ट्र संघीय संस्था युनेस्को र अन्य अन्तर्राष्ट्रिय दातृ-संस्थाहरूको सहयोगमा इजिप्ट सरकारले उपलब्ध गराएको चार हेक्टर जग्गामा उही प्राचीनकालीन गौरवको झल्को आउने गरी सन् २००२ मा 'बिब्लियोथेका अलेक्जान्ड्रिया' को नाममा यसलाई पुनर्निर्माण गरिएको छ । यहाँ इजिप्ट र मध्यपूर्व देशका विद्यार्थीहरूलाई 'इन्टरनेशनल स्कुल अफ इनफर्मेशन साइन्स' क्याम्पस मार्फत पुस्तकालय सम्बन्धी उच्चतम ज्ञान प्रदान गरिन्छ ।

अलेक्जान्ड्रियाको पुस्तकालय ध्वस्त भएपछि अर्को ठूलो पुस्तकालय अहिलेको टर्की अन्तर्गत सेल्कुक भनिने तत्कालीन अनाटोलिया राज्यको इफेसस क्षेत्रमा

'लाइब्रेरी अफ सेल्सस' स्थापना भएको थियो । यो पुस्तकालय पनि मध्ययुगको शुरूतिरै भुइँचालोको शिकार बनेर हरायो ।

तत्कालीन रोमन साम्राज्यमा दुई दर्जनभन्दा बढी सार्वजनिक र अनेक व्यक्तिगत पुस्तकालय थिए । त्यसबेला यस्तो पहिलो पुस्तकालय जुलियस सीजरका कट्टर समर्थक एवं अनुयायी सेनापति एसीनियस पोलियोले स्थापना गरेका थिए । ईशापूर्व ३० पछि रोमन सम्राट् अगस्टसले सार्वजनिक पुस्तकालयको सङ्ख्या र स्तर बढाउन उल्लेखनीय कार्य गरेका थिए । धेरै पछि खण्डित साम्राज्यलाई फेरि एकीकृत तुल्याई सन् ३३० मा राजधानी नै रोमबाट बिजान्तियम शहरमा सारेर पुनः त्यसको नाम फेरेर 'कोन्सटानटिनोपल' बनाएका रोमन सम्राट कोन्सटान्टिनको पालामा चार किसिमका पुस्तकालय प्रचलनमा आएका थिए– शाही पुस्तकालय, देशभक्तिपूर्ण पुस्तकालय, धार्मिक पुस्तकालय र निजी पुस्तकालय ।

रोमन साम्राज्यसहित समग्रमा युरोपमा अब भने क्रिश्चियन धर्म व्यापक रूपमा फैलिइसकेको थियो, र यो धर्म आफैंमा एउटा ठूलो शक्ति पनि बनिसकेको थियो ।

चीनमा भने 'कीन राजवंश' को स्थापना गरेका सम्राट् कीन सी हुवाङले जनसाधारणमा विद्रोही भावना वा राजवंशविरूद्ध नकारात्मक धारणा फैलिने भयले गर्दा ईशापूर्व २१३ मा उपलब्ध धेरैजसो पुस्तकहरू जलाइदिएका थिए । तर त्यसपछि उदाएको 'हान राजवंश' का सम्राट्हरूले भने किताब र अन्य लिखित दस्तावेजहरूको संरक्षण गर्ने नीति बनाए र त्यसका लागि दुई ओटा शाही पुस्तकालयहरूको निर्माण पनि गरे । यिनै पुस्तकालयमा संसारमै पहिलो पटक पुस्तक एवं अभिलेखहरूको वर्गीकरण (लाइब्रेरी क्लासिफिकेशन वा लाइब्रेरी क्याटालगिङ) थालनी भएको थियो । अझ पछि गएर 'ताङ राजवंश' (सन् ६१८–९०६) को समयमा पुस्तकालय–संस्कृति थप फस्टाएको थियो । यो समयमा खासगरी क्लासिक बौद्ध रचना र सन्दर्भ–सामग्रीहरू सङ्कलन गर्ने कार्य उल्लेखनीय रूपमा भएको थियो । अझ पछि गएर मिङ राजवंशको पालामा सन् १५६१ मा फान किङले स्थापना गरेको 'तियाई च्याम्बर लाइब्रेरी' अहिलेसम्म पनि स्थापित–सञ्चालित छ र यो चीनमा हालसम्म कायम सबैभन्दा पुरानो पुस्तकालय पनि हो । यसमा सत्तरी हजारभन्दा बढी 'एन्टिक' पुस्तकहरू सुरक्षित राखिएका छन् ।

चीनका पुस्तकालयहरूमा विशेष गरी बौद्ध, कन्फ्युसियसवाद, ताओवाद र जैन धर्म सम्बन्धी पुस्तकहरू अत्यधिक सङ्ख्यामा अनि त्यसबाहेक इतिहास, विज्ञान,

संस्कृति, साहित्य, शिक्षा आदि सबै विषयका पुस्तकहरू राखिँदै आएका थिए । त्यहाँ हान राजवंशको पालामा 'काई ल्युन' नामक एक सरकारी कर्मचारीले सन् १०५ मा कागजको आविष्कार गरेपछि पुस्तकको सङ्ख्या बढाउन, नयाँ लेखन वा पुनर्लेखन गर्न र सुरक्षित राख्न ठूलो सहयोग पुग्न थालेको थियो । कागजको प्रयोग चीनबाट आठौं शताब्दीमा इरान र त्यसपछि क्रमशः युरोपतिर पनि व्यापक हुँदै गएको थियो । अझ पछि छापाखानाको आविष्कार भएपश्चात् त पुस्तक वा अन्य सामग्रीहरू सयौं मात्र नभई हजारौंको सङ्ख्यामा छापिन थाले । यसरी पुस्तक र अन्य अभिलेखहरूको सङ्ख्या ह्वात्तै बढ्यो ।

मध्यकालीन युगलाई युरोपको 'अँध्यारो युग' पनि भनिन्छ । किनभने यस युगमा मूलतः चर्च मातहत क्रिश्चियन धार्मिक पुस्तकालयहरू बढी खोलिएका भए पनि सन् १४५३ मा कोन्सटाटिनोपलसँगै त्यस समयको अजेय रोमन साम्राज्य ओटोमन इस्लामिक टर्कहरूद्वारा पराजित हुँदै पूर्णतः पतन पनि भयो । यो विजयसँगै विश्वमा इस्लामिक आक्रमण, इस्लामिक आधिपत्य र इस्लामिक प्रभाव अत्यधिक बढ्दै जान थाल्यो । यही प्रभाव रोक्न र खासगरी इजरायली भूमिमा नियञ्त्रण कायम गर्न इस्लामिक शासन र क्रिश्चियनहरूबीच पटक-पटक धर्मयुद्ध (जेहाद) हरू पनि भए । यस अवधिमा कोन्सटानटिनोपलको भव्य पुस्तकालय 'इम्पेरियल लाइब्रेरी' मा आगजनी भयो र त्यो ध्वस्त भयो । तर आफ्नो पवित्र ग्रन्थ कुरानको सुरक्षा गर्न र पैगम्बर मुहम्मदका शिक्षा एवं उपदेशहरूको यथोचित् संरक्षण गर्न अनि इस्लामिक प्राज्ञिकता बढाउन ओटोमन टर्क विजेताहरूले पुस्तक सङ्कलनलाई उच्च महत्त्व दिए । यसका लागि उनीहरूले मस्जिदभित्रै त्यस्ता धार्मिक पुस्तकहरू राख्ने र 'निजामियेह' एवं 'मस्तानसिरीयेह मदरसा' समेत अनेक मदरसाहरूको व्यवस्थापन गरेका थिए ।

ओटोमन इस्लामिक प्रभाव विस्तारको समयमा बेयेट अल-हिक्मा अथवा खजाना अल-हक्मा लाइब्रेरी, याहिया इब्न अबी मन्सुर लाइब्रेरी, नुह इब्न मन्सूर सामानी लाइब्रेरी, बाहा अल-दौलेह र आजाद अल-दौलह डेलामी लाइब्रेरी, अबु-नासिर शापुर इब्न आर्डेशर लाइब्रेरी, साहिब इब्न अब्बाद लाइब्रेरी, मर्भ शाहजहाँ लाइब्रेरी, रब-ए-रशिदी लाइब्रेरी, टिम्बक्टू लाइब्रेरी, सुफिया लाइब्रेरी-एलेप्पो आदि अनेक उम्दा पुस्तकालयहरू सञ्चालन भए गरिएका थिए । यद्यपि यो बीच डेढ सय वर्षभन्दा केही बढी (सन् १२०६-१३६८) को अवधिमा चङ्गेज खाँद्वारा स्थापित मङ्गोल साम्राज्यको अभूतपूर्व विस्तार हुँदा बस्ती, नगर र देशहरू नै ध्वस्त पारिएका थिए भने त्यस क्रममा अनेक पुस्तक र पुस्तकालयहरू पनि खरानी पारिएका थिए ।

ईशाको पन्ध्रौं शताब्दीमा युरोपमा पुनर्जागरणकाल शुरू भयो । त्यही बेलादेखि त्यहाँका विभिन्न देशमा विभिन्न किसिमका सानाठूला पुस्तकालय खोल्ने प्रचलन बढ्दै गयो । इटालीको लाउरेनसियन लाइब्रेरी, भेटिकन लाइब्रेरी र यर्बिनोको डुसाल प्यालेस लाइब्रेरी, हङ्गेरीको बिब्लियोथेका कोर्भिनियना लाइब्रेरी, जर्मनी हाइडेलबर्गको बिब्लियोथेका प्यालेटिना लाइब्रेरी आदि प्रमुख पुस्तकालयहरू यही बेला निर्माण भए । पहिलो पटक राष्ट्रिय पुस्तकालयको अवधारणा बेलायतकी महारानी म्यारी प्रथम (म्यारी ट्युडर) को पालामा सन् १५५६ मा विकसित भएको थियो, यद्यपि त्यतिबेला यसले मूर्त रूप लिन सकेको थिएन । र, अलि पछि गएर सन् १७५३ मा पहिलो राष्ट्रिय पुस्तकालयका रूपमा 'ब्रिटिश म्युजियम' (ब्रिटिश लाइब्रेरी) खुलेको हो ।

ईशाको सत्रौं र अठारौं शताब्दी पुस्तकालय-संस्कृति विकासका लागि स्वर्ण युग मानिएको छ किनभने यस समयमा युरोपका बढी महत्त्वपूर्ण एवं विशाल पुस्तकालयहरू खुलेका थिए । सन् १५९८ मा बेलायतको लिङ्कनसर भन्ने ठाउँमा खुलेको 'फ्रान्सिस ट्रिग चेन्ड लाइब्रेरी' लाई "सार्वजनिक पुस्तकालयहरूको पूर्वज" मानिएको छ । यसपछि त बोड्लेयन लाइब्रेरी, ब्रिटिश लाइब्रेरी, चेथम्स लाइब्रेरी, भियनामा अस्ट्रियन नेशनल लाइब्रेरी, इटालीमा नेशनल सेन्ट्रल लाइब्रेरी, जर्मनीमा प्रसियन स्टेट लाइब्रेरी (हाल बर्लिन स्टेट लाइब्रेरी), पोल्याण्डमा जालुसी लाइब्रेरी, रसियामा एम.ई.साल्तीकोभ-शेड्रिन स्टेट पब्लिक लाइब्रेरी (हाल नेशनल लाइब्रेरी अफ रसिया) आदि पुस्तकालयहरू सञ्चालनमा आएका थिए ।

संयुक्त राज्य अमेरिका (ब्रिटिश उपनिवेशकालीन अमेरिका) मा पहिलो संस्थागत पुस्तकालय म्यासाचुसेट्स राज्यको क्याम्ब्रिज शहरमा सन् १६३६ मा स्थापित हार्भर्ड कलेजमा खोलिएको पुस्तकालय हो । संयुक्त राज्य अमेरिकाको सबैभन्दा पुरानो शैक्षिक संस्थाका रूपमा रहेको यो विश्वविद्यालय जोन हार्भर्ड नामक धर्मगुरुले प्रदान गरेको चार सय ओटा दुर्लभ ग्रन्थसहितको प्रशस्त जग्गामा निर्माण भएको हो । तर अमेरिकामा पुस्तकालय-संस्कृतिको जग बसाल्ने र त्यसलाई विस्तार गर्ने श्रेय बेन्जामिन फ्रेङकलिनलाई दिइन्छ किनभने उनले नै सर्वप्रथम वार्षिक शुल्क उठाउँर पुस्तकालय स्थापना गर्ने र पुस्तकालयमा पढ्नुका अतिरिक्त पुस्तक घर लगेर पनि पढ्न सकिने प्रचलन चलाएका थिए । यसका लागि शुरूमा उनले अन्य पचास जना साथीसित मिलेर सबैसँग रकम उठाई सन् १७३१ मा 'लाइब्रेरी कम्पनी अफ फिलाडेल्फिया' भनेर पेन्सिलभेनियामा स्थापना गरेका थिए । अमेरिका सन् १७७६ मा ब्रिटिश उपनिवेशबाट स्वतन्त्र भएपछिको केही समय यसले संसदीय पुस्तकालययको रूपमा पनि काम गरेको थियो । पछि सन् १८०० मा अमेरिकाको राजधानी फिलाडेल्फियाबाट वासिङ्गटन

डी.सी. सरेपछि यो दायित्व २४ अप्रिल सन् १८०० मा स्थापित लाइब्रेरी अफ कङ्ग्रेसले उठाउन थालेको हो ।

फ्रेङ्कलिनको सःशुल्क पुस्तकालय सदस्यता सम्बन्धी अवधारणा छिट्टै लोकप्रिय भयो र चाँडै नै अन्य राज्यहरूमा पनि यसै किसिमका पुस्तकालयहरू धमाधम खुल्दै जान थाले । स्वयं बेलायत र अन्य युरोपेली देशहरूमा भने सन् १८५० पछि मात्र आधुनिक सार्वजनिक र सामुदायिक पुस्तकालयहरू धमाधम खुल्ने क्रम अगाडि बढेको थियो । यही अवधिमा मूलतः अमेरिका र अन्य कतिपय देशमा धनी व्यापारी एवं उद्योगपतिहरूले आफ्नो सम्पत्तिको ठूलो हिस्सा मानवीय र समाजसेवामा समर्पण गर्दै सयौँ–हजारौँको सङ्ख्यामा सार्वजनिक पुस्तकालय खोलेका थिए । यस क्रममा अमेरिकामा एन्ड्रयु कार्नेगीले अमेरिका र बेलायतमा गरी करिब तीन हजार अनि विश्वका अन्य थुप्रै मुलुकमा समेत यस्ता सयौँ 'कार्नेगी पुस्तकालय' खोलेका थिए ।

धेरैपछि सन् १९९७ मा अमेरिकास्थित 'बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेशन' ले अमेरिकाका करिब छ हजार पुस्तकालयहरूलाई अनुदान उपलब्ध गराएको थियो भने विभिन्न पुस्तकालयमा गरी पच्चीस हजारभन्दा बढी कम्प्युटर जडान गर्नुका साथै सात हजार लाइब्रेरियनहरूलाई अगुवा तालिम प्रदान गरेको थियो । यसभन्दा धेरै पहिले 'कार्नेगी कर्पोरेशन' ले पुस्तकालयको क्षेत्रमा गरेको अभूतपूर्व अनुदानले तत्कालीन अमेरिकी समाजमा श्वेत र अश्वेतबीच रहेको भीषण असमानता, भेदभाव एवं सामाजिक दूरी कम गर्न उल्लेखनीय भूमिका खेलेको थियो । अन्यथा त मार्टिन लुथर किङ जुनियरले सन् १९६० को दशकमा नागरिक आन्दोलन सञ्चालन गर्नुअगिसम्म पनि अमेरिकामा अफ्रिकन अमेरिकन र धेरैजसो एशियाली वा गैर-श्वेतहरूले ठूलो भेदभावको पीडा खप्नु पर्दथ्यो ।

तर अचेल स्थिति फरक छ । अमेरिकाको संघीय सङ्कटकालीन व्यवस्थापन एजेन्सी (फेमा) ले त्यहाँ पुस्तकालयहरूलाई 'बहुमूल्य सामुदायिक सेवा' अन्तर्गत राखेको छ । यस अन्तर्गत, कहिल्यै केही विपदा आइलागेर सङ्कटकालीन अवस्था भएमा, सरकारले पुस्तकालयहरूलाई सङ्कटकालीन कोष उपलब्ध गराउनुपर्ने हुन्छ । यसका साथै पुस्तकालय सेवा द्रुतरूपमा स्थापित गर्नका लागि त्यहाँ इन्टरनेट सेवा, वातानुकूलित स्थान, इलेक्ट्रोनिक चार्जिङ सेवा-सुविधा र सबै प्रयोजनका लागि स्वच्छ पानीको उपलब्धता बहाल हुनुपर्ने व्यवस्था गरेको छ ।

दक्षिण अफ्रिकामा पुस्तकालयको स्थापना र विकासमा अमेरिकाको 'कार्नेगी कर्पोरेशन' र भारतका महात्मा गान्धीको अविस्मरणीय योगदान छ । पहिले

कार्नेगी कर्पोरेशनले सन् १९२८ मा दुई जना अमेरिकी लाइब्रेरियनलाई दक्षिण अफ्रिकामा के कति पुस्तकालय भएको र त्यहाँ अन्य विकासका सम्भावना के कस्तो रहेको भनी बुझ्न पठाउँको थियो । त्यसपछि त्यहाँ पुस्तकालय सञ्चालनका लागि आवश्यक रकम अनुदान दिएको थियो । महात्मा गान्धीले त्यहाँ रङ्गभेदी शासन (सन् १९४८-१९९४) को अवधिमा आफूले त्यहाँ वकालत गर्ने ताका र भारत फर्किनुअगि नै दक्षिण अफ्रिकामा गैर-युरोपियनहरू समेत सबैलाई पुस्तकालय खोल्न दिनुपर्ने आवाज बुलन्द गरेका थिए, केही सफल पनि भएका थिए ।

हिमवत्खण्ड भारतवर्षमा पुस्तकालय संस्कृति धेरैपछि मात्र पन्पेको थियो । यहाँ धर्म, संस्कृति, साहित्य एवं दर्शनको व्यापक प्रचार-प्रसार थियो तर यो सँगै यस क्षेत्रमा श्रुतिपरम्पराकै हालीमुहाली थियो । अर्थात्, एक पुस्ताले आफूले जानेको ज्ञान अर्को पुस्तालाई सुनाउने र सिकाउने अनि अर्को पुस्ताले त्यसै गरी आफूपछिको पुस्तालाई सिकाउने गर्दै ज्ञानको पुस्तान्तरण हुने गर्थ्यो । माटो, ढुङ्गा, छाला वा ताडपत्रमा लेख्ने चलन अझ धेरैपछि मात्र प्रचलनमा आयो, तापनि सनातनी धार्मिक ग्रन्थ ऋग्वेद संसारकै पहिलो ग्रन्थ मानिएको छ ।

जेहोस्, यसरी नै लेखिएका ग्रन्थहरू तिनताका ऋषि-आश्रम वा राजमहलमा राखिएका हुन्थे । भारतवर्षमा पहिलो ठूलो र विश्वकै प्रथम आवासीय विश्वविद्यालय एवं त्यो बेलासम्मकै ठूलो पुस्तकालय हाल बिहार राज्यमा पर्ने प्राचीन मगधको नालन्दामा थियो- नालन्दा महाविद्यालयभित्रको पुस्तकालय । यही महाविद्यालयभित्र क्रमशः रत्नसागर, रत्नोदधि र रत्नरञ्जक नाम भएका तीन अलग-अलग अग्ला भवनहरूमा फिँजिएको ठूलो पुस्तकालय थियो, जसलाई 'धर्मगञ्ज' भनेर सम्बोधन गरिन्थ्यो । (त्यसै समयतिर नालन्दाका साथै तक्षशिला र विदेह जस्ता ठाउँहरू पनि शिक्षा-दीक्षा र बहुमूल्य पुस्तक-सङ्ग्रहका लागि प्रसिद्ध थिए) ।

गुप्त सम्राट् कुमारगुप्त प्रथमले पाँचौं शताब्दी (सन् ४७२) मा स्थापना गरेको र उनीपछिका तमाम राजाहरूले पनि उत्तिकै संरक्षण गरेको नालन्दा महाविहारमा सञ्चालित 'धर्मगञ्ज' पुस्तकालयमा मूलतः बौद्ध धर्मग्रन्थका हजारौं पुस्तक थिए तर तीबाहेक संस्कृत र पालीसमेत अनेक भाषामा तिनताका उपलब्ध बहुविषयक पुस्तक हजारौंको सङ्ख्यामा थिए । यो महाविहार र पुस्तकालयमा अध्ययन गर्न भारतबाहेक पनि चीन, कोरिया, तिब्बतसमेत विश्वभरबाट शिक्षार्थी आउने गर्थे । करिब ७५० वर्ष सुव्यवस्थित रूपमा सञ्चालित भइरहेकै अवस्थामा तत्कालीन टर्कीका 'म्यामलक' पनि भनिने विदेशी मुस्लिम आक्रमणकारीहरूले मोहम्मद

बख्तीयार खिलजीको नेतृत्वमा भारतमा हमला गरेको बेला सयौं बौद्ध गुरु र हजारौं शिष्यलाई हत्या गर्नुका साथै यस महाविहार र पुस्तकालयमा आगो लगाएर यसलाई ध्वस्त पारिदिएका थिए ।

इतिहासकारहरूका अनुसार, नालन्दा महाविहारमा लागेको आगो छ महिनासम्म निभेको थिएन ! खिलजीको आक्रमणमा नालन्दा महाविहारका धेरैजसो मारिएको भए पनि निकै थोरै सङ्ख्यामा केही गुरु र शिष्य ज्यान बचाएर भाग्न सफल भएका थिए । त्यसरी भाग्ने क्रममा उनीहरूले सम्भव भएसम्मका पुस्तक आफूसँगै लिएर गई सुरक्षित राख्न सकेका थिए ।

भारतमा प्रारम्भतिर तीन क्षेत्रमा आधुनिक पुस्तकालयहरू स्थापना भएका थिए– सन् १७८४ मा 'एशियाटिक सोसाइटी अफ बेङ्गाल' नामबाट यस्तो पहिलो आधुनिक पुस्तकालय खुलेको थियो भने सन् १८०४ मा यस्तै अर्को पुस्तकालय 'एशियाटिक सोसाइटी अफ बम्बे' खुल्यो भने सन् १८१८ मा 'मद्रास लाइब्रेरी सोसाइटी' भनेर अर्को पुस्तकालय खुलेको थियो । खासगरी बङ्गालमा पुस्तकालय-संस्कृति फस्टाउनमा समाजसुधारक राजा राममोहन रायको ठूलो योगदान थियो भने मद्रासपछि तमिलनाडु, आन्ध्र प्रदेश, कर्नाटक एवं केरला मात्र नभएर समग्र भारतमै पुस्तकालयहरूको विकास र विस्तारमा एक जना व्यक्ति डा.एस.आर.रङ्गनाथनको उल्लेखनीय भूमिका थियो । स्वतन्त्र भारतमा सन् १९५१ मा अर्को ठूलो पुस्तकालय 'दिल्ली पब्लिक लाइब्रेरी' खुलेको थियो । यससँगै भारतका विभिन्न राज्यहरूमा सानाठूला गरी करिब पाँच दर्जन राज्यस्तरीय पुस्तकालयहरू सञ्चालित छन् ।

ब्रिटिशकालीन भारतको कोलकातामा सन् १८३६ मा स्थापना भएको 'कलकत्ता पब्लिक लाइब्रेरी' पछि गएर तत्कालीन इस्ट इण्डिया कम्पनीको तर्फबाट भारतका लागि भाइसराय बनेका लर्ड कर्जनको इमानदार प्रयासले गर्दा अन्य कतिपय सानाठूला पुस्तकालयसमेत गाभेर 'द इम्पेरियल लाइब्रेरी' बनेको थियो । कालान्तरमा सन् १९४७ मा भारत स्वतन्त्र भइसकेपछि भने यसको नाम परिवर्तन गरी 'नेशनल लाइब्रेरी अफ इण्डिया' राखिएको हो । समग्रमा पच्चीस लाखभन्दा धेरै पुस्तक र अन्य अभिलेख रहेको यो पुस्तकालय अहिले भारतको सबैभन्दा ठूलो पुस्तकालय पनि हो ।

यसरी इतिहासका पुस्तकहरूबाट बाहिर निस्केर हेर्दा देखिन्छ– अहिले एक्काइसौं शताब्दीमा त सञ्चार प्रविधिको अभूतपूर्व विकासले गर्दा विश्वका धेरैजसो पुस्तकालयहरू 'डिजिटल लाइब्रेरी' मा रूपान्तरित हुँदै गएका छन्, यद्यपि त्यहाँ छापा र डिजिटल दुबै सामग्रीको उपलब्धता उल्लेखनीय रूपमा बढेको छ ।

पुस्तकहरूको नाम र उपलब्धता अथवा क्याटालगिङ कम्प्युटरमा राख्नु अनिवार्य जस्तै भइसकेको छ । धेरैभन्दा धेरै पाठकहरू पनि पुस्तकालयका दराज-दराजमा नगएर बरू बीच टेबलमा कम्प्युटर अगाडि बसेरै इन्टरनेट सेवा उपयोग गर्दै अध्ययन गर्न रूचाउने भएका छन् । किन पनि भने छापा सामग्रीको स्क्यान वा डिजिटल कपी इन्टरनेटमा उपलब्ध हुन्छ । यसका साथै ई-बुक, अडियो बुक, डिजिटल बुक क्लब, डिजिटल म्यागेजिन, डिजिटल लाइब्रेरी, भर्चुअल मिटिङ-डिस्कसन आदि प्रविधिले पुस्तकालयको स्तर पनि बढाएका छन् र चुनौती पनि थपेका छन् ।

अनि, विचारणीय पक्ष हो- इतिहासको विविध कालखण्डका यी अध्यायहरूको सर्सरी विहङ्गावलोकन गरिसकेपछि अब के त ?

अनि कुरो फेरि उहीं पुग्छ । अर्थात्, "आत्माको उपचार हुने ठाउँ" । खासमा यो गूढ भनाइ पुस्तकालयसँग जोडिएको छ । ईशापूर्व तेस्रो शताब्दीमा प्राचीन इजिप्टमा स्थापित एवं सञ्चालित 'थीब्स लाइब्रेरी' को ढोकामै आगन्तुक सबैले देख्ने गरी लेखिएको थियो, "आत्माको उपचार हुने ठाउँ", अर्थात्, "द क्योर फर सोल !" पछि इजिप्टसँगै ग्रीसमा पनि पुस्तकहरूलाई उच्च महत्त्व दिइन्थ्यो । त्यसैले गर्दा पनि होला, त्यस समयमा शब्द र ग्रन्थहरू राखिएको ठाउँ स्वस्थोपचार स्थल हो भन्ने विचार प्रचलित थियो । इटालीको सिसिलीका इतिहासकार डियोडोरसले आफ्नो पुस्तक 'बिब्लियोथेका हिस्टोरिका' मा प्राचीन इजिप्टको वर्णन गर्ने क्रममा यो भनाइबारे विस्तारमा लेखेका छन् ।

साँचो कुरा हो- सधैं सबै किताब किनेर पढ्न सकिँदैन, सम्भव पनि हुँदैन । यदाकदा कोही साथी वा परिचितसित मागेर पढ्न सकिएला तर यो पनि सधैं सम्भव हुँदैन । निजी रूपमा वा निजी स्थलमा पुराना, दुर्लभ वा बहुमूल्य अभिलेखहरूको दस्तावेजीकरण गरी राख्न सकिँदैन, राख्न खोजेमा पनि अन्य पक्षका साथै सुरक्षाको सवाल सधैं अत्यन्त जटिल रहन्छ । यस्तोमा नयाँ प्रकाशन समेत आफूले पढ्न मन गरेका वा पढ्न खोजेका तमाम पुस्तक अध्ययन गर्नका लागि सर्वसुलभ विकल्प भनेको सुव्यवस्थित पुस्तकालय नै हो । अध्ययनको भोक मेटाउनका लागि सबैभन्दा उत्तम र प्रभावशाली माध्यम उही पुस्तकालय हो । यही त त्यो ठाउँ हो जसले पुस्तकको महत्ता निरन्तर स्थापित गरिरहेको हुन्छ र यसै ठाउँमा बसेर एउटा पुस्ताले मात्र होइन, धेरै पुस्ताले उही पुस्तक उस्तै जिज्ञासा औ उस्तै चासोका साथ अध्ययन गर्न सक्दछन् । शिक्षा र ज्ञानको पुस्तान्तरण गर्न सकिने र गरिने ठाउँ पनि यही त हो ।

पुस्तकालयमा पुराना किताबहरू मात्र हुँदैनन्, प्रत्येक पछिल्लो समयमा छापिने नयाँनयाँ किताबहरू पनि थपिँदै गइरहेका हुन्छन् । यति मात्र नभएर सर्वप्रथम पुस्तक-पत्रपत्रिका-अभिलेख सङ्ग्रह, छापा र डिजिटल सामग्री सङ्ग्रह, पुस्तकालयका लागि आवश्यक विविध सामग्री सङ्ग्रह, भाषागत वितरण र विवरण आदिका साथै साक्षरता-वृद्धि चुनौती, बजेट एवं कर्मचारी व्यवस्थापन, लक्षित समूहसम्मको पहुँच र विस्तार, आन्तरिक स्वरूपमा व्यवस्थित साजसज्जा, प्रयोगको तौरतरिका आदि जस्ता धेरै पक्ष पुस्तकालय सञ्चालनसँग जोडिएका हुन्छन् । यस दृष्टिले हेर्दा पुस्तकालय समयक्रममा देश विकासका लागि एउटा बलियो आधारस्तम्भ बनिसकेको छ ।

यही एक प्रमुख कारण हो जसले गर्दा असल एवं जिम्मेवार पुस्तकालयहरूले आफूलाई समयानुसार अद्यावधिक गराउँदै लगिरहेका हुन्छन् । किन पनि भने मानिसको स्वभाव केवल पुराना कुरा पढ्ने वा जान्ने मात्र हुँदैन, ऊ त नित्य नयाँनयाँ कुरा पढ्न र जान्न लालायित रहन्छ । त्यसमा पनि प्राकृतिक तवरबाटै मानिस भिन्न रूचि एवं फरक स्वभावका हुन्छन्, उनीहरूको पढ्ने रूचि एवं स्वभाव पनि उस्तै गरी फरक हुन्छ । त्यसकारण नयाँनयाँ पुस्तक र पत्रपत्रिका थप्दै जानु पुस्तकालयको महत्त्वपूर्ण दायित्व पनि हो, र प्रकृति पनि । यसो गर्न सकेमा पुस्तकालयको सम्मान पनि बढ्दै जाने गर्दछ ।

पुस्तकालय आफैंमा एक विश्वबिदालय हो । यी दुईमा फरक कति मात्र हो भने एउटामा अर्थात् विश्वविद्याालयमा बेग्लै शिक्षक हुन्छन् र आफू विद्यार्थी बनेर बस्नु पर्दछ भने अर्कोमा अर्थात् पुस्तकालयमा शिक्षक पनि आफैं र शिक्षार्थी पनि आफैं हुनु पर्दछ । पहिलोमा जाँच दिइरहनु पर्छ र उत्तीर्ण हुनु पर्दछ तर दोस्रोमा जाँच पनि दिनु पर्दैन, उत्तीर्ण पनि भइरहनु पर्दैन, केवल जति सकिन्छ पढी दिए हुन्छ । विश्वविद्यालयमा पुस्तकहरू फेरिन्छन् तर पुस्तकालयमा किताबहरू फेरिँदैनन् बरू त्यहाँ त आफैंले रोज्ने हो र त्यहाँ नियमित पुस्तक पढ्नु भनेकै विश्वबिदालय पढ्नु हो, समग्र विश्व-ब्रह्माण्ड नै पढ्नु हो ।

यसकारण मलाई लाग्छ, पुस्तकालयमा बसेर पढ्नु भनेको समयसँगै यात्रा गर्नु हो, मस्तिष्कमा मलम लगाउनु हो, व्यग्र चित्तलाई शान्त तुल्याउनु हो, व्याकुल हृदयलाई शीतल पार्नु हो र उद्विग्न मनलाई विश्राम दिनु हो । किनभने पुस्तकालय भनेको आत्माको उपचार हुने ठाउँ जो हो ।

ooo

# अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरू

✍ **हीरा ए.सी.**
**इस्मा, गुल्मी**

## १. पृष्ठभूमि

आजभन्दा करिब २६ सय वर्षअघि लुम्बिनीमा जन्मिएका सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा गृह त्याग गरी छ वर्षसम्म शुरूमा कठोर तपस्या र पछि मध्यममार्ग अवलम्बनबाट ३५ वर्षको उमेरमा भारतको बोधगयामा बुद्धत्व प्राप्त गरेका थिए । इ.पू. छैठौं शताब्दीतिर समाजमा विकृति र विसंगतिले अराजकता सिर्जना गरेको थियो । तत्कालीन समयका अग्रणी समाजसुधारक बुद्धले विद्यमान अन्याय, शोषण, विभेद र आडम्बरपूर्ण प्रवृत्तिको विरोध गर्दै सरल र सहज तरिकाले आफ्ना विचारहरू सम्प्रेषित गरे । उनका उपदेशहरूले सबै प्राणीहरूको हित गरेकाले कालान्तरमा उनका उपदेशहरूलाई धर्म र उनलाई देवताको रूपमा मान्न थालियो । बुद्ध धर्मका मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । जसको अर्थ तीनवटा टोकरी हुन्छ । त्रिपिटकलाई सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी तीन समूहमा विभाजन गरिएको छ । बुद्धले आफ्नो ज्ञान दर्शनलाई मानवीय दुःखको निराकरणमा केन्द्रित गरेका छन् । दुःख निरोधको उपायको रूपमा प्रतिपादित आर्यअष्टांगिक मार्गको विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ । यस लेखमा आर्यअष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरू र कस्तो परिस्थितिमा बुद्धले अष्टांगिक मार्गको प्रतिपादन गरेका थिए सो केलाउने प्रयास गरिएको छ । अष्टांगिक मार्ग दुःख निवारणको बाटो कसरी हो ? अहिंसावादी र मध्यमार्गी विकल्प हुनुका आधार के हुन् ? यसमा के-कस्ता मानवतावादी र भेदभावविरोधी सोंचहरू रहेका छन् ? सदाचार, आर्थिक समानता र मनको नियन्त्रणमा यसले कसरी जोड दिएको छ ? जस्ता विषयहरूको जानकारी यसमा पाइन्छ ।

बुद्धको समग्र दर्शन नै मानवीय दुःख निराकरण गरेर असल समाज निर्माण गर्नमा अभिप्रेरित छ । उक्त दुःख निवारणको मार्गको रूपमा उल्लिखित आर्यअष्टांगिक मार्गको विश्लेषण गर्ने उद्देश्यले "अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरू" शीर्षकको यो अध्ययन गरिएको हो । यसमा अष्टांगिक मार्गको बारेमा विभिन्न कोणबाट चर्चा गरिएको छ । यो अध्ययन गुणात्मक शोध विधिबाट गरिएको हो । यसमा बुद्धधर्मका मूलग्रन्थ

त्रिपिटकअन्तर्गतका केही ग्रन्थहरू र अन्य विभिन्न लेखकहरूका पुस्तक, शोधपत्र, जर्नल, पत्रपत्रिका आदिको अध्ययनबाट आवश्यक सूचना तथा तथ्यांकहरूको संकलन अनि सिलसिलेवार व्याख्या र विश्लेषणात्मक विधिबाट यो लेखन तयार पारिएको छ । गौतम बुद्धको जीवनीको सामान्य चर्चा गरिएको भए तापनि यो लेख मूलतः बुद्धद्वारा प्रतिपादित आर्य अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरूको विश्लेषणमा सीमित छ । यो लेखमा आर्य अष्टांगिक मार्ग, तिनमा रहेका सामाजिक कल्याणका पक्षहरू तथा तत्कालीन परिस्थितिको विश्लेषण गरिएको छ । यसबाट आगामी दिनमा थप अध्ययन-अनुसन्धान गर्न चाहने र अन्य सम्बद्ध पक्षलाई लाभ पुग्ने विश्वास लिइएको छ ।

## २. गौतम बुद्धको परिचय

सिद्धार्थ गौतमको जन्म ई.पू ५६३ को वैशाख शुक्लपूर्णिमाका दिन लुम्बिनीको रमणीय उपवनमा भएको थियो । उनका पिता कपिलवस्तुका शाक्यवंशी राजा शुद्धोदन र माता मायादेवी थिइन् । शाक्य वंशमा जन्मेकोले उनलाई शाक्यमुनि पनि भनिन्थ्यो । मायादेवी सुत्केरी हुन माइती देवदह जाँदै गर्दा बाटोमा पर्ने लुम्बिनीमा सिद्धार्थ जन्मिएका थिए । "उनको जन्म भएको ३१८ वर्षपछि तथा आफ्नो राज्याभिषेकको बीसौं वर्षमा अशोकले यसै स्थानमा एक पोषणस्तम्भ निर्माण गरे । त्यो स्तम्भ अहिले पनि त्यहाँ मौजुद छ" (सांकृत्यायन, वि.सं.२०७६, पृ.२७) । सिद्धार्थ जन्मिएको सातौं दिनमा मायादेवीको मृत्यु भएपछि सिद्धार्थको पालनपोषण सौतेनी आमा प्रजापति (मायादेवीकी बहिनी) ले गरिन् । सिद्धार्थ तरूण हुँदै जाँदा संसारदेखि केही विरक्त, भावुक र बढी नै विचारमग्न देखेर आफ्नो छोरा साधुहरूको बहकाउमा लागेर गृह त्याग गरेर जाने त होइन भन्ने डर पिता शुद्धोधनलाई थियो । त्यसै डरले १६ वर्ष पुग्ने बित्तिकै सिद्धार्थको विवाह छिमेकी राज्य कोलियकी राजकुमारी यशोधरा (कपिलायनी)सँग गरिदिए । सिद्धार्थ दम्पत्ति २९ वर्षको हुँदा छोरा राहुलको जन्म भयो । एकातर्फ वृद्ध, रोगी, मृत र प्रव्रजितका दृश्यहरू अर्कोतर्फ तत्कालीन समाजका शोषण, दरबारभित्रका दाउपेच र जीवनका अनेक दुःख देख्दा संसारसँगको उनको विरक्ति पक्का भइहाल्यो र राहुल जन्मिएको सातौं दिन आषाढ पूर्णिमाको रातमा सिद्धार्थ गृह त्याग गरेर निस्किए । त्यसरात तत्कालीन मगधको राजधानी राजगृहनजिकै अनोमा नदीमा पुगे र त्यहीं सांसारिक भोगविलासलाई तिलाञ्जलि दिएर गेरूवावस्त्र पहिरिए । त्यहाँबाट उनी पहिले आलारकालम र पछि उद्दक रामपुत्त कहाँ गए, ध्यान र योगका केही कुरा सिके तर सन्तुष्ट भएनन् ।

ज्ञान आर्जनको विकल्प खोज्दै उनी उरूभेला(बोधगया) पुगेर अन्य पाँच परिव्राजकहरू कौडन्य, वप्प, भद्धिय, महानाम र अस्सजितसहित करिब छ

वर्षसम्म योग र अनशनको घोर शरीरपीडन तपस्या गरे । यति कठोर तपस्याबाट पनि ज्ञान प्राप्त भएन र उनले दोस्रो मार्गको खोजी गर्न थाले । जर्जर र रोगी शरीरले गरेको ध्यानबाट ज्ञान मिल्दैन भन्ने निचोडमा पुगेपछि सिद्धार्थले दालभातलगायत आहार ग्रहण गर्न थाले । त्यो देखेर सँगै रहेका पाँचैजना भिक्षुहरू उनलाई छोडेर हिंडे । त्यसपछि सिद्धार्थले केही स्थूल आहार खाएर वोधगयाको निरञ्जना नदीको किनारमा ७ हप्तासम्म तपस्या गरे । यसै मध्यममार्गको अवलम्बनबाट उनले इ.पू. ५२८ वैशाख पूर्णिमाको दिन ज्ञान (बुद्धत्व) प्राप्त गरे । त्यही ज्ञान सिद्धार्थको दर्शन बन्न पुग्यो । "बुद्धको दर्शनको सार कुरा भनेको चार आर्य सत्य हो । चार आर्य सत्य निम्न छन्- १. दुःख छ, २. दुःखको कारण छ, ३. दुःखको निरोध हुन्छ, ४. दुःख निरोधको उपाय छ" (बौद्ध संस्कृति र सम्पदा, २०७७, पृ.१४) । यस सम्यक् ज्ञानको प्राप्तिपछि नै उनले बुद्धत्व प्राप्तिको घोषणा गरे । ज्ञानार्जनको दुई महिनापछि असार पूर्णिमाको दिन वाराणसीको उत्तर मृगदावन (सारनाथ)मा साधना गरिरहेका तिनै पाँच गृहत्यागीहरू कौडन्य, वप्प, भद्दिय, महानाम र अस्सजितलाई प्रथम उपदेश दिए । बुद्धका चार आर्य सत्यहरू-

**१. दुःख छ :-** जन्म, बुढ्यौली, मरण, शोक, रोदन, मनको खिन्नता-दिक्दारी दुःख हो । अप्रियसँग संयोग र प्रियसँग वियोग दुःख हो, इच्छा गरेर नपाउनु पनि दुःख हो । संक्षेपमा पाँचवटै उपादान स्कन्ध दुःख हुन् । प्रत्येक व्यक्तिले यस्ता दुःखबाट बढ्नैपर्छ । यसलाई दुःख आर्य सत्य भनिन्छ । **२. दुःखको कारण छ :-** मानिस सँधै असन्तुष्ट हुन्छ र कुनै न कुनै तृष्णाको पछि लागिरहेको हुन्छ । यसैबाट दुःखको सुरूवात हुन्छ । तृष्णा, लोभ, मोह, द्वेष, इर्ष्या, अहंकार, क्रोध दुःखका कारणहरू हुन् । **३) दुःखको निरोध हुन्छ :** तृष्णाको शमन वा परित्यागपछि दुःख निवारण गर्न सकिन्छ । तृष्णाको निरोधले उपादानको, उपादानले भवको, भवले पुनर्जन्मको निरोध गर्छ । जन्म निरोधले बुढेसकाल, मरण–शोक, दुःख, रूवाइ, खिन्नताको नाश गर्छ र दुःखको अन्त्य हुन्छ । **४) दुःख निरोधको उपाय छ :-** दुःख निरोध गर्ने उपाय नै बुद्धको समग्र दर्शनको केन्द्रबिन्दु हो । दुःख निरोध मार्ग भनेको आर्य अष्टांगिक मार्ग हो । बुद्धले भोग विलासमा आसक्ति र शरीरपीडनको बाटो छोडेर मध्य(मज्भ) मार्गबाट निर्वाण सुख प्राप्त गर्न सकिन्छ र त्यो मध्य–मार्ग अष्टांगिक मार्ग हो भनेको कुरा संयुक्तनिकाय, धर्मचक्र प्रवर्तनसूत्रमा उल्लेख छ । त्यसपछिका ४५ वर्षसम्म बुद्धले विभिन्न स्थानमा पुगेर आफ्नो ज्ञानको प्रचार र उपदेश दिए । "८० वर्षको उमेरमा मल्ल गणराज्यको राजधानी कुशीनगर (हाल भारतको गोरखपुरमा पर्ने देवरिया जिल्लाको वन)मा निर्वाण प्राप्त गरे" (खड्का, वि.सं.२०७६, पृ.८३) ।

बुद्धका उपदेशहरूले सबै प्राणीहरूको हित गरेकाले कालान्तरमा उनका उपदेशहरूलाई धर्म र उनलाई देवताको रूपमा मान्न थालियो । बुद्धले आजीवन दिएका उपदेश, शिक्षा, दर्शनलाई सँगालेर बनाइएको बुद्ध धर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । जसको अर्थ तीनवटा टोकरी भन्ने हुन्छ । त्रिपिटकलाई सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी तीन समूहमा विभाजन गरिएको छ ।

### ३.२ आर्य अष्टांगिक मार्ग

दुःख निरोधको उपायको रूपमा बुद्धले प्रतिपादन गरेको आर्य अष्टांगिक मार्ग नै बुद्ध दर्शनको आधारस्तम्भ हो । यो कुनै काल्पनिक कुरा नभएर व्यावहारिक जीवनको बाटो हो । जसको सही अनुशीलन गर्दा मानिसले दुःखको भवसागरबाट पार पाउँछ । "पवित्र अष्टांगिक मार्ग सचेतन अवस्थामा बाँच्ने मार्ग हो । सतत सचेतन अवस्था यसको आधारशिला हो । सचेत अवस्थाको अभ्यास गर्नाले चित्तमा एकाग्रता आउँछ । अनि ज्ञान (प्रज्ञा) प्राप्त गर्न सकिन्छ" (दाहाल, वि.सं. २०७४, पृ ७८) । सम्यक् वचन, कर्म, आजीविका, व्यायाम, स्मृति, समाधि, दृष्टि र संकल्प नै अष्टांगिक मार्ग हुन् । दीर्घनिकाय महासत्तिपठानसूक्तमा "बुद्धले भनेका छन्- भिक्षुहरू हो ! यसै (माथि उल्लिखित आर्यअष्टांगमार्ग) लाई दुःख निरोधगामिनी प्रतिपद् आर्य सत्य पनि भनिन्छ" (उपाध्याय, वि.सं.२०७६, पृ.२०२) । जसलाई प्रज्ञा, शील र समाधिअन्तर्गत विभाजन गर्न सकिन्छ ।

### क) प्रज्ञा :

१. सम्यक् दृष्टि- जुन कुरा वा वस्तु जस्तो छ त्यसलाई त्यस्तै रूपमा बुझ्नु, तिनकै गुण, धर्म र स्वभावमा देख्नु वा अनुभव गर्नु सम्यक् दृष्टि हो । कायिक, वाचिक र मानसिक कर्महरू राम्रा नराम्रा जस्ताको तस्तै थाहा पाउनु सम्यक् दृष्टि हो । "बौद्ध वाङ्मयमा निम्न पाँच विषयमा ठिक धारणालाई सम्यक् दृष्टि भनिन्छ- क) कर्म र कर्मफलप्रतिको ठिक धारणा, ख) ध्यानको महत्त्वबारे ठिक धारणा, ग) अनित्यता र यथाबोधबारे ठिक धारणा, घ) क्लेश निर्मूल पार्ने मार्ग बारे ठिक धारणा, ङ) निर्वाणको महत्त्वबारे ठिक धारणा" (बौद्ध संस्कृति र सम्पदा, २०७७, पृ.१८) । २. सम्यक् संकल्प- "राग, हिंसा, प्रतिहिंसारहित संकल्पलाई नै ठीक संकल्प भनिन्छ" (सांकृत्यायन, वि.सं.२०७६, पृ.३३) । आसक्ति, तृष्णा, द्वेष, हिंसा आदिबाट टाढै रहनु सम्यक् संकल्प हो । यसअन्तर्गत कामभोगबाट मुक्त हुने संकल्प, भलाइको चिन्तन र करूणामय संकल्प पर्दछन् । राग, द्वेष र मोहरहित चिन्तनलाई सम्यक् संकल्प भनिन्छ ।

## ख) शील

३. सम्यक् वचन- झुठो नबोल्नु, कडा नबोल्नु, चुगली नगर्नु र नचाहिँदो नबोल्नुलाई सम्यक् वचन भनिन्छ । अरूलाई चोट नपुर्‍याई बोल्नु, खिल्ली नउडाउनु र गलत प्रचार गर्नु हुँदैन । सम्यक् वचनअन्तर्गत पर्ने चार कुराहरू- असत्य वचन नबोल्ने, चुक्ली लगाउने काम नगर्ने, कडा र अपशब्द नबोल्ने र अनावश्यक निन्दा र व्यर्थको गफ नगर्ने । "व्यर्थका हजारौं शब्द बोल्नुभन्दा एउटा सार्थक वचन बोल्नु वेश हुन्छ । जसलाई सुनेर मनमा शान्ति हुन्छ" (उपाध्याय, वि.सं.२०७६, पृ.१९७) । ४. सम्यक् कर्म- हिंसा, चोरी, अरूलाई हानि नहुने र व्यभिचाररहित कर्म नै सम्यक् कर्म हो । नैतिक र पवित्र कर्म गर्नु, प्राणीमाथि दयाभाव राख्नु, अरूको भलाइ गर्नु र ब्रम्हचर्यको पालना गर्नु सत्कार्य हुन् । यसअन्तर्गत निम्न कार्य पर्दछन्- क) प्राणी हिंसा नगर्नु, ख) चोरी नगर्नु, ग) कामभोगसम्बन्धी मिथ्याचार नगर्नु । ५. सम्यक् आजीविका- "सहि तरिकाले जीवन निर्वाह गर्नु । मन, वचन र शरीरद्वारा जुन काम गरिन्छ, उक्त काम ठीक हुनुपर्दछ" (रोशन दाहाल, वि.सं., पृ.१०७) । जीवनयापनको क्रममा अरूलाई दुःख नदिनु, धोका नदिनु, नैतिकतापूर्ण काम गर्नु र पवित्र उद्योग गर्नु । हतियार, मानिस (प्राणी), मासु, मादक पदार्थ र विषको व्यापारबाट गरिने जीविकालाई बुद्धले झुठो जीविका भनेका छन् । "इमानदारितापूर्वक श्रम र उत्पादन गरेर वा उत्पादक, श्रमिक र उपभोक्ताको हितको प्रतिकूल नहुने गरी व्यापार, व्यवसायबाट गरिएको आजीविका सम्यक् आजीविका हो" (पाण्डे, वि.सं.२०७६, पृ.४०) ।

## ग) समाधि

६. सम्यक् प्रयत्न- इन्द्रियहरूलाई संयममा राख्ने, खराब भावनालाई रोक्ने तथा असल भावनाको उत्पन्न गरी त्यसलाई स्थिर राख्ने प्रयत्न नै सम्यक् व्यायाम हो । मनको विकार र दुर्गुण हटाएर सद्गुण विकास गर्ने मानसिक प्रयासलाई सम्यक् व्यायाम भनिन्छ । ७. सम्यक् स्मृति- खराब र स्वार्थी भावना त्याग गर्नु, सधै सचेत र सतर्क रहनु, सत्य र यथार्थको स्मरण गर्नु नै सम्यक् स्मृति हो । शरीरमा जुनबेला जस्तो संवेदना उत्पन्न हुन्छ त्यसलाई त्यस्तै अनुभव गर्नु सम्यक् स्मृति हो । शरीर, वेदना र चित्तका स्वभावहरू बदलिइरहेका हुन्छन् । तिनै बदलिइरहेका संवेदनाहरूलाई सोही रूपमा स्मरण गर्नुपर्दछ । ८. सम्यक् समाधि- "चित्तको एकाग्रतालाई ठीक समाधि भन्दछन् । जेबाट मनका विक्षेपहरूलाई हटाउन सकिन्छ, त्यही ठीक समाधि हो" (सांकृत्यायन, वि.सं.२०७३, पृ.३७५) । सम्यक् समाधिले मनलाई नियन्त्रणमा लिनुका साथै राग, द्वेष र मोहविहीन राख्नसक्छ । मनमा संग्रहित विक्षेपहरूलाई हटाएर मन, वचन र

कर्मलाई एकाग्र गर्ने नियमित अभ्यास गर्नुपर्छ । सुखभोगको अभिलाषा, द्वेषभाव, डाह-ईर्ष्या, अल्छीपन, चञ्चलता र आशंकाले सम्यक् समाधिमा व्यवधान ल्याउँछ ।

## ३.३. सामाजिक कल्याणको अवधारणा

मानिस सामाजिक प्राणी भएकोले प्राचीन कालदेखि सामाजिक समस्या समाधान गर्ने प्रचलन रहेको पाइन्छ । सामान्यतया समाजमा रहेका कमजोर वर्गको रक्षा, सेवा र उन्नतिमा सहयोग पुऱ्याउने र समाजिक हित गर्ने कार्य नै सामाजिक कल्याणको रूपमा बुझिन्छ । समाजिक कल्याणको सर्वमान्य परिभाषा नभए पनि यसको मुख्य उद्देश्य कमजोर वर्गलाई सहयोग गर्नु र समग्र सामाजिक उन्नतिमा योगदान गर्नु रहेको छ । सामाजिक कल्याण र सामाजिक कार्य अन्तरसम्बन्धित रहेका छन् । मानव सभ्यताको विकाससँगै प्राकृतिक प्रकोप, रोग, गरिबी र शोषण रहँदै आएका थिए । मानवको आदिम जीवन असंगठित कबिला समूहका रूपमा रहेको थियो । यो बेलाका मानव असुरक्षित र अराजक थिए । श्रमको विकाससँगै शोषण र दमनका कारण सम्पत्ति र सत्ताको असमान वितरण भयो । यसले गरिबी, भोकमरी, युद्धलगायतका अनेकौं समस्याको सिर्जना गऱ्यो । यस्तै प्रकारका समस्याको समाधानका लागि सामाजिक कल्याणको अवधारणा विकसित भएको थियो ।

सामाजिक कल्याणका सम्बन्धमा धेरैखालका अवधारणा र परिभाषाहरू रहेको पाइन्छ । सुधारात्मक, सुरक्षात्मक, प्रजातान्त्रिक तथा सामुदायिकलगायतका दृष्टिकोणका अवधारणा सामाजिक कल्याणका सम्बन्धमा रहेको पाइन्छ । संस्कृतमा एउटा शान्ति पाठको श्लोक निकै चर्चित रहेको छ– "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ।" जसको अर्थ हुन्छ सबै खुसी होऊन्, सबै निरोगी होऊन्, सबैको कल्याण होस्, कसैलाई दुःख भोग्नु नपरोस् । डी.पाल चौधरीका अनुसार सामाजिक कल्याणको उद्देश्य कमजोर वर्गको त्यस्तो हिस्सालाई सेवा उपलब्ध गराउनु हो जो विशिष्ट शारीरिक, मानसिक, आर्थिक तथा अन्य बाध्यताका कारण समाजद्धारा प्रदत्त सामाजिक सेवाको उपयोग गर्न असमर्थ रहेको हुन्छ । वा जो सामाजिक सेवाको उपभोग गर्न पारस्परिक रूपमा वञ्चित पारिएको हुन्छ । यसैगरी एलिजावेथ विकेन्डेनका अनुसार समाज कल्याणमा ती कानून, कार्यक्रम, लाभ तथा सेवा सम्मिलित हुन्छन् जो सामाजिक आवश्यकताको पूर्ति गर्ने प्रतिबद्धता पूरा गर्दछन् । जनसंख्याको कल्याण तथा सामाजिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनलाई नै सामाजिक कल्याणका रूपमा अर्थ्याउन सकिन्छ । फिलिप्स कलीनका अनुसार समाज कल्याण ती व्यक्ति तथा परिवारलाई दिइने सेवा हो

जो आफ्नो र परिवारको भरणपोषण गर्ने सामर्थ्य बनाउन कठिनाइ अनुभव गरेका हुन्छन् । यसैकारण राज्यप्रणालीमा पनि लोककल्याणकारी राज्यको अवधारणा विकास भएको पाइन्छ । तिलक आचार्यका अनुसार लोककल्याणकारी राज्यको लक्ष्य जनताको जीवनस्तर माथि उठाई उनीहरूलाई सुखी बनाउनु हो । यसरी सामाजिक कल्याणलाई विभिन्न तरिकाले अभिव्यक्त गरे पनि मूलतः कमजोर वर्गको सेवा र सिंगो समाजको उन्नतिको कार्य नै समाज कल्याणका रूपमा बुझ्न सकिन्छ । मानव जीवनका समस्याको समाधान तथा सामाजिक आवश्यकताको पूरा गर्नका लागि गरिने सामाजिक कल्याणको महत्त्व बुद्धकालीन समाजमा अझ टड्कारो रहेको पाइन्छ । त्यसकालमा प्राकृतिक प्रकोप, युद्ध, गरिबी र भोकमरी, सामाजिक विभेद र शोषणका कारण विश्वकल्याणको बोध बुद्धमा भएको पाइन्छ । बुद्धको मुख्य उद्देश्य नै सामाजिक कल्याण रहेको थियो । त्यसैले बुद्धको आर्य अष्टागिंक मार्गमा सामाजिक कल्याणका महत्त्वपूर्ण पक्षहरू अन्तरनिहित रहेको पाइन्छ ।

## ३.४. अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्ष

### क) दुःखको निराकरण

बुद्धको धर्म वा दर्शनको मूल आधार मानवीय दुःखको पहिचान हो । त्यसभन्दा अगाडिका दार्शनिकहरूले दुःखका सम्बन्धमा यति चासो दिएर खोजेका थिएनन् । अझ त्यसमा पनि आर्य अष्टांगिक मार्ग त मानवीय दुःख निवारणकै लागि प्रतिपादन भएको हो । धर्मचक्र प्रवर्तनको प्रथम उपदेशमा बुद्धले दुःखको कुरा उठाउँका छन् । जसलाई चार आर्य सत्य भनेर चिनिन्छ । १. दुःख छ २. दुःखको कारण छ ३. दुःखको नाश छ र ४. दुःख नाशको निश्चित मार्ग छ । यी चारमध्ये सर्वप्रथम दुःख छ भनेर बुद्धले दुःखको स्वीकृति गरेको देखिन्छ । त्यसपछिका तीन सत्यहरू दुःखको कारण र तिनको नाशको लागि अभिप्रेरित छन् । दुःखको स्वीकृतिको तात्पर्य बुद्ध दुःखवादी थिए भन्ने होइन । दुःख नाशपछि प्राप्त हुने वस्तु सुख भएकोले बुद्ध सुखवादी अर्थात् सबैको दुःख नाश गरेर सबै प्राणीलाई सुखमा पुऱ्याउने बाटोको रूपमा उनले आफ्ना उपदेशलाई अगाडि सारेका छन् । यसरी दुःख नाशको उपाय नै बुद्धको मूलभूत दर्शन रहेको छ । बुद्धले तत्कालीन समाजका दुःखहरूलाई नजिकबाट हेरेका थिए । मानिस–मानिसबीचको शोषण, दासप्रथा, मानव बेचबिखन, हिंसा, यातना र दिनरात श्रम गरेर पनि भोकै रहनुपर्ने अवस्था त्यतिबेला थियो । दास र दासीहरूले दासमालिकहरूको अमानवीय दण्डका डरले कठोर परिश्रम गर्नुपर्दथ्यो । यस परिस्थितिको उल्लेख दीर्घनिकायको कूटदन्तसूक्त र संयुक्तनिकायको यन्त्रसूक्तमा समेत भएको छ । यस्ता दुःखहरूलाई नजिकबाट

देखेको हुनाले बुद्धले अष्टांगिक मार्गलाई मानवीय दुःख निराकरणमा केन्द्रित गरेको पाइन्छ ।

### ख) अहिंसा

बुद्धकालीन समाजमा चोरी, डकैती, लुटपाट, हिंसाका घटनाहरू अत्यधिक हुने गर्दथे । सम्पत्ति, सत्ता र प्रतिष्ठाको तीब्र लोभ र लालसाले गर्दा यस्ता घटनाहरू हुन्थे । यसप्रकारका गतिविधिमा संलग्नहरूलाई दिइने हिंसात्मक सजायँबारे दुण्डबहादुर बज्राचार्यले अनुवाद गरेको मज्झिम निकाय, महादुःखस्कन्धसूत्रमा वर्णन गरिएको छ–"यस्ता लुटेराहरू समातिएमा दासमालिकले कठोर दण्ड दिन्छन् । कोर्राले, छडीले, फलामको रडले हिर्काउनु, हात, खुट्टा, कान, नाक काटिदिनु, खप्परै उडाइदिने, जिउँदो मानिसका शरीरमा तेलले भिजेको कपडा बाँधेर आगो सल्काएर मार्ने, टाउकाको छाला खुर्किदिने जस्ता अमानवीय सजायँ दिएको पाइन्छ । " त्यसैगरी उक्त समयमा धर्म र यज्ञका नाममा गरिने क्रूर हिंसा र पशुबलीबारे दीर्घनिकाय, कूटदन्तसूक्तमा उल्लेख पाइन्छ । "एक समय बुद्ध मगध देशको भ्रमण गर्दा खाणुमत नामक गाउँमा गएका थिए । त्यो गाउँमा कूटदन्त नामक सबैभन्दा धनी र प्रतिष्ठित ब्राह्मण थिए । ...त्यस कूटदन्त ब्राह्मणले सब्बाशतशतिका नामक महायज्ञ गर्न लागेको र त्यसमा बलि दिनको लागि सातसय गोरू, सातसय बाच्छाबाच्छी, सातसय बोका, सातसय भेंडाहरू मौलामा बाँधेर ठिक्क पारिएको थियो" (उपाध्याय, वि.सं.२०७६, पृ.१८७) । बुद्धले ठूलो भूमिका खेलेर उक्त प्राणी हत्या रोकेका थिए । "बुद्ध दर्शनमा अहिंसा सबैभन्दा महत्त्वपूर्ण विषय हो जो सर्वत्र र सर्वरूपमा निषेध गरिएको छ" (अम्बेडकर, सन् १९९१ पृ.१०१) । यस्ता हिंसाहरू भइरहने हुँदा बुद्धले आर्य अष्टांगिक मार्गमा अहिंसा, अचौर्य र दानलाई जोड दिएको पाइन्छ । तत्कालीन समाजमा व्याप्त दासप्रथा, महिलाहिंसा, पशुबलि, जातीय भेदभाव, युद्ध, काटमार विरूद्ध बुद्धले हतियार व्यापार, व्यभिचार, मानिसव्यापार, जीवहिंसा, मांसभक्षण र काटमार नगर, प्राणीप्रति मित्रता भाव राख भनेर उपदेश दिएका छन् ।

### ग) मानवतावाद

बुद्धले आर्यअष्टांगिक मार्गमा अरूलाई दुःख नदेऊ, मानव बेचबिखन नगर, शोषण नगर, चोट नपुर्‍याऊ, असल काम गर, खराब भावना त्याग, अरूको निन्दा नगर भनेर मानवतावादी विचार व्यक्त गरेका छन् । "बुद्धका विचारहरू अत्यन्त मानवतावादी थिए । जहाँ–जहाँ बुद्धले उपदेश दिन्थे, त्यहाँका आम मानिसहरू अत्यन्तै प्रभावित हुने गर्दथे । त्यसो हुनुमा उनका जीवनोपयोगी र समतामूलक विचारहरू नै मुख्य थिए" (चापागाईं, वि.सं.२०७८.पृ.१४९) । मानव सभ्यताको इतिहासमा सर्वप्रथम दासप्रथाको विरोध गर्ने र मानिसको किनबेच गर्ने

कुरालाई रोक्नुपर्छ भन्ने विचार बुद्धले अघि सारेका थिए । "बुद्धले गरिबहरूप्रति सहानुभूति प्रकट गरेका छन् । आफ्नो बाल्यकालमा नै बुद्धले एकअर्काको शोषण गर्न नहुने विषय उठाउँका थिए" (अम्बेडकर, सन् १९९१ पृ.४५०) । मानवीय सेवामा बुद्ध आँफै लाग्दथे । वैशालीमा महावीरको निर्वाणपछि परेको खडेरी र रोगव्याधिबाट मानिसहरूलाई बचाउन बुद्ध त्यहाँ गएको र भिक्षुसंघसहित अन्य ठाउँबाट भिक्षा र जडिबुटी ल्याई मनिसहरूको जीवन बचाएको पाइन्छ । प्रज्ञापारमिता सूत्रहरूमा धेरैपटक "सर्वसत्त्वहिताय"को प्रयोग गरेको हुनाले सबै प्राणीजगत्को दुःखविनाश बुद्धका उपदेशहरूको सार हो । साथै उनले "बहुजनहिताय बहुजनसुखाय" भनेका छन् । यहाँ बहु धेरै होइन सर्व अर्थात् सबैको अर्थमा प्रयोग भएको छ भने जन्मिनेको अर्थमा जनको प्रयोग भएको छ । त्यसैले केवल मानव समुदाय मात्र नभएर सबै जन्मिने प्राणीहरूको हित र सुखका पक्षमा बुद्धले उपदेश दिएका छन् ।

## घ) भेदभावअन्त्यमा जोड

गौतम बुद्ध समाजमा विद्यमान लैंगिक, जातीय एवं वर्गीय विभेदका विरूद्धमा थिए । व्यभिचार नगर, मानव बेचबिखन एवं शोषण नगर, ब्रह्मचर्यको पालन गर, असल विचारहरू धारण गर, पवित्र कर्म गर आदिजस्ता उपदेशहरू अष्टांगिक मार्गमा उनले दिएका छन् । उनले प्रज्ञाशील सम्पन्न छोरी प्रज्ञाहीन छोरो भन्दा उत्तम हुन्छिन् भनी कोशल नरेशलाई सम्झाएका छन् । विभेद र संकीर्णता बोकेको तत्कालीन समयमा पनि बुद्धले महिला र पुरुष बराबरी हुन् भनेको कुरा दीर्घनिकायमा उल्लेख छ– "प्राकृतिक ऋतुचक्रको स्वभाववश षड्धातुबाट जीवको सृष्टि भयो । जीवमा भावना, तृष्णा र अहंकार पैदा भयो । फलफूल, कन्दमूल र अन्नहरू खाँदै ठाउँठाउँमा बस्दै गर्दा मान्छेका रूप, रंग भिन्न भए । तर पनि नरनारी बरबरी छन्" (बज्राचार्य, वि.सं.२०५६, पृ.४३३) । त्यतिबेला बहुपत्नी प्रथा, बालविवाह र विषमवय विवाह व्यापक थियो । बुद्धले आफ्नो उपदेशमा एकपत्नी प्रथा र समवयी विवाहलाई जोड दिएका छन् । उनले आफ्नी सानिआमा महाप्रजापती, श्रीमती यशोधरा, गणिका आम्रपाली आदि महिलाहरूलाई प्रवज्या दिई भिक्षुणी परम्पराको सुरूवात गरेका थिए । "बुद्धकालीन समाज विभिन्न जात र वर्गमा बाँडिएको थियो र भेदभावमा कट्टरता थियो"(प्रधान, २०७६, पृ.२०) । तापनि उनले जन्मका आधारमा नभई प्रज्ञा, शील, करूणा, मैत्रीका आधारमा व्यक्तिको मूल्यांकन गरेको देखिन्छ । उनले भनेका छन्– "जटाले, गोत्रले अथवा जन्मले मात्र मानिस ब्राह्मण हुँदैन, जो सत्य र धर्ममा अडिग छ उही ब्राह्मण हो" (न जटाहि न गोत्तेन न जच्चा होति ब्राह्मणो । यम्हि सच्चं च धम्मो च सो सुखी सो च ब्राह्मणो ।।) (धम्मपद, वि.सं.२०७०, पृ.७२) । बुद्धका दृष्टिमा सबै मानिस बराबर थिए । बुद्धसंघमा शूद्र,

चाण्डाल, स्त्री एवं अस्पृश्यको भेद थिएन । मज्झिमनिकायमा बुद्धले जसरी ठूला नदीहरू गङ्गा, यमुना, अचिरवती आदि समुद्रमा प्रवेश गरेपछि आफ्नो पहिलाको नाम छोड्दछन् र समुद्रकै नामले चिनिन्छन्, त्यस्तै सबै जातिहरू यस विनयमा आएर शिक्षित भएर प्रव्रजित हुन्छन् भनेको कुरा द्वारिकादास शास्त्रीले उल्लेख गरेका छन् ।

### ङ) मध्यममार्ग अपनाउन सुझाव

आर्यअष्टांगिक मार्ग अतिवादी सोंच विरूद्धको मध्यममार्गी विकल्प हो । संयुक्त निकायको धर्मचक्र प्रवर्तन सूत्रमा बुद्धले काम-सुखमा लिप्त हुने र शरीर पीडामा लाग्ने दुबै अतिलाई छोडेर आफूले मध्यममार्गको खोजी गरेको र त्यो मध्यममार्ग भनेको आर्यअष्टांगिक मार्ग हो भनेका छन् । उनले भगवान्का नाममा हिंसावृत्ति अँगाल्ने, ढोंगी व्यवहार गर्ने र हठयोगी या यौनभोगी भएर जीवन गुजार्ने प्रवृत्तिको आलोचना गर्दै बीचको व्यावहारिक बाटो अँगाल्ने उपदेश दिएका छन् । बौद्ध दर्शनले "कर्म गर फलको आश" नगर भन्ने गीताको कर्मवादभन्दा अलग असल काम गरेमा कर्मफल स्वतः प्राप्त हुन्छ भन्ने कुरा बताएको छ । अष्टांगिक मार्गमा बुद्धले दिएका उपदेशहरूमा त्यतिबेलाको समाजको द्वन्द्व, अन्तरविरोध र अतिवाद अन्त्य गर्ने अभिप्राय रहेको देखिन्छ । दान गर, अरूमाथि दया राख, प्रतिशोध नराख, हिंसा, द्वेष, आसक्तिबाट बच, सधै सचेत बन, राम्रा र नराम्रा कर्मको पहिचान गर भनेर उनले उपदेश दिएका छन् । बहुजनहिताय बहुजनसुखाय नै बुद्धको दर्शनको मूल उद्देश्य हो । बुद्धले भनेका छन्- "आफ्नो चित्तलाई शुद्ध गर, कुनै पाप नगर, कुशल चित्तको वृद्धि गर, यही नै बुद्धको शिक्षा हो" (सब्बपापस्स अकरणं, कुसलस्स उपसंपदा । सचित्तपरियोदपनं एतं बुद्धान सासनं ।) (धम्मपद, वि.सं.२०७०, पृ.७२) । कर्मकाण्ड र भक्तिको अपेक्षा उनको झुकाव ज्ञान र बुद्धिवादतिर बढी थियो । उनले अवलम्बन गरेको मध्यममार्गकै कारण सारिपुत्र, मौद्गल्यायन, महाकश्यप, कुटदन्त, सोणदण्ड, महाकात्यायन जस्ता ब्राह्मण र धनी साहुहरू उनका शिष्य थिए । मगधका राजा बिम्बिसार र कोशलका राजा प्रसेनजीत उनका अनुयायी थिए । शाक्य, मल्ल, लिच्छवी गणतन्त्रमा उनका अनुयायीहरू धेरै थिए । त्यतिबेलाका धनकुवेर र ठूला साहुहरूले बुद्ध र भिक्षुहरूको लागि सुन्दर बाग खरिद गर्ने र ठूल्ठूला विहार बनाउने प्रतिस्पर्धा नै गरेको देखिन्छ ।

### च) संयम र मननियन्त्रणको उपदेश

चोरी, हिंसा, अनैतिक काम, लोभलालच र व्यभिचार अथवा असल कर्म गर्ने, मृदु वचन बोल्ने जस्ता सबै अवस्थाहरू पहिला मनमा उत्पन्न हुने भएकोले अष्टांगिक मार्गमा मनलाई वशमा राख्नमा र निर्मल बनाउनमा बढी जोड दिइएको छ ।

मनमा कुविचार उत्पन्न हुन नदेऊ, कुनै काम गर्न हुने वा नहुने पहिचान गर, हरेक क्षण सचेत रहू आदि उपदेशमार्फत् बुद्धले मन नियन्त्रण र आत्मिक शान्तिलाई प्राथमिकता दिएका छन् । मनबाट नै राम्रा नराम्रा विचार र कर्मको आरम्भ हुने भएकोले मनको नियन्त्रणको लागि संयमता अपनाउनु पर्ने विचार उनले व्यक्त गरेका छन् । धम्मपदको पहिलो पद्यमा बुद्धले भनेका छन्- "मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया । मनसा चे पदुट्ठेन भासति वा करोति वा । ततो नं दुक्खमन्वेति चक्कं वा वहतो पदं । १ । " अर्थात् सबै कार्य मनबाट आरम्भ हुन्छन्, मन नै सर्वोपरि छ, संसार मनोमय छ, मनमा दुराशय राखेर बोल्ने वा काम गर्ने मानिसलाई दुःखले गोरूगाडाको पाङ्ग्राले गोरूलाई पछ्याएजस्तै पछ्याइरहन्छ (धम्मपद, वि.सं.२०७०, पृ.२) । गोपीरमण उपाध्यायका अनुसार तत्कालीन समाजमा व्याप्त चोरी, हिंसा, लुटपाटका घटना नियन्त्रण गर्न चोरहरूको वध गर्ने गरिन्थ्यो तर व्यक्तिहरूलाई शिक्षित पारेर तृष्णाको शमन गरे समाधान पनि स्वतः हुन्छ भन्ने कुरा बौद्ध चिन्तनको आधारभूत निष्कर्ष हो । ईसापूर्व ६०० वरिपरिको समयमा ठूलो सामाजिक उथलपुथल भएको थियो । आदिम साम्यवादी युगको अन्त्य भएर दासमालिकका राज्यसत्ताले जन्म लिइरहेका थिए । अनन्त लोभ, तृष्णा, कामभोगको चाहना, लुटपाट, हिंसा र काटमारजस्ता घटना भइरहन्थे । त्यसलाई नियन्त्रण गर्ने कानुन र बलियो राज्यसत्ता नभएकोले पनि बुद्धले आत्मिक नियन्त्रण, शान्ति र मनोवैज्ञानिक पक्षमा जोड दिएको हुनुपर्दछ । यसैसन्दर्भमा डा. राधाकृष्णन्ले बौद्धधर्म अनिवार्य रूपमा मनोविज्ञान, तर्कशास्त्र एवं नीतिशास्त्रको समुच्चय हो । जसमा अध्यात्मशास्त्र सन्निविष्ट छैन भनेका छन् । यसप्रकार आर्यअष्टांगिक मार्ग र समग्र बौद्धदर्शनले आत्मिक नियन्त्रण र संयमतामार्फत् मानव सभ्यतालाई शान्तिपूर्वक समृद्धितर्फ लैजाने अभिलाषा राख्दछ ।

## छ) सदाचार र आर्थिक समानतावादी विचार

आजको सन्दर्भमा सदाचार निकै नै महत्त्वपूर्ण छ । बुद्धले झुटो जीविका छोडेर सच्चा तरिकाबाट जीविका चलाउन प्रेरित गरेका छन् । उनले हातहतियारको व्यापार, प्राणी व्यापार, मांसको व्यापार, मादक पदार्थको व्यापार र विषको व्यापारबाट गरिने कमाइलाई वर्जित गरेका छन् । त्यसैगरी- तराजु र ढकको ठगी, घूस, वञ्चना, कृतघ्नता, कुटिलता, वध, डाँका, छेदन, बन्धन र लुटपाटको जीविकालाई पनि निषेध गरेका छन् । बुद्धका थुप्रै देशनाहरू चोरी, ठगी, ढाँटछल र खराब भावनाविरूद्ध छन् । तत्कालीन समाजमा एकातिर जीवन पाल्नकै लागि गरिबहरूले अमानवीय काम गर्नुपर्ने, दासहरूले यातना भोग्नुपर्ने, किनबेच हुने, वस्तुसरह दान उपहारमा लेनदेन हुने अवस्था थियो भने अकोतर्फ

धनी, साहु र सामन्तहरूले आफ्नो सुखसयल, भोजभतेर, विवाह, महलनिर्माणमा पनि करोडौं खर्च गर्दथे । "तत्कालीन समयमा एकापट्टि अत्यधिक सुखी सम्पन्न ब्राह्मणहरू, क्षत्रीय राजाहरू (दास मालिक)को ऐश्वर्यपूर्ण एवं अरूको श्रममा आधारित परजीवी जीवन थियो भने अर्कोतर्फ सामुदायिक भूमिसँग गाँसिएका किसानहरू, नीच भनिएका जातजातिका मानिसहरू, दारिद्र्यपूर्ण जीवन र कंगालहरूको समूह थियो" (हटुवाल सन् २०२१, पृ.१०४) । बुद्ध सदाचार र आर्थिक समानताबारे अत्यन्त सचेत र दानपारमिताको अभ्यासद्वारा समाजमा सबैको दुःख मेटाउने प्रयासमा लागेका देखिन्छन् । उनका आर्थिक तथा राजनीतिक क्षेत्रसम्बन्धी विचारहरू चक्कवत्ती सिंहनाद सुत्त एवं कूटदन्त सुत्तमा संगृहीत छन् । जसमा उनले निर्धनता नै पापको कारण भएकोले यसको अन्त्य गर्न राज्यले नै पहल गर्नुपर्ने विचार राखेको देखिन्छ । "उनले आर्थिकरूपले समस्यामा रहेका गरिब, दुःखीलाई राज्यले मद्दत दिनुपर्दछ भनेका छन् । उनले जबसम्म निर्धन व्यक्तिहरूका लागि राजाको भण्डार खोलिंदैन तबसम्म प्रजा शान्तिपूर्वक बस्न सक्दैनन् र उनको शासनलाई उत्कृष्ट भन्न सकिंदैन" भनेका छन् (अमात्य, वि.सं.२०४३, पृ..) । यसरी आर्थिक समानता र सदाचारमार्फत सामाजिक कल्याणलाई प्राथमिकता दिएको पाइन्छ ।

## ४. निष्कर्ष

आर्य अष्टांगिक मार्ग एक आचारसंहिता हो । असल मनसायद्वारा राग, द्वेष, ईर्ष्या, हिंसा, झगडा, झूट-फरेब, परपीडा, अकल्याण, असंयम त्यागेर सरल जीवन व्यतीत गर्नु-गराउनु यो आचारसंहिताको अभिप्राय हो । बुद्धले आफ्नो ज्ञान दर्शनलाई मानवीय दुःखको निराकरणमा केन्द्रित गरेका छन् । दुःख निरोधको उपायको रूपमा गौतम बुद्धले प्रतिपादन गरेको आर्यअष्टांगिक मार्गको विश्लेषण गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो । यसमा आर्यअष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरू र कस्तो परिस्थितिमा बुद्धले अष्टांगिक मार्गको प्रतिपादन गरेका थिए सो केलाउने प्रयास गरिएको छ । यो "अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरू" अध्ययन गुणात्मक शोध विधिबाट गरिएको हो । यसमा बुद्ध धर्मका मूलग्रन्थ त्रिपिटकअन्तर्गतका केही ग्रन्थहरू र अन्य पुस्तक, शोधपत्र, जर्नल, पत्रपत्रिका आदिको अध्ययनबाट आवश्यक सूचना तथा तथ्यांकहरूको संकलन अनि व्याख्या र विश्लेषणात्मक विधिबाट यो लेखन तयार पारिएको हो । गौतम बुद्धको जीवनी र चार आर्यसत्यको सामान्य चर्चा गरिएको भए तापनि यो लेख मूलतः बुद्धद्वारा प्रतिपादित आर्य अष्टांगिक मार्गमा अन्तर्निहित सामाजिक कल्याणका पक्षहरूको विश्लेषणमा सीमित छ ।

दुःख निवारणको मध्यमार्गी बाटोको रूपमा उल्लेख गरिएको आर्य अष्टांगिक मार्गको अध्ययनबाट यसमा सामाजिक कल्याणका थुप्रै विषयहरू रहेको देखिन्छ । यो मानवीय दुःख निवारणको बाटो हुनुका साथै अहिंसावादी, मध्यमार्गी, मानवतावादी र विभेदविरोधी दर्शन पनि हो । त्यसैगरी यसले सदाचार, आर्थिक समानता र आत्मिक नियन्त्रणमा पनि जोड दिएको छ । बुद्ध तत्कालिक समयका समाजसुधारक, त्यागी पुरुष एवं दार्शनिक थिए । उनले समाजका अमानवीय क्रियाकलाप, अन्याय, शोषणजस्ता प्रवृत्तिविरूद्ध सरल तरिकाले आफ्ना विचारहरू सम्प्रेषित गरे । उनका उपदेशहरूले सबै प्राणीहरूको हित गरेकाले कालान्तरमा उनका उपदेशहरूलाई धर्म र उनलाई देवताको रूपमा मान्न थालिएको देखिन्छ । तर पछिल्लो चरणमा यसको सारभूत मान्यतालाई बङ्याएर हुकँदै गएको अवतारवाद, मूर्ति पूजा, आडम्बरपूर्ण प्रवृत्तिको अन्त्य गर्दै बुद्धका प्रारम्भिक विचार, चिन्तन र उपदेशहरूलाई जीवनवादी दर्शनमा विकास गर्नु जरूरी छ । जसबाट शान्ति, सदाचार, सामाजिक कल्याण र मानवतावादी धर्मको रूपमा बुद्धका विचारहरूलाई पुनःस्थापित गर्न योगदान पुग्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू :**

अम्बेडकर, वी.आर. (सन् १९९१), भगवान् बुद्धः इतिहास एवं धम्मदर्शन. बम्बईः सिद्धार्थ प्रकाशन ।

अमात्य, तुलसीलाल (वि.सं. २०४३), बुद्ध, बुद्धत्व र बुद्धदर्शन. काठमाडौं : ललित प्रकाशन ।

आचार्य, तिलकराम (सन्२०२०), लोककल्याणकारी राज्यसम्बन्धी बौद्ध अवधारणा.प्रज्ञा-१. लुम्बिनी : लुम्बिनी बौद्ध विश्वबिदालय ।

उपाध्याय, गोपीरमण (वि.सं.२०७६), बौद्ध दर्शन सरल अध्ययन. काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

उपाध्याय, बलदेव (सन् १९९९). बौद्धदर्शन मीमांसा. वाराणसीः चौखम्बा विद्याभवन ।

खड्का, डा. पवित्रबहादुर (वि.सं.२०७६), बुद्ध र महावीरको दर्शन. काठमाडौंः हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

चापागाईं, डा.बालकृष्ण (वि.सं.२०७८). बौद्धदर्शन र सञ्चार. काठमाडौंः आवृत्ति छापाखाना प्रा.लि. ।

दाहाल, रोशन (वि.सं.). बुद्ध दर्शन. काठमाडौंः पाँचपोखरी प्रकाशन गृह ।

दाहाल, रोशन (वि.सं.२०७४). गौतम बुद्ध जीवनी र दर्शन. काठमाडौंः पाँचपोखरी प्रकाशन गृह ।

धम्मपद (वि.सं. २०७०). (नेत्र आचार्य/अनु). काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, काशीनाथ (वि.सं.२०७२). दर्शनावली–३. काठमाडौंः नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रधान, भुवनलाल (वि.सं.२०७६). नेपालमा बुद्धधर्म. काठमाडौंः नेपाल प्रज्ञा–प्रतिष्ठान।

प्रभात, विष्णु (वि.सं.२०७२). बौद्ध दर्शनको सामाजिक विवेचना. दर्शनावली –३. काठमाडौंः नेपाल प्रज्ञा–प्रतिष्ठान ।

प्रसाई, पुण्यप्रसाद (वि.सं. ..). गौतम बुद्ध. काठमाडौंः डिकुरा पब्लिकेशन ।

पाण्डे, चतुरभुज (वि.सं.२०७६). बौद्ध विधिशास्त्र. कपिलवस्तुः बुद्धदर्शन अध्ययन तथा कपिलवस्तु विकास केन्द्र ।

बज्राचार्य, दुण्डबहादुर (वि.सं.२०५६). दीर्घ निकाय. (नेपाली अनु.).ललितपुरः पवित्र वज्राचार्य ।

बौद्ध संस्कृति र सम्पदा (वि.सं.२०७७). लुम्बिनीः लुम्बिनी बौद्ध विश्वविद्यालय ।

डा. राधाकृष्णन (सन् १९९८). भारतीय दर्शन. (हिन्दी अनु) दिल्लीः राजपाल एण्ड सन्ज ।

श्रीकृष्ण, आनन्द (सन् २०१९). गौतम बुद्ध और उनके उपदेश. दिल्लीः राजकमल प्रकाशन प्रा.लि. ।

सांकृत्यायन, राहुल (वि.सं.२०७३). दर्शनदिग्दर्शन. (नारायणप्रसाद आचार्य/अनु.)..ःदीननाथ घिमिरे, अक्षरदीप प्रकाशन ।

सांकृत्यायन, राहुल (वि.सं.२०७६). बौद्ध दर्शन. (ललिजन रावल/अनु.). काठमाडौंः इन्डिगो इन्क प्रा.लि. ।

(सन् २०२२). सामाजिक कल्याण क्या है समाज कल्याणका अर्थ एवं परिभाषा. https://social-work . in/samaj-kalyan/

हटुवाल, ज्ञानदेव (सन्२०२१), बौद्धदर्शनका सामाजिक आधारको परिचय. प्रज्ञा–२. लुम्बिनीः लुम्बिनी बौद्ध विश्वबिद्यालय ।

ooo

# अनुभूति

✍ शान्ता पन्थी 'शान्तिदीप'
गुल्मी

जीवनचक्रको
भयानक पल
गडेको, फसेको
अन्तस्करणमा
भुल्न मन लाग्छ
पीडा, व्यथा, कथा
सम्झिन्छु, झस्किन्छु
एक छाक खाना
आँसुसँगै खाँदा
नुनिलो लाग्ने पो
उकाली ओराली
घरबेंसी गर्दा
ती कोमल पाउ
चसक्क चस्किँदा
छन् छेपाराहरू
पिर पोख्ने कहाँ ?
पुग्छन् सबै टाढा
नजिकका पात्र
भन्छन्, तर्साउँछन्
काममा माम छ ।
गोठभरि डिंगो
काखमा सन्तान
सहनशीलता
तिखो वचनमा
मुसुक्क मुस्कान ।
कहाँ जानें र खै ?
दोहोरो संवाद
पल मौनताको ।
बिर्सें हर पीडा
दुःखदायी क्षण
रक्ताम्य छालका
बगे खोलाहरू
अश्रुधारा कति
हिसाब राखिनँ ।
सहें हर घडी
चित्त दुखाइनँ
नराम्रो बोलिनँ ।

समयले च्याँप्यो
उठ्न नै दिएन
जति राम्रो सोचें
उति चोट पाएँ
आफै भाग्न खोजें
सकिनँ फर्कें
मानसिक पीडा
विश्वासमा घात
अनिँदा ती रात
सम्हालिएँ फेरि
सन्तानको माया
ती कोमल मुना
फूल फुलाउन
मलजल गरें
चौतर्फी सुवास
फैलाएछ हवा
हर्षाश्रु झरेछन्
आशादीप बल्दा
खुसीले रमाएँ ।
फेरि
वर्षे भेल आयो
सपना बगायो
ठुलो रोग लाग्यो
उठ्न बस्नै गाह्रो
चल्नै छाड्यो अङ्ग
बनायो अपाङ्ग
महसुस गर्थें
पाए दुःखकष्ट
मेरै कारणले
चाहेर होइन
घडीले पछार्‍यो ।
उपचार कति
दिएँ चोट अति
हृदय चुडिन्छ
झिनो अभिलाषा
सङ्घर्ष गर्दैछु
जिजीविषा बोकी
त्यो सुनौलो दिन
अवश्य आउला
उमङ्ग बोकेर
सन्तोष लिएर
शान्ति छाउला
आशावादी प्राणी
हरेस खाँदिनँ
अब म भाग्दिनँ ।

ooo

// यात्रासंस्मरण //

# हरियाली हेर्दै हल्दीघाटी

✍ **विनोद नेपाल**
**पोखराथोक, माडी, पाल्पा, हालः काठमाडौं**

बतासको हुइँहुइँले निद्रा खल्बल्यायो ।

बानी त छिटै उठ्ने हो तर अति छिटो, बिहान २.५०मै निद्रा खुल्यो । त्यसपछिको निदाउने प्रयास सफल भएन । ओल्टोकोल्टो गरेरै बित्यो समय ।

चार बज्दा नबज्दै बर्सियो हल्का पानी । बाहिर हेर्छु झ्यालबाट अलिबेर, अनि लाग्छु नित्यकर्ममा ।

गणेशजी उठेर व्यायाम गर्न थाल्नुहुन्छ ।

पाँच दिन भइसकेछ काठमाडौ छाडेको । तर दिन बितेको कत्ति महसुस भएको छैन, हिँजै मात्र आएजस्तो लागिरहेछ । नयाँ ठाउँ, नयाँ परिवेश, अपरिचितहरूसँगको भेटघाट र परिचय अनि घुमफिरमा सजिलै बितिरहेछ समय ।

२०८० साउन ३२ अर्थात् १७ अगस्त, २०२३ । आज उदयपुर जाने योजना छ बिहानै । हामी सल्लाह गरिरहेथ्यौं १६५ किलोमिटर पर रहेको उदयपुर पुगेर आऊँ, समूहमै जाने योजना बनेपछि हामीलाई खुसी लागेको छ ।

लाग्ने खर्च हिँजै बुझाइसकिएको छ ।

६.३० मा प्रारम्भ हुन्छ उदयपुर लक्षित यात्रा 'ओम शान्ति'को एक मुख्य स्थान आनन्दसरोबरबाट आरामदायी पर्यटक बसमा ।

केहीबेर भित्री बाटो गुडेपछि भेटिन्छ मूल सडक राष्ट्रिय राजमार्ग 'एनएच २७ ' र गाडीले गति बढाउँछ ।

स्वरूपगन्जमा पेट भर्छ गाडीले र पुनः गति लिन्छ ।

अलि अगाडि पुग्दा रेल्वे लिक देखिन्छ छेवैमा ।

भारतमा यातायात पूर्वाधारको विकास निकै राम्रो छ । त्यसो त अङ्ग्रेज शासनकालमै यहाँ रेल यातायातको राम्रो विकास भएको थियो, स्वतन्त्रता पछि त्यसलाई विस्तार र स्तरोन्नति गर्दै गएका कारण कतै पुग्नुपरे यातायातका विकल्पहरू छन् भारतभर नै, एउटामा मात्रै भर परेर बस्नु पर्दैन । हवाई

यातायात त छँदैछ स्थल यातायातमा पछिल्लो समय मेट्रो र एक्सप्रेस वेको विस्तारले शहरी होस् वा लामो दूरीको यातायात सेवा नै सहज एवम् सुलभ भएको छ ।

कोजरा आइपुग्छ । थाहा हुन्छ यहाँबाट पूर्व उदयपुर १०६ र जयपुर ४३९ किमिको दूरीमा छन् । यी दुबै ऐतिहासिक शहर हुन् भारतका ।

अरावली पर्वत शृङ्खलाका थुम्काहरूले घेरिएको छ यात्रामार्ग, यात्रा उपत्यकामै छ, वरिपरि पहाड छन्, खेतीपाती, बस्ती छ, मकैको याम छ यता पनि हाम्रोतिर जस्तै ।

बिहानको समय, शितल छ, गर्मीको कत्ति महसुस भएको छैन । यात्रा पहाडहरूकै बीचबाट र कतै पहाडकै घेंचबाट भइरहेको छ ।

इलाहवाद ९८९ किलोमिटर पूर्व पर्छ भन्ने सडकदूरी सङ्केत देखिन्छ । उता हाम्रो नजिकतिर पर्छ अचेल 'प्रयागराज'मा परिणत भएको यो ठाउँ । बाल्यकालमा सुनिन्थ्यो गाउँलेहरू उता काम गर्न गएको र चाडबाडका बेला घर फर्केको । ऋण धन गरेर कामको खोजीमा मुग्लान पसेकाहरू फर्केपछि हजुरबुबा, बुवासँग भेटघाट गर्न आउँदा उहाँहरूले 'कहाँ छौ ? ' भनेर सोध्दा 'इलाबाज' भनेर जवाफ दिने गरेको, त्यही ठाउँ हो इलाहवाद ।

ढुङ्ग्यानको बीचबाट अघि बढ्दैछ गाडी । अघिसम्म परपर देखिएका पहाडका थुम्का नजिकिंदै छन् ।

ढाँगा आइपुग्छ ।

जङ्गल छ झाडीयुक्त, बस्ती छ, झुप्राझाप्री छन्, बुट्यान छ, प्रचुरता ढुङ्गाकै छ । पहाडहरूकै घेरामा गुड्दैछौं हामी, पहाडहरूले पछ्याएझैं लाग्छ हामीलाई, लाग्छ हामी पहाडी हौं भन्ने थाहा पाएका छन् यहाँका पहाडले ।

उदयपुर पुग्न अझै ९३ किमि गुड्नुपर्छ भन्ने सङ्केतसँगै । भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण, मालेरा टोल आइपुग्छ । यो दोस्रो टोल हो हामी आबुरोडबाट गुडे यताको । चालकले आफ्नै आसनबाट यस्सो कार्ड देखाउँछन्, विद्युतीय तगारो आफसेआफ खुल्छ र गाडी अघि बढ्छ । प्रविधिले यतिसम्म सहज गराएको छ, गजब लाग्छ । रोक्नु, ओर्लनु, दौडनु, सबालजबाफ गर्नु आदिआदि देखिरहेका हामी यो देखेर भन्छौं 'कति सजिलो ? हामीकहाँ कहिले हुने होला यस्तो ? ' भारतले प्रविधिको प्रयोगमा आफूलाई निकै अगाडि पुऱ्याएको छ, हुन त अन्तरिक्षसम्मै पुगिसकेको उसका के कुरा गर्नु ? तर धेरै

नसकेपनि सामान्य सडक व्यवस्थापनका, यात्रासहजताका कुरा सम्म र केही त हामीले पनि सिके हुने नि ?

प्रकृतिले थुप्रै कुरा दिएको छ । तर हामीले एकातिर तिनको संरक्षण गर्न, सदुपयोग गर्न र तिनबाट यथोचित लाभ लिन सकिरहेका छैनौं भने अर्कोतिर निहित स्वार्थ एवम् आफू र आफ्ना भन्दा पर नसोच्ने प्रवृत्तिले हाम्रो उर्ध्वगामी यात्रामा तगारो तेर्स्याएको छ । 'लुट्न सके लुट् कान्छा'को नियतिले हामीलाई ठाडो शिर गर्नबाट वञ्चित गरेको छ, सधै निहुरिन बाध्य बनाएको छ । आफ्ना कमी कमजोरी सुधार्ने भन्दा अर्काका कुरा काट्नमै हामीलाई आनन्द आउँछ, राम्रो सिक्ने, अपनाउने भन्दा नराम्राकै निरन्तरताको लागि प्रतिस्पर्धा गर्नुलाई आफ्नो योग्यता ठानिरहेको छ हाम्रो नेतृत्वले र देश दिशाहीनताको भुवँरीमा फँसेको छ । बाहिर लुम्बिनी र बुद्धको नाम जपेपनि नेतृत्वको मन स्वार्थ भन्दा माथि उठ्न सकेको छैन । सत्ता र शक्ति भन्दा पर अर्को केही सोच्न सकिरहेको छैन त्यसले । यसैले अशान्ति, द्वन्द्व र अस्वस्थ प्रतिस्पर्धामै अलमलिनुपरेको छ । गरिबी र पछौटेपनको भुङ्ग्रोमा भुतभुतिनु परेको छ ।

अघिदेखि नै हामी ग्रामीण भेगबाट अघि बढिरहेका छौं, गुडेदेखि थोरै समय उत्तर पूर्व अनि पूर्वैपूर्व हानिएका छौं एकोहोरो । ससाना बजार देखिएपनि सडक छेउ 'शहर' देखिएका छैनन् ।

मोरस आयो ।

हरियाली छ दुबैतर्फ, पहाड छुटेको छैन । उपत्यका वा भित्री मधेसका दुम्किवास-नारनघाट-हेटौडाको झल्को लाग्छ, लाग्छ चुरे हुँदै यात्रा गरिरहेकाछौं, हरियाली, बस्ती उस्तैउस्तै । दृश्यहरू भर्खर मात्र गरेको मदन भण्डारी लोकमार्गको यात्राको झल्को दिइरहेछन् ।

अर्को भूगोलको अनुमान गरिरहेछन् आँखाहरू र खोजिरहेछन् परपर तानिएर नयाँ नौलो केही तर एक पछि अर्को थुम्को उभिन्छ सामुन्ने । छिचोल्दै अघि बढिरहेको छ हामी सवार बस आफ्नै गतिमा झन्डै ५० यात्रु बोकेर । गुडेको डेढ घण्टा हुन आँट्यो, पहाड र हरियाली छुटेको छैन । भूगोल फेरिएको छैन ।

एक ऐतिहासिक शहरतर्फको यात्रा, कौतूहल र उत्साह छ मनभित्र । आँखाहरू प्रकृतिसँग रमाएका छन् । सडक उतिसारो व्यस्त छैन, शहर एउटै भेटिएको छैन, खेतीपाती, खासगरी मकैकै बाहुल्य छ, उस्तै छन् दृश्यहरू तर कत्ति नरमाइलो लागेको छैन । प्रकृतिको सान्निध्य, कृत्रिमताविहीन प्रकृतिको काख कहाँ पो नरमाइलो हुन्छ र ?

ठाउँठाउँमा चेतावनी सूचक बोर्ड देखिन्छन् 'चट्टाने गिर सकती है, सावधान !'सडक वैज्ञानिक ढङ्गमा बनेको महसुस हुन्छ ।

देवला आयो, अर्को गाउँ । ससानो स्थानीय बजार रहेछ यहाँनेर ।

चियाबारीको झल्को दिने झाडी, खजुरका बोट, बस्ती, हरियाली, ढुङ्गा आदि दृश्यहरूको निरन्तरता छ । एकपछि अर्को थुम्को, ढुङ्ग्याइलो भूमि हुँदै जारी छ यात्रा । आँखाहरू कौतूहलपूर्ण दृष्टि फालिरहेछन् देखिएसम्म ।

खोखरीया नाल नामक छोटो सुरूङमार्ग आयो । त्यहाँबाट निस्केपछि सडकले केही उचाइ लियो ।

जङ्गल छिचोल्दै गर्दा अर्को सुरूङमार्ग आयो उखलियात र लगत्तै उखालियात भन्ने स्थान आयो । यो सुरूङमार्ग केही लामो छ ।

ठाउँको नामले मुस्लिम समुदायको बसोबास भएको क्षेत्र होला भन्ने अनुमान गर्छु म ।

फेरि उस्तै दृश्य, बरका बडेबडे रूख, खजुर, बाँस आदि देखिन्छन् परिचित वनस्पति ।

झाडोली आइपुग्यो । सडक छेउ देखिन्छ 'देशी व अंग्रेजी शराब की दुकान'

भारतमा मदिराको व्यापार व्यवस्थित छ । जहाँतहाँ र जतिखेर चाह्यो उतिखेर मदिरा पाइँदैन । हामीकहाँ भने मनपरी छ, खाद्यान्न, औषधी, दूध, दुर्लभ तर मदिरा सर्वसुलभ छ । जहाँ, जतिखेर, जस्ले पनि पाउन सक्छ । सबै किसिमका स्वतन्त्रताको उपभोगमा सम्भवतः हामी संसारमै पहिलो छौं, शायद हाम्रो जस्तो प्रजातान्त्रिक हक अधिकारले युक्त मुलुक दुनियाँमा अर्को कुनै छैन ।

उदयपुर ४९ चित्तौडगढ १५० किलोमिटर पर छन् अब । चित्तोडगढ अर्को ऐतिहासिक शहर हो, पहिले यहिँ थियो राजाका पालाको राजधानी, पछि सुरक्षाका दृष्टिले उदयपुर सारिएको इतिहासमा उल्लेख छ ।

यहाँनेर भन्नैपर्ने कुरो, जनसङ्ख्याका दृष्टिले उत्तर प्रदेश ठूलो हो भने राजस्थान क्षेत्रफलका दृष्टिले भारतको सबैभन्दा ठूलो प्रदेश हो । हाम्रो सिङ्गै देशको क्षेत्रफल १, ४७, १८१ वर्ग किलोमिटर हो, राजस्थानको क्षेत्रफल ३, ४२, २४९ वर्ग किलोमिटर छ । ऐतिहासिक शहरहरू यहिँ छन्, राजपुतहरूको राज्य हो । यहाँ ऐतिहासिक दरबारहरू छन् । कला र संस्कृतिले धनी छ राजस्थान । थार मरूभूमि राजस्थानमै पर्छ ।

ओरालिन्छ तेर्सो सडक र आउँछ मोकेला । त्यसपछि आउँछ गोगुन्डा । समय ८.३० भएको छ बिहानको । बस रोकिन्छ 'होटल गोविन्द प्यालेस' सामु फराकिलो आँगनमा ।

'ल खाजा खाउँ ' - अगुवाइ गरिरहेका व्यक्ति सूचना गर्छन् ।

हामी तीनवटा बसमा छौं बाँडिएर बसेका । सबै ओर्लँदा भिड छ हाम्रै मात्र, अरू ग्राहक छैनन् ।

खाजाका खासै विकल्प छैनन् यहाँ, उही पोका बन्द 'जङ्क फुड' अर्थात् 'पत्रु खानेकुरा' बाहेक । ताजामा आलुरोटी चाहिँ बन्दोरहेछ यहाँ । हामी त्यहि रोज्छौं र, खाजा पछि ९ बजे अघि बढ्छौं ।

उदयपुर नजिकिँदै छ, मात्र ३९ किमि पर छ अब ।

पत्रपत्र परेका ढुङ्गे च्टटानको प्रचूरता छ । 'यतै होला मार्वल पाइने' हामी अनुमान गर्छौं ।

'सावधान, चट्टाने गिर सकती हैं' को सावधानीसूचक बोर्ड अगाडि पुग्दा मार्बल जस्तो ढुङ्गे पहरो देखिन्छ सडकको दुबैतर्फ । हामी राजस्थानी मार्बलको व्यापार सम्झन्छौं काठमाडौंको ।

पहाडी थुम्काकै बीचमा छ यात्रा जारी । हरियाली छ तर वन पातलिएको छ ।

उदयपुर २३ किमी मात्र बाँकी छ अब ।

फेरि वन बाक्लिन्छ ।

झरमहादेव मन्दिर देखिन्छ सडक छेउँ ।

म आफूले देखेका विभिन्न नामका थुप्रै महादेवका मन्दिर सम्झन्छु, र यो नाम जुन फरकखालको छ त्यसबाट छोइन्छु । मन्दिरको शैली त हाम्रो भन्दा यतातिर भिन्न नै छ !

इसवाल आइपुग्छ । पूर्वैपूर्व दौडिएका हामी यहाँबाट लाग्छौं बायाँ, उत्तरतर्फ बडगाउँ हुँदै । बस्ती, खेतीपाती, जङ्गल छ, उस्तै छ भूगोल, फेरिएको छैन, मात्र सडक साँगुरिएको छ ।

बरभाषण माँ मन्दिरको प्रवेशद्वार देखिन्छ ।

नौला लागिरहेका छन् यतातिर देवीदेवताका नाम । सबै नाम हामीलाई थाहा हुने कुरो पनि त होइन, कारण, हामी तेत्तीसकोटी देवताका धनी जो छौं !

'पोखरा हिंडेजस्तो पो लाग्यो'– भित्री सडक पसेपछि बिपनाजीको भनाइ ।

उहाँको माइती देशको स्मरणमा 'हो नि है, दमौली, जामुनेतिर पुगेजस्तो' सुमित्राको समर्थन र पुष्ट्याईँ । आखिर दुबैको माइती पोखरा–स्याङजा न हो । यी भनाइमा गणेशजी र म ससुराली यात्राको अनुभूति गर्छौं ।

हरियाली छ, बस्ती छ, लहलह मकै छ ।

भित्री बाटो फाट्छ ठाउँठाउँमा । यसले भित्रैसम्म बस्ती छ भन्ने बुझ्न सहज हुन्छ ।

'कडियाँ, राजपुतों कि बस्ती' लेखिएको बोर्ड छ सडक छेउँ, यही हुँदै अघि बढ्छौं । हामीलाई थाहा छ, राजस्थान राजपुतहरूकै थलो हो ।

ऐतिहासिक स्थल कुम्भलगढ तथा घोडाघाटी जाने बाटोको सङ्केत पाटी देखिन्छ ।

लोसिंग आइपुग्छ । हामी ग्रामीण बजार र बस्ती हुँदै अघि बढ्दैछौं ।

अब थाहा हुन्छ, हामी उदयपुर जाने मूलबाटो छाडेर बायाँ लागेका छौं । यताबाट जाँदा हल्दिघाटी पुगिन्छ । हामी हल्दिघाटीलाई लक्ष्य बनाएर उत्तरतर्फ लागिरहेका छौं, गाउँ बस्ती छिचोल्दै । यो एक ऐतिहासिक स्थान हो ।

उहिले युवावस्थामा हिन्दी चलचित्रमा देखेका दृश्यहरू र स्थान नामको स्मरण हुन्छ ।

मुस्ताङका जस्ता ढुङ्गाका पर्खाल छन् बारीको साँध सीमानामा, सडक छेउँ, आँक बाक्लै छ, खेती भने राम्रो देखिँदैन माथितिर लाग्दा ।

महाराणा प्रताप सङ्ग्रहालयको प्रवेशद्वार सामु पुगेर अडिन्छ गाडी । समय बिहानको १० बजेको छ ।

अगुवाइ गरिरहेका र यस यात्राको व्यवस्थापन गर्नुका साथै पथप्रदर्शकको काम समेत गरिरहेका पहिले पटकपटक यहाँ पुगिसकेकाहरू टिकटको चाँजोपाँजो मिलाउँछन् र लाम लागेर भित्र पस्छौं हामी ।

प्रवेशद्वारको दायाँतर्फ मन्दिर छ, सामुन्नेमा इतिहास चर्चित चेतक घोडाको प्रतिमूर्ति छ र महाराणाका सालिकका साथै, हात्ती, घोडा, राजा महाराजाका आकर्षक प्रतिमाहरू देखिन्छन् सङ्ग्रहालय परिसरमा । तस्विर खिच्ने प्रतिस्पर्धा चल्छ केहीबेर । अनि अगाडि बढ्छ हाम्रो यात्रा मुख्य भवनतर्फ ।

सङ्ग्रहालयभित्र सानो सिनेमा हल नै रहेछ जहाँ महाराणा प्रतापबारेको केही मिनटको चलचित्र देखाइँदोरहेछ आगन्तुकलाई । हामी पनि हेर्छौं ।

महाराणा प्रताप, हल्दीघाटीलगायतका युद्ध, चेतक घोडाको बहादुरी आदि बारे र त्यस भेगको इतिहासकै सङ्क्षिप्त जानकारी दिनेरहेछ त्यसले । पराक्रमी सूरवीर महाराणा प्रताप र मानसिंहका कुरा, चेतक घोडाको बहादुरीका कुरा धेरै छन् यस स्थानसँग जोडिएका ऐतिहासिक घटना ।

तर मानिसहरूको ध्यान त्यतातिर भन्दा पनि बाहिरी दृश्यतर्फ छ, कहाँ के देखिन्छ भन्नेतर्फ छ, यसैले केही मिनट धैर्य गर्न पनि गाह्रो ! वास्तवमा सिनेमा हेर्न गएको पनि त होइन, घुम्न पो गएको, हेर्न पो गएको ! पुगेका स्थानको ऐतिहासिकता र महत्त्व बारे धेरथोर जानकारी लिनु अनुचित होइन । कुरा बुझे, ऐतिहासिक पृष्ठभूमि थाहा पाए पो ठाउँ र व्यक्तिबारे जिज्ञासा बढ्छ, घुम्नुको सार्थकता पनि रहन्छ ।

थाहा छ आजको युग प्रतिस्पर्धाको युग हो, तर महसुस हुन्छ, आजको मान्छे यसै पनि हतारिन्छ, आजको मान्छे हेर्न चाहन्छ तर बुझ्न चाहँदैन, ज्ञान भन्दा मनोरञ्जन र मेहनत भन्दा आराम चाहन्छ । गहिरिएर भित्र पस्ने भन्दा पनि बाहिरी आवरण हेरेर रमाउँछ, दङ्ग पर्छ, प्रशंसा वा आलोचना गर्छ, सबैकुरो बुझेको, जानेको अभिनय गर्छ गुदी खोज्दैन बोक्रामै सन्तुष्ट हुन्छ, सतही ज्ञानमै रमाउँछ, हरेकले आफूलाई सर्वज्ञाता ठान्दछ, आश्चर्य यसैमा छ ।

झण्डै एक घण्टा बित्छ सङ्ग्रहालय परिसर र सेरोफेरोमा ।

बाहिर निस्कदा देखिन्छ सीताफल अर्थात् शरिफा बिक्री गर्नेहरूको लाम, ससाना बालबालिका देखि महिलाहरू समेत छन् । भन्दैछन् 'सयका पाँच किलो, सयका पाँच किलो ।' लाग्यो यो यहाँको सबैभन्दा सस्तो फल हो । हामी मध्ये केहीले किन्छौं ।

'अब हामी हल्दीघाटी जान्छौं', अगुवाई गरिरहेका व्यक्ति भन्छन् । र गाडीमा बसी नजिकै रहेको हल्दीघाटीको अवलोकनका लागि त्यसतर्फ लाग्छौं ।

हल्दीघाटी महाराणाप्रतापका सेना र मुगल सेनाका बीच युद्ध भएको स्थान हो । १८ जुन १५७६मा भएको सो युद्धमा महाराणाप्रतापका सेनाको सङ्ख्या निकै सानो र मुगल सेनाको सङ्ख्या निकै ठूलो भएपनि हल्दीघाटीको अग्लो स्थानबाट आक्रमण गर्न पाएकाले शत्रुलाई परास्त गर्न सफल भएको इतिहासमा उल्लेख छ ।

ooo

# जहाँ खायो त्यहीं चुट्छ

✍ **नारद गौतम**
**बुटवल, रूपन्देही**

चल्छन् नाम दुई प्रकारसितका यो लोकले जान्दछ ।
लिन्छन् नाम घृणा गरेर त कुनै आदर्श नै मान्दछ ।।
गर्दै नित्य कुकर्म जो जति गए कुख्यात बिर्सिन्न ती ।
राम्रो देन सुकर्मको यदि दिए प्रख्यात सम्झिन्छ ती ।।
***

मान्छे दुर्लभ जन्म हो सफलता गर्छन् कुनै हासिल ।
बुझ्दैनन् जतिले यसै विफल भै ती पाउँछन् जौतिल ।।
आफ्नो देश उठाउने जुन भए ती कर्म हुन् उत्तम ।
झण्डादेश झुकाउने जति हुनन् ती जन्म हुन् निच्छिम ।।
***

खाएको जुन थाल हो नि त्यसमै चुठ्छन् त्यहीं दुर्जन ।
जो संरक्षण गर्दछन् जतनले मानिन्छ ती सज्जन ।।
आफ्ने देश-परम्परा प्रगतिमा उत्थान गर्नेहरू ।
ठानिन्छन् जन देशभक्त हितमै लागेर मर्नेहरू ।।
***

बन्छन् बाज शिकार गर्छ पसिना जो राष्ट्रको सम्पति ।
ती हुन् दुष्ट र नीच मूर्ख जसले पार्छन् सधै नै क्षति ।।
दुष्टैदुष्ट र मूर्ख शासक बने त्यो राष्ट्र नै गिर्दछ ।
त्यस्तैको छ जमात पूर्ण त भने त्यो देश नै पिर्दछ ।।
***

जस्मा राक्षसको स्वभाव छ तिनी सारा बिगार्ने त हुन् ।
आफन्ती परिवारको हित गरी अन्यत्र मार्ने त हुन् ।। ।
हेर्दा मानव हो स्वभाव नरको पाइन्न हो दानव ।
त्यस्ताले यदि राज्य गर्दछ भने तर्साउने हुन् सब ।।
***

खाने थाल फुटाल्छ चुठ्न पर जा हान्दिन्छ कुच्याउँछ ।
त्यस्तो गर्न हुँदैन भन्छ जसले उल्टै उछुट्ट्याउँछ ।।
जुट्छन् दैत्यपिचास राक्षसहरू आतङ्क मच्चाउँछन् ।
त्राहि त्राहि गराउँछन् शठहरू सोझा त अत्याउँछन् ।।
***

ooo

# गजल

✍ **सुरेशप्रसाद अर्याल**
**इस्मा-५, गुल्मी**

एउटा तारा न हुँदैमा नभ रित्तो कहाँ हुन्छ ?
हो, केही न केही भ्रम यहाँ हरेक मान्छेमा हुन्छ ॥

म चाहन्छु कि ऊ मेरो कोही न होस्, केही न होस्
तर उहीं हर पल मेरो मुटु हुन्छ, आँखा हुन्छ ॥

भै जान देऊ जे हुनु छ, जस्तो होस्, जे-जे होस् या
कसैको लागि समाचार, कसैलाई कथा हुन्छ ।

भर पर भन्छौं यति ढुक्क भइ कि हाँसो लाग्छ
अरे यार कसरी एकै बैसाखी र खुट्टा हुन्छ ॥

छुट यसरी कि पात छुट्छ जसरी हाँगाबाट
बल्ल पो पालुवा भई पलाउँदा मज्जा हुन्छ ॥

एक जमाना थियो त्यो झ्यालमा गुलाबी अनुहार हुन्थ्यो
एक यो जमाना छ, एउटा गुलाबी पर्दा हुन्छ ॥

ooo

**कर परिपालना सम्बन्धमा सबै करदातामा सूचना**

१. रोजगारी गर्ने सबैले व्यक्तिगत प्यान नम्बर लिउँ । व्यवसाय/कारोबार गर्ने सबैले व्यावसायिक प्यान नम्बर (स्थायी लेखा नम्बर) लिएर मात्र कारोबार गरौं ।
२. वस्तुको कारोबार गर्ने व्यक्तिले आफ्नो वार्षिक कारोबार ५० लाखभन्दा बढी हुन्छ भने अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएर मात्र कारोबार गरौं । सेवामूलक व्यवसाय गर्ने व्यक्तिले २० लाखभन्दा बढी वार्षिक कारोबार हुन्छ भने अनिवार्य रूपमा भ्याटमा दर्ता भएर मात्र कारोबार गरौं । वस्तु तथा सेवा दुबैको कारोबार गर्नेले वार्षिक रूपमा ३० लाखभन्दा बढी कारोबार हुने भएमा भ्याटमा दर्ता गरेर मात्र कारोबार गर्नुहुन ।
३. मदिरा तथा सूर्तीजन्य वस्तुको कारोबार गर्नेले अनिवार्य रूपमा अन्तःशुल्क इजाजतपत्र लिएर मात्र कारोबार गरौं । इजाजतपत्र सबैले देख्ने गरी कारोबारस्थलमा राखुपर्नेछ । प्रत्येक वर्षको श्रावण मसान्तभित्र अन्तःशुल्क इजाजतपत्र नवीकरण गरेर मात्र कारोबार गर्ने गरौं ।
४. व्यवसाय गर्ने स्थलमा अनिवार्य रूपमा सबैले देख्ने गरी स्थायी लेखा दर्ता प्रमाणपत्र र करपाटी राख्ने गरौं । बील बिजक लिने/दिने कार्यलाई अनिवार्य गरौं ।
५. जुनसुकै वस्तु तथा सेवाको कारोबार भए तापनि कारोबारको खरिद बिक्री खाता दैनिक रूपमा स्वयं प्रमाणित गरी अद्यावधिक राख्ने गरौं । तिर्न बाँकी कर बक्यौता समयमै दाखिला गरी थप ब्याज र जरिवानाबाट बचौं ।
६. व्यवसाय सञ्चालन नरहेमा व्यवसाय वा कारोबार बन्द गरे तापनी कर कार्यालयम आई स्थायी लेखा नम्बर स्थगन नगर्दा पछि थप कर र जरिवानामा परिन्छ । त्यसैले कारोबार नगरेमा प्यान बन्द गरौं ।
७. कारोबारको आय विवरण यकिन गरी असोज मसान्तभित्र अनिवार्य रूपमा पेस गरौ ।

द्रष्टब्य : माथि उल्लिखित कार्यहरू नगरेको पाइएमा कानुनबमोजिम कारोबार हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**करदाता सेवा कार्यालय**
तम्घास, गुल्मी
फोन : ०७९-५२००१९/०७९-५२००२०

*// लेख //*

# १४४ वर्षअघिको नियात्रा

✍ **पुष्कर अथक रेग्मी**
**तानसेन, पाल्पा**

नेपाली शब्दकोषअनुसार, एक ठाउँबाट अर्को ठाउँसम्म पैदल वा कुनै सवारी साधनद्वारा जाने काम, भ्रमण वा धार्मिक उद्देश्यले तीर्थस्थलमा जाने काम तीर्थाटनलाई यात्रा भनिन्छ भने यात्रानिबन्धको औपन्यासिक वा उपाख्यानात्मक रूप, यात्रा वर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्धलाई नियात्रा भनिन्छ । ग्रिक भाषाको यात्रा अर्थ दिने Travel शब्दमा अभिव्यक्ति अर्थ दिने Logue शब्द जोडिएर अंग्रेजीमा बनेको Travelogue शब्दको नेपाली अर्थ नियात्रा हो । यात्रा शब्दमा नि उपसर्ग लागेर बनेको नियात्रा शब्दले साहित्यको एउटा अभिव्यक्ति कला, सिर्जना वा विशेष विधा जनाउँछ । साहित्यमा नियात्रालाई निबन्धात्मक यात्रा, यात्रासाहित्य, यात्रावृतान्त, यात्रावर्णन, यात्रास्मरण, यात्रा स्पर्श आदि शब्दद्वारा समेत सम्बोधन गरिएको छ । यसैले पनि पाल्पाका अग्रज साहित्यकार कृष्ण प्रसाद लाकौलद्वारा वि. सं १९३७ ताका तीर्थाटनको क्रममा लेखिएको 'तीर्थयात्रा दैनिकी'लाई नियात्रा साहित्यको महत्त्वपूर्ण इतिहासको रूपमा लिन सकिन्छ ।

यात्रा साहित्यको शुभारंभकर्ता ग्रिसेली यात्रु भूगोलविद् पौसानियस हुन् । उनले दोस्रो शताब्दीमा 'हेलामडोस पेरिजेरसिस' किताबमा ग्रिसका बारेमा गरेको वर्णन नै नियात्रा साहित्यको पौराणिक प्रमाणिक तथ्य हो । नेपाली यात्रा साहित्यको इतिहास भने वि. सं २००७ को क्रान्तिपूर्व निर्माणकाल र सो पश्चात्को समयलाई विकासकाल मानिएको छ । निर्माणकालीन नियात्रा साहित्यको इतिहास खोतल्दा वि.सं. १५५० मा तत्कालीन कर्णाली क्षेत्रका राजा गगनी राजले मुगुदेखि मुस्ताङसम्म गरेको यात्रालाई अज्ञात लेखकद्वारा 'राजा गगनीराजको यात्रा' लेखी नियात्रा साहित्यको इतिहासको आरम्भ कृतिको रूपमा सुरक्षित राखिएको पाइन्छ । यद्यपि आधुनिक नेपालको इतिहासमा वि. सं १९१० मा बेनामी लिखित 'जंगबहादुरको बेलाइत यात्रा' बाटै नेपाली साहित्यमा नियात्रा साहित्यको श्रीगणेश भएको प्रमाणिक मानिएको छ । यसपछि चिरञ्जिवी पौड्यालको 'आफ्नो कथा' (१९५५) देखा परेको भनी डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लिखित 'नेपाली साहित्यको संक्षिप्त इतिहास' (२०४९) मा लेखिएको भएतापनि यस पूर्व नै वि. सं. १९३७ मा पाल्पा तानसेन ठाडोगल्ली निवासी कृष्णप्रसाद लाकौलद्वारा लेखिएको 'तीर्थयात्रा दैनिकी' नेपाली साहित्यको दोस्रो नियात्रा साहित्य हो भन्नुमा युक्ति संगत ठहर्छ कि ? जुन पाण्डुलिपि अवस्थामै रहेको थियो र १४४ वर्षको

अन्तरालपछि प्रकाशित भएको छ । 'जंगबहादुरको बेलाइत यात्रा' (१९१०) यात्रा विवरण, केदारमणि आ.दी.को 'बेलायत जाँदा' (२०२२) यात्रा संस्मरण हो भने नियात्रा शब्दको अस्तित्व तारानाथ शर्माको 'बेलायततिर बरालिंदा' (२०२६) संगै आएको हो । घनश्याम राजकर्णिकार (१९९८) नेपाली नियात्राको क्षेत्रमा प्रतिष्ठापित साहित्यकार हुन् ।

नियात्राकार कृष्णप्रसाद लाकौलको जन्म कहिले भयो ? तिथिमिति थाहा पाउन नसकिए तापनि मृत्यु भने वि. सं. १९६९ चैत्र १० गते बुटवलमा भएको थियो । पाल्पाली आदिकवि छविलाल नेपालको जन्म वि. सं १९०५ र मृत्यु १९७९ मा भएकोले पनि लाकौल छविलाल नेपालका समकालीन थिए भन्ने पुष्टि हुन्छ । वि. सं १९३७ तिर तीर्थयात्रा जाँदा उनको उमेर २० वर्षको भएपनि जन्म वि. सं १९०७ र ३० वर्षको भए जन्म वि.सं १९१७ हुनुपर्दछ, अर्थात् उनी वि.सं १९०७ र १९१७ को बीचमा जन्मेको हुनुपर्दछ ।

रेसुङ्गाका सन्त शशिधर स्वामी (१८०४-१९०६) स्वर्गीय भएको ३१ वर्ष, आदिकवि भानुभक्त आचार्य (१८७१-१९२५) स्वर्गीय भएको १२ वर्ष पछि लेखिएको प्रस्तुत नियात्रा दधिराम मरासिनी (१९३९-२०२०) जन्मनु भन्दा २ वर्ष अधि र पाल्पाका राष्ट्रिय प्रतिभा पं माधव प्रसाद देवकोटा (१९६०-२०३९) जन्मनु भन्दा २३ वर्ष अघि, युवक कवि मोतिराम भट्ट (१९२३-१९५३) कालीन रहेको छ । पतञ्जलि गजुर्‍याल (१८८०-१९४४) राजीवलोचन जोशी (१९०५-१९८६) होमनाथ खतिवडा (१९११-१९८४), शिखरनाथ सुवेदी (१९२१-२००५) लगायतका स्वनामधन्य नेपाली साहित्यका दिग्गज साधकहरूको युगमा तत्कालीन पाल्पा गौंडा तानसेन ठाडोगल्लीमा जन्मिएका लाकौलले 'तीर्थयात्रा दैनिकी' लेख्दाको समयमा पाल्पा गौंडाका प्रशासक लेफ्टिनेन्ट जनरल भुपेन्द्र जंग राणा (१९३७-१९३९) थिए भने यस अघि जनरल वीर शम्सेर (१९३१-१९३६) रहेका थिए ।

नेपालको एकीकरण पूर्व सेन राज्यहरूको बोलीचाली र सम्पर्क भाषा पर्वते, भोजपुरी, अवधी, मैथली रहेतापनि वि. सं १८५० पछि भने पाल्पामा पर्वते अर्थात् गोर्खाली भाषाकै चलन बढी चलेको थियो । पर्वते भाषाका प्रमुख गद्यकार प्रेमनिधि पन्त थिए । उनले आफैले संस्कृतमा लेखेको 'प्रायश्चित प्रदीप' को आफैले पर्वते भाषामा अनुवाद (१७८९) गरेका थिए । पर्वते भाषा भन्नुनै खस भाषा हो । खस भाषालाई गोरखा भाषा भनिन लागियो र वि. सं १९७० मा 'गोरखा भाषा प्रकाशिनी समिति' स्थापना भयो । गोरखा भाषामा साहित्यको विकास भएतापनि मुलुक भने 'नेपाल' बाट चिनिन लागेकोले वि.सं. १९८९ देखि 'नेपाली भाषा प्रकाशिनी समिति' मा नाम रूपान्तरण गरी नेपाली भाषा राष्ट्र भाषाको रूपमा रहन गयो ॥

पाल्पा गौंडाको प्रशासनिक भाषा नेपाली (खस /पर्वते ) भएतापनि संस्कृत, मगर, नेवारी, गुरुङ्, थकाली, बोटे, कुमाल लगायतका भाषाहरू समेत बोलिने गरिन्थ्यो । पाल्पा गौंडाको प्रशासनिक क्षेत्र तानसेन, सामाकोट, वामीटक्सार, बाग्लुङ र बेनीमा बस्ने नेवार जातिको आफ्नै मातृभाषा नेवारी (नेपाल भाषा) रहेको थियो । पाल्पाको तानसेनमा वि. स. १९७२ मा निः शुल्क संस्कृत पाठशाला खुलेको र यो पाठशाला वि.सं. १९७८ मा भाषा पाठशालामा रूपान्तरित भएको पाइन्छ । भाषा पाठशाला खुल्नु भन्दा चार दशक अघि नै विना औपचारिक शिक्षा मातृभाषा नेवारी भएका लाकौलले नेपाली भाषामा 'नियात्रा' लेख्नु चानचुने कुरा थिएन । यो ऐतिहासिक शोध, खोज, सोंच र ओजको विषय रहन गएको छ ।

"मूल ग्रन्थ खोइ ? " पाल्पाली अग्रज साहित्यकार कृष्ण प्रसाद लाकौलका नाति, पुस्तक पढ्ने दलान (धवल पुस्तकालय) का संस्थापक अक्षरपुरुष अम्बिका प्रसाद लाकौलका सुपुत्र वनमालीप्रसाद लाकौलसंग गत वर्ष (२०७९) काठमाडौंमा पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्र गोपाल सिंहले पाल्पा साहित्य समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको समुपस्थितिमा उल्लेखित प्रश्न गर्नु भयो । सन्दर्भ स्व. कृष्णप्रसाद लाकौलद्वारा लिखित कृति 'तीर्थयात्रा दैनिकी' प्रकाशनको प्रस्तावना थियो । मंसिर (२०८०) को अन्त्यतिर राजेन्द्र गोपाल सिंह र पुष्कर अथक रेग्मी समेत भई वनमाली प्रसाद लाकौलसंग कृतिगत वार्ता गर्ने निधो भएतापनि प्राविधिक कारणवश राजेन्द्र दाइ काठमाडौं जान सक्नुभएन र अथक मात्र गई नाति लाकौलसँग भेट गर्दा उहाँले स्व. हजूरबुवा कृष्ण प्रसाद लाकौलको पेन्सीलद्वारा हस्तलिखित पाण्डुलिपि 'तीर्थयात्रा दैनिकी' देखाउनु भएपछि गत वर्ष राजेन्द्र दाइले गरेको "मूल ग्रन्थ खोइ, " प्रश्नको उत्तर पाण्डुलिपिसँगै प्राप्त भयो ।

यो प्रसंग यहाँ यसकारणले उठाइएको हो कि, कमल दीक्षितद्वारा लिखित, साझा प्रकाशनद्वारा प्रकाशित (२०२८ पृ. ५२ -६०) पुस्तक 'कालो अक्षर' भित्र लेखकले 'मूल ग्रन्थ खोइ ? ' शीर्षकमा ऐतिहासिक उठान गर्नु भएको छ । कारण अज्ञात लेखकद्वारा लिखित मदन पुस्तकालयमा भेटिएको 'जंग बहादुरको बेलाइत यात्रा' र प्रतिमन थापाको 'जंगबहादुरको जीवन चरित्र' का विषयवस्तुहरूमा एकरूपता सामञ्जस्यता पाइएको र दुबैको उद्गमस्थल एउटै भएकोले प्रश्न सोधिएको रहेछ, "मूल ग्रन्थ खोइ ? " मूल ग्रन्थ नभइकन कुनै पनि कृतिको ऐतिहासिक प्रमाणीकरण नहुने भएकोले स्व. कृष्ण प्रसाद लाकौलद्वारा पेन्सीलले हस्तलिखित मूल ग्रन्थको छायाँकपि सहितको प्रकाशित 'तीर्थयात्रा दैनिकी' नेपाली साहित्यको आकाशमा प्रस्तुत कृति मध्यकालीन यात्रा साहित्यको ऐतिहासिक प्रामाणिक दस्तावेज 'नियात्रा' को रूपमा रहने छ ।

'तीर्थयात्रा दैनिकी' को प्राप्त पाण्डुलिपि अध्ययन गर्दा वि. सं १९३७ कार्तिक सुदी ६ भन्दा अघिको मिति स्पष्ट नभएतापनि त्यसपछिका मितिहरू सबै तिथिमा उल्लेख गरिएका छन् । कार्तिक सुदी ६ का दिन वृन्दावन र सुदी ७ का दिन जमुना स्नान गरी करीब ५ महिनाको लामो समयसम्म तीर्थाटन गरी फागुन वदी १३ का दिन शिवसागर स्नान सहित वैजनाथ मन्दिर दर्शन गरी फागुन सुदी १५ फागु पूर्णिमाका दिन बुटवल आइपुगी चैत्र वदी ६ का दिन गृहप्रवेश गरी तीर्थाटन समाप्त भएको देखिन्छ । फागुन वदी १३ शिवरात्रीका दिन फागुन १६ गते, फागुन सुदी १५ का दिन फागु पूर्णिमा र माघ १७ गते चन्द्रग्रहण परेको तिथिमितिहरू समेत मिल्न गएकोले अन्य कुरा यथावत् रहेमा कृष्णप्रसाद लाकौलद्वारा लिखित प्रस्तुत कृति वि. सं १९३७ मा नै लेखिएको पुष्टि हुन जान्छ ।

कृष्णप्रसाद लाकौल र द्रौपदी लाकौलले जन्माएका सात सन्तानहरू मध्ये एक पुत्र र एक पुत्री गरी जम्मा दुईजना मात्र बाँचेका थिए । यिनै एक सुपुत्र अम्बिकाप्रसाद लाकौल (१९५८-२०३१) पाल्पाको साहित्य, सचेतना र प्रकाशनको आकाशमा अक्षरपुरुष भएर अमर रहेका छन् । नेपाली, नेवारी र मगर भाषाका दर्जनौ कृतिहरूका लेखक अम्बिकाप्रसाद लाकौलका तीन जना सुपुत्रहरू नरेन्द्र प्रसाद लाकौल, वनमालीप्रसाद लाकौल र विमल लाकौल तथा सुपुत्री तुलसी लाकौल हुन् । पाल्पामा राजनैतिक, शैक्षिक, सामाजिक एवं साहित्यिक जागरण ल्याउन लाकौल परिवार, पुस्तक पढ्ने दलान र लाकौल प्रेसको ऐतिहासिक योगदान रहेको छ । लाकौल परिवारहरू संभ्रान्त, सभ्य, शिक्षित, सामाजिक एवं साहित्यिक रहेका छन् । यसै परिप्रेक्ष्यमा नाति वनमालीप्रसाद लाकौलको अगुवाइमा लाकौल परिवारले स्वनामधन्य कृष्णप्रसाद लाकौलद्वारा लिखित ऐतिहासिक धार्मिक नियात्रा 'तीर्थयात्रा दैनिकी' प्रकाशित गरी पुण्यकर्म गर्नुभएको छ ।

अमर पाल्पाली स्रष्टाहरूको जीवनी संग्रह 'अमृताञ्जली ' प्रकाशनको क्रममा अग्रज साहित्यकार कृष्णप्रसाद लाकौलको जीवनी लेख्ने मनसुवा भएतापनि आवश्यक तथ्य र कथ्यको अभावमा जीवनी लेख्ने धोको अधुरै रहेको थियो । यद्यपि उहाँको सुयोग्य सुपुत्र अम्बिकाप्रसाद लाकौलको जीवनी भने 'अमृताञ्जलि' भित्र सङ्गृहीत रहन गयो । अहिले स्व.कृष्णप्रसाद लाकौलको कृति 'तीर्थयात्रा दैनिकी 'का लागि भूमिका लेख्ने गरिमामय अवसर पाउँदा म आफूलाई भाग्यमानी ठानेको छु । यसका लागि लाकौल परिवार प्रति कृतकृत्य रही हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु । यसका साथै भूमिका लेखनका लागि आवश्यक परामर्श प्रदान गर्नुहुने आदरणीय दाइ राजेन्द्र गोपाल सिंहप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

बहुमुखी प्रतिभाका धनी अक्षरपुरुष, पाल्पाकै पहिलो लाकौल प्रेसका संचालक, मुद्रण पुरुष, पिता अम्बिकाप्रसाद लाकौलसँगै बाल्यावस्थादेखि नै कम्पोजिङ्ग कार्यमा अहोरात्र खटिने सुपुत्र वनमालीप्रसाद लाकौलले हजुरबुवा कृष्णप्रसाद लाकौलद्वारा लिखित 'तीर्थयात्रा दैनिकी' प्रकाशन गरी चिरस्थायी रूपमा पुनीत सौम्य कार्य गर्नु भएको छ । सत्कर्मका लागि सतत नमन !

गीतासार वाक्य, गीतासार लोकभाषा, तारोपनिषद, घटस्थापना पूजा विधि लगायतका संस्कृतमा तान्त्रिक ग्रन्थ समेत रचना गर्नुभएका कृष्णप्रसाद लाकौलको प्रस्तुत कृति तीर्थयात्रा दैनिकी नेपाली नियात्रा साहित्यको इतिहासमा संभवत दोस्रो सिर्जनाको रूपमा रहेको छ । आधुनिक पाल्पामा पद्य साहित्यको शुभारंभ आदिकवि छविलाल नेपालले गरेका थिए भने गद्य साहित्यको बिजारोपण कृष्णप्रसाद लाकौलले गरेका थिए भन्नुमा अतिशयोक्ति नहोला ।

कृष्णप्रसाद लाकौलको बारेमा लेख्नेहरूले 'तीर्थयात्रा दैनिकी' लाई निबन्धको रूपमा परिभाषित गर्दै आए । जब पाण्डुलिपि भेटियो र कृति प्रकाशनको क्रममा इतिहास खोतल्दै र विषयवस्तु माथि घोत्लिदै जाँदा कृति वस्तुपरक निबन्ध भित्रको वर्णनात्मक निबन्ध अर्थात् यात्रा वर्णनस्वरूपको हुन पुग्यो । अत : यात्रा वर्णनलाई नियात्रा साहित्य भनिएकोले स्व लाकौलको तीर्थयात्रा दैनिकी शैलीमा लेखिएकोले नियात्रा सिद्ध हुन गएको छ ।

स्नान, तर्पण, पूजा, मुण्डन, श्रवण, दर्शन, परिक्रमा, दीपदान, पिण्डदान, श्राद्ध, यथाशक्य दान, भोजनदान, संकल्प, नैवेद्य, दक्षिणा समेतका कुराहरू उठान गरी वृन्दावन, जमुना, जयपुर, अजमेर, श्रीपुष्कर, आगरा, प्रयाग, मिर्जापुर, भागीरथी, कपिलधारा, गाजीपुर, काशी, गया, पटना, कलकत्ता, गंगासागर, भुवनेश्वर, उडिसा, चक्रतीर्थ, जगन्नाथपुरी, गोरखपुर लगायतका स्थानहरूका सफल यात्रालाई नियात्रामा समेटिएको छ । काल्पनिकता र विशेषणयुक्त भन्दा पनि सत्यतथ्य र कथ्यपरक प्रस्तुतिसहित नियात्राकारद्वारा कथयिता, अवलोकनकर्ता र सूचनादाताको भूमिका निर्वाह गरिएको छ ।

लेखकीय दैनन्दिनीमा लेखकका नीजी विचार, अनुभव र अनुभूतिभन्दा पनि भ्रमण गरिएको स्थान, गरेका कर्म र भेटिएका व्यक्ति तथा वस्तुहरूको प्रसंग टिपोट उठान गरिएकाले यात्रा विवरणको रूपमा 'तीर्थयात्रा दैनिकी' पदार्पण भएको छ । कृति र कृतिकार माथि अन्वेषणसहितका समालोचकीय शोध चिन्तन र थप धारणाहरू बुज्रुग साहित्यकार, बौद्धिक पाठकवर्ग, विज्ञ समालोचक एवम् दक्ष अनुसन्धाताहरूबाट प्राप्त हुने नै छन् । स्वनामधन्य अग्रज साहित्यकार कृष्णप्रसाद लाकौल नेपाली वाङ्मयको आकाशमा नियात्राकारको सूचिमा अग्रज नक्षत्रस्वरूप

अजर–अमर भएर रहनेछन् । वनमालीप्रसाद लाकौल, रूपकिशोर लाकौल, शरदकिशोर लाकौल र भारतकिशोर लाकौलद्वारा प्रकाशित १४४ वर्ष अधिको नियात्रा नेपाली वाङ्मयको आकाशमा ऐतिहासिक दस्तावेजसहित उदाहरणीय, संग्रहणीय एवम् अनुसन्धानीय कृतिको रूपमा रहनेछ भन्ने विश्वास लिएको छु ।

ooo

---

*// कविता //*

# साइनो

✍ **चन्द्रशेखर पन्थी**
**रेसुङ्गा–९, तम्घास, गुल्मी**
**हाल : सूर्यविनायक–३, भक्तपुर**

१. राष्ट्रियताको धज्जी
दापविनाको खुकुरी
दूरदर्शीताविना नेता ।

२. सुरुप्प चिया मिठो
उद्यमी इलामे ठिटो
गन्तव्यमा पुग्नु छ छिटो ।

३. हट्नुपर्छ कुरीति
सुन्दर हाम्रा संस्कृति
सुधार्दै जाऊ तिम्रो मति ।

४. चिन्तामा छ जिन्दगी
जोड्नु छ धेरै सम्पत्ति
गाउँका घर सबै खाली ।

५. राम्रो देख्नै नहुने
मिठो आफैं खानै पर्ने
नेता बन्न पढ्नै नपर्ने ।

६. छाओस् देशमा शान्ति
कोमामा नपुगून् कोही
हतियारको होडबाजी ।

७. मृत्युपछि शालिक
मान्छे जति सबै जाली
जेलभित्र हालीमुहाली ।

८. स्वर्ग बनोस् जिन्दगी
देशमै खोजौं ऐश्वर्य
फेर्नु छ देशको मुहार ।

९. भिरमा गुड्छ बस
हिमाल अन्नको भण्डार
गफ चुट्नु देशविकास ।

१०. जताततै छन् रोगी
मोबाइलका छन् भोगी
छरपस्ट भयो नियति ।।

ooo

# आमाको महिमा

✍ **डा. सीता सुवेदी पन्थी**
**रेसुङ्गा-९, तम्घास, गुल्मी**
**हाल : सूर्यविनायक-३, भक्तपुर**

आमा सृष्टि कला अमूल्य जगकी सङ्गीत झङ्कार हुन्
आमा मूल जडी अनन्त भवकी आत्मा अलङ्कार हुन्
आमा आश्रयमा म बाँच्छु सहजै आज्ञा शिरोधार्य छ
पाए बस्न सधै समीप उनका यो जिन्दगी सार छ ।

कैयौं मृत्युसँगै लडी प्रसवमा बग्छन् सिरा तर्तरी
हाँस्छिन् तैपनि वेदना सब भुली देखेर सन्तान ती
धर्तीमा शिशुको पदार्पण हुने पाएर सञ्जीवनी
भर्दै तागत पुष्ट बन्छ उसको सौहार्दको जीवनी ।

छातीमा झरना बगी दिनदिनै पीयूष प्याला भरी
अल्पिन्छन् सब दर्दका प्रहर ती बन्छिन् धरा चर्चरी
आफ्नै जीर्ण शरीर गौण उनमा वात्सल्यका भाव छन्
लाखौं दुःख खपी उमङ्ग मनमा भर्ने कलाकार हुन् ।

यौटा वृक्ष तिनी फुलेर जगमा सञ्जीवनी भर्दछिन्
सारा आडभरोसले सुगमता छर्दै उनी रम्दछिन्
आस्था हुन् परिवारकी धरहरा हुन् मार्गकी दर्शक
स्रष्टा हुन् जननी सुसभ्य जगकी संस्कारकी रक्षक ।

काशी तीर्थ उनै पवित्र धरती पाऊँ सधैँ दर्शन
आशीर्वाद लिई सुकार्य जगमा पाऊँ सदा अर्पन
तिम्रै प्राण र योगदान सबले बढ्दै गयो जीवनी
पाऊँ रम्न सधैं चुमी चरणमा छर्दै नयाँ चाँदनी ।।

ooo

# बकसपत्र

**✍ कथाकार : भगवतीचरण वर्मा**
**नेपाली अनुवाद : दीन पन्थी**

म आचार्य चूडामणि मिश्रको कोठामा पस्दा उनी आँखा चिम्लेर पल्टेका थिए । उनको अनुहारमा पीडा र रिस घोलिएका भावहरू देखिन्थे । उनी घरको माथिल्लो तलामा नितान्त एक्लै थिए । सेवक बुधइ मलाई त्यहाँ छोडेर बाहिर गइसकेको थियो ।

आचार्य चूडामणिको गणना जीवनमा सफल, सम्पन्न र सुखी व्यक्तिमा गर्नुपर्छ भन्ने मेरो धारणा थियो । दुई छोरा थिए लालमणि र नीलमणि । लालमणि स्टेट बैंकको देवरिया शाखामा प्रबन्धक थियो । नीलमणि लखनउको सचिवालयमा सहसचिव थियो । तीन छोरी थिए - सरस्वती, सावित्री र सौदामिनी । सरस्वतीको पति ज्ञानेन्द्रनाथ पाठक इलाहावादमा इन्जिनियर थियो । सावित्रीको पति जीवनारायण तिवारीका सुल्तानपुरमा आटा र तेलका मिलहरू थिए । सौदामिनीको पति संजीवन पाण्डे सेनामा कर्नल थियो ।

आचार्य चूडामणि र मेरो सहयात्रा करिब चालीस वर्ष पुरानो थियो । हामी एकै दिन हिन्दू विश्वविद्यालयको दर्शन विभागमा नियुक्त भएका थियौं । आचार्य चूडामणि रिडर बने पनि म लेक्चररबाट उँभो लाग्न सकेको थिइनँ ।

उनको अथक परिश्रम, अटुट निष्ठा र अडिग संयमकै कारणले होला उनी भारतीय दर्शनका विशेषज्ञ मानिन्थे । उनले पाण्डित्यपूर्ण ग्रन्थहरू एवं बी.ए. स्तरका अनेक पाठ्यपुस्तकहरूको रचना गरेका थिए । उनी विभिन्न संघसंस्थाहरूमा सदस्य थिए । उनलाई परीक्षक बनाउन पाउँदा अरू विश्वविद्यालयले पनि गौरव गर्थे । उनी कट्टर किसिमका ब्राह्मण थिए । अरू त के उनले हाम्रो घरमा पकाएको चिया समेत कहिल्यै पिएनन् । बनारसबाट महिनौ बाहिर बस्न परेमा उनी सातु, दूध, फलफूल र घरैबाट बनाएर ल्याएका खाद्यवस्तुमै निर्भर हुन्थे । बनारसको लंका टोलमा उनको दुईतले घर थियो । त्यसैमा उनी बस्थे । उनकी श्रीमती र छोराहरूले अलि खुला ठाउँमा राम्रो घर बनाऊँ भनेर कर गर्दा पनि उनले मानेनन् । गर्मीमा दुई पल्ट र जाडोमा एकपल्ट गंगास्नान गरी नित्य पूजा गर्नु उनको नियत जस्तै थियो ।

जनवरीको पहिलो हप्ता थियो । त्यस दिन गंगास्नान गरेर फर्केपछि उनलाई ज्वरो आयो । उनकी पत्नी जसोदादेवी कान्छा छोरासँग लखनाउमा बस्थिन् । उनको देखभालको पूरा जिम्मा सेवक बुधईको काँधमा थियो । दिउसो छाती

दुखेपछि उनले वैद्यराज धन्वन्तरि शास्त्रीलाई बोलाएछन् । वैद्यराजले नाडी हेरेर औषधी खुवाउँदै भनेछन् सर्दी लागेको छ, ठीक हुन्छ । अर्को दिन ज्वरो बढ्दै गएपछि डाक्टरलाई बोलाएछन् । डाक्टरले भनेछ निमोनिया भएको छ । दुबै फोक्सामा असर परेको छ भन्दै दबाई दिएछ । बिरामी भएको चौथो दिन आचार्य चूडामणिले मलाई बोलाउन सेवक बुधईलाई पठाएका थिए । एक्कैछिन म खाटको नजिकै उभिइरहें तर उनले आँखा खोलेनन् । अन्तमा बोलाउनै पर्‍यो । 'गुरुदेव ! तपाईंको शिष्य जनार्दन जोशी सेवामा हाजिर छ । मैले यति भन्नासाथ आचार्य चूडामणिले आफ्ना आँखा खोले, जनार्दन ! मेरो अब अन्त समय आइसकेको छ । तिमीभन्दा निकटस्थ अरू कोही छैन मेरो । त्यसैले तिमीलाई बोलाएको ।

मैले आचार्य चूडामणिको स्वास्थ्यस्थितिबारे उनकै छोरा लालमणिबाट तल कोठामै सुनेको थिएँ । उनी भर्खर देवरियाबाट आएका थिए । मेरा आँखामा पनि आँसु आए । मैले भनें- "गुरुदेव ! यो संसार असार छ, र यो शरीर नश्वर छ । "

कमजोर आवाजमा आचार्यले भने- "हो जनार्दन ! पढ्न त यही पढेका हौं तर मेरो उमेर पनि कति भएको छ र ! जम्माजम्मी पचहत्तर वर्ष । सोचेको थिएँ सन्न्यासाश्रमको पनि अलिकति स्वाद लिऊँ । लाग्छ काल टाउका वरिपरि घुमिरहेछ । मृत्युसित बडो डर लागिरहेछ । " लाग्थ्यो उनी बेहद थाकेका छन् । उनले आँखा चिम्ले ।

मैले उनलाई सान्त्वना दिन खोजें- "गुरुदेव ! नआत्तिनोस् । भन्नुस् मेरा लागि के आदेश छ ?

आचार्य चूडामणिले फेरि आँखा खोले, अँ छ, मेरा सिरानीमुनि केही कागज छन् । त्यसमा मेरो बकसपत्र छ । हिजो यसको रजिष्ट्री गराइसकेको छु । एकप्रति अदालतमा छ । अर्को प्रति यही हो । यसलाई निकाल । एकमात्र तिमी मेरो निकटस्थ छौ र यस दुनियाँमा एकमात्र तिमीमा मेरो विश्वास छ । मैले ती सबैलाई तारद्वारा खबर गरेर बोलाइ सकेको छु । जसलाई मेरो काज किरियामा सम्मिलित हुनुपर्नेछ र मेरो बकसपत्रअनुसार केही पाउनुपर्ने छ । यस बकसपत्रको कार्यान्वयनको जिम्मा मैले तिमीलाई दिएको छु । त्यसैले यो बकसपत्र तिमीलाई दिन चाहन्छु । मेरो प्राणान्त हुनासाथ यो बकसपत्र लागू हुनेछ । "गुरुदेवको असीम कृपा रहेको छ ममाथि" यति भन्दै मैले आचार्यको तकिया मुनिबाट कागजको एउटा पोको निकालें । यता मैले कागजको पोको ओल्टाइपल्टाइ गर्दै थिएँ, उता आचार्य चूडामणिका आँखाहरू पनि बन्द भए । मैले तत्काल बुधइ र लालमणिलाई बोलाएँ । आचार्यलाई भुईंमा सुताएँ । यता मैले उनका मुखमा गंगाजल राखें, उता आचार्यको प्राण पनि महायात्रामा निस्क्यो । बुधइलाई त्यही छोडेर म लालमणिसँग तल हलमा आएँ । कागजको

पोको मेरो हातमा थियो । लालमणिले सोध्यो – "यो के कागज हो, जोशीजी ? "यो तिम्रा बाउको बकसपत्र हो, उनकै अनुसार यो अहिलेबाटै लागु हुन्छ । यसलाई अब पढ्नुपर्छ ।

"अँ बुधइले भनेको थियो । सब-रजिष्टार साहेबलाई पिताजीले बोलाउनु भएको थियो भनेर" लालमणिले भन्यो ।

एक छोटो भूमिका आफ्नो सम्बन्धमा भनेपछि बकसपत्रको कार्यान्वयनको अनुच्छेद आरम्भ भएको थियो । पहिलो अनुच्छेद यस्तो थियो – म चूडामणि मिश्र मेरो अन्त्येष्टि संस्कार सनातन धर्मानुसार होस् भन्ने आदेश दिन्छु, र आफ्नो अन्त्येष्टि संस्कारका लागि मैले पचास हजार रूपियाँ आफ्नो आलमारीमा राखिदिएको छु । यो रकम काजकिरियाको खर्च कटाएर बाँकी रहेको जति काजक्रिया गर्नेलाई मिल्ने छ । मेरा दुबै छोरा अधर्मी र नास्तिक छन् भनेर मैले बडो दुःखका साथ भनिरहनु परेको छ । हुन त मेरो अन्त्येष्टि संस्कार गर्ने उत्तरदायित्व मेरो जेठो छोरो लालमणिमा छ, तर मेरो आदेश छ कि मेरो अन्त्येष्टि संस्कार उसैले गर्नेछ, जसले जनै लगाएको छ र जसको टाउकामा टुप्पी छ । यदि मेरो जेठा छोरामा यी शर्त मिलेनन् भने तल लेखिएका नामको तालिकाअनुसार प्राथमिकता क्रमबाट जनै र टुप्पी वालाले नै मेरो अन्त्येष्टि संस्कार गर्न सक्नेछ । म पढ्दापढ्दै रोकिएँ । लालमणितर्फ फर्केर मैले सोधें । क्या हो लालमणि तिम्रो टुप्पी-सुप्पी छ कि छैन ? जनै लाउने गरेका छौ कि छैनौ ?

उसले अनकनाउँदै भन्यो – "टुप्पी हल्लाउँदै हिंडेर पनि कहीं स्टेट बैंकको म्यानेजरी चल्छ ? जनै पनि एक दुई दिनमै मैलिन्छ, जनै पनि लगाउन छाडियो ।" "त्यसो भए पचास हजार त गयो नि ! तिम्रो हातबाट । तिमी अन्त्येष्टि संस्कारका लागि योग्य छैनौं । तिमीपछि नीलमणिको नंबर छ । "

"उसको पनि न टुप्पी छ न जनै । तेस्रो नम्बरमा तिम्रो काकाको छोरो छ – जगत्पति मिश्र, राजज्योतिषी । त्यो साँच्चिकै ढाँट र आवारा छ । ग्राहकलाई झुक्याउन उसले मुठीभरीको टुप्पी पनि पालेको छ । झुट्टा कसम खान मोटो जनै पनि भिरेको छ ।"

"जगत्पतिले मलाई पनि एकपल्ट पाँच रूपियाँ ठगेको छ । मैले केही सोंचेर भनें- लालमणि ! हाम्रो सल्लाह मान । तिमी कुनै नाउका दुकानमा गएर आफ्ना रौंहरू छोट्याऊ । कसैगरी आधा इन्ची टुप्पी त निस्किहाल्ला । त्यहाँबाट फर्कंदा एउटा जनै पनि ल्याऊ ।"

मेरो कुरा सुन्ने बित्तिकै लालमणि हुरिंदै बाहिर निस्क्यो । लालमणि गएपछि मैले बकसपत्रको दोस्रो अनुच्छेद पढें- 'म चूडामणि मिश्र आदेश दिन्छु कि मेरो

मृत्युको सूचना तार या टेलिफोनबाट मेरी पत्नी- जसोदादेवी, मेरा छोरा-लालमणि तथा नीलमणि, मेरी छोरीहरू-सरस्वती, सावित्री र सौदामिनी तथा मेरा भतिजा जगत्पति, श्रीपति र लोकपतिलाई दिइयोस् । अरू सम्बन्धीहरूलाई सूचना दिनु पर्दैन । सूचना दिएपछि तिनीहरूको प्रतीक्षा चौबीस घण्टासम्म गरियोस् । त्यसपछि मणिकर्णिका घाटमा मेरो शरीरको दाहसंस्कार गरियोस् । मेरो मृत्युको दशौं दिनमा समस्त परिवार र आफन्तहरूको उपस्थितिमा मेरो बाँकी बकसपत्र पढियोस् । मलाई आचार्य चूडामणि मिश्रको बकसपत्रमा अब दिलचस्पी जाग्न थालेको थियो तर बाँकी भाग पहिल्यै पढ्ने आचार्यको आज्ञा थिएन त्यसैले त्यसलाई पट्याएर गोजीमा राखें । आचार्यको भौतिक शरीर बिग्रने चिन्ता मलाई थियो । एकैछिनमा लालमणि पनि कपाल खुर्केर आधा इन्च जति टुप्पी निकालेर फर्क्यो । त्यतिबेला उसको काँधमा मोटो जनै पनि लहराइरहेको थियो । मैले बकसपत्रको दोस्रो अनुच्छेदको हबाला दिँदै उसलाई आदेश दिएँ । बकसपत्रमा उल्लेख भएका परिवार र आफन्तलाई टेलिफोनबाट खबर गर । काकाका छोराहरूलाई बोलाऊ । अलिकति बरफ मगाएर आचार्यको शवमाथि राख । भोलि नौ बजे आचार्यजीको शवयात्रा मणिकर्णिकाका लागि रबाना हुनेछ । म सात बजेतिर आइपुग्नेछु ।

कस्तो शानदार शवयात्रा थियो आचार्य चूडामणिको ! म त छक्क परेको थिएँ । बनारसका सबै धर्माध्यक्ष र पण्डित सम्मिलित भएका थिए । केही नेता पनि थिए । जगत्पतिको आपत्ति हुँदाहुँदै पनि आचार्यको दाहसंस्कार क्रिया उनको जेठो छोरो लालमणिले गरेको थियो-आफ्नो टुप्पी र जनैको बलमा ।

दशौं दिन, म आचार्यको बकसपत्र बोकेर उनको घर पुगें । आचार्यका सबै परिवार र नातासम्बन्धी उपस्थित थिए । सबै भुईंको कोठामा एकत्रित भएका थिए । एकातिर महिलाहरू थिए । आचार्यपत्नी यशोदादेवी निकै गम्भीर थिइन् । लालमणिकी पत्नी निरजा मिश्र र नीलमणिकी पत्नी मधुरिमा मिश्र गर्दनसम्म काटेर छाँटिएका बुल्बुले कपाल हल्लाउँदै अंग्रेजीमिश्रित हिन्दीमा गफ गर्दै थिए । आचार्यका छोरीहरू सरस्वती र सावित्री स्वदेशीपनका प्रतिमूर्ति देखिन्थे । कान्छी सौदामिनी भने भाउजूहरूकै स्वरूपमा थिई । अर्कोतर्फ पुरुष थिए - आचार्यका छोराहरू लालमणि र नीलमणि, आचार्यका ज्वाईंहरू ज्ञानेन्द्रनाथ पाठक, जय नारायण तिवारी तथा संजीवन पांडे । त्यहीं आचार्यका भतिजाहरू- जगत्पति मिश्र, श्रीपति मिश्र र लोकपति मिश्र पनि बसेका थिए । बुधइले सबैलाई पान र पानीको व्यवस्था गरिरहेको थियो ।

म त्यसबेलासम्म निकै गम्भीर थिएँ । आचार्य चूडामणिको आदेश पालना गर्दै मैले उनको बकसपत्रको शेषांश आफ्नो घरमा पढेको थिइनँ यद्यपि त्यसलाई पढ्ने मेरो तीव्र इच्छा भने थियो ।

मैले बकसपत्र पढ्न थालें । पहिला दुई अनुच्छेदमा कसैको रूचि थिएन जो भइसकेको थियो । अब म तेस्रो अनुच्छेदमा आएँ, जो यस प्रकार थियो – 'म चूडामणि मिश्र आदेश दिन्छु कि मेरो दाहसंस्कार गर्ने व्यक्तिकी श्रीमतीले छ महिनातक दिनदिनै स्नान गरेर आफ्नै हातले पकाएर ब्राह्मणभोजन गराउनुपर्नेछ ।

उत्तिखेरै लालमणिकी पत्नी नीरजा मिश्रले झोंक्किदै भनिन्- यस्तो जाडामा नुहाएर ब्राह्मणभोजन गराउन म सक्दिनँ । बुढाको सनकमा आफ्नो ज्यान दिन सकिन्न । मैले नीरजा मिश्रको कुरा नसुनेझैं गरेर अनुच्छेदको बाँकी अंश पढ्दै गएँ- यदि जेठी बुहारीले इन्कार गरेमा यो काम क्रमशः कान्छी बुहारी र मेरा छोरीहरूले गरून् । यस कामको लागि मैले पच्चीस हजार रूपियाँको व्यवस्था गरेको छु । एकाएक मधुरिमा मिश्रको मोटो आवाज सुनियो । 'पिताजीको आदेश मेरा लागि वेदवाक्य हो, दिदीले नगरे नगर्नुस् म पिताजीको इच्छा पूरा गर्छु । ' नीरजा एकाएक चिच्चाइन्-बडो इच्छा पूरा गर्ने भएकी! कहिल्यै पकाएर खाएकी छौ र अब ख्वाउँछ्यौ । लखनउमा होटलबाट मगाएर खान्छौ । म त सधै घरै पकाउँछु । ६ महिनाको कुरा त हो । मै गरूँला यो काम' भन्दै उनले मलाई सोधिन्- तातो पानीले नुहाउन हुन्न भन्ने त लेखेको छैन नि ?

मैले भन्नै पर्‍यो- यस्तो शर्त त लेखिएको छैन, सायद भुल्नुभयो ।

नीरजाले ताली बजाउँदै भनिन्- ठिक छ, मलाई यो स्वीकार छ । अब अगाडि पढ्नुस् । मधुरिमा मिश्र आफ्नी जेठानीलाई कुनै कडा उत्तर दिन चाहन्थिन् नीलमणिले बीचैमा भन्यो ठिकै हो यो अधिकार भाउजूकै हो तर भाउजूले मधुरिमालाई लगाएको आरोप अनुचित छ । मधुरिमाले पचास-पचास जनालाई आफ्नै हातले खाना बनाएर खुवाएकी छन् । भाउजूले आफ्ना शब्द फिर्ता लिनुपर्छ । मैले आफ्ना शब्दहरू कुनै हालतमा पनि फिर्ता लिन्न – नीरजा चिच्याइन् । लालमणिले उठेर भन्यो म नीरजाका शब्द फिर्ता लिन्छु । अब अगाडि पढ्नुस् । कुरो अगाडि नबढ्दै मैले बकसपत्र पढ्न थालें । अनुच्छेद चार यसप्रकार छ – 'म चूडामणि मिश्र आफ्नी पत्नी यशोदादेवीबाट जीवनभर दुःखी रहें । अत्यन्त अल्छी, खन्चुवी र लापर्वाह नारी हो यो । मैले त दालभात र सातु खाएर जीवन बिताएँ तर यसले मसित लुकाएर सधै रबडी, मलाई र मिठाइ खान्थी । '

त्यतिखेरै यशोदादेवीले चिच्याउँदै भनिन्-हाय ! राम ! के के लेखेको छ यो बुढाले ! यस्तो छुच्चो मान्छेको जोई हुनुपर्‍यो मलाई ! यसलाई नरकमा पनि ठाउँ मिल्ने छैन । परिवारलाई सताएर सम्पत्ति जोरिरह्यो । नाश होस् यसको !

लालमणि र नीलमणि दुबैले एकैचोटी आमालाई झपारे- आमा ! पिताजीलाई गाली नगर्नुस् । अँ जोशीजी अगाडि पढ्नुस् ।

मैले चौथो अनुच्छेदको शेषांश पढें - मेरो मृत्युपछि यस राँडलाई मेरा छोराहरूमा निर्भर रहन पर्नेछ, जो दुबै जोईटिंग्रे छन् । यी मेरा दुबै बुहारीले यसलाई भोकै मार्नेछन् । यसका बिग्रेका बानीले गर्दा यसलाई निकै कष्ट हुनेछ । त्यसैले मैले यशोदाको नाममा दुई लाख रूपियाँ छुट्याएको छु । यसैको ब्याजमा यो मजाले बाँच्न सक्नेछ ।

मैले चौथो अनुच्छेद सक्नै लागेको थिएँ, महिलाहरूको कक्षमा हंगामा झैं हुन थाल्यो । यशोदादेवी 'हाय! लालमनका बा' भनेर भुईंमा पछारिइन् । सबै महिलाहरूले उनलाई घेरे । एक्कै छिनमा उनी रून थालिन् 'तिमी त स्वर्ग गइहाल्यौ, लालमनका बा ! हामीलाई नर्कमै छोडेर गयौ । हामीलाई क्षमा गर! अनजानमै हामीबाट अपराध भएको छ । हाय ! लालमनका बा ! अनि उनले छाती पिट्न थालिन् । मैले समस्त साहस बटुलेर कडा स्वरमा भनें- 'जे-जे गर्नु छ, पछि गर्नुहोला । अहिले त बकसपत्र पढिरहिएको छ । ' छोरीहरूले यशोदा देवीलाई जबर्जस्ती चूप गराए ।

मैले अब पाँचौ अनुच्छेद पढ्न थालें-म चूडामणि मिश्र आफ्नी छोरी सरस्वतीका पति ज्ञानेन्द्रनाथ पाठकबाट अत्यधिक खिन्न छु । एक हप्ता पहिले ज्ञानेन्द्रनाथ पाठकका विरूद्ध एसेम्लीमा पाँच लाख रूपियाँ भ्रष्टाचारको मुद्दा उठेको मैले अखबारमा पढेको थिएँ । यसको अर्थ यो हुन्छ कि यी ज्ञानेन्द्रनाथ पाठक बेइमान र घुस्याहा हुन् ।

सबैका आँखा ज्ञानेन्द्रनाथ पाठकतिर गए । सहसा ज्ञानेन्द्रनाथ पाठक उठेर भने- यो बूढो सधैको हेपाहा र कुरौटे त छँदै थियो । मर्ने बेलामा पागल पनि भएको थियो भन्दै पत्नी सरस्वतीलाई आज्ञा दिए- 'हिड, यस घरमा मेरो सास थुनिएला झैं भएको छ, हिडिहाल । '

सरस्वती उठिन् तर सावित्री र सौदामिनीले हात समातेर बसाल्दै भने- 'पहिला सबै कुरा त सुन'

अर्कोतिर पुरुषहरूले ज्ञानेन्द्रनाथ पाठकलाई हात समातेर बसाले । नीलमणिले मलाई भन्यो - 'अँ ! जोशीजी पाँचौ अनुच्छेद पूरा गर्नुस् ।

मैले पाँचौ अनुच्छेद पूरा गरें- यदि ज्ञानेन्द्रनाथ पाठकको भ्रष्टाचारको मुद्दामा इन्क्वायरी भयो भने सम्भव छ यिनको जागिर जाला र सजाय पनि होला । मुद्दा मामिलामा यिनको पापको कमाइ पनि नष्ट हुन सक्छ । त्यसैले मैले सरस्वतीका लागि एक लाख रूपियाँ छुट्याएको छु ।

कोठाभरि सन्नाटा छायो । ज्ञानेन्द्रनाथ पाठक चूपचाप दलिनतिर हेर्दै थिए । सरस्वती सुँक्क सुँक्क गर्दै थिइन् । यशोदादेवीले सरस्वतीको शिरमा हात राख्दै भनिन्- न रोऊ नानी ! यिनको आदत नै यस्तै थियो । '

मैले बकसपत्रको छैठौं अनुच्छेद पढें - 'म चूडामणि मिश्र आफ्नी माइली छोरी सावित्रीबाट सदा सन्तुष्ट छु । यो अत्यन्त सुशील र विनम्र पनि छ । यसमाथि भगवान्को पनि कृपा छ । यसका पति जीवनारायण तिवारीको ठूलो कारोवार छ । आटा र तेलका मिल छन् अब यचिनी मिल पनि खोल्दै छन् । सावित्री र जयनारायणलाई मेरो शतशत आशीर्वाद । 'म चूप लागें । तत्काल जयनारायण तिवारीको आवाज आयो- 'बकसपत्रका अनुसार हामीलाई केही मिल्छ कि, मिल्दैन ? मैले भनें - 'यो त उहाँले नै लेख्नु भएको हो । छैठों अनुच्छेद सकियो । उहाँले त आशीर्वाद मात्रै दिनु भएको छ त !'

सावित्रीले रूँदै भन्न थालिन्- 'पिताजी हामीसँग सधै रिसाउनु भयो र हाम्रो सम्पन्नताको बखान गरिरहनुभयो । उहाँलाई के थाहा हामीलाई यस वर्ष दुई लाख रूपियाँको घाटा भएको छ । '

जयनारायण तिवारीले सावित्रीलाई झपारे- 'किन घरको भेद खोल्छ्यौ ? घाटा भएको छ त हामीलाई भएको छ । कुनै हरामजादाले यस घाटालाई पूरा गर्दिन्छ र ? यो सुनेर कर्नल संजीवन पाण्डेले कडा स्वरमा भने - 'तिवारीजी गालीसाली गर्ने भए आफ्नै मजदुर र कामदारलाई गर्नू । यहाँ गाली गरे त मुख-सुख कुच्चाएर पठाइन्छ । ' मैले हात जोडेर विनम्रतासाथ भने- पहिले बकसपत्र समाप्त होस् त्यसपछि तपाईंहरू लडाइँ झगडा गर्नुहोला ।

धेरै बेरको गाइँगुइँ पछि सबै शान्त भए । मैले पनि सातौं अनुच्छेद पढें-म चूडामणि मिश्र आफ्नी कान्छी छोरी सौदामिनीको मुख पनि हेर्न चाहन्नँ । यसले मेरो नामलाई कलंकित गरिरहेकी छ । कपाल काटेकी छ, अंग्रेजीमा कुरा गर्छे । मलाई भनेका छन्- यसले कहिलकाहीं चुरोट र रक्सी पनि खान्छे । यद्यपि यसमा मलाई विश्वास छैन ।

मलाई पढ्दापढ्दै रोकिनु पर्‍यो । सौदामिनी चिच्चाइरहेकी थिई यो सबै माहिला भिनाजुको हरकत हो । उनले सधै पिताजीका कान भरिरहे । त्यसैले पिताजीले मलाई यहाँ बोलाउनुसम्म भएन ।

त्यतिखेरै सावित्री चिच्याएको सुनियो । 'उनलाई बचाउनुस् । यो संजीवनले उनलाई मार्छ कि क्या हो ?

मैले पुरुषकक्षतिर हेरें, मेरा आँखालाई विश्वास भएन । कर्नल संजीवन पाण्डे जयनारायण तिवारीको घाँटी दबाएर भन्दै थिए-ए ! सुँगुरका बच्चा ! हाम्रोमा

आएर स्कच ह्विस्की मागेर खान्छ अनि यहाँ आएर चुक्ली लाउँछ ! जयनारायण तिवारी सास थुनिएर घ्यारघ्यार गर्दै थिए । ज्ञानेन्द्रनाथ पाठक र नीलमणिले मुस्किलले जयनारायण तिवारीलाई संजीवन पाण्डेको पञ्जाबाट छुटाए ।

मैले भनें- तपाईंहरूलाई यस्तो अवसरमा लडाइँ झगडा गर्न लाज लाग्दैन ? यसले आचार्यको दिवंगत आत्मालाई क्लेश पुग्छ । मैले पहिल्यै पूरै बकसपत्र पढ्छु त्यसपछि तपाईंहरू जे मन लाग्छ त्यही गर्नुस् । अझै सातौं अनुच्छेद सकिएको छैन ।

सबै शान्त भए । मैले पढ्न थालें - 'परन्तु मलाई लाग्छ सौदामिनीप्रति मेरो तर्फबाट अन्याय भएको छ । एउटी पतिव्रता नारीले जे गर्नुपर्छ उसले त्यही गरेकी छ । मैले संजीवन पाण्डेलाई पनि दोष दिन्नँ । फौजमा ठूलो अफिसर छ । चीनका फौजसित लड्यो, पाकिस्तानका फौजसित लड्यो र सौभाग्यले जीवित छ, तर मृत्युको छाया उसको शिरमा घुमिरहन्छ । त्यसैले उसले खुलेर मांस मदिरा सेवन गर्छ । खुलेर पैसा खर्च गर्छ । यदि यो मरिहाल्यो भने सौदामिनी र यसका बच्चाले भिख माग्न पर्नेछ । त्यसैले यसलाई डेढ लाख रूपियाँ छुट्याएको छु । जसको आठ प्रतिशतले पनि प्रतिवर्ष बाह्र हजार रूपियाँ ब्याज आउनेछ । अर्थात् प्रत्येक महिना एक हजार ब्याज आउनेछ ।

एकाएक सौदामिनी खुसी भई- 'धन्य हो पिताजी ! तपाईं निश्चय स्वर्गमा जानुहुन्छ ! उता मैले देखें- संजीवन पाण्डे उठेर जयनारायण तिवारीलाई अंकमाल गर्दै भन्दैछ भाइ साहेब ! क्षमा गर्नुहोला । तपाईंकै कारण ती छुच्चा बुढाबाट डेढलाख रूपियाँ हात लाग्ने भयो ।

मैले संजीवन पाण्डेलाई झपारें- तिमीलाई लाज लाग्दैन, आफ्ना पितातुल्य पूज्य आचार्यलाई छुच्चो बुढो भन्न ! ठिक छ म आठौं अनुच्छेद पढ्छु - 'म आचार्य चूडामणि मिश्र आफ्ना भतिजा जगत्पति मिश्र राजज्योतिषीका कष्टलाई राम्ररी बुझ्दछु । यससँग राम्रो बैठक छैन, जहाँ बसेर यसले ग्राहकहरूलाई फँसाओस् । घुम्दै फिर्दै ग्राहकहरूलाई फँसाउनु यसको बाध्यता छ । आडम्बर र झूटले गर्दा यसले आफ्नो पेशा राम्ररी चलाउन सकेको छैन । आफ्नो संकटमोचनमा रहेको घरको माथिल्लो तला म जगत्पति मिश्रलाई दिन्छु । साथै म एक हजार रूपियाँ पनि दिन्छु ती रूपियाँले यसले एउटा साइनबोर्ड बनाओस्, एउटा टेलिफोन लगाओस् र आफ्नो पेशाअनुरूप पीताम्बर आदि वस्त्र खरिदोस् ।

जगत्पति मिश्रले केही हिच्किचाउँदै भन्यो- मेरा लागि यत्ति मात्र ?

यसको उत्तर नीलमणिले दियो । पहिले हैसियत बनाऊ अनि लखनउ आऊ । त्यहाँ ज्योतिष पेशा खुब चल्छ । त्यहाँ खुब पैसा कमाउने छौं ।

मैले गाली गर्नुपर्‍यो- 'यी सब कुरा पछि, अहिले त बकसपत्रको क्रम चलिरहेको छ । ल, अब नबौं अनुच्छेद यस प्रकार छ - 'म चूडामणि मिश्र आफ्नो भतिजा श्रीपति मिश्रबाट सन्तुष्ट छु । दश कक्षा पास भएपछि यो राजनीतिमा लाग्यो । राजनीतिक नेताहरूको चम्चागिरी गरेर भए पनि खानपिन चलाएकै छ । यत्तिकैमा उसले सन्तोष मान्न हुँदैन । ऊ प्रदेशसभा सदस्य वा मन्त्रीसम्म बन्नुपर्छ । चुनाव लड्न पैसा नभई हुँदैन भन्ने मलाई थाहा छ । एउटा चुनावमा कम्तीमा पनि पचास-साठी हजार रूपियाँ खर्च हुन्छ । म श्रीपति मिश्रका लागि पचास हजार रूपियाँको व्यवस्था गर्दछु किनभने ऊ आउँदो चुनाव लड्न सकोस् । आफ्नो बदमासी, छलकपट र गुण्डागर्दीका बलमा श्रीपति प्रदेशको मात्र होइन, पूरै राष्ट्रको ठूलो नेता बन्न सक्छ ।

हर्षातिरेकले उम्लेर आँसु पुछ्दै श्रीपतिले भन्यो - 'काकाले मेरा चरित्रमा जुन लांछन लगाउनु भएको छ, यो उहाँको भ्रम हो । जे होस्, म पूज्य काकाको आदेश मान्छु । '

मैले दशौं अनुच्छेद पढें- 'म चूडामणि मिश्र आफ्नो भतिजा लोकपति मिश्रलाई आदर गर्छु । ऊ विनम्र, शिष्ट, अध्यवसायी र पण्डित छ । आफ्नो अथक परिश्रम र आफ्नो योग्यताको बलमा नै ऊ संस्कृत महाविद्यालयको प्राचार्य बन्न सकेको छ । म आफ्ना सबै पुस्तकहरू यसलाई प्रदान गर्छु । यसले पुस्तकहरूमा नयाँ गाता हालेर मेरो घरको तल्लो खण्डमा एउटा पुस्तकालय बनाओस् । यो यही घरमा आएर बसोस् र यशोदालाई देखभाल गरोस् । यशोदाको मृत्युपछि घरको तल्लो खण्डको मालिक लोकपति मिश्र हुनेछ । यदि यशोदा लोकपतिसँग नबसेर आफ्ना छोराछोरीसँग बसेमा यशोदाको जीवनकालमै घरको तल्लो खण्डमा लोकपतिको स्वामित्व हुनेछ । पुस्तकमा गाता राख्न र स्याक किन्नका लागि म दुई हजार रूपियाँको व्यवस्था गर्दछु । '

लोकपतिले आफ्नो शिर नुगाएर भन्यो-'काकाको आदेश शिरोधार्य छ तर गाता बनाउन र स्याक किन्न पैसा निकै कम छ । '

त्यतिखेरै लालमणिको आवाज सुनियो - 'यसमा हजार-दुई हजार बढ्ता जेजति लाग्छ मसँग लिनू । '

एघारौं अनुच्छेद यस्तो थियो म चूडामणि मिश्र आफ्नो सेवक बुधइबाट सन्तुष्ट छु । यसले विगत बीस वर्षबाट आजसम्म लगन र भक्तिभावसित मेरो सेवा गरेको छ । यसले भोजन र वस्त्र यहींबाट पाउँथ्यो । पूरा तलब घर पठाउँथ्यो । म आदेश दिन्छु । मेरा सबै उनी, रेसमी र सुती कपडाहरू बुधइलाई दिइयोस् । भण्डार घरमा भएको अन्न, घिउ, चिनी सबै बुधइलाई दिइयोस् र मेरो तर्फबाट

सय रूपियाँ दिएर यसलाई पनि बिदा गरियोस् । मेरो कुटुम्बका कुनै व्यक्तिले बुधइलाई नोकर राख्न चाहन्छ भने मलाई आपत्ति छैन । '

यशोदा देवीले कडकेर बुधइलाई भनिन्-'कति सामान छ भण्डारमा ? '

बुधइले हात जोडेर भन्यो -'एक बोरा चामल, एक बोरा गहुँ, पाँच किलो चिनी, एक मन गुँड, एक टिन घिउ र दुई कनस्टर सातु छ । अलिकति दाल पनि छ ।'

जसोदादेवीले भनिन्- 'तेरौं दिनको भोजमा यिनको प्रयोग हुनेछ । बुधइलाई किन दिने यतिका ?

मैले भन्नै पर्‍यो- भोजको प्रबन्ध लालमणिले गर्नुपर्छ । यसैका लागि उसलाई पचास हजार रूपियाँ प्राप्त भएको छ । लालमणिले चाहेमा यी सामान बजार भाउमा बुधइसँग किन्न सक्छ ।

लालमणिले भन्यो-'यो सब पछि हुनेछ । अब तपाईं बकसपत्रको शेषांश पढ्नुस् ।'

बारौं अनुच्छेदको प्रतीक्षामा सबै थिए । बारौं अनुच्छेद यस्तो थियो - म चूडामणि मिश्र आफ्ना घरका रूपमा अचल सम्पत्ति र बैंकमा जम्मा एघार लाख रूपियाँ चल सम्पत्तिको मालिक हुँ । यो एघार लाख रूपियाँ गत अप्रिल महीनामा मेरो नाममा थियो । ब्याज जोड्दा अहिले केही बढी पनि भए होला । सम्भवतः यही रकमबाट मृत्युकर पनि दिनुपर्ला । बाँकी रहेको राशिबाट बकसपत्रमा निर्धारित भएअनुसार रकम बाँडिदिनू । त्यसबाट बँचेको रकम लालमणि र नीलमणिले बराबर बाँड्नू ।

मैले अलिकति रोकिएर भने- 'बकसपत्र समाप्त भएको छ । एउटा फुटनोट मात्र छ मेरा लागि । तपाईंहरूले भन्नुहुन्छ भने पढ्छु ।

एक स्वरमा सबैले भने-'हुन्छ, हुन्छ पढ्नुस् । '

फुटनोट यस्तो थियो- 'मेरा परम शिष्य जनार्दन जोशी ! तिम्रो उत्तरदायित्व बकसपत्र मेरो परिवारलाई सुनाउनु मात्र हुनेछ । यस बकसपत्रको रजिष्ट्री भइसकेको छ जुन अदालतमा छ । तिमीले यस बकसपत्रमा मेरा परिवारका सबैको हस्ताक्षर गराई तत्काल अदालतमा जम्मा गरिदिनू । जहाँसम्म तिम्रो कुरा छ । तिमी सधै भावनात्मक प्राणी रह्यौ । तिमीलाई भौतिकदर्शनमा विश्वास छैन । तिमीले चार्वाकदर्शन पढेनौं । तिमी एकमात्र वेदान्तका पण्डित हौ । मलाई तिमीलाई देखेर ईर्ष्या पनि हुने गर्थ्यो- तिमीलाई कति सन्तोष छ ! तिम्रो मनमा कति शान्ति छ ! म निःसंकोच भन्न सक्छु-तिमी मेरो सबैभन्दा बढी निकटस्थ हौ । म तिमीलाई अन्तिम उपहारको रूपमा आफ्नो परमप्रिय सुगा गंगाराम

प्रदान गर्दछु । यसलाई मैले आफ्नो प्राणझैं पालेको छु । जब तिमी अदालतमा यो बकसपत्र जम्मा गरेर फर्कनेछौ तब बुधइसँग पिञ्जरासितै गंगाराम पनि लिनू ।'

मैले घडी हेरें दश बजिसकेको थियो । म उठें- 'अदालत खुलिसके होला । म पूज्य गुरुदेवको आज्ञाअनुसार बकसपत्र अदालतमा जम्मा गरेर फर्कन्छु । ' अदालतमा धेरै बेर लागेन । बाह्रै बजे म फर्कें । बुधइले पिंजराको सुगा मलाई थमाइदियो ।

लंकाबाट असीघाट त्यति टाढा छैन जहाँ मेरो घर छ । पिंजरा हातमा लिएर म पैदलै हिडें । त्यसबेला मेरो मनमा परम सन्तोष थियो । आचार्य यति सम्पन्न र यति स्थिरबुद्धिका होलान् भनेर मैले कल्पना पनि गरेको थिइनँ । म विचार मग्न भएर हिडिरहेको थिएँ । यस्तो आवाज सुनियो- 'तिमी बुद्दू हौ । ' म चकित भएँ । एकदम साफ आवाज । मलाई लाग्यो यो आवाज पिंजराबाट आएको छ । यो आवाज सुनेपछि मेरा विचारहरू अलिकति उल्टिए । आचार्यले लाखौं रूपियाँ तिनलाई दिए जससँग उनी खुसी थिएनन् र जसलाई उनले गाली गर्थे । तर मेरा लागि उनले एक पैसाको पनि व्यवस्था गरेनन् । अहिले मलाई आचार्य चूडामणिप्रति अलिअलि झोंक चल्न थाल्यो । झोंककै तालमा म जोड्ले हिड्न लागें । त्यतिखेरै फेरि पिंजराबाट आवाज आयो - 'म पण्डित हुँ । ' सफा आवाज, मानौं आचार्य चूडामणि आफै बोलिरहेछन् । मानौं आचार्यले मलाई एउटा अमूल्य उपहार दिएका छन् । असीघाट आउनै लागेको थियो । मैले फेरि सुनें- 'तिमी बुद्दू हौ । '

वरिपरिका मान्छेहरू मलाई र मेरो हातको पिंजरालाई देखिरहेका थिए । मलाई लाग्यो - आचार्य चूडामणि आफ्नो बकसपत्रमा मेरो उपहास गरिरहेका छन् । मेरो भित्रको वेदान्ती कता हरायो कता ! म जोडले आफ्नो घर तिर नगएर गंगाजीतिर मोडिएँ । फेरि पिंजराबाट सुनियो-'म पण्डित हुँ । ' अगाडि गंगाजीमा लहरहरू उठिरहेका थिए । मैले गंगाजलले आचमन गरेर भनें- 'आचार्य तिमी पण्डित थियौ, यो सबैले मान्छन् । तिम्रो आत्मालाई शान्ति मिलोस् ! अनि म आफ्नो घरतर्फ लाग्नै थालेको थिएँ, एक्कासि गंगा राम चिच्यायो- 'तिमी बुद्दू हौ ।'

मलाई लाग्यो-मेरो पैतलादेखि टाउकोसम्म आगो लागेको छ । मैले पिंजराको द्वार खोल्दै भनें - 'म बुद्दू हुँ' यो कुरा म मान्दिनँ । हे गंगाराम ! म तँलाई मुक्त गर्छु । मैले यति नभन्दै गंगाराम उडेर गइसकेको थियो । म खालि पिंजरा घाटैमा छोडेर घरतर्फ लागें ।

ooo

# श्रीमतीको असलियत

✍ **शंकरप्रसाद गौतम**
**रुरुक्षेत्र-४, गुल्मी**

श्रीमती जब बहाना बनाउन थालिन्, म सचेत हुनुपर्ने थियो तर श्रीमतीको मायामा यति अन्धो भएछु कि अन्य कुरा सोँच्नै आवश्यक ठानिनँ । मैले उनका सबै आवश्यकता पूरा गरेको थिएँ तसर्थ उनी खुसी छन् भन्ठानें । उनको चरित्र सावित्रीको जस्तै छ भन्ने कुरामा दृढ थिएँ । जब उनको असलियत बाहिर आयो त्यतिबेला धेरै ढिलो भैसकेको थियो ।

विवाहको लागि केटी हेर्न जाँदा म "काकासंग गएको थिएँ । "काका सरकारी जागिरे हुनुहुन्थ्यो । म भन्दा पाँच वर्षमात्र जेठो । हामी काका भतिजभन्दा बढी साथीजस्ता थियौं । काकाको विवाह सात वर्ष पहिले नै भएको थियो । उहाँकी श्रीमती राम्री थिइन् । काकाको रोजाइ राम्रो हुन्छ भन्ने ठानेर नै उहाँलाई लिएर म केटीको घरमा गएको थिएँ । घर निकै राम्रो थियो । आँगन लिपेर चटक्क पारिएको थियो । दलानमा पुरानो बुट्टेदार खाट थियो । खाटमाथि गलैंचा बिछ्इएको थियो । दलानमा सात आठ जना व्यक्ति थिए । घरका मात्र नभएर छिमेकीहरूको जमघट थियो । पालैपालो सबैले मेरा बारेमा जिज्ञासा राखे । काकाले सबैका जिज्ञासा मेटाइदिनुभएको थियो । एकै क्षणपछि एक जनाले स्नेहा चिया लिएर आऊ भने । तस्पश्चात् मात्र केटीको नाम स्नेहा रहिछ भन्ने थाहा पाएँ । स्नेहाले चिया लिएर आइन् । मलाई उनको अनुहार हेर्न लाज लाग्यो, तर काकाले तलदेखि माथिसम्म हेरिरहनु भएको थियो । हामीलाई एउटा कोठमा पुऱ्याइयो ।

मैले आफ्नो बारेमा बताएँ । केही साथी छैनन् ? सोधेँ, उनले छैनन् भन्ने आसयको टाउँको हल्लाइन् । विवाहको कुरा उतैबाट आएको थियो । मेरो बारेमा धेरै कुरा जानकारी भएको बताइन् । हामीबीच सामान्य कुराकानी भयो । अनि दलानमा फर्कियौं । मेरो उमेर तीस वर्ष भएको थियो । स्नेहा मभन्दा दस वर्ष कान्छी रहिछन् । त्यतिबेला मेरें विवाह गर्ने उमेर बढी भएको मानिन्थ्यो । स्थायी जागिरेसँग विवाह गर्दा सजिलै पाल्न सक्छ भन्ने लागेको हुनसक्छ । म विवाहको लागि स्वीकार्य वर भएँ । म स्वीकार्य वर भएपछि काका खुसी हुनुभयो । आउने जाने समय छैन । आजै निधो गरेर जानुपर्छ भन्दै मलाई दबाव दिन थाल्नुभयो । मैले आमाबाबासँग सल्लाह गर्नुपर्छ भन्दा पनि काकाले मान्नु भएन । काकाले भन्नुभयो –"कुलघरान हो केटी राम्री छ दाइलाई म भन्छु ।" हामीले

विवाहको दिन निधो गरेर घर फर्कियो । म आमाबाबाको एक्लो छोरो उहाँहरूलाई नसोधी विवाहको निधो गर्दा अलि अपठ्यारो महसुस गरेको थिएँ । मेरो सोचाइको विपरीत बाबाआमा खुसी हुनुभयो ।

बाजागाजासहित स्नेहाको घरमा जन्त गइयो । यज्ञमा बसेको बेला काकाले गम्भिर तैंले त च्वाँक श्रीमती पाइस् भन्नुभयो । मैले जिस्काएको रूपमा बुझैं । उहाँले विवाहको बेला र त्यसपछि पनि धेरै पटक च्वाँक भन्ने शब्द दोहराइरहनु भएको थियो । विवाहको बेला दुलहीपट्टिको सबै काम मेरा जेठानी दिदी प्रेरणा र साडुदाइ अशोकले गर्नु भएको थियो । स्नेहाको भन्दा एकवर्ष पहिला दिदी प्रेरणाको विवाह भएको रहेछ । प्रेरणाको श्रीमान् एन.जी.ओ.मा काम गर्दा रहेछन् । उनले स्नेहासँग विवाह गर्न खोजेका, तर दिदीकोभन्दा पहिला बहिनीको विवाह नगर्ने परिवारबाट अडान भएपछि प्रेरणासंग विवाह गरेका रहेछन् । उक्त कुरा मैले विवाहपछि थाहा पाएँ । राम्रो कमाइ भएकोले जेठानको फूर्तिफार्ती पनि बैग्लै थियो । दुलहीलाई बिदाइ गर्दा बाबुआमाले भन्दा साडुदाइले बढी आँसु झार्नु भएको थियो । साथै उहाँको धम्कीपूर्ण भाषा थियो – "साली नानीलाई राम्रोसँग पाल्नु होला । केही तलमाथि भयो भने ठिक हुने छैन । "विवाहको दिन त्यसो भन्दा मेरो मनमा च्वास्स बिजेको थियो । स्नेहाले पालैपालो मेरो र भिनाजुको मुख हेरेकी थिइन् ।

स्नेहा सारै राम्री थिइन् । सुनेको थिएँ -"राम्री श्रीमती भाग्यमानीले मात्र पाउँछन् । "अरूले स्नेहाको प्रशंसा गर्दा मेरो घिरौंलाको जत्रो नाक हुन्थ्यो । बुबाआमा पनि खुसी हुनुहुन्थ्यो । रूपजस्तै बोली वचन पनि सुमधुर थियो स्नेहाको । स्नेहाले कुनै गुनासो गर्ने मौका हामीलाई दिइनन् । मैले उनलाई औधी माया गर्थें । हाम्रो वैवाहिक जीवन सहज रूपमा अगाडि बढ्यो । विवाहको तीन वर्षभित्र छोरा अर्पण र छोरी अरूणा जन्मिसकेका थिए । एकदिन स्नेहाले मलाई भनिन् –"दिदी भिनाजुले काठमाडौं मा घडेरी किन्नु भएछ । हामीले पनि काठमाडौंमा घडेरी किनौं"मलाई काठमाडौंमा घडेरी किन्ने कुरा राम्रो लाग्यो । मैले काकालाई सोधें । त्यतिबेला काकाले नैकापमा ६/६ आनाका दुईवटा घडेरी हेरेको कुरा भन्नुभयो । जोडिएको जग्गा त थिएन नजिकै थियो । ती दुबै घडेरी काकाभतिजले खरिद गरियो ।

छोराछोरीलाई पढाउनु पर्ने बेला भएको थियो । मैले डेरा खोजेर परिबार काठमाडौंमा लगें । मैले परिबारलाई लैजान्छु भन्ने कुरा बावाआमाले सौंच्नु भएको रहेनछ । उहाँहरूले नरमाइलो मान्दै बिदा गर्नुभयो । मैले छोराछोरीका पढाइको कुरा मात्र सम्झें । आमाबाबापट्टि ध्यान गएन । "उँधो माया"हुन्छ भन्ने कुरा त्यसै भनेका रहेनछन् ? हाम्रो परिवार काठमाडौंमा बस्न थालेको दुई वर्षपछि बाबालाई

हर्टएटेक भएछ । म तुरून्त घरमा आएँ । बाबालाई उपचार गर्न काठमाडौं लिएर गएँ । बाटामा बुवाले राम्रै कुराकानी गर्दै हुनुहुन्थ्यो । एक्कासी भन्नुभयो –"म मरेपछि आमालाई हेला नगर्नू । तँलाई यहाँसम्म पुऱ्याउन आमाको ठूलो हात छ । ""हस् चिन्ता नलिनुस् । हजुरलाई पनि केही हुँदैन । काठमाडौंमा राम्रा डक्टर छन् । ठीक हुन्छ"भने । सँगै काका पनि हुनुहुथ्यो । नागढुङ्गा पुग्न नपाउँदै बुवा झसंग हुनुभयो । त्यसपछि उहाँको शरीर शिथिल हुन थाल्यो । "काका लौ न के भयो बाबालाई" भनें । काकाले नाडी हेर्नुभयो । विस्तारै शरीर चिसिदै गयो । छिटोछिटो वीर अस्पताल पुऱ्याइयो । डाक्टरले हेरे र भने – "बाबाको मृत्यु बाटैमा भएको रहेछ । "म बेसहरा भएँ । हुने हुनामी कसैले टार्न नसक्ने रहेछ ।

बाबाको मृत्युपछि आमालाई काठमाडौं जान अनुरोध गरें । पहिला त मान्नु भएन । धेरै सम्झाएपछि आमा काठमाडौं जान तयार हुनुभयो । आमाको दमको रोग थियो । काठमाडौं बसाइसराइ गरेको एकवर्षभित्र आमाको पनि मृत्यु भयो । जीवनमा ठूलो बज्रपात सहनुपऱ्यो । यति छिट्टै टुहुरो हुन्छु भन्ने कल्पना सम्म गरेको थिइनँ । अब मेरो सर्वस्व स्नेहा मात्र भइन् ।

म जागिरको सिलसिलामा बाहिरबाहिर जानुपर्ने । काठमाडौंमा घर बनाउने सल्लाह हुँदै थियो अशोक दाइले घर बनाइसक्नुभएको थियो । काकाले र मैले सँगै बनाउने निधो गरेका थियौं । घर बनाउन म आउन नभ्याउने भएँ । स्नेहालाई कामको लोड धेरै पर्ने भयो । तिमीलाई गाह्रो हुन्छ कि भनें । उनले भनिन् – भिनाजु र काका हुनुहुन्छ । खास समस्या पर्दैन । घरका एकजना सहयोगी भए अलि सजिलो हुन्थ्यो । "मैले स्नेहालाई सहयोग गर्ने मान्छेको तलास गर्न थाले । मेरै घर नजिकै एकजना भाई उमेश थियो ऊ सहयोगी पनि थियो । एस.ई.ई पास गरेपनि आर्थिक अवस्था कमजोर भएकोले घरमा बसेको थियो । उसलाई काठमाडौं राखेर पढाउने विचार गरैं । स्नेहासंग सल्लाह गरे । उनी खुसी भइन् । स्नेहा विवाह गरेर आउँदा ऊ पाँच–छ वर्षको मात्र थियों । अहिले लक्का जवान भएछ । काठमाडौं ल्याएर क्याम्पस भर्ना गरिदिएँ । उसको बिहानको क्याम्पस थियो दिउँसो स्नेहालाई सहयोग गर्थ्यो ।

उमेश आएपछि स्नेहालाई पनि अलि फुर्सद भएको थियो । काकाले र मैले दुईवटा एकै डिजाइनका घर बनाउने सल्लाह गऱ्यौं । एकैदिन जग थापियो । घर बनाउन सुरू भयो । मैले आवश्यकताअनुसारको पैसा पठाउने गर्थे । स्नेहासँग हिसाब किताब कहिल्यै मागिनँ । घरमा को आए के गरे सबै कुरा उमेशले मलाई बताउँथ्यो । एक प्रकारले उमेशले मेरो जासुसको काम समेत गरेको थियो । म काठमाडौं आउँदा घर तयार भएको थियो ।

नयाँ घरमा सरियो । त्यसपछि स्नेहाको व्यहार अलिअलि परिवर्तन भएको थियो । रमाइली मान्छे कम बोल्ने भएकी थिइन् । घर व्यवहारले मान्छेलाई परिवर्तन गराउँदो रहेछ भन्ठानें । स–सानो कुरामा पनि छोराछोरीलाई पिट्थिन् । त्यसैबेला काका आउनु भयो । काका आउने बित्तिकै उनको अनुहार हसिलो भयो । केहीबेर बसेर काका जानुभयो । भोलि म जागिरमा फर्कनेवाला थिएँ । सपिङ जाऊँ भने तर स्नेहाले मानिनन् । पछि अशोक दाइ र प्रेरणा दिदी आएपछि आफै सपिङ जान तम्सिइन् । फोनमा पनि बेलाबेलामा बहाना बनाइरहन्थिन् । उमेशले एकातिर गएको बताउँथ्यो । स्नेहाले अर्कोतिर । म दोधारमा पर्थें उमेशले ढाँट्यो कि स्नेहाले ?

म विराटनगर गएपछि म बिजी भएँ । फोन सम्पर्क कम भयो । एक दिन दिउँसो उमेशले फोन गरेर भन्यो– "दाइ ! दाइ ! स्नेहा भाउजू हिजोदेखि घरमा हुनुहुन्न ? फोन पनि उठाउनुहुन्न ? के गरौं । "ऊ अलि घबराहटको स्वरमा बोलेको थियो । कतै गएकी हुनिन् आउछिन् होला ? भन्दै हल्का रूपमा लिएँ । छोराछोरीको राम्रोसँग हेरविचार गर म छिटै आउँछु भन्दै फोन काटैं । तत्कालै स्नेहालाई फोन गरें । उनको फोन स्वीचअफ थियो ।

उमेशको कुराले म छाँगाबाट खसेजस्तै भएँ । प्लेन टिकट पाइनँ । नाइटबसको टिकट काटैं । बसमा अनेक कुरा खेल्न थाले । कहाँ गइहोलिन् स्नेहा ? साढुदाइकोमा गइन् कि ? काकाकोमा ? जाने भए भनेर जानुपर्ने । फेरि उमेशले किन आत्तिंदै फोन गरेको होला ? काका र साढुदाइको घरमा त ऊ आफै जान सक्थ्यो ? अन्त कतै जान ठाउँ थिएन स्नेहाको । बिहान काठमाडौं बसपार्कमा ओर्लिएँ । टेक्सी लिएर घरमा पुगैं । ढोका खुलै थियो । छोरा छोरी रुँदै एक अर्कासँग टाँसिएर बसेका थिए । उनीहरूलाई देख्दा मेरो मन छियाँछियाँ भयो । आँखाबाट बरर्र आँसु खसे । मलाई देख्ने बित्तिकै उनीहरू मेरो काखमा टाँसिन आए । उमेशलाई खोजें कतै देखिनँ । उमेश कता गयो भनेर सोधैं । उमेश दाइ त मम्मीलाई खोज्न हिजै जानु भएको हो भने । म हैरान भएँ । उमेशलाई फोन गरे । उसको फोन पनि स्वीच अफ थियो । साढुदाइलाई फोन गरें उनको फोन पनि स्वीच अफ, फेरि काकालाई पनि फोन गरें काकाको फोन पनि स्वीच अफ । किंकर्तव्यविमूढ भएँ । प्रेरणा दिदीलाई फोन गरें । स्नेहा भेट्टिइन ?उल्टै मसंग प्रतिप्रश्न गर्नुभयो । झनक्क रिस पनि उठ्यो । फेरि समालिए । "दाइ खोइ"– भने । दाइ अँस्ति एकहप्ताको लागि इन्डिया जानु भाछ भन्नुभयो । काका खोइ?भन्दै काकीलाई फोन गरें । अफिसका साथीसँग जोमसोम जानुभाछ भन्नुभयो ।

अब मलाई काका र साढुदाइमध्ये एकले भगाए कि भन्ने शंका लाग्यो । रिस उठ्यो । काकाले पटकपटक च्वाँक भन्ने अनि साढुदाइले विवाहको बेला दिएको धम्की सम्झेँ जसले स्नेहालाई भगाए उसैलाई खुकुरीले छप्काउन मन लाग्यो । पहिला वीरगञ्ज बस्दा खुकुरी ल्याएको थिएँ । आत्मरक्षाको लागि प्रयोग गर्नपर्छ भन्दै स्नेहालाई दिएको थिएँ । उनले हामी सुत्ने सिरानिमुनि राखेकी थिइन् । सिरानी पल्टाएँ । खुकुरी भेटिएन ।

मलाई रिंगटा लाग्यो । थचक्क भूईंमा बसें । वरिपरि कालो मात्र देखेँ । छोरीले पानी ल्याइन् । छोराले टाउको समातेको थियो । छोराछोरीको अपार माया देखेर खुसीका आँसु बर्र खसे । म नर्मल भएँ । स्नेहालाई कसले बहकाउमा पार्‍यो । तुरन्तै प्रहरी चौकीमा निवेदन दिएँ । मलाई फोन गरेर बताउने उमेश, शंका लागेका व्यक्ति साढुदाइ र काकाको बारेमा पनि भनें । उनीहरू सबैको फोटो दिएँ । चौकी इन्चार्जले भने–"पिर नलिनुस् गम्भिरजी हामी छिट्टै खोज्छौं र तपाईंलाई खबर गर्छौ । "

समय बिताउन निकै कठिन भयो । स्नेहाप्रति मैले गरेको व्यवहार, काठमाडौं राखेको, घर बनाएको सबै चिलचित्र झैं घुम्न थाले । तीन दिन बिताउन निकै कठिन भयो । फेसबुकतिर समेत कतै फोटा देख्न पाइनँ । नयाँ ठाउँमा जानासाथ फोटा अफलोड गर्ने स्नेहाको बानी थियो । कतै फोटो नदेख्दा अफट्यारोमा छन् कि भन्ने पनि लाग्यो ।

तेस्रो दिन बेलुका प्रहरी चौकीबाट फोन भयो – "गम्भिरजी तपाईंकी श्रीमती भेटिनु भाछ । तपाई तुरून्त आउनुस् । "म छोराछोरीलाई छोडेर चौकीमा गएँ । चौकीमा पुग्दा म आश्चर्यमा परें । स्नेहा दुलहीको रूपमा थिइन् । स्नेहाभन्दा १५ वर्ष कान्छो उमेश दुलाहाको रूपमा थियो । दुबै जना पोखरा बिन्दबासिनी मन्दिरमा विवाह गर्दागर्दै प्रकाउ परेका रहेछन् । पहिला केटाकेटीको खेल जस्तै लाग्यो । तर यथार्थ । मैले एकान्तमा स्नेहासँग भेट्ने प्रस्ताव राखी उनीलाई सम्झाउने कोशिस गरें । प्लीज स्नेहा घर हिंड । छोराछोरीको मुख हेर । गल्ती सबैको हुन्छ । सुधार्न सकिन्छ । मेरो घर उजाड नगराऊ । तर उनले मानिनन् । कस्तो प्रेम वा स्त्रीचरित्र हो त्यो बुझ्न सकिनँ । कल्पनासमेत गर्न नसक्ने कुरा प्रत्यक्ष अनुभूति भएको थियो ।

अब म के गर्न सक्थें ? स्नेहाको असलियत छर्लङ्ग भयो । अब मेरो चिन्ता छोराछोरीलाई तिम्री आमा पोइल गई कसरी भनूँ भन्ने थियो । लडाइ हारेको सिपाही जस्तै गरी चौकीबाट घर फर्किएँ ।

ooo

# दशहरो

✍ **राजेन्द्रकुमार आचार्य (राकुआ)**
**बुटवल, रूपन्देही**

ज्येष्ठ शुक्ल दशमी तिथिमा दशहरो पर्छ (जोशी २०६७: १२६) । यसदिन हस्त नक्षत्र त प्राय: पर्छ नै, बुधबार भएमा झन् राम्रो मानी महत्त्वका साथ मनाइन्छ (खतिवडा २०७४: २७१) । पापमोचनार्थ जेठ शुक्ल प्रतिपदादेखि नित्य स्नान गरी दशमीका दिन गङ्गाको जन्मदिन ठानी गङ्गोत्सव मनाउने परम्परा भएकोले यसलाई 'गङ्गा दशहरा' भनिएको पाइन्छ -शर्मा २०६१: ३४१) ।

जेठ शुक्ल प्रतिपदादेखि दशहरास्नान आरम्भ हुन्छ । प्रसिद्ध गोसाइँकुण्डमा पुगेर श्रद्धालु भक्तहरूले स्नान गरी नीलकण्ठ महादेवको दर्शन गर्छन् । कतिपय भक्तहरू प्रतिपदादेखि दशमीसम्म पूरै दस दिनपर्यन्त त्यहाँ बसी दैनिक स्नान, नीलकण्ठको ध्यान, शिवमन्त्रको जप, शिवपूजा, रूद्रीपाठ, शिवमहिम्न स्तोत्र पाठ आदि गर्छन् ।

गङ्गा दशहराको दश दिनसम्म गोसाइँकुण्ड जस्ता पवित्र तीर्थस्थलमा नित्य स्नान गर्नाले हत्या सहितका दश प्रकारका पाप पखालिन्छन् भन्ने विश्वास गरिन्छ (नेपाली बृहत् शब्दकोश २०७६/शर्मा २०५४: ३८२) ।

तदनुसार स्नान गरी नदीलाई पूजा गर्ने मन्त्र :

"ओं नमो भगवत्यै दशपाप हरायै गङ्गायै नारायण्यै रेवत्यै शिवायै दक्षायै अमृतायै विश्वरूपिन्यै ते नमोनम:

**नमामि नारायणि पादपङ्कजं सुरासुरै वन्दित दिव्य रूपम्**
**भुक्तिं च मुक्तिं च ददासि नित्यं भावानुसारेण सदा नराणाम् । "**

त्यस्तै, 'दशहरा' स्नानले पाप पखालिने मन्त्र:

**"अदत्तानां उपादानं हिंसा चैवाविधानत:**
**परदारोपसेवा च शारीरं त्रिविधंस्मृतिम्**

**पारूष्यमनृतं चैव पैशुन्यं चापि सर्वश:**
**असम्बद्ध प्रलापश्च वाङ्मयं स्याच्चतुर्विधम्**

**परद्रव्येष्वभिध्यानं मनसानिष्ट चिन्तनम्**
**वितथाभिनिवेदश्च त्रिविधं कर्ममानसम्**

(अर्काको वस्तु हरण, शास्त्रवर्जित हिंसा र परस्त्रीगमन– कायिक पाप, रूखो बोली, झुटो बोली, पछाडि कुरा काट्ने र बेकामका कुरा गर्ने– वाचिक तथा अर्काको धन अन्यायपूर्वक लिने विचार, अर्काको कुभलो चिताउने र नास्तिक भाव– मानसिक पाप हुन् (त्रिपाठी २०८०: २९) ।"

गङ्गा दशहरामा नेपाल र भारतका विभिन्न तीर्थस्थलहरूमा उत्सव हुने र मेला लाग्ने गर्छन् । रिडी क्षेत्रको कालीगण्डकी र रिडी खोलाको सङ्गमस्थलमा स्नानपश्चात् हृषीकेश मन्दिरमा हृषीकेश भगवान्को पूजापाठ, आरती आदि गरी उत्सव मनाइन्छ । त्यो बेला योगीहरू, योगिनी वा भक्तिनीहरूलाई सिधा–दक्षिणा दान गरिन्छ । दीनदु:खीहरूलाई चामल, फल, पैसा आदि दिइन्छ । परेवालाई अन्न दान गरिन्छ । हुनेखाने र मनकरीले भण्डारा पनि लगाउँछन् ।

गुल्मीतर्फका मठमन्दिर तथा स्याङ्जातर्फको भृगुतुङ्गेश्वरमा पनि जल, फूल, भेटी आदि चढाएर दर्शन गर्ने प्रचलन छ । दशहराको दिन कालीगण्डकीमा बाढी आएर दश हात बढ्छिन् भन्ने विश्वास पनि गरिन्छ (टङ्कनाथ ज्ञवाली) ।

सुर्खेतमा खडेरी परेको अवस्थामा दशहराको दिन पानीको मुहानमा पुगी रूद्री लगाएर पानी माग्ने परम्परा रहेको छ (जयप्रसाद आचार्य) ।

हुम्लाको जैर गाउँमा देउडा खेलेर तीन दिनसम्म गङ्गा दशहरा मनाइन्छ (गोकुल बुढा) ।

दशहराको दिन वज्रगुरु पद्मसम्भवको जन्मजयन्ती बौद्ध परम्पराअनुसार मनाउने गरिन्छ (खतिवडा २०७४: २७१) ।

उहाँको जन्म उड्डियानामा भएको, उहाँले धान्यकटक श्री शैलमा वज्रयानको साधना गर्नुभई नालन्दा विहार हुँदै नेपालको फर्पिङमा आएर ऋषितर आदि गुफामा साधना गर्नु भएको थियो । पछि भोटमा पुगी परम्परागत बोनमतसमेत अँगाली तन्त्रमय बौद्ध धर्म स्थापना गर्नु भयो । तिब्बती लामा बौद्ध धर्ममा वज्रगुरु पद्मसम्भवलाई दोस्रा बुद्ध मानिन्छ । उहाँ नेपालका ऋह्वोङ्गी लामा गुरुङहरूका कुलगुरु मानिनुहुन्छ (गुरुङ २०८०/२/१६) ।

काठमाडौं उपत्यकामा पशुपतिक्षेत्रको आर्यघाटमा रहेको गङ्गामाईको मूर्तिलाई रथमा बोकेर पशुपतिक्षेत्रका वनकाली, ताम्रेश्वर, जयबागेश्वरी आदिको परिक्रमा गराई फर्काएर पशुपतिमा ल्याई पूजा, धूप, आरती आदि गरिन्छ । रथलाई घुमाएर गौशालाको वज्रधरमा पुराएपछि सो संवत्सरका लागि जात्रा समाप्त गरिन्छ । रथजात्राका सहभागीले पञ्चैबाजा, धिमेबाजा, नायखीबाजा बजाउने र

रथ बोक्ने र दर्शकले जयजयकार गर्ने गर्छन् । रथयात्राका क्रममा राजप्रतिनिधिको रूपमा रथमा खड्ग राख्ने गरिन्छ (खतिवडा २०७४ः २७१) ।

भारतका गङ्गानदी किनारका सहरहरू, जस्तैः बनारस, प्रयाग, हरिद्वार, पटना आदिमा स्नान गरी गङ्गामाईको मूर्ति वा पुतला सिंगार्ने, पुज्ने, धूप–आरती गर्ने, ढोग्ने र भजन–कीर्तन गाउने गर्छन् । वाराणसीको भागीरथी गङ्गामा गङ्गामाताको मूर्ति डुँगामा सजाएर कीर्तनयात्रा चलाउने गर्छन्, यात्रामा काशी नरेशका सन्ततिलाई पनि सहभागी गराउने परम्परा छ (डा. बुद्धि ज्ञवाली) ।

प्रयाग सङ्गममा दशहरा र अन्य सुदिनहरूमा पनि गङ्गा, जमुना र सरस्वतीलाई भनी तीनवटा नरिवल सङ्कल्पसाथ अर्पण गर्ने प्रचलन छ (लेखकको स्थलगत अवलोकन २०८० पौष २७) ।

ग्रामीण समाजमा दशहरो आयो भन्दै सो दिनको बिहान पाएक पर्ने नदी, घाट, कुण्ड, पोखरी, धारा, कुवा आदिमा स्नान गरी दश प्रकारका सागपात र तरकारीका मुन्टा, ठौँसा, पलौटा पात आदि जम्मा गरी दशहरे तरकारी पकाएर स्वाद लिने व्यापक प्रचलन छ । दशहरे तरकारी सके प्रत्येक सापातको अलगअलग तरकारी नसके एकै ठाउँमा पकाएर खाने गरिन्छ ।

न्युरो, जलुका, डौंडे, खुर्सानीका मन्टा, बोडी-सोस्ताका मन्टा, कबेलीका मन्टा र पात, कुकुरडाइनोका मन्टा, निगालाका ठौँसा, गिठाका ठौँसा, मूला, विभिन्न सागहरू, केराउका मन्टा, कर्कलो आदि दशथोक नयाँ वनस्पति जुटाएर दशहरो तिउन पकाएर खाँदा वर्षैभरि मिठा र धेरै प्रकारका तिउन-तरकारी खान पाइन्छ भन्ने विश्वास छ (खगा आचार्य) ।

सबैलाई दशथोक जुटाउन गाह्रो पर्ने भएको हुनाले उपलब्ध सागपातहरू छरछिमेक र आफन्तहरूमा बाँडचुँड गरेर चाख्ने गरेको पाइन्छ । यसरी तीर्थमा स्नान गर्ने, गङ्गामाईलाई सम्भने र दश प्रकारका सागपात जम्मा गरी मिठो तरकारी खाएर मनाउने पर्व हो यो दशहरो ।

## स्रोतव्यक्ति

खगा आचार्य (१९९१- २०२९) मालारानी, अर्घाखाँची ।

जयप्रसाद आचार्य (५६) गाग्रेताल, वीरेन्द्रनगर, सुर्खेत ।

टङ्कनाथ ज्ञवाली (७५) थोर्गा, गुल्मी ।

डा. बुद्धि ज्ञवाली (५०) मणिग्राम, रूपन्देही ।

हिमलाल ज्ञवाली (२००५- २०७७) बर्दघाट, नवलपरासी ।

**स्रोत–सन्दर्भ सामग्री**

खतिवडा, सोमप्रसाद (२०७४) नेपाली संस्कृति विश्वकोश, काठमाडौं : जनता प्रकाशन ।

गुरुङ, डा. जगमान (२०८०) दशहरा र वज्रगुरु पद्मसम्भव जयन्ती, ज्येष्ठ १६, मुहार पुस्तिका ।

जोशी, सत्यमोहन (२०६८) नेपाली चाडपर्व, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, पद्मनाभ (२०८०) हिमाल पञ्चाङ्ग, पोखराः सन्तोष त्रिपाठी ।

नेपाली बृहत् शब्दकोश (२०७६) काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बुढा, गोकुल (२०८०) हुम्ला, मुहार पुस्तिका, ज्येष्ठ १६ ।

शर्म्मा नेपाल, वसन्तकुमार (२०५४) नेपाली शब्दसागर, काठमाडौं : भाभा पुस्तक भण्डार ।

**०००**

---

*// कविता //*

# आमा

✍ **हरिप्रसाद गौतम**
**गुल्मी (हाल : स्वयम्भू)**

आमा ! कहाँ छ्यौ भन पुत्रसंग
तिमीबिना छन् सब तुच्छ रङ्ग ।
चाहे चढाऊँ जति जे छ सारा,
सकिन्न कैल्यै तिरी दूधभारा ।।

केले तिरूँ खै गुन त्यो हजार
सम्झन्छु मैले रूप बार बार
हाँस्दै सिकायौ दुख त्यो लुकाई,
आमा तिमी थ्यौ दुखकी दबाई ।।

मिल्ने भएमा बरू फेरि आऊ,
रूँदो सधैंको मन यो बुझाऊ ।
औंसी र पुर्ने तिथि हुन् बहाना,
देवी तिमी हौ सब थोक आमा ।।

**०००**

# क्रमभङ्ग

✍ **मित्र 'उराठी' गौतम**
**अमरपुर, गुल्मी**
**हाल :तिलोत्तमा-२, रूपन्देही**

"ओहो ! निसास्सिएँ म त । यो संसारमा एकैछिन टिक्न पनि गाह्रो भयो । कहाँ जाऊँ प्रभु ?" मोबाइल फोनमा सामाजिक सञ्जाल नियालिरहेको भानुले अनायासै विरक्ति पोख्यो ।

"हैन के भन्छ यो ? के भएर निसास्सिइस् ?" छात्रावासको छतमा हावा खान जुटेका समूहको झपेन्द्रले फ्याट्ट सोध्यो ।

"हेर त यो संसार कति दुःखी छ ? हरेक दिन बलात्कार, हत्या, लुटपाट, बेइमानीका घटना घटिरहेका छन् । विभिन्न स्वार्थले भयानक युद्ध निम्तिएका छन् । दैवी प्रकोप र दुर्घटनाले आक्रान्त छ मान्छे । रोग, भोक, शोक सहेर पनि बाँच्न चाहन्छ । बाँच्नका लागि कति संघर्ष गर्छ मान्छे ? यो सब देखेर मलाई त असैह्य पीडा भयो । " बडो अनौठो पाराले गम्भीर भाव व्यक्त गऱ्यो भानुले ।

"के साइको जस्तो कुरा गर्छ यार! संसार यसै गरी त चलिराछ । सबैले यस्तै भोग्ने त हो बाँचुन्जेल । पूर्खादेखि भोग्दै आएको निरन्तर चलिरहन्छ सृष्टि रहुन्जेल । जन्म, संघर्ष अनि मृत्यु । " हर्षनाथले हल्का उल्याउने पारामा भन्यो ।

सबै साथीहरू गलल्ल हाँसे ।

यस्तै गफगाफमा मस्त रहेका उनीहरू एकैछिन पछि आआफ्नो कोठातिर लागे ।

"जन्म पछि मृत्यु निश्चित छ भने केका लागि यत्रो संघर्ष ? जन्मनु, दुःख भोग्नु, तँछाड मछाड गर्नु, रोगी हुनु, बुढ्यौली सहनु अनि मर्नु छ भने किन जन्मनु ? पुर्खादेखि यही क्रम चलेको छ । सृष्टि रहुन्जेल यही भोग्नु पर्छ भने क्रमभङ्ग किन नगर्ने ? आफू त दुःख भोग्यौं भोग्यौं सन्ततिलाई पनि किन यो जञ्जालमा फसाउने ? तसर्थ जन्माउने क्रम नै भङ्ग गर्नु दुःखको निवारण हो । मैले यो क्रमभङ्ग गर्न चाहान्छु । यो जञ्जाल भोगेर त्यो दूरको मृत्यु कुर्न चाहन्नँ । म आजै त्यो गन्तव्य हासिल गर्छु । "

अर्को बिहान भानुको टेवलमा यस्तो लेखेको पाना भेटियो ।

ooo

# मातृमहिमा काव्य एक संक्षिप्त समीक्षा

✍ **मुकुन्द शर्मा चालिसे**
**कैलासकुञ्ज, बूढानीलकण्ठ-४**

प्रा डा लक्ष्मीकान्त पन्थी संस्कृत र नेपाली साहित्यमा कलम चलाउने विशिष्ट विद्वान् लेखक हुनुहुन्छ । उहाँले नेपाली र संस्कृत भाषामा थुप्रै ग्रन्थ लेखेर प्रकाशित गर्नुभएको छ । अनुवाद गरेर पनि उहाँले अनेक ग्रन्थ नेपालीमा ल्याउनुभएको छ । विद्वान् पिता पं भीमकान्त पन्थीका ज्येष्ठ सुपुत्र लक्ष्मीकान्त पन्थीले गुल्मीबाट काठमाडौं रामहिटीमा आई वासस्थल बनाउनुभएको छ । उहाँ हाम्रो पूर्वीय संस्कृतिको उपासक हुनुहन्छ । उहाँले लेखेर प्रकाशित गरेको मातृमहिमा काव्यमा म केही शब्दसुमन अर्पण गर्छु ।

यो काव्यमा कविवर प्रह्लाद पोखेलको भूमिका रहेको छ । उहाँले लेखेको आमा सम्बन्धी कविता संस्कृत पद्यमा सानुवाद राखिएको छ । अनुवादक हुनुहुन्छ स्वयं लक्ष्मीकान्त पन्थी । लक्ष्मीकान्त पन्थीका भाइहरू चन्द्रकान्त पन्थी, विष्णुकान्त पन्थी र कृष्णकान्त पन्थीको सम्मति यहाँ रहेको छ साथै स्वयं कविको भूमिका यहाँ छ ।

यो काव्य लक्ष्मीकान्त पन्थीकी आमा नीलमाया पन्थी ९० वर्षमा लाग्दा उहाँलाई शुभकामना स्वरूप लेखिएको यहाँ पढ्न पाइन्छ । आफू बिरामी भएर अस्पतालमा बसेको बेला कविले यो काव्य लेख्नुभएको हो । आमालाई आफ्नो अनन्य आस्था प्रकट गरिएको यो काव्य हो । यसमा दुई अंश छन् । प्रथम अंशमा १३८ श्लोक छन् भने दोस्रो अंशमा ५७ श्लोक छन् । प्रायः मन्दाक्रान्ता छन्दमा यो काव्य आएको छ । यसमा शार्दूलविक्रीडित, शिखरिणी वियोगिनी, स्रग्विणी र वसन्ततिलका छन्द पनि आएका छन् ।

यो काव्यको मङ्गलाचरणमा विघ्नविनाशक श्रीगणेशको प्रार्थना गरिएको छ । यहाँ पिता भीमकान्त पन्थीलाई सम्झिएको छ । यसरी काव्य क्रमशः अघि बढ्छ ।

यस काव्यमा आमाका पुर्खाको वर्णन आएको छ । आत्रेय गोत्रका पुर्खाबाट क्रमशः सुर्केर खेमराजकी छोरी भएर आमाको जन्म हुन्छ । आमा पन्थीकुल विवाहित भएर आएपछिका अनेक रोचक दृश्य यहाँ छन् । बुहारी हुँदाका काम यहाँ छन् । आमा बिरामी भएर माइत गएको, उहाँ सिकिस्त हुनुभएको घरबाट पिताजी जानुभएको आदि घटना यहाँ आउँछन् ।

पछि सन्चो भएर घर आएपछि गर्भवती भएको आफू जन्मिएको कथा आउँछ ।

आफू कसरी हुर्कियो, पढियो र काठमाडौं आइयो यहाँ लेखिएको छ । तर आमाको मायाँ सतत आइरह्यो । पछि पिताजीको स्वर्गवास भएपछि पनि आमाको वात्सल्य प्राप्त भइरहेको यहाँ वर्णन छ । आमालाई बिर्सन हुँदैन भन्ने भावको एउटा श्लोक यहाँ ल्याउँछु ।

**आमालाई ललित कविता ल्याउँदै बारबार**
**कैलेकाहीँ घरतिर हिँडी गर्दछौं वारपार**
**आमा सम्झे पनि बखतमा दुःख काटिन्छ हाम्रो**
**आमा बिर्स्यो यदि सकसले जे गरोस् त्यो नराम्रो ॥**

यो काव्यमा छन्दोव्याघात छैन । भाषा प्रायः शुद्ध छ । छन्द मिलाउँदा कतै कतै शब्दमा हलचल आएको हुनसक्छ । आफू बिरामी भएर आईसीयूको कक्षमा रहँदा समेत कविले यस्तो काव्य लेखेर आमाप्रति आफ्नो आत्मीय आस्था व्यक्त गर्नुभयो । यो नै ठूलो साहित्य हो ।

अन्त्यमा म कविवर प्रा डा लक्ष्मीकान्त पन्थीप्रति सुस्वास्थ्य र दीर्घायुको शुभकामना दिन्छु र कविपरिचय काव्यबाट एक श्लोक ल्याएर सधन्यवाद बिदा हुन्छु ।

**अथक सुकवि लक्ष्मीकान्त पन्थी मजाले**
**अतिशय मधुवाणी काव्यमा पोख्न थाले**
**गुरुजनकन भित्रैदेखि राखेर मान**
**विगतसित रमेका सम्झँदै वर्तमान ॥**

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

// लेख //

# दिगो विकास र स्थानीय सरकार

✍ **विष्णु घर्ती 'भनभनेली'**
**मदाने, गुल्मी**

घरघरमा सिंहदरबार, राजनीतिक रूपान्तरण र दिगो विकासको सन्दर्भमा लामा लामा भाषण र आश्वासन हुँदै आए । जब राज्यसत्ता वा सरकारको कार्यक्षेत्र फराकिलो हुँदै गयो तब राज्यसत्ता वा सरकारका विभिन्न समूहले फरक–फरक राजनैतिक सोच विचार र आदर्शको बिजारोपण एवम् प्रचार गर्दै गए । जति पनि राजनीतिक विचार, सिद्धान्त, आदर्श र वाद विकसित भए ती सबैको गरिमा, महत्त्व र सान्दर्भिकता पनि उत्तिकै ओजपूर्ण देखिन्छ । आधारभूत आवश्यकता, विकास र स्वतन्त्रताजस्ता विषयमा प्राथमिकस्तरबाट माथिल्लो तहमा जान सकिने सम्भावनाका बारेमा बुझ्नु जरूरी रहन्छ । प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै गणतन्त्रलाई सुदृढ गर्न अझै उच्च तवरले योगदान गर्नुपर्ने अवस्था अझ छचल्किरहेछ । आफ्नो विकास आधुनिक मानवले आफैं गर्नुपर्छ र त्यसका निम्ति उपयुक्त अवसर निर्माणको भूमिका स्थानीय सरकारहरूले गर्नुपर्छ । विकासका पूर्वाधार निर्माण भइरहेका छन् । अब सामाजिक विकासको गतिलाई अझै तीब्र रूपमा अगाडि बढाउनु पर्छ ।

कुनै पनि काम निर्णयले मात्र हुँदैन । काम गर्नका लागि ठोस योजना र वस्तुनिष्ठ कार्यान्वयनयोग्य कार्यढाँचा चाहिन्छ । दृढ संकल्प, अठोट र प्रतिबद्धता व्यवहारिक हुनु जरूरी हुन्छ । गफ लगाएर दिगो विकास हुँदैन । देश बनाउनका लागि काममा विश्वास र निश्वार्थ भावनामा ज्यादा लाग्नुपर्छ । कामले मात्र ग्रामीणस्तरका नेपाली जनताको जीवन कायापलट हुन्छ । अन्यथा जीवनस्तर र दिगो विकासको सम्भावना छैन । खटाइअनुसारको पारिश्रमिक दिनसके मजदुर खुशी हुनुका साथै उद्यमीको चाहना अनुसार प्रतिफल प्राप्त हुन्छ । यस्तो पद्धतिले शक्तिको उचित प्रयोग र उत्पादकत्त्व वृद्धि हुन्छ अनि त्यसले राष्ट्रिय आम्दानीमा वृद्धि गर्छ । यही क्रमले दिगो विकासको पूर्वाधार निर्माण हुँदै जाँदा देश आत्मनिर्भर हुन कत्ति पनि समय लाग्दैन । स्वदेशको विश्वविद्यालयमा अर्थशास्त्रका नयाँ पुस्ताका प्राध्यापक, विद्यार्थीको चाहना पनि दिगो विकास र रोजगारी नै रहन्छ । नेपाली जनताको जीवनको कायापलट हुनु जरूरी छ, त्यो हामी सबै मिलेर गर्नुपर्छ ।

हालसम्मका निर्वाचित पदाधिकारीहरूले विकासका नयाँ नयाँ मोडलद्वारा गाउँ, टोल र पालिकालाई तुलनात्मक रूपमा कसरी उन्नत गर्न सकिन्छ भन्ने

योजनाको अभ्यास गरिरहेका छन् । उन्नत र समृद्ध समाज बनाउन राजनैतिक पार्टीबीच प्रतिस्पर्धा हुनुपर्छ । प्रतिस्पर्धा भनेको लोकतन्त्र हो र यही लोकतन्त्रका माध्यमले समग्र विकास सम्भव छ । पार्टीहरूले प्रत्येक निर्वाचनलाई विकासको अग्रगामी छलाङको कदमका रूपमा परिणत गर्न सक्नुपर्छ । किनकि, जनताको जीवनस्तर सुधार्ने, व्यक्तिगत स्वतन्त्रताको सुनिश्चितता र विकसित समाज निर्माण गर्ने जिम्मेवारी यिनै पार्टीको हो । असफलताका कारण खोज्दै इतिहासमा भएका गल्तीबाट सिक्दै निर्वाचित जनप्रतिनिधिले विकासका पहल कदमीलाई पुनः नयाँ ढङ्गले व्यवहारमा उतार्ने अवसर दलहरूलाई नै दिइएको छ । कति गर्न सक्छन् भन्ने समयले देखाउँछ । त्यो समय स्थानीय सरकारमा आएको छ ।

आफ्नोपनलाई बिर्सनु हुँदैन । परनिर्भरताले आत्मसम्मान, आत्मनिर्भर र स्वाभिमानको सपनालाई खारानी पार्छ । त्यसकारण परनिर्भरताको बाटोबाट दिगो विकास सम्भावना छैन भनेपछि त्यसको पछाडि लागिरहनु जरूरत् देखिन्न । हरेकजसो पार्टीभित्र उदार अर्थनीतिको प्रसङ्ग उठिरहन्छ । समृद्धिमा यसलाई जोडिन्छ तर कर्म गर्न प्रतिबद्ध हुँदैनन् । स्थानीय सरकारको विकास खर्चलाई केलाउने हो भने हरेक वर्ष आधाआधीजसो मात्र खर्च गर्न सकेको पाइन्छ । गफ तारा खसाउने गरे तापनि विकास, त्यो पनि दिगो विकास त जगत् हँसाउने खालकै छ भन्दा अत्युक्ति हुँदैन । निर्वाचित जनप्रतिनिधिलाई दिगो विकास सन्दर्भमा ज्यादै भनिरहनु पर्दैन किनकि प्रायः जनप्रतिनिधिले विदेश भ्रमण तथा विकास सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिएकै छन् । नेपाल सरकारले पनि दिगो विकास बारेमा प्रशिक्षण दिएकै छ । त्यसैले पनि यसपटक स्थानीय तहले दिगो विकासलाई प्राथमिकता दिनुपर्छ । त्यसपछि मात्र देश आत्मनिर्भरताको दिशातिर अग्रसर हुन्छ र घरघरमा संघीयताको सास फेरिनेछ ।

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# महावीर अभिमन्यु

✍ डा. उत्तम पच्या
रेसुङ्गा-१४, पराल्मी, गुल्मी

अर्जुनपुत्र, सुभद्रापुत्र
मामाश्री कृष्ण उनका गुरु
अस्त्रशस्त्र नीति शास्त्रमा
रहे पारङ्गत, हुन् उनी अभिमन्यु

कुरुक्षेत्रको युद्ध
श्रीकृष्णले गरे घोषणा
यो एक धर्मयुद्ध
पाण्डवपक्षमा धृष्टद्युम्नको थियो नेतृत्व
सेना थिए सात अक्षौहिणी
उता दुर्योधनतिर
पितामह भीष्मको थियो नेतृत्व
त्यहाँ भए सेना एघार अक्षौहिणी

युद्धको शंखनाद भो पहिलो दिन
कौरवमाथि भारी भए पाण्डव
विराट-युवराज उत्तरले
प्राप्त गरे शहादत
उनको मृत्युसंगै
अत्तालिएकी बहिनी उत्तरा
सधैं मनमा क्लेश लिंदै
पति अभिमन्युको विजयको कामना गर्थिन्
उत्तराको हाउभाउले लाग्थ्यो
युद्धमा नजाऊ
कलिला उमेरका उनीहरू
सँगै जीवन जिउनु थियो
कालान्तर सम्मको लागि
उनको आगमनले साँझमा
खुशीले उद्वेलित हुन्थिन्
भोलि बिहानको युद्धको तयारीमा
मन गह्रौं पार्थिन्
यसरी चल्दै थियो युद्धदैनिकी

युद्धको बाह्रौ दिन
बडो उल्लासले विजयको खुशी
प्रिया उत्तरासँग साटेका थिए
भोलिको युद्धतयारी सक्दै
केही निमेष आँखा के चिम्लेका थिए
अरूणोदय भइसकेछ
युद्धको तेह्रौं दिन
आचार्यले रचे चक्रव्यूह
अर्जुनलाई संशप्तकहरूले अल्झाए
युधिष्ठिरलाई बनाउन बन्दी
चक्रव्यूहको थियो उद्देश्य
चक्रव्यूह तोडे धनञ्जयपुत्र
भयङ्कर त्रिनेत्रधारी रुद्रसरी
कहालिंदै तर्सिंदै, बेहोस् हुँदै
छिन्नभिन्न भए वैरी
रौद्ररूप अभिमन्यु रोकिएनन् कसैबाट
पाण्डवहरू रोकिए जयद्रथबाट
धेरै रथीहरू टिकेनन्
अश्मकपुत्र मरे, शल्य मूर्च्छित

कर्ण घायल, दुःशासन मूर्च्छित
भए घायल दुर्योधन पनि
दुर्योधनपुत्र लक्ष्मण
मारिए उनैबाट

वीरले कि जित्छ कि वीरगति प्राप्त गर्छ
यो थियो उनको मूलमन्त्र
यो थियो उनको लागि
गौरवको पल गौरवको क्षण
चक्रव्यूहको केन्द्रबिन्दुमा
थिए महावीर अभिमन्यु
चारै तिर थिए
धर्मक्षेत्र कुरूक्षेत्रका छ महारथीहरू
अजेय आचार्य, कुलगुरु कृप
पराक्रमी कृतवर्मा, महावीर कर्ण
चिरञ्जीवी अश्वत्थामा, वीर बृहद्‌बल

एकछिन आँखा चिम्ले
गुरुले भनेका वाणीहरू
अस्त्र-शस्त्रका दाउपेचहरू
मनमा समाहित गर्दै
एक-एक गरी सबै
महारथीहरूमाथि जाइ लागे
क्षण भरमै सबै घायल भए
दुर्योधन रिसले चूर देखिन्थे
लक्ष्मणको मृत्युमा
रिसले मुर्मुरिंदै पीडाले छट्पटिंदै
सबै महारथीसँग चिच्चाउँदै थिए
वध गर यसको शीघ्र वध गर
पितामह भीष्मको युद्धनियम
तोड्नु पर्‍यो महारथीहरूले
उनलाई परास्त गर्न, उनलाई रोक्न
चारैतिरबाट आक्रमण भो एक साथ
उनको छातीमा बाणहरूको भो वर्षा
उनलाई पारियो निःशस्त्र
सबैले एकसाथ प्रयोग गरे आफ्ना अस्त्र
उनी घायल थिए तर साहस टुटेन
उनका बाहु अझै शक्तिशाली थिए
जाँघहरू उनलाई थामिरहेका थिए
रथको चक्र लिएर
युद्ध गरे महावीरहरूसँग
उनको शौर्य अन्तिमसम्म रह्यो

निःशस्त्र घायल महावीरले निश्चेष्ट
धर्तीलाई अँगाले
महाभारतमा अलौकिक वीरता रच्दै ।

ooo

**तपाईंले लेखेका, तपाईंसँग भएका पत्र-पत्रिका**
**किरण पुस्तकालयलाई दिई सहयोग गर्नुहोस् ।**

*// लेख //*

# विपश्यना : एक परिचय

✍ **कविता पन्थी**
**ड्राइभरटोल, तिलोत्तमा, रूपन्देही**

अहिले मानवसमाज निरन्तर भौतिक उन्नतिको पथमा लम्किरहेको छ । मानिसलाई सुखसुविधाका विभिन्न वस्तुहरू उपलब्ध छन् । जतिसुकै भौतिक सुख र सम्पन्नता प्राप्त गरेपनि मानिसलाई भित्री रूपमा सुख र आनन्दको अनुभव हुन सकेको छैन । भौतिक उन्नति र प्रगतिको चरम बिन्दुमा पुगेको मुलुकमा पनि मानिसहरूको मनमा दुःख छ, मानसिक विचलन छ । उनीहरू मानसिक शान्तिको खोजमा छन् । मनको विचलनका कारण विभिन्न खालका घटनाहरू समाजमा घटिरहेको देख्न सकिन्छ । यस्ता समस्याहरूबाट मुक्ति पाउनको लागि सबभन्दा महत्त्वपूर्ण कुरा मानिस मानसिक रूपमा सबल हुनुपर्छ । जीवन र जगत्को रहस्य बुझ्नुपर्छ ।

मानिसको मनलाई शान्त राख्न, राम्रो तरिकाले चलाउनको लागि मनलाई एकाग्र राख्नु आवश्यक हुन्छ । मनलाई एकाग्र राख्नसक्ने महत्त्वपूर्ण उपाय ध्यान हो । पूर्वीय दर्शनमा ध्यानलाई योगको सातौं अंग मानिन्छ । शरीरमा, मनमा र आसपास जे-जस्ता घटना घटिरहेका छन् त्यसमाथिको एकाग्रता नै ध्यान हो । ध्यानले सत्य चेतनालाई जागृत गर्दछ । ध्यानको माध्यमबाट शरीर एवं मनका कष्ट हटाउन सकिन्छ । गहन आत्मिक शान्ति महसुस हुने, मनको एकाग्रता साथै धारणाशक्ति बढ्ने हुन्छ । जीवनको दृष्टिकोणमा परिवर्तन आउँछ ।

संसारमा ध्यानका विभिन्न विधिहरू छन् । यी विधिहरूमध्ये विपश्यना ध्यान प्रभावकारी ध्यानविधि हो । यो ध्यानलाई बौद्ध ध्यान पनि भनिन्छ । संसारबाट लोप भइसकेको यो ध्यानलाई गौतम बुद्धले खोज गरी पुन सर्वसुलभ गराएका हुन् । विपश्यनाको अर्थ विशेष प्रकारले हेर्नु हो । संसारको स्वभाव अनित्य, दुःख र अनात्मलाई आफ्नै अनुभूतिको तहबाट अवलोकन गरी पहिचान गर्ने प्रक्रियाको नाम विपश्यना ध्यान हो । विपश्यना ध्यान मनले मनलाई हेर्ने ध्यान हो । मानिसको मनमा राग द्वेषजस्ता कुराहरू हुन्छन् । लोभ मोह अहंकार जस्ता कुराहरू मानव मनमा रहेका हुन्छन् । यस्ता प्रकारका कुराहरू मानव मनलाई दुःख दिने कारक बनिरहन्छन् । जबसम्म मानवमनमा क्लेश र द्वेष हुन्छ, तबसम्म मानव मन दूषित र कलुषित नै रहन्छ । यस्तो अवस्थामा मानसिक सुख र शान्ति धेरै टाढा हुन्छ । मनलाई शुद्ध, पवित्र र निर्मल बनाउन विपश्यना ध्यान गर्नुपर्छ । विपश्यनाबाट शाश्वत र शर्तरहितको सुख प्राप्त हुन्छ । विपश्यनालाई निर्वाणसम्मको यात्रा पनि भनिन्छ ।

योग्यता प्राप्त आचार्यको सान्निध्यमा १० दिनको आवासीय शिविरमा सहभागी भई विपश्यना साधना सिक्न सकिन्छ । शिविर अवधिमा लेखपढ गर्न, पूजापाठ गर्न हुँदैन । पञ्चशील कडाइका साथ पालना गरी आवासीय सुविधा सहितको भिक्षुजीवन व्यतीत गर्ने, ध्यान अवधिभर आर्यमौन रहने, अरूले दिएको दानमा १० दिन बिताउने, सात्विक भोजन ग्रहण गर्ने र निर्देशन बमोजिम क्रियाकलाप गर्ने गर्नुपर्दछ ।

विपश्यना ध्यान भन्दा पहिले आनापाना ध्यान गरिन्छ । साधारणतया पलेटी मारी आँखा चिम्लेर श्वासलाई ध्यान दिई मनमा जस्तो, जे विचार आउँछ, आउन दिएर त्यसको निरीक्षण गर्ने र हेर्ने क्रियालाई आनापाना ध्यान भनिन्छ । यो ध्यानमा श्वासको गतिलाई नाकको प्वालबाट श्वास आएको र गएको महसुस गरिन्छ । जसबाट चित्तको एकाग्रता प्राप्त हुन्छ । यो विपश्यनाको शुरूको अवस्था हो, आनापाना शुद्ध भए पछि सबै प्रकारका विचारहरू आउन बन्द हुन्छन् र ध्यान अन्तर्मुखी हुन्छ । अन्तर्मुखी ध्यान नै विपश्यना ध्यान हो । विपश्यनाबाट चित्तको निर्मलता प्राप्त हुन्छ । भगवान् बुद्धले दुःखबाट मुक्ति पाउने एउटै मात्र उपाय स्मृति प्रस्थानभावना अर्थात् कायानुस्मृति भावना, वेदनानुस्मृति भावना, चित्तानुस्मृति भावना र धर्मानुस्मृति भावना हो भन्नुभएको छ । यी भावनाबाट अभ्यासद्वारा स्मृति बलियो पार्दै लैजान सकिन्छ, नयाँ संस्कारको निर्माणमा रोक लगाउन सकिन्छ, संचित पुराना संस्कारलाई क्षय गर्दै लैजान सकिन्छ । त्यसैले यी चारवटा स्मृतिप्रस्थान नै विपश्यना ध्यान भावनाका चार प्रमुख प्रक्रियाहरू हुन् ।

विपश्यना ध्यानअभ्यासले मन शुद्ध र पवित्र हुँदै जान्छ । राग, द्वेष, लोभ, मोह आदि मनका मयलहरू पखालिंदै जान्छन् । मन नै सुखदुःखको कारण हो, मन निर्मल र शुद्ध भएपछि यस संसारमा रहेर पनि सुखशान्तिपूर्वक जिउने कला सिकिन्छ । जसरी फोहोर र हिलो माटोमा उम्रेर पनि कमल त्यो फोहोर र हिलोमैलोबाट अलग हुन्छ, त्यसरी नै विपश्यना साधनाको प्रभावबाट हामी पनि यो संसारको दुःख कष्टबाट विचलित नहुने हुन सक्छौ ।

अनित्य, अनात्म र दुःखलाई जीवनको सत्यको रूपमा बुझ्न सकेको खण्डमा बल्ल जीवनबोध हुन्छ । सांसारिक रमझमप्रतिको आसक्ति हट्छ । यो खालको जीवनबोध नहुँदा बत्तीमा पुतली झुम्मिए जस्तै सांसारिक रमझममा झुम्मिनुपर्ने, पुतलीले आगोमा पारेर व्यर्थ जीवन गुमाए जस्तो आफ्नो अनमोल जीवन व्यर्थमा गुमाउनुपर्ने हुन्छ यो ज्ञानको लागि विपश्यना ध्यान गर्नुपर्दछ । मानिसबाट जति पनि गल्ती, अपराध र नराम्रा कामहरू हुन्छन् त्यसको कारण बेहोशी प्रवृति नै हो । पूर्ण होसमा रहेको अवस्थामा मानिसले अरूलाई मन नपर्ने काम गर्दैन ।

विवेकपूर्ण रूपले काम गर्नका लागि विपश्यना गर्नु आवश्यक छ । हामीले जन्म जन्मान्तर देखि धेरै कुस्संस्कारको थुप्रो जम्मा गरेका छौं । जीवनमा आइपर्ने प्रत्येक घटनाहरूलाई हामी प्रतिक्रिया गर्ने गर्छौं । राग, द्वेष, मोह, आदि कारणले हामीमा अनावश्यक रूपमा आसक्ति उत्पन्न हुन्छ । अप्रिय वस्तुप्रति घृणा गरी द्वेष उत्पन्न गर्छौं, बदलाको भावना मनमा लिन्छौ । यस्तो भावना नलिनको लागि विपश्यना साधना सहयोगी हुन्छ ।

यस साधनामा कुनै कल्पना, आकृति, मन्त्र, ध्वनि वा यस्तै मनिसद्वारा सृजित कृत्रिम साधन या माध्यमलाई स्थान दिइदैन । प्रकृति वा निसर्गको नियमलाई मनको गहिराइमा अध्ययन वा मनन गर्नु नै यस विधिको उद्देश्य हो । जे छ त्यही, जस्तो छ त्यस्तै हेर्नु र त्यसको यथार्थबोध गर्नु नै विपश्यना ध्यानको मुख्य विशेषता हो । स्थूल भन्दा पनि स्थूल सूक्ष्मभन्दा पनि सूक्ष्म सत्य पनि बन्द आँखाबाट प्रत्यक्ष देख्न र अनुभूत गर्न सक्नु विपश्यनाको मौलिकता हो । यो ध्यान कुनै वाद सम्प्रदायका व्यक्तिको लागि भन्ने होइन, जुनसुकै सम्प्रदायका व्यक्तिले विना कुनै झन्झट सहर्ष स्वीकार गरी अभ्यास गर्न सक्छ । मानिस प्रकृतिकै अनुपम सृजना हो, प्रकृतिभन्दा बाहिर मानिस जान सक्दैन । विपश्यनामा पनि आफना तर्फबाट कुनै पनि कृत्रिम अभ्यास गरिँदैन, केवल चित्तलाई सजग राखी द्रष्टाभावद्वारा जे जस्तो अनुभूति भइरहेको छ, त्यो मात्रै हेरी स्वीकार गरिन्छ । प्रतिक्रिया नगरी परिणामलाई प्रकृतिमाथि नै छोडिन्छ । प्रकृतिले नै साधकलाई सच्चा जीवनबोध गराइदिन्छ ।

विपश्यना ध्यान निकै पुरानो ध्यान पद्धति हो । यसलाई बुद्धले पुनर्जीवन दिएको मानिन्छ । यही ध्यानको माध्यमबाट सिद्धार्थ गौतम बोधि प्राप्त गर्न सफल भई गौतम बुद्ध बनेका हुन् । बुद्धको समयमा धेरै साधकहरूले विपश्यना अभ्यास गरेका थिए । समयक्रममा यो ध्यान विधि बर्मा, थाइल्याण्ड आदि देशमा फैलिएको थियो । बुद्धको निर्वाणको धेरै वर्षपछि बर्मामा यसको शुद्ध रूप भेटिएको थियो । बर्माका विपश्यना आचार्य सियाजी ऊ वा खिनबाट विपश्यना ज्ञान लिएपछि सत्यनारायण गोयनका आफ्नो पुरानो रोगबाट मुक्त भए । त्यसपछि विपश्यना साधनलाई अगाडि बढाउने काममा सत्यनारायण गोयन्काको अहम् भूमिका छ । नेपालमा सन् १९८१मा शुरू भएको हो । अहिले देशका विभिन्न ११ ठाउँमा विपश्यना शिविरहरू सञ्चालनमा छन् । विपश्यना साधना गरी दुःखमुक्तिको उपाय खोज्न साधकहरू यी शिविरमा आउँछन् ।

वर्तमान समयमा मान्छे धेरै व्यस्त छ, जीवन के हो, जीवनको शाश्वत सत्य बुझ्न विपश्यना साधना अनिवार्य छ । यो भागदौडको समयमा पनि आफ्नो जीवनलाई तनावमुक्त बनाउन, शान्ति अनुभूत गर्न, जीवनमा आइपर्ने हरेक समस्याको डटेर

सामना गर्ने हिम्मत जुटाउन विपश्यना साधना आवश्यक छ । जुनसुकै क्षेत्रमा काम गर्ने मान्छेले पनि आफ्नो जीवनलाई बुझ्न, सही रूपमा जीवनलाई हेर्न, जीवनको यथाभूत ज्ञान दर्शन गर्न जीवनमा एकपटक भएपनि विपश्यना साधना गर्नु जरूरी छ । अहिले समाजमा नैतिकताको खडेरी लागेको छ, मान्छेका मन विश्रृंखलित भएका छन्, हतियारको आडमा काम हुन थालेको छ, नीति नियम छैन, यस्तो अवस्थालाई परिवर्तन गराएर विश्वशान्तिको कामना गर्न पनि विपश्यना ध्यानले महत्त्व राख्छ । नैतिक, सदाचारयुक्त शासनव्यवस्थाको लागि पनि हरेक देशका शासकहरूले पनि विपश्यना गर्नु जरूरी छ । हरेक मानिस भित्र बुद्ध गुण हुन्छ, त्यो गुणलाई बाहिर निकाल्न विपश्यना साधनाले मद्दत गर्दछ । पञ्चशीलको पालना, आर्य अष्टाङ्गिक मार्गको पालना, चतुरब्रह्म बिहारको पालना जस्ता कुराहरूको अभ्यासबाट जीवनलाई सार्थक र उपलब्धीमूलक बनाउन सकिन्छ ।

कुनै पनि देशको विकास त्यो देशको भौतिक विकासमा मात्र केन्द्रित हुनुहुन्न, जबसम्म मानवीय सहयोग, नैतिकता, सदाचार, मित्रता, सम्यक् व्यवहारका शिक्षा जनतामा हुँदैन, त्यस्तो शिक्षा लगामविनाको घोडा जस्तो हुन्छ । सामाजिक जीवनका अन्य उपलब्धिसँगै देशका नागरिकलाई ध्यानको माध्यमबाट आफ्नो जीवनको सत्य बुझ्ने अवसर मिलाउनु समग्र राष्ट्रको समृद्धिको सूचक हुन जान्छ । मान्छे भन्नु र साँच्चैको मान्छे बन्नुमा धेरै फरक छ । विपश्यनाको माध्यमबाट आत्मनिरीक्षण गरी मनको आँखा खोलेर मानवजीवनको वास्तविक आनन्द लिन सकिन्छ ।

०००

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# कसरी बन्छ यो देश ?

✍ **ज्यो. कृष्णप्रसाद पाण्डे**
**बाणगंगा, कपिलवस्तु**

शिक्षा नीति भए राम्रो राम्रो हुन्छ सबै कुरा,
अर्कैले योजना दिन्छ, छैन आफ्नो सबै कुरा
विदेशीको इशारामा शिक्षा नीति बनाउने
जरामा बालुवा राख्ने माथि पानी भिजाउने ॥

।१।

सम्पदा जलमा हाम्रो दोस्रो नम्बरमा छ रे
विद्युत झिक्नको लागि हामीले नहुने अरे
क्रान्ति उद्योगमा ल्याए समृद्ध राष्ट्र बन्दछ
समृद्ध बन्न नेपाल उद्योग सब बेच्दछ ॥

।२।

यत्रतत्र सबैतर्फ जडिबुटी प्रशस्त छ
कौडीमा तिनलाई बेच्छौं औषधि बहुमूल्य छ ।
कृषिमा क्रान्ति गर्ने हो सबैको एउटै स्वर
गर्ने हो कसरी क्रान्ति भिजनै छैन आखिर ॥

।३।

ऊर्जावान युवा हाम्रा ऊर्जा बेच्छन् विदेशमा
रेमिट देशमा पस्दा समृद्ध हुन्छ देशमा
विदेशिए युवा हाम्रो उँचो शिक्षा लिने भनी
भनेको सुन्छु धेरैले राम्रो हुन्छ गए भने ॥

।४।

विद्युत बेच्नको लागि बाटोको खोजिमा छ रे !
उद्योग मलको खोल्दा पल्लारे रिसिने अरे
उस्ला खुशी बनाएर राज्य शक्ति टिकाउने
इसारा नबुझे उसको जहाज छालमा हुने ॥

।५।

वर्षाको भेलमा वृक्ष्य, भेलसँगै बगेसरी
टाक्सिएर युवा हाम्रा भेटेनन् रोकिने कडी
उजाड गाउँ वस्ती छ, युवा छैन समाजमा
कसरी बन्छ यो देश, लौन भन जर्नादन ॥

।६।

उद्योग खोल्न मिल्दैन, हाम्रो भलो हुने गरी
अरूको तालमा नाच्दा राम्रो हुन्छ कसो गरी
लुकाउने कुरा ऐले बाँकी छैन कुनै यहाँ
ढाकेर ढाकिनै छाड्यो उदाङ्गै छ जहाँतहाँ ।।
।७।

०००

*// कविता //*

# डरपोक प्रेमी

✍ **विष्णुकुमार गिरी**
**मुसिकोट-१, गुल्मी (हाल : जापान)**

बा चट्ट्याङ जस्तै
चर्का छन्
थाप्लोमै चिर्को पार्छन्
हुन्छ भन्दिए भने त ठिकै छ
यदि
हुन्न भन्दिए भने
कि त मन जलाउनुपर्छ
कि त उसँगै जल्नुपर्छ
'आगो'सँग डराउँछन् प्रेमीहरू !

आमा बादल जस्तै
शीतल छन्
बर्सिन थालिन् भने थामिन जान्दिनन्
हुन्छ भनिन् भने त ठिकै छ
हुन्न भनिन् भने
कि त आँखाबाट बगाउनुपर्छ
कि त ऊसँगै बग्नुपर्छ
पानीसँग डराउँछन् प्रेमीहरू!

छिमेकी जुनकिरी जस्तै
चम्किन्छन्
पिलपिल गर्छन्
भ्रम पारिदिन्छन्
र अलप भइदिन्छन्
हुन्छ भन्दिए त ठिकै छ
हुन्न भन्दिए भने
कि त आँखा चिम्लिनुपर्छ
कि त उसँगै विलीन हुनुपर्छ
अँध्यारोसँग डराउँछन् प्रेमीहरू !

समाज जीर्ण पौवा जस्तै छ
सबैलाई स्वागत गर्छ
जसोतसो अटाउनुपर्छ भन्छ
हुन्न भन्दैन
तर
परकम्प गइरहन्छ
कि त
भाग्नुपर्छ
कि त
उसँगै भत्किनुपर्छ
भुकम्पसँग डराउँछन् प्रेमीहरू !

प्रेमीहरू 'निडर' त
प्रेम गर्नु पहिले मात्र थिए !

०००

# समाजसेवा नै धर्म हो जस्तो लाग्छ ।



✍ **तुलाराम पाण्डे**
**तम्घास, गुल्मी**

*(तुलाराम पाण्डे विशिष्ट समाजसेवी व्यक्तित्व हुनुहुन्छ । उहाँ उदारमना र आस्तिक हुनुहुन्छ । सरल र सहृदयी पाण्डेले यस क्षेत्रको शैक्षिक, सांस्कृतिक, सामाजिक र धार्मिक अभ्युदयमा उल्लेख्य योगदान गर्नुभएको छ । अनुभवले खारिएका ८६ वर्षीय पाण्डेसँग आफ्ना अनुभव र अनुभूतिबारे गरिएका कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)*

**१. तपाईंको जन्म कहिले कहाँ भएको हो ?**

❑ मेरो जन्म छत्रदेव गाउँपालिका वडा नं. ७, पहिलाको भगवती गा.वि.स. वडा नं. ८, डाँडाखर्क भन्ने स्थानमा बुबा देउमनी र आमा भुमकला पाण्डेको कोखबाट वि.सं. १९९६ श्रावण १० गते भएको रहेछ ।

**२. तपाईंको बाल्यकाल कसरी बित्यो ?**

❑ मेरो बाल्यकाल खेतिपाती र गाईबाख्रा चराउँदै बित्यो ।

**३. तपाईंको शिक्षादीक्षा कहाँ कसरी भयो ?**

❑ म १०-११ वर्षको हुँदा मेरो हजुरबुबाले मलाई वेद, चण्डी, पढ्नको लागि अर्घाखाँचीको ढाँड खिदिम भन्ने स्थानमा फुपूदिदीकोमा लैजानुभयो । उक्त स्थानमा एक्ले बा भन्ने हुनुहुँदो रहेछ । उहाँको वास्तविक नाम थाहा भएन सबैले एक्ले बा भन्ने गर्दथे । उहाँले विद्यार्थीहरू जम्मा गरी वेद चण्डी पढाउनुहुँदो रहेछ । मैले पनि त्यहीं बसी १० अध्यायसम्म वेद पढ्ने मौका पाएँ तर पछि पारिवारिक कारणले घर फर्केर आउनुपर्‍यो । त्यतिबेला स्कूल पनि थिएनन् । पढ्नको लागि बनारस जानुपर्थ्यो तर मेरो लागि त्यो सम्भव भएन ।

## ४. तपाईंले के-कस्ता पेशा अंगाल्नुभयो ?

❑ इण्डिया आर्मीमा ३ वर्षजति काम गरें तर मलाई त्यो पेशा मन परेन । आफ्नै देशमा फर्कने सोंच आयो र फर्केर आएँ । यहाँ आएपछि मैले सुरूमा घर छाउने, ढुङ्गाखानीमा ढुङ्गा खन्ने काम गरें यसमा पनि सफल भइनँ त्यसपछि ४-५ वर्ष भैंसी व्यापार गरें । यसबाट पनि भएन र त्यसपछि पत्थरकोटबाट भरिया लगाएर चामल ल्याएर बेच्ने काम गरें । यसबाट पनि म सफल हुन सकिनँ र मेरो दिमागमा गुल्मीको सदरमुकाम तम्घासमा गएर होटल व्यवसाय गर्ने हुटहुटी चल्यो । यो व्यवसाय एक्लै सम्भव हुने देखिनँ, त्यसैले आफ्नै मामाको छोरा भीमलाल पाण्डेलाई सँगै लिएर जाने निधो गरें र हामी दुईको संयुक्त लगानीमा वि.सं. २०२८ सालमा पाण्डेय होटलको स्थापना गरियो । यसबाट म सफल भएँ । आफ्ना छोराछोरी पढाउनको लागि मलाई कुनै समस्या भएन । लगभग १४ वर्ष होटल गरें र यो पेशा परिवर्तन गर्न मन लाग्यो । त्यसपछि किराना पसल हुँदै भाँडा पसलसम्म आइपुगें । अहिले पनि यो पेशा मेरो जेठा छोरा लेखनाथले अँगालिरहेको छ ।

## ५. यहाँलाई सबैभन्दा कुन पेशा मन पऱ्यो ?

❑ पेशामा मलाई भाँडा पसल नै मन पऱ्यो किनकि मेरो जीवनको आर्थिक पाटाको जग होटलले बसालेको थियो त्यसमा इँटाहरू थप्ने काम भाँडा पसलले गरेको हो ।

## ६. तपाईंले समाजसेवाको क्षेत्रमा के-कस्ता काम गर्नुभयो ?

❑ रेसुङ्गा बहुमुखी क्याम्पसमा संस्थापक सदस्य, नेपाल रेडक्रस सोसाइटी, गुल्मी, बालमन्दिरमा आजीवन सदस्य, नेत्रज्योति संघ, महेन्द्र, मा.वि. किरण पुस्तकालयमा आजीवन सदस्य बनें । त्यसैगरी रेसुङ्गा मा.वि. सिद्धबाबा मा.वि., उपल्लो तम्घास मा.वि., तम्घासस्थान संयुक्त मन्दिर, रेसुङ्गा यज्ञशाला, रेसुङ्गा गोशाला जस्ता संस्थामा अक्षयकोषहरू स्थापना गरें । रुद्रवेणी मानवसेवा आश्रममा सहयोगका साथै राधामाधव समितिको मन्दिर स्थापना गर्नका लागि भवन निर्माणमा पनि सहयोग गरेको छु । गुल्मी उद्योग वाणिज्य संघमा उपाध्यक्ष, वि.सं. २०४८ सालमा तम्घास गा.वि.स. वडा नं. १ को वडाअध्यक्ष, नेपाली काँग्रेस, गाउँ समितिको सभापति भएर समाजसेवामा संलग्न रहेको छु ।

## ७. अहिले पारिवारिक अवस्था कस्तो छ ?

❑ मेरो पारिवारिक अवस्था सन्तोषजनक छ मेरा दुई छोरा चार छोरीहरू छन् । जेठा छोराले व्यापार-व्यवसाय गरेर बसेको छ भने कान्छा छोराको

परिवार बेलायतमा छन् । दुईवटी छोरीहरू काठमाडौंमा छन्, एउटी छोरी बुटवल र अर्की छोरी धुर्कोटमा छन् ।

**८. अहिले स्वास्थ्य अवस्था कस्तो छ ?**

❑ मलाई हल्का दम छ, घाँटीको एलर्जी भएकोले खोकी लागिरहन्छ । आँखाको पर्दा पातलो भएकोले दृष्टि धेरै नै कम छ । दिउँसोमा अलिअलि देख्छु तर साँझ-बिहान देख्न सक्दिनँ ।

**९. धार्मिक रूपमा यहाँको विश्वास कस्तो छ ? यहाँ केबाट प्रभावित भएर धार्मिक र सामाजिक काममा लाग्नुभयो ?**

❑ म एउटा आस्तिक मान्छे हुँ । धर्मले नै हामी सबैको रक्षा गर्छ जस्तो लाग्छ । मलाई धार्मिक किताब पढ्न असाध्यै मन पर्थ्यो । त्यसैले म गरोखपुरको गीता प्रेसमा गएर कल्याण पत्रिकाको ग्राहक बनें । जसले गर्दा प्रत्येक महिनामा कल्याण पत्रिका हुलाकमार्फत मेरो घरमा आइपुग्थ्यो ।

२०६७ सालमा स्वामी हरिदासज्यू, तम्घासमा आउनुभएको थियो । उहाँ जगद्गुरु श्री कृपालुजी महाराजको नेपालको लागि प्रचारक हुनुहुँदोरहेछ । उहाँको प्रवचन सुनें र उहाँले आफ्नो गुरुको वर्णन गर्नुभयो, त्यसपछि मलाई नि गुरुलाई भेट्ने इच्छा भयो र म श्री हरिदासजीको साथमा वृन्दावन पुगे जहाँ भारद्वाजजीले बनाएको प्रेममन्दिरको उद्घाटन रहेछ तर कारणवश त्यो समयमा उद्घाटन हुन सकेन । हरिदासजीमार्फत जगद्गुरुलाई भेट्ने अवसर पाएँ । उहाँका मधुरवाणीहरू सुनें । उहाँले बडो मिजासले तिमीहरू त्यति टाढाबाट आयौ । दुःख पायौ भनेर सान्त्वना दिनुभयो । उहाँलाई भेटेपछि बल्ल मलाई गुरु भेटेको महसुस भयो र म अहिले उहाँले स्थापना गरेको संस्था राधेराधेमा आबद्ध छु । मानवसेवा नै धर्म हो भन्ने मूलमन्त्रले नै मलाई सामाजिक काममा लाग्न प्रेरित गऱ्यो र थोरै भए पनि सफल भएको महसुस गरेको छु ।

**१०. यहाँले सुन, घिउ र चामल कतिमा किन्नुभयो ?**

❑ मैले सुन इण्डियाबाट १०० रूपैयाँमा १ तोला ल्याएको थिएँ । जसलाई ११२ रूपैयाँमा बेची १२ रूपैयाँ फाइदा गरेको याद छ । घ्यू २ रूपैयाँ मानो र चामल २ रूपैयाँ पाथी भएको याद छ ।

**११. यहाँको विवाह कति वर्षमा भयो ? श्रीमतीसँग उमेर कति अन्तर छ ?**

❑ मेरो विवाह ९ वर्षमा भएको थियो । मभन्दा मेरी श्रीमती ७ महिना कान्छी छन् ।

**१२. यहाँले बिर्सनै नसक्ने जीवनमा केही घटना छन् कि ?**

❑ आफूलाई अत्यन्तै सम्मान र प्रेम गर्ने मेरा मामाका छोरा श्री भीमलाल पाण्डेको २०४७ सालमा बुटवलबाट तम्घास आउने क्रममा रिडीदेखि माथि थोर्गा खन्यारूख भन्ने स्थानमा गाडी दुर्घटना भई निधन भयो । यो मेरो जीवनमा सबैभन्दा मर्माहत बनाउने एवं बिर्सनै नसक्ने घटना हो ।

**१३. जीवन कस्तो लाग्यो ? जीवनबाट सन्तुष्ट हुनुहुन्छ ?**

❑ जीवन असाध्यै रमणीय छ । सौभाग्यले गर्दा मानवजीवन प्राप्त भएको छ । यसमा म असाध्यै खुशी छु । जीवनमा सन्तुष्ट हुनको लागि माया, मोह, कृत्रिम सुखलाभ सबै त्यागी भक्तिभाव र सत्कर्ममा लाग्नुपर्ने रहेछ । यसको लागि कोशिस गर्दैछु ।

**१४. कुनै काम गर्न नपाएँ झैं लागेको त छैन ?**

❑ समाजसेवा नै धर्म हो जस्तो लाग्छ । जति गरेपनि अपुग महसुस भइराखेको छ । उमेर अवस्थाले केही असर गरे तापनि इच्छाशक्ति अझै बाँकी छ ।

**१५. अहिलेका पिंढीलाई के भन्न चाहनुहुन्छ ?**

❑ समाजमा दिनप्रतिदिन विकृति, विसंगति बढ्दै गइरहेको छ । परिवार भनेको आफ्नो बालबच्चाको पहिलो पाठशाला हो, त्यसैले प्रत्येक बुबाआमाले आफ्ना छोराछोरीहरूलाई संस्कार, सत्कर्म, मानवसेवा आदिको राम्रोसँग ज्ञान दिएमा अहिलेको पिंढी पनि सु-मार्गमा हिंड्न सक्छ भन्ने लाग्छ ।

**१६. अरू केही भन्नु छ कि ?**

❑ किरण पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ पत्रिकामा आफ्नो जीवनको बारेमा केही कुरा राख्न पाउँदा अत्यन्तै खुशी लागेको छ । यसको लागि किरण पुस्तकालय परिवारलाई धन्यवाद दिन चाहन्छु साथै किरण पुस्तकालयले गरेको योगदानको कदर गर्दै हाम्रो पुरुषार्थ पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ooo

**पुस्तकालय परिचय**

# जहदा सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, बर्दघाट-१२, भटौलिया

✍ **लक्ष्मी घिताङ्ग**
**आई सी टी प्रशासक**

स्थानीय समुदाय रिड नेपाल तथा रिच आउट टु एशिया (कतार एशिया फाउण्डेशन) को विशेष सहयोग तथा अग्यौली सामुदायिक स्रोत पुस्तकालयको समन्वय बर्दघाट नगरपालिका वार्ड न:१२ (साविक जहदा गा.वि.स.वार्ड न.८-भटौलियामा नवलपरासी जिल्ला निवार्चन क्षेत्र न : ५का संविधानसभा सदस्य माननीय श्री विक्रम खनालज्यू तथा रिड नेपालका सल्लाहकार र समिति सदस्य श्री भोलाकुमार श्रेष्ठज्यूबाट संयुक्त समुदघाटन सु- सम्पन्न भई वि.सं. २०७१ साल पौष २४ मा जहदा सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रको स्थापना भयो ।



यस पुस्तकालयमा बालकक्ष, महिलाकक्ष, युवाकक्ष, श्रव्य-दृश्यकक्ष, पुस्तकालय कक्ष तथा प्रविधिकक्षहरू गरी विभिन्न ६ वटा कक्षहरू छन् । बालकक्षमा बालबालिकाका लागि सामग्री र पुस्तकहरू छन् । महिला प्रजनन स्वास्थ्य तथा शिशु स्याहारसम्बन्धी कार्यक्रम सञ्चालन गरिन्छन् । युवाकक्षमा खेलकुद तथा वाद्यवादन सामग्रीका साथै श्रव्य-दृश्य कक्षमा प्रौढ एव निरक्षर मानिसका लागि अडियो- भिडियो मार्फत् विभिन्न खालका जानकारी एवं ज्ञान प्रदान गर्ने टेलिभिजन, प्रोजेक्टर, ल्यापटप राखिएका छन् ।

पुस्तकालयकक्षमा ५००० भन्दा बढी किताबहरू छन् । साथै कक्षहरूमा पनि ती कक्षहरू सम्बन्धित किताबहरू राखिएका छन् ।

किताबहरू धर्म, इतिहास, संस्कृति, राजनीति, भाषा, साहित्य, विज्ञान, कानुन लगायतका पुस्तकहरू छन् ।

पुस्तकालय सदस्यहरूले पुस्तकालय कक्षमा पढ्ने र घरमा लगेर पढ्ने सुविधा छ । प्रविधिकक्षमा इन्टरनेटको सुविधासहित ल्यापटप एवं कम्प्युटरहरू राखिएका छन, जहा सदस्यहरूले निःशुल्क कम्प्युटर शिक्षा लिन सक्दछन् साथै ई-मेल, फोटोकपी आदि सेवा प्रदान गरिन्छ । पढ्ने बानीको विकास गर्ने, ग्रामीण जनतामा प्रविधिको पहुँच पुऱ्याउने, आवश्यक एवं महत्त्वपूर्ण सूचना तथा जानकारी सम्प्रेषण गर्ने, जनचेतना अभिवृद्धि गर्ने, जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने आदि यस पुस्तकालयका प्रमुख उदेश्यहरू छन् । यस पुस्तकालयका स्थापना देखि हालसम्म मूलतः रिड नेपालले नै प्रमुख रूपमा आर्थिक एवं प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ । स्थानीय निकायहरू (वडा कार्यालय एवं नगरपालिकाको कार्यालय) बाट पनि समय-समयमा आर्थिक एवं प्रविधिक सहयोग भइरहेको छ । साथै विभिन्न सरोकारवाला संस्थाहरूबाट पनि आवश्यक सुझाव एवं सहयोग प्राप्त भई रहेको छ । हाल यस सामुदायिक पुस्तकालयबाट निम्न लिखित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

### १) ट्याग परियोजना

यस अन्तरगत पुस्तकालय क्षेत्र अन्तर्गत माध्यामिक विधालयहरूमा अध्ययनरत छात्राहरूलाई कम्प्युटर सिपको तालिम लिनुको साथै नेतृत्व विकास तालिम, सामुदायिक समस्याहरू पहिचान गर्ने, समूहमा काम गर्ने, लैङ्गिक विभेदबारे जनचेतना अभिवृद्धि गर्ने आदि सिपहरू सिकाउने कार्य भइरहेको छ ।

ट्याग परियोजना अन्तर्गत निम्न लिखित कार्यक्रमहरू सन्चालन गरिएका छन ।

| क्र.सं. | गतिविधिको नाम |
|---|---|
| १. | कोभिड १९ को बारेमा सचेतना कार्यक्रम |
| २. | मनोपरामर्शकर्तासँग अन्तरक्रिया |
| ३. | ट्याग किशोरीहरूको परियोजना निर्माणका लागि सरोकारवालाहरूसँगको अन्तरक्रिया |
| ४. | सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम |
| ५. | ट्याग किशोरीद्वारा परियोजनाको योजना निर्माण कार्यक्रम |
| ६. | नयाँ सहभागी छनौट तथा अन्तरक्रिया कार्यक्रम |
| ७. | अति विपन्न १० परिवारलाई खाद्य सामाग्री वितरण |
| ८. | कोभिड प्रभावित १० परिवारलाई कोरोना किट वितरण |
| ९. | रेडियो कार्यक्रम सञ्चालन |
| १०. | म्याचिङ फन्डमा बर्दघाट नगपालिका र जहदा पुस्तकालय ले २५ परिवारलाई खाद्य सामाग्री र न्यानो ब्लाङ्केट वितरण गरिएको छ । |
| ११. | अन्तर्राष्ट्रिय युवा दिवस (मास्क वितरण कार्यक्रम) |

२. व्यावहारिक सामुदायिक समाधान कार्यक्रम :

यस अन्तर्गत बर्दघाट नगरपालिका वडा नं.१२ मा पर्ने जहदा एवं भटौलिया समुदायमा बसोबास गर्ने ईट्टाभट्टामा काम गर्ने मजदुर एवं अन्य मजदुरको मुख्य-मुख्य समस्याहरू पहिचान गरी त्यसलाई व्यवहारिकरूपमा समाधान गर्नका लागि स्थानीय निकायहरूसँग आवश्यक पहल एवं समन्वय गर्ने कार्य भइरहेको छ ।

जस अन्तरगत निम्न लिखित कार्यक्रमहरू भइरहेका छन् ।

| क्र.सं. | कार्यक्रमको विवरण |
|---|---|
| १. | समूह गठन |
| २. | ज्ञानव्यस्थापन समिति बैठक |
| ३. | बाख्रापालन तालिम |
| ४. | खोरअवलोकन |
| ५. | १५ परिवारलाई बाख्रा वितरण |
| ६. | बचत समूह गठन |

| क्र.सं. | कार्यक्रमको विवरण |
|---|---|
| ७. | मजदुरहरूको खाता सञ्चालन |
| ८. | सरोकारवालाहरूसँगको बैठक |
| ९. | किसानहरूलाई मल वितरण कार्यक्रम |
| १०. | प्रोटोटाईप कार्यशाला |
| ११. | शिक्षासम्बन्धी कार्यक्रम |
| १२. | बाख्रापालन गर्नेलाई घाँसको विरूवा वितरण |
| १३. | बाख्रा बिमा |

**३. सटाहा अभियान :**

यस अन्तर्गत विपन्न परिवार मध्ये व्यवसाय गर्न इच्छुक १० घर परिवारलाई फलफुल एवं तरकारी व्यवसाय, बाख्रा-कुखुरा पालन आदि जस्ता साना उद्यम व्यवसाय गर्नको लागि ब्याज नलिने गरी रू. २०,००० । - बिउ पूँजीको रूपमा सापटी प्रदान गरिएको छ ।

**४. दियो परियोजना :**

यस अन्तर्गत वैदेशिक रोजगारमा जाने परिवारलाई आवश्यक सुचना एवं ज्ञान प्रदान गर्ने हेतुले एउटा सुचना कर्नर स्थापना गरिएको छ ।

**५. कोभिड-१९ प्रतिकार परियोजना :**

यस अन्तरगत दैनिक ज्याला मजदुरी गर्ने र ईट्टा भट्टामा काम गर्ने विपन्न ९३ घर परिवारलाई १७०, ०००- को खाद्य सामाग्री वितरण गरिएको छ ।

**६. पुस्तकालयको आन्तरिक स्रोतबाट :**

- ❑ श्रद्धान्जलि सभा
- ❑ सरस्वती पूजा
- ❑ पुस्तकालय दिवस
- ❑ युवा दिवस
- ❑ महिला दिवस
- ❑ बाल दिवस

०००

# हार्दिक धन्यवाद

- आर्थिक वर्ष २०८०/०८१ मा यस पुस्तकालयका लागि लुम्बिनी प्रदेश सरकारबाट ई-लाइब्रेरी पूर्वाधार कार्यक्रमअन्तर्गत विनियोजित भएको रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) र पुस्तकालयको आन्तरिक स्रोतबाट रू. ३४,०२०।- (चौतीस हजार बीस रूपैयाँ) थप गरी कुल रू. ५,३४,०२०।- (पाँच लाख चौतीस हजार बीस रूपैयाँ)बाट पुस्तकालयमा इ-लाइब्रेरीसम्बन्धी शैक्षिक उपकरण र फर्निचर खरिद गरिनुका साथै बाल-पाठ्यसामग्री सहितको बालकक्ष निर्माण गरिएको छ । यस सहयोगका लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय एवं सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

- पुस्तकालयको विकास र विस्तारका लागि रेसुङ्गा नगरपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित रकम रू.५,००,०००।- (पाँच लाख रूपैयाँ)बाट पुस्तकालयका आवश्यक फर्निचर (पुस्तक राख्ने र्‍याक)को निर्माण गरिएको छ । यस सहयोगका लागि रेसुङ्गा नगरपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दै अझै ठूलो रकम अनुदानको रूपमा पुस्तकालयले प्राप्त गर्ने आशा राख्दछौं ।

- सूर्यविनायक-१, सिरुटार भक्तपुर निवासी हाल जापानमा बस्दै आएका संगीता कुँवर र राजेशविक्रम थापाले रू.५,०००।- (पाँच हजार) का पुस्तक किनी पुस्तकालयलाई प्रदान गर्नुभएको छ । यस सहयोगका लागि दाताहरूलाई हार्दिक धन्यवाद प्रकट गर्दछौं ।


- किरण पुस्तकालयबाट प्रकाशित त्रैमासिक साहित्यक पत्रिका 'हाम्रो पुरुषार्थ'लाई साहित्यकार विष्णुबहादुर सिंहद्वारा स्थापित र शिवपुरी साहित्य समाजद्वारा संवर्धित 'विष्ण-पुष्पा साहित्यिक पत्रकारिता पुरस्कार'-२०८०द्वारा सम्मानित एवं पुरस्कृत गरिएको छ । पुरस्कार र सम्मानको लागि पुरस्कार संस्थापक एवं संवर्धक संस्थाप्रति आभार प्रकट गर्दछौं ।

**- सचिव**

ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. स्मृतिका झोक्काहरू




हाल औषधि व्यवसायमा संलग्न चूडामणि पन्थी लामो समयसम्म सरकारी तथा गैरसरकारी संस्थामा स्वास्थ्य सेवामा संलग्न व्यक्तित्व हुनुहुन्छ । तत्कालीन तम्घास गाउँपञ्चायत वडा नं. ९ लाँकुरेका रुख जन्मिएका पन्थी हाल रेसुङ्गा नगरपालिका-१, पुतलीबजारमा औषधि व्यवसायीसमेत हुनुहुन्छ । उहाँले आफ्ना पिता हरिलाल पन्थीसँग सम्बद्ध जीवनका घटनाहरू स्मरण गरेर बिजुला पन्थीको प्रकाशनमा स्मृतिका झोक्काहरू संकलन गरी प्रकाशित गर्नुभएको छ । आवरण पृष्ठबाहेक ५२ पृष्ठमा तयार पारिएको प्रस्तुत स्मरणकृतिमा वंशावलीसहित विभिन्न ३३ वटा शीर्षकहरूमा अतीतका धेरै विषय सन्दर्भहरू उल्लेख गरिएको छ । लेखकको स्मृतिमा रहेसम्मका घटनाक्रम प्रस्तुत झोक्कामा संकलन गरिएको छ । विशेषगरी सङ्कलक पन्थीले आफ्नै पिताको सेरोफेरोमा धेरै ऐतिहासिक घटना तन्तुलाई समेट्नुभएको छ । बाको शिक्षा, बा, बाको जीवन, धुरी खाँबो र अगेनो आदि जस्ता केही शीर्षकहरू हुन् । नयाँ पुस्तालाई दन्त्यकथाजस्ता लाग्ने विभिन्न विषय सन्दर्भलाई समेटेर यस झोक्कामा प्रस्तुत गरिएको छ । लाँकुरेका रूखे, लाँकुरेको पसल, लाँकुरेका रूखे हरिलाल इतिहासमा धेरै चम्केको नाम हो । यहाँ प्रस्तुत गरिएका ३३ वटै शीर्षक आफ्नै ढाँचाका छन् । शीर्षक र कथनका बीच कतै निकै तालमेल त कतै लाक्षणिक अभिव्यक्ति पनि छ ।


लेखक/सङ्कलकले 'मेरो कुरो'मा अपेक्षा गरेजस्तै प्रस्तुत कृतिको उपयुक्त सम्पादनको आवश्यकता छ । यस कृतिले स्व. पिता हरिलाल पन्थीलाई केन्द्रविन्दुमा राख्न खोजेको अनुभव हुन्छ । उहाँ यो ५२ पृष्ठमा समेटिने पुरुष होइन कृतिको नामकरण पनि उहाँकै नामबाट गरेर सम्पादन गरेको भए सुनमा सुगन्ध हुने थियो । कृतिको भाषा सम्पादन र विषयवस्तुको सम्पादन गर्न अत्यावश्यक देखिएको छ ।

जे होस् । पितासँग सम्बद्ध प्रेरणादायी घटना र विषय सन्दर्भको उजागर गर्न, ऐतिहासिक सन्दर्भ कोट्यान चूडामणि पन्थीद्वारा गरिएको प्रयास अत्यन्तै

प्रशंसनीय छ । आगामी संस्करण अझ परिष्कृत र विस्तृत रूपमा प्रकाशित हुन सकोस् शुभकामना !

## २. ती नीला आँखा

सम्पादक, खेलकुद पत्रकार, निबन्धकार र यात्रासंस्मरण लेखक जयदेव गौतमको तेस्रो पुस्तकाकार कृति 'ती निला आँखा' शीर्षकको निबन्ध संग्रह (२०८०) प्रकाशित भएको छ ।





विभिन्न २१ वटा शीर्षकहरूमा प्रस्तुत गरिएको प्रस्तुत संङ्ग्रहमा अधिकांश अभिव्यक्तिहरू संस्मरणजन्य छन् ।

नवीनतम शैलीमा लेखिएका निबन्धहरूमा स्वानुभूतिको रस घोलिएको छ । कतिपय निबन्धहरूमा आख्यानतत्वको प्रबलता छ । ती नीला आँखा यस्तै प्रकृतिको निबन्ध हो । आख्यान तत्वको बाहुल्य र निजात्मक शैलीले हरेक निबन्धमा कौतूहल बेजोड छ । स्रष्टाले भनेझैं बन्द खामभित्र र खुला खामभित्रका प्राप्तिहरूले प्रस्तुत संङ्ग्रहलाई नेपाली निबन्धको इतिहासमा एउटा छुट्टै विशिष्ट उपलब्धिका रूपमा प्रतिष्ठित तुल्याएका छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय विषय परिवेशमा पनि स्रष्टा रमाएका छन् । 'मलेसियामा समातेको स्वाद', 'जुँगामुठे स्टालिन र सोल्झेनित्सियन साहित्य' यस्तै प्रकृतिका निबन्धहरू हुन् । अधिकांश निबन्धमा निबन्धतत्वलाई आख्यान तत्व वा अनुभूतिले परास्त गरेका छन् । स्रष्टा व्याख्याता बनेर प्रस्तुत भएका विषयशीर्षकलाई आख्यानले उठ्नै नसक्ने गरी थिचे पनि निबन्धहरू नवीनतम शैलीबाट अगाडि बढेका छन् । स्रष्टाको परिपक्व कलम निर्बाध अगाडि बढेको छ । बढ्दै पनि जाओस् शुभकामना ।

## ३. विगतको सम्झना र अनुभूति

३१ वर्ष सेवामा रही सहसचिव पदबाट सेवानिवृत्त राष्ट्रसेवक काशीनाथ मरासिनीले विगतको सम्झना र अनुभूति नामक संस्मरण ग्रन्थ २०८० मा प्रकाशित गर्नुभएको छ । ६ वटा अध्यायमा प्रस्तुत गरिएको यस ग्रन्थमा

मरासिनीको वंशावलीदेखि स्वानुभूति, पारिवारिक गाथा, विगतका रमाइला चाडपर्व, पेशागत जीवनको सम्झना, विविधि जस्ता मूल शीर्षक रहेका छन् ।





अध्याय एकमा वंश इतिहासभित्र मरासिनीको चिनारी र पुर्ख्यौली स्थानको विवरण छ । दोस्रो अध्यायमा विभिन्न स्वानुभूति मूल शीर्षकभित्र विभिन्न १७ वटा उपशीर्षकहरूमा जन्मस्थान, त्यहाँको वस्तुस्थिति, विद्यार्थीकाल लगायतका विषयवस्तुको परिधिभित्र रही अनुभूतिहरूको संस्मरण गरिएको छ । अध्याय तीनमा पारिवारिक गाथा मूल शीर्षकभित्र विभिन्न ८ शीर्षकमा पारिवारिक अवस्थादेखि मातापिताको संघर्ष र उहाँहरूको स्वर्गारोहणसम्मका विषय सन्दर्भ छन् । अध्याय चारमा रमाइला चाडपर्व शीर्षकभित्र हामी हिन्दूहरूका महत्त्वपूर्ण ९ वटा चाडपर्वहरूको संस्मरण गरिएको छ । अध्याय पाँचमा पेशागत जीवनको सम्झना मूल शीर्षकभित्र विभिन्न १४ वटा उप शीर्षकमा जागिरे अवधिमा भोगेका समस्त घटनाहरू उल्लेख गरिएको छ । जागिरे जीवनका सिलसिलामा एउटा राष्ट्रसेवकले पूरा गरेका कर्तव्य र दायित्वका मुख्य पाटाहरू यसभित्र चित्रण गरिएको छ । अध्याय छ लाई विविध शीर्षक दिएर "अवकाशपछिको जीवन" उपशीर्षकमा दुई पृष्ठमा औसत दैनिकी प्रस्तुत गर्न खोजिएको छ । अनुसूची क मा कुलायन मन्दिर निर्माण गर्ने आर्थिक सहयोग गर्नेहरूको सूची प्रस्तुत छ भने अनुसूची -ख) मा सशस्त्र द्वन्द्वकालका प्रमुख घटना अन्तर्गत २०५२ देखि २०६५ सम्मका प्रमुख घटनाक्रम उल्लेख छन् । त्यसपछिका रङ्गीन पृष्ठमा पारिवारिक, विद्यार्थी जीवन र जागिरे जीवनसँग सम्बद्ध तस्वीरहरू छन् ।

प्रस्तुत संस्मरण ग्रन्थको सम्पादनमा सम्पादनकला उपयुक्त देखिन्छ । स्रष्टाले आफ्नो अनुभूति अनुरूप विषयवस्तुको क्रम उपयुक्त ढङ्गबाट मिलाइएको छ । राष्ट्रसेवकहरूका साथै सबै वर्गलाई कृति पठनीय र प्रेरणादायी छ ।

### ४. विचार-विश्लेषण :


साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ)को छैठौं कृति विचार, विश्लेषण (२०८०) अकिञ्चनको हातमा परेको छ । धर्म, दर्शन आदि सन्दर्भमा उहाँका कृतिहरू प्रकाशित छन् । यस कृतिभित्र स्रष्टाले आफ्ना वैचारिक तरङ्गहरू अत्यन्त व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नुभएको छ ।

स्रष्टाले प्रस्तुत कृतिको सिर्जना प्रसङ्गका बारेमा मेरो मनमा उठ्ने विचारका तरङ्गहरूले के भन्दछन् त ? भन्ने शीर्षकभित्र उल्लेख गर्नुभएको छ । शीर्षकबाट सुरू गरिएको प्रस्तुत कृतिमा उपसंहारसहित विभिन्न १९ वटा शीर्षकमा विचार-विश्लेषण गरिएको छ । यहाँ प्रस्तुत गरिएका शीर्षकहरू ज्ञान, विज्ञान, धर्म, दर्शन र लोकजीवनसँग सम्बद्ध छन् । एउटा शीर्षक अमेरिकामा रहँदा यात्रा संस्मरणमा आधारित छ ।




कृतिभित्र सबै शीर्षक र तिनीहरूभित्र गरिएका विश्लेषण अत्यन्त पठनीय छन् । कृतिको रचनामा पावन गण्डकी माताको सान्निध्यले असीम अनुकम्पा प्राप्त भएको छ । हरेक उमेर र वर्गका पाठकका लागि यस्ता पोषिला खुराक पस्कने साधक दुर्गादत्त पौडेलको सिर्जनाले निरन्तरता पाइरहोस् । शुभकामना !


## ५. दुकुलराज घिमिरे स्मृतिग्रन्थ




वि.सं. १९९२ सालमा बन्दीपोखरा पाल्पामा जन्मिएका दुकुलराज घिमिरेको स्मृतिमा दुकुलराज घिमिरे स्मृति ग्रन्थ उहाँकी पत्नी शान्तादेवीको प्रकाशन र डा. रामराज पन्थीको सम्पादनमा प्रकाशित गरिएको छ ।

समाजसेवा र पारिवारिक जीवन संघर्षमा रमाएका दुकुलराज घिमिरेले ८७ वर्षको उमेरमा यस धराधामबाट बिदा लिएका हुन् । उनकै स्मृतिमा परिबारका सदस्य, नातासम्बन्ध, छिमेकी, इष्टमित्र, साथीभाइसमेतले स्वर्गीय घिमिरेको स्मृतिमा ६० वटा लेखरचना प्रकाशित गरेका छन् भने दुईवटा लेख उहाँका सुपुत्र स्व. भरत घिमिरेको सम्झनामा तयार गरिएका छन् । स्व. घिमिरेले परिवार र समाजमा गरेका कार्यहरूको फेहरिस्त यस स्मृतिग्रन्थमा सङ्कलन गरिएको छ । तस्वीर खण्डमा विभिन्न संघ-संस्थाबाट प्रदान गरिएका सम्मान-पत्र र विभिन्न अवसरका पारिवारिक तस्वीरहरू रहेका छन् । स्मृतिग्रन्थ पठनीय कृति बनेको छ ।


## ६. उज्यालो यात्रा




शिक्षण पेशामा संलग्न सरोजराज बौद्धाचार्य भावुकको सामाजिक उपन्यास उज्यालो यात्रा २०८० फागुनमा प्रकाशित भएको छ । हाम्रो पुस्तकालय मुसिकोट नगरपालिका प्रकाशक रहेको प्रस्तुत कृतिमा प्रेम, धोका र त्यसका परिणतिको कथावस्तु प्रस्तुत गरिएको छ ।

समाजमा घट्नसक्ने जवानी अवस्थाको प्रेमसम्बन्ध त्यसपछि कुनै एक पक्षको उन्मादबाट हुन सक्ने बिछोडको कथानकलाई प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ । दीपक, दीपा, करिस्मा यस उपन्यासका प्रमुख पात्र हुन् । लीलबहादुर क्षेत्रीद्वारा लिखित बसाइँ उपन्यासमा जस्तै दीपकले करिस्माको ज्यान बचाएर विधुवासँग विवाह गर्न पुगेको छ । दीपकलाई गरिबीका कारण लामो समयको प्रेमपछि धोका दिएकी दीपा विदेशको धन वैभवबाट खुशी हुन नसकी अन्ततः मृत्यु वरण गर्न पुगेकी छ । यौवनावस्थाको प्रेम, आर्थिक प्रलोभन र सुखवैभवका कारण प्रेममा हुने धोकाको कथावस्तुलाई यहाँ प्रस्तुत गरिएको छ । वर्तमान युवापुस्तामा देखिन सक्ने प्रेमप्रसङ्ग, धोका, विवाह, पश्चात्ताप लगायतका विषय-सन्दर्भ प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ । १५ भागमा संरचित प्रस्तुत उपन्यास ८२ पृष्ठको लघु आकारमा छ । उपन्यासकार बौद्धाचार्यको उपन्यास लेखनको यात्रा अझ फराकिलो बन्दै जाओस् शुभकामना ।

## ७. गीता सार :





सु. कृष्णप्रसाद लाकौलले वि.सं. १९६७-६८ तिर खिचिएको श्रीमद्भागवत गीतासारका हस्तलिपिको छाया कपीसहित प्रस्तुत धार्मिक एवं ऐतिहासिक ग्रन्थ उहाँका सन्ततिहरूद्वारा अत्यन्त परिश्रमपूर्वक तयार गरिएको छ ।

यति लामो कालखण्डसम्म उहाँकै हस्तलिपि यसरी सुरक्षित राखेर प्रकाशनको चाँजोपाँजो मिलाउने लाकौलपरिवार धन्यवादको पात्र छ । गीतासार हाम्रो ऐतिहासिक र धार्मिक सम्पत्ति हो । यस्ता अमूल्य सम्पत्तिको महत्त्व बुझेर प्रकाशनको चाँजोपाँजो मिलाउनुभएकोमा पुनः हार्दिक धन्यवाद ।

पाल्पा साहित्य समाजका संरक्षक राजेन्द्र गोपाल सिंहको शुभकामना, रुरु संस्कृत विद्यापीठका लिलामणि शर्माको शुभारम्भका साथै पृष्ठ १९ देखि ७९ सम्म हस्तिलिखित छायाचित्रहरू छन् । पृष्ठ ८० देखि १०८ सम्म लोकभाषासहित गीता

सार प्रस्तुत गरिएको छ । लेखकका हस्तिलिपिको छायाचित्र उतारी बाँकी भागमा लोकभाषामा प्रस्तुत गर्नुले कृतिको छुट्टै महत्त्व रहेको छ । कृतिको अन्त्यमा अठारै अध्याय गीता सार वाक्य भनेर प्रस्तुत गरिएको छ । यस कृतिलाई नेपाली भाषाको स्वरूपका सन्दर्भमा अध्ययन गर्न समेत सहयोगी ग्रन्थका रूपमा पाउन सकिन्छ । कतिपय शब्द लिपि अस्पष्ट हुनका कारण अस्पष्ट रहेको पाउन सकिन्छ । कृति संग्रहणीय छ ।

## ८. तीर्थ यात्रा




सु. कृष्णप्रसाद लाकौलले वि.सं. १९३७ तिर भारतका विभिन्न तीर्थस्थलहरूमा गरेका भ्रमणमा आधारित भई लेखेको दैनिकीलाई आजसम्म सुरक्षित राखेर तीर्थ यात्रा शीर्षक दिई प्रस्तुत नियात्रापरक कृति तयार गरिएको छ । पुष्कर अथक रेग्मीको भूमिका, शङ्करमान सिंहको दुई शब्द, राजेन्द्र गोपाल सिंहको शुभासंशा नाति वनमालीप्रसाद लाकौलको प्रकाशकीय अभिव्यक्तिसहित तयार पारिएको प्रस्तुत नियात्रासंग्रहको पहिलो भागमा स्रष्टाका हस्तलिपिको छायाचित्र छ । दोस्रोमा मूलपाठको उतार र तेस्रोमा मूल पाठलाई सरलीकृत शैलीमा प्रस्तुत गरिएको छ ।

यस कृतिमा आजभन्दा १४४ वर्ष अगाडिका नेपाली भाषाको लेख्यरूप अध्ययन गर्न सकिन्छ । यस दैनिकीमा भारतका वृन्दावन, जमुना, जयपुर, अजमेर श्रीपुष्कर, आगरा, प्रयाग, इलाहावाद, काशी, गया पटना कलकत्ता लगायतका क्षेत्रको तीर्थाटनलाई समेटेर यो कृति तयार गरिएको छ । यस कृतिको प्रकाशनले नेपाली नियात्रा सहित्यको इतिहास खोतल्ने स्रष्टाहरूलाई थप अनुसन्धान गर्ने प्रेरणा दिएको छ । यो एउटा ऐतिहासिक दस्तावेज हो । संग्रहयोग्य एवं अनुसन्धानयोग्य कृति पनि हो । इतिहासको त्यो अन्धकारमय कालखण्डमा नियात्रा साहित्यको चहकिलो दियो बाल्ने कृष्णप्रसाद लाकौलको प्रस्तुत कृति सार्वजनिक गर्ने प्रेरणा दिने सम्बद्ध सबै पक्ष धन्यवादका पात्र छन् । लाकौलका ओझेलमा परेका अन्य कृति भए प्रकाशनको चाँजोपाँजो मिलाउन सम्बद्ध सबैको ध्यान जाओस् शुभकामना ।

**– अकिञ्चन**

०००

# किरण पुस्तकालयमा मोती जयन्ती

तम्घास,

जि.पं. सभापति वैकुण्ठबहादुर चन्द बोहोराको सभापतित्वमा किरण पुस्तकालयमा एक समारोहको आयोजना गरी नेपाली साहित्यका युगप्रवर्तक श्री मोतीराम भट्टको जन्मजयन्ती बडो धुमधामका साथ सम्पन्न भएको समाचार छ । यस अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको थियो । साहित्यगोष्ठीमा विभिन्न साहित्यकारहरूले रचना पढेर सुनाए । विभिन्न साहित्यप्रेमीहरूले प्रवचन दिए । अरू कार्यक्रममा माल्यार्पण, श्रद्धाञ्जलि, दिपावली मुख्य थियो ।

यसै समारोहका बीच पुस्तकालयका अध्यक्ष डा. टीकाराम पन्थीले पुस्तकालयको तर्फबाट श्री ५ बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको ४४ औं शुभजन्मोत्सवको शुभ घडीमा हार्दिक शुभकामना प्रकट गर्नुभयो ।

यसै गरी रानी रत्नको शुभ जन्मोत्सव नेपाल महिला संगठन जिल्ला कार्य समिति, गुल्मीको तत्वावधानमा विशेष कार्यक्रमका साथ मनाएको समाचार छ ।

***– साभार 'दैनिक निर्णय'*** वर्ष ६, अङ्क १९६, २०२८ भदौ १२ गते शनिबार

०००

**क्षमाप्रार्थना**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)को सम्पूर्णाङ्क १०१ को भेटघाट स्तम्भमा श्री दीननाथ शर्माको फोटो निम्नबमोजिम हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ । यसका लागि हामी क्षमाप्रार्थी छौं ।**



**- हाम्रो पुरुषार्थ (त्रैमासिक)**

पाठक-प्रतिक्रिया

# हाम्रो पुरुषार्थ शताङ्क प्रथम भाग पढिसकेपछि

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ
किरण पुस्तकालय तम्घास, गुल्मी ।

किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ" त्रैमासिक पत्रिका वर्ष ५१, अङ्क २, सम्पूर्णाङ्क १०१, माघ-चैत्र २०८० अङ्क पढ्ने अवसर पाएँ । आधा शताब्दीको गौरवशाली इतिहास बोकेको यो पत्रिकाको आवरण पृष्ठ ऐतिहासिक, पौराणिक, जैविक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण तपोभूमि, रेसुङ्गा क्षेत्रभित्र पर्ने लक्ष्मीनारायण महाप्रभुद्वारा निर्मित महापोखरी परिसरले सुशोभित रहेछ । धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले अब्बल यस पृष्ठले गर्दा मेरो मन त्यस पत्रिका भित्रको विषयतिर केन्द्रित भयो । विषयवस्तुको नाम पनि भिन्दै प्रकारको 'कुटुरो फुकाउँदा' भन्ने रहेछ । कुटुरोभित्र साँच्चिकै साहित्यको खुराक रहेछ । जसमा अन्तर्वार्ता-१, लेख/ आलेख/ निबन्ध/ समीक्षा/ टिप्पणी-९, कथा/ लघुकथा-२, गीत/ कविता/ गजल/ मुक्तक -२, स्थायी स्तम्भहरू ८ रहेछन् ।

छत्रकोट-४, टारिखर्क, दिगाम गुल्मी हाल : चन्द्रागिरी नगरपालिका ७ बाणस्थली स्थायी बसोबास गर्दै आउनुभएका वेदप्रसाद पन्थद्वारा लिखित 'राम जन्मभूमि निरूपण (अयोध्यापुरी) आलेखभित्र प्रवेश गरें । उक्त आलेखमा करोडौं वर्ष अगाडिदेखि संसारमा प्रचलित सृष्टिको आदि ग्रन्थ वेद र वेदले निर्देश गरेको धर्म वैदिक सनातन धर्मलाई अहिले हिंजो करिब २००० वर्षदेखि यता जन्मेका नवोदित धर्महरूले वैदिक सनातन धर्मको विरोध गर्दै अनर्गल प्रचारमा लागिरहेका छन् भनी लेखेको कुरा यथार्थ लाग्यो ।

त्यसैगरी सन् १९५३ मे २९ मा संसारको सर्वोच्च शिखर सगरमाथामा चढ्ने प्रथम व्यक्ति नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पा र न्यूजिलैण्डका नागरिक एडमण्ड हिलारी हुन् । यी दुई व्यक्तिले नेपाल र न्यूजिलैण्डका झण्डाहरू

सगरमाथाको शिखरमा प्रथमपटक फहराएका थिए । सगरमाथा चढेपछि यो सगरमाथा शिखरमा पहिलो पटक आरोहण गर्ने सेर्पालाई बोलाई दार्लिलिङमा पर्वतारोहणसम्बन्धी शिक्षण संस्था स्थापना गरेर त्यहीं संस्थाको प्रमुख प्रशिक्षक बनाई नागरिकतासमेत दिएर राखेको कुरा पनि पढ्ने अवसर पाएँ ।

त्यसैगरी नेपालका तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा ओलीले रामको जन्मभूमि चितवन जिल्लाकै माडीमा हो भनेर ठोकुवा गरी राम, सीता, लक्ष्मण र हनुमान्समेतको शालिक बनाएर २०७७ सालको रामनवमीका दिन रथयात्रा गरेका अनि उक्त ऐतिहासिक राममन्दिरको स्थापना अयोध्यापुरीका स्थानीय मानिसले ९ दिनमै गरेका कुराहरू र यस समयमा भारतीय केही पत्रकारहरूले पनि रामको जन्मभूमि नेपालमै हो भन्न थालेका कुरा पनि पढें ।

हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १०१ पत्रिकाभित्र प्रवेश गर्ने क्रम मेरो जारी नै थियो । यसैक्रममा भित्री पृष्ठ ६५ मा विष्णु घर्ती 'भनभनलेली'द्वारा लेखिएको 'साहित्यसगरमा गुल्मीको गुल्जार' भन्ने लेखतर्फ केन्द्रित हुन पुगेछु ।

उक्त लेखभित्र बुँदागत हिसाबको विस्तृत रूप देख्दा म पनि मानिसले गर्न र खोज्न चाहेमा असम्भव भन्ने शब्द नै नहुँदो रहेछ भन्ने कुरामा छर्लङ्ग भएँ । जसमा गुल्मी जिल्लाबाट विभिन्न वर्षहरूमा प्रकाशन भएका कृतिहरूमा गुल्मीलाई केन्द्रमा राखिएका भाषा, साहित्यसम्बन्धी विशेष खण्ड, आलेख वा अंशबाट लिइएको सर्जकहरूको नाम, थर जन्मवर्ष, ठेगाना, पहिलो वा एउटा कृति र जम्मा सङ्ख्या, विधा र प्रकाशन वर्ष उल्लेख गरेको देखें ।

समग्रमा हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाका सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थीलगायत पुस्तकालयका नियमित रूपमा सञ्चालनमा खटिनुभएका सम्पूर्ण व्यवस्थापन समिति, कर्मचारीप्रति आभारसहित धन्यवाद भन्दै 'हाम्रो पुरुषार्थ' पत्रिका उत्कृष्ट रहेछ, पठनीय रहेछ । अबका आउँदा समयमा पनि यस पत्रिकाले परिस्कृत बन्दै प्रगतिको शिखर चुम्न सकोस्, यहीं शुभकामना !

**शान्ता पन्थी ज्ञवाली**
**रेसुङ्गा नगरपालिका-२, गुल्मी**

०००

# किरण पुस्तकालयका आजीवन सदस्यको परिचय



**आजीवन सदस्य**

नाम : तेजनिधि पौडेल
जन्म मिति : २००३/०९/०५
ठेगाना : वाङ्ला-४, आमडाँडा, अर्घाखाँची ।
हाल : बुटवल-८, मिलनपथ, रूपन्देही
शिक्षा : बी.ए.
पिता/माता : धनेश्वर/चुनकला पौडेल
पत्नी : तेजमाया पौडेल
सन्तान : डा. प्रकाश पौडेल, डा. लक्ष्मण पौडेल, मीना, गीता, सुधा
पेशा : नेपाल सरकारको सेवानिवृत्त अधिकृत
सम्पर्क : ९८४७०९०५५५
संलग्नता : २०२९ देखि ०३१ सम्म विद्यालय निरीक्षक, बाग्लुङ, गुल्मी । २०३२ असारदेखि नेपाल सरकारको प्रशासन सेवाको स्थायी सेवामा रही विभिन्न जिल्लाका मालपोत कार्यालयहरू, नापी, गोश्वारा, रूपन्देही, सामान्य प्रशासन मन्त्रालय र सञ्चार मन्त्रालयमा रही कार्य गरेको ।
आबद्धता : श्री राधाकृष्ण मन्दिर, बुटवल-८, को संस्थापक उपाध्यक्ष, अध्यक्ष वर्तमान पूर्व अध्यक्ष पदेन सल्लाहकार, सिद्धेश्वर शिवालय मन्दिर दीपनगरको आजीवन सदस्य, नीलकण्ठ बाबाधाम बुटवल-७, को आजीवन सदस्य, मोक्ष धाम मणिग्रामको आजीवन सदस्य, विश्व हिन्दू महासंघ, रूपन्देहीको आजीवन सदस्य तथा लुम्बिनी प्रदेश कार्यकारी सदस्य प्रौढ समाज नेपालको आजीवन सदस्य, सेवानिवृत्त राष्ट्रसेवक समाज रूपन्देहीको आजीवन सदस्य तथा सल्लाहकार, पतञ्जलि योग समिति, रूपन्देहीको कार्य समितिको सदस्य तथा वर्तमान सल्लाहकार
भ्रमण : भारत, अस्ट्रेलिया, क्यानडा

---

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू**

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९५४. | मोहनबहादुर भलामी | रेसुङ्गा नगरपालिका-८, तम्घास, गुल्मी |

ooo

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. पुस्तकको नाम | लेखक |
|---|---|
| १. सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |




दाता संगीता कुँवरद्वारा प्रदत्त पुस्तकहरू पुस्तकालयलाई हस्तान्तरण गर्दै शंकरप्रसाद गौतम



किरण पुस्तकालयमा नवनिर्मित पुस्तक राख्ने र्‍याकहरू




पर्यटन व्यवसायी संघ, हेलिकप्टर एसोसिएसन नेपालका महासचिव
योगराज कंडेलद्वारा पुस्तकालयको अवलोकन

# डेंगीबाट कसरी बच्ने ?

## बिहान, दिउसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानीटयाङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार

# विज्ञापन बोर्ड

मुशिला lkp6;{uNdL -%@) $%)_